# महिलामाथि हुने हिंसाको यथार्थता

# अन्वेषी

२०८२

# अन्वेषी

## महिला माथि हुने हिंसाको विश्लेषणात्मक अध्ययन
## प्रतिवेदन २०८२

WOREC

ओरेक, नेपाल

बालकुमारी, ललितपुर

अन्वेषी २०८२

# अन्वेषी

**महिलामाथि हुने हिंसाको विश्लेषणात्मक अध्ययन प्रतिवेदन**
२०८२

**© ओरेक, नेपाल**

यस प्रतिवेदनमा समावेश भएका विषयवस्तुहरू महिला हिंसा विरुद्धको लागि गरिने कुनै पनि अभियानको प्रयोजनको निम्ति स्रोत खुलाई प्रयोग गर्न सकिने छ ।

लेखन तथा विश्लेषण : विनिता पाण्डे
संयोजन : सुलोचना खनाल
सम्पादन: सुलोचना खनाल/सुनिता मैनाली
तथ्यांक कम्पाइल तथा प्रशोधन : श्रीती सावद र उषा गाईजु

**प्रकाशन**
ओरेक, नेपाल
पो.ब.नं. १३२३३, काठमाण्डौ, नेपाल
Email : ics@worecnepal.org
Website : www.worecnepal.org
ISBN : 978-9937-1-9407-5

**साजसज्जा**
पेन्टाग्राम प्रा. लि.
+९७७ १ ५४४८१८०
business.pentagram@gmail.com

# राष्ट्रिय मानव अधिकार आयोग

**National Human Rights Commission of Nepal**

केन्द्रीय कार्यालय (Central Office)

पुल्चोक, ललितपुर, नेपाल (Pulchowk, Lalitpur, Nepal)


## शुभ-कामना

महिला पुनस्थापना केन्द्र (ओरेक) ले महिलामाथि हुने हिंसाका घटनाहरुको अभिलेखीकरण गरी महिला हिंसा विरुद्धको पुस्तक **अन्वेषी** प्रकाशन गर्न लागेको थाहा पाउँदा मलाई खुशी लागेको छ।

विगत ३४ वर्षदेखि महिला मानव अधिकारको क्षेत्रमा कार्यरत र मानव अधिकार र सामाजिक न्यायका निम्ति काम गर्दै आएको ओरेकले मानव अधिकार र सामाजिक न्याय, पर्यावरणीय न्याय र महिला नेतृत्व, गुणस्तरीय सेवा र महिलावादी ज्ञान व्यवस्थापन तथा सञ्चारका क्षेत्रमा खेलेको भूमिकाको म हार्दिक सराहना गर्दछु ।

**अन्वेषी** प्रकाशनले महिला पुनस्थापना केन्द्र (ओरेक) को कार्यलाई उजागर गरी यसलाई थप प्रभावकारी बनाउन मद्दत गर्नेछ भन्ने मेरो विश्वास छ ।

महिला पुनस्थापना केन्द्र (ओरेक) र यसको प्रकाशन **अन्वेषी**को सफलताका लागि मेरो हार्दिक शुभ-कामना छ।

(तप बहादुर मगर)
अध्यक्ष

मिति: २०८२/०७/२६ गते ।


फोन नं. ००९७७-१-५०१००१५, फ्याक्स नं. ००९७७-१-५४४७९७३, पो.ब.नं. ९१८२, काठमाडौं, नेपाल

Phone: +977-1-5010015, Fax: +977-1-5447973, G.P.O. Box: 9182, Kathmandu, Nepal

Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org, [illegible]

https://www.youtube.com/@nationalhumanrightscommiss4301, https://www.facebook.com/NepalNHRC, https://twitter.com/NepalNHRC

नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

पत्र संख्या :
चलानी नं.:

फोन नं. : ०१-४२०००८२, ४२००४१३,४२००४५८
फ्याक्स : ०१-४२००११६
इमेल : info@mowcsc./io@mowcsc.gov.np
वेभसाईड : www.mowcsc.gov.np

## शुभकामना

महिला विरुद्धको हिंसा मानव अधिकारको उल्लंघन हो । महिलामाथि हुने हिंसाको अन्त्य विना देशमा सामाजिक न्याय, दिगो शान्ति स्थापना हुन र देशले दिन खोजेको आर्थिक सशक्तिकरणको बाटो सफल हुन सक्दैन । त्यसैले देशमा मानव अधिकारको सम्मान, दिगो विकास र समृद्ध नेपाल सुखी नेपालीको सपनालाई साकार पार्न महिलामाथि हुने सबै प्रकारको हिंसा अन्त्य हुन अत्यन्त आवश्यक छ ।

समाजमा लैङ्गिक हिंसा एक बहुआयमिक र जटिल समस्याको रुपमा रहेको छ । जसको कारण वर्षेनी हजारौं महिलाहरू विभिन्न स्वरुप र आयाममा हिंसा खेप्न बाध्य बनाइएका छन् । महिलामाथि हुने अनेक प्रकारका हिंसाहरू सार्वजनिक रुपमा बाहिर आउन सकेका छैनन् । विगतका वर्षहरुदेखि नै महिला पुनर्स्थापना केन्द्र (ओरेक) ले महिला हिंसा विरुद्ध वर्ष पुस्तकको रुपमा अन्वेषीको प्रकाशन गर्दै आएको छ । हिंसा भोगेका तर कानूनी प्रक्रियामा जान नसकेका वा नगएका र त्यसको अनेक प्रभावहरूसँग जुध्दै आइरहेका घटनाहरूको दस्तावेजीकरणमा अन्वेषीले विशेष भूमिका खेल्दै आइरहेको छ । हिंसा प्रभावितलाई नै हिंसाको जिम्मेवार बनाउने पितृसत्तात्मक सामाजिक संरचना भएको हाम्रो समाजमा आफुमाथि भएको हिंसाको घटनालाई बाहिर ल्याउनु त्यति सहज छैन । यद्यपि आफुले भोगेको हिंसा अन्य महिलाहरुले भोग्नु नपरोस भन्ने उद्देश्यले घटनाहरु जानकारी गराउने र न्यायका लागि पहल गर्नुहुने सम्पूर्ण महिलाहरुप्रति महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको तर्फबाट धन्यवाद ज्ञापन गर्न चाहान्छु ।

महिलामाथि भएका विभिन्न स्वरुपका हिंसाको बहुपक्षीय अध्ययन तथा विश्लेषण गरी तयार गरिएको, सबै सरोकारवाला निकायहरुलाई थप जवाफदेही र उत्तरदायी बन्नका लागि प्रेरित गरेकोमा ओरेकलाई विशेष धन्यवाद दिन चाहन्छु । आगामी दिनमा संस्थाका यस्ता कार्यले महिलाको मानव अधिकारको संरक्षण र सामाजिक न्याय सुनिश्चितताका लागि योगदान गर्नेछ भन्ने आशा लिएको छु । महिला माथि हुने हिंसा अन्त्यको पहलमा सकारात्मक कदम चाल्न यस पुस्तकको निरन्तरता र गुणस्तरीयता कायम रहने अपेक्षा सहित पुस्तकमा उठाइएका विषयवस्तुको सम्बोधनका लागि शुभकामना व्यक्त गर्दछु ।

लक्ष्मी कुमारी बस्नेत
सचिव

# प्राक्कथन

महिलामाथि हुने हिंसा अदृश्य होइन, यो वास्तविकता हो भन्ने यथार्थहरूको प्रतिविम्ब हो भन्ने कुरा यस वर्षको अन्वेषीले पुनः प्रमाणित गरेको छ । नेपालले सन् २०३० भित्र दिगो विकास लक्ष्य अन्तर्गत महिला हिंसा अन्त्य गर्ने प्रतिबद्धता व्यक्त गरे पनि, वास्तविक प्रगति मापन गर्ने विश्वसनीय राष्ट्रिय तथ्याङ्कीय प्रणाली अझै स्थापित हुन सकेको छैन । यही अभावलाई बुझेर महिला पुनर्स्थापना केन्द्र (ओरेक)ले विगत १७ वर्षदेखि अन्वेषी मार्फत महिलामाथि हुने हिंसाको वास्तविकता नियमित रूपमा अभिलेखीकरण तथा प्रकाशन गर्दै आएको छ । अन्वेषी, महिलामाथि हुने हिंसाका घटनाहरूको वास्तविकता प्रस्तुत गर्ने सर्वेक्षणमा आधारित तथ्यगत वर्ष पुस्तक हो ।

महिलामाथि हुने हिंसाले महिलाको स्वतन्त्रता र मर्यादित भएर बाँच्न पाउने अधिकार, समानताको अधिकार, यातनामुक्त भइ जीवन जीउन पाउने अधिकार जस्ता आधारभूत अधिकारहरू कुण्ठित गरेको छ । कुनै पनि समाजमा न्याय, शान्ति र दिगो विकास कायम गर्नुअघि महिलाले पूर्ण अधिकारसहित स्वतन्त्र र सुरक्षित जीवन बाँच्न सक्ने वातावरण अनिवार्य हुन्छ । हिंसाबाट मुक्त नभएसम्म न त महिलाको आर्थिक सशक्तिकरण सम्भव छ, न त देशले खोजेको समग्र समृद्धि र सामाजिक परिवर्तन नै हासिल हुन सक्छ । मानव अधिकारको सम्मान, दिगो विकासको लक्ष्य र "**समृद्ध नेपाल, सुखी नेपाली**" को राष्ट्रिय आकांक्षा र महिलामाथि हुने हिंसाका विविध स्वरूपहरू एक अर्कामा अन्तरसम्बन्धित छन् । विगतमा बनेका नीति-नियम, कार्यान्वयनका अभ्यास र चलिआएका कार्यपद्धतिहरूले मात्र अब उत्तरदायी नतिजा दिन सक्दैनन् । बदलिँदो समयको आवश्यकता अनुसार राज्य, नागरिक समाज र सबै सरोकारवाला निकायहरूले परम्परागत दृष्टिकोणमा आमूल परिवर्तन गर्दै, विभेदकारी संरचनागत रूपान्तरणका लागि नवीनतम र प्रभावकारी अभियानहरू अत्यावश्यक छ भन्ने देखाउँछ ।

महिलामाथि हुने अनेक प्रकारका हिंसाहरू सार्वजनिक रूपमा बाहिर आउन सकेका छैनन् । हिंसा भोगेका तर कानूनी प्रक्रियामा जान नसकेका वा नगएका र त्यसको अनेक प्रभावहरूसँग जुध्दै आइरहेका घटनाहरूको दस्तावेजीकरणमा अन्वेषीले विशेष भूमिका खेल्दै आइरहेको छ । ओरेक र अन्वेषीले सोही भूमिकाको निरन्तरता यसपटक पनि कायम राखेको छ । अघिल्ला वर्षहरूभैँ यसवर्ष पनि ओरेकमा अभिलेखीकरण गरिएका जम्मा १२७९ महिला हिंसाका घटनाहरूमा सबैभन्दा बढी घरेलु हिंसाका घटनाहरू रहेका छन् । ओरेकको अनुभवले महिलाले महिला भएकै कारणले अन्य व्यक्ति, समाज तथा राष्ट्रबाट नै शारीरिक, यौनजन्य वा मानसिक हिंसा भोग्नु परेको अवस्थालाई देखाउँछ ।

अन्वेषीमा प्राप्त तथ्याङ्कले पनि यो कुरालाई पुष्टि गरेको छ कि महिलाले जन्म अघिदेखि नमरुञ्जेलसम्म आफ्नो जीवनकालमा विविध हिंसाहरू भोग्नु परेको अवस्था छ ।

देशमा सङ्घीय लोकतान्त्रिक व्यवस्था स्थापित भएको दशकौं बितिसक्दा समेत महिलाले स्वतन्त्र, सुरक्षित र आत्मसम्मानपूर्ण जीवन बाँच्न पाउने आधारभूत अधिकारहरू सुनिश्चित हुन नसक्नु गम्भीर र विडम्बनापूर्ण छ । समानताको हक, यातना र भयबाट मुक्त जीवन बाँच्ने अधिकार, तथा स्व-निर्णयको हकलाई व्यवहारमा लागू गर्न राज्य असफल भएको यथार्थलाई यस वर्षको अन्वेषीले पुनः उजागर गरेको छ । घर, समाज, सार्वजनिक निकाय वा कार्यस्थलमा महिलाले सर्वाधिक सुरक्षित महसुस गर्नुपर्ने स्थान हुन्, त्यहीँ उनीहरू आफ्नै परिचित व्यक्तिहरूद्वारा हिंसा भोगिरहनु परेको तथ्यले हाम्रो लोकतन्त्रले महिलाको जीवनमा अझै मुक्ति र समानताको भावना रोप्न सकेको छैन भन्ने स्पष्ट पार्छ । यसले राजनीतिक परिवर्तन भए पनि सामाजिक चेतना र लैङ्गिक दृष्टिकोणमा परिवर्तनले गति लिन नसकेको कटु सन्देश दिन्छ । यस्तो अवस्था निरन्तर रहिरह्यो भने महिलामाथि हुने हिंसाको चक्र दीर्घकालीन मात्र बन्ने होइन, देशको लोकतान्त्रिक आधार र सामाजिक न्यायको संरचना नै कमजोर बन्ने जोखिम रहन्छ ।

न्यायिक प्रक्रियामा आउने घटनाहरूलाई नजिकबाट विश्लेषण गर्दा पीडकको प्रभाव, पीडित तथा प्रभावितलाई दोषारोपण गर्ने प्रवृत्ति, सेवा प्रदायक निकायमा विद्यमान लैङ्गिक पूर्वाग्रह र बढ्दो अपराधको राजनीतिकरणले हरेक चरणमा थप जटिलता सिर्जना गरिरहेको देखिन्छ । ओरेकको ३४ वर्षको अनुभवले पनि पुष्टि गर्छ कि महिलामाथि हिंसा घट्न नसक्नु र पीडित तथा प्रभावितले न्याय नपाउनुको मूल कारण देशभर घरपरिवारदेखि समाज र राज्यका विभिन्न तहमा जरो गाडेर बसेको विभेदपूर्ण सोच, सामाजिक मान्यता र यो सोच तथा मान्यतालाई बलियो बनाउने संरचनाहरू नै हुन् ।

२०२५ को जेन्जी आन्दोलन र त्यसपछिका राजनीतिक घटनाक्रमले राजनीतिक हिंसा, भ्रष्टाचार, दण्डहीनता र लैङ्गिक हिंसा एक-आपसमा अन्तरसम्बन्धित रहेको यथार्थतालाई उजागर गरेको छ । विशेषगरी, आन्दोलनका क्रममा कारागारबाट हत्या, बलात्कार, मानव बेचबिखन, एसिड आक्रमण जस्ता जघन्य अपराधमा संलग्न अपराधीहरू ठूलो सङ्ख्यामा फरार हुनु र उनीहरूले पीडित/प्रभावित महिला तथा बालबालिका र उनीहरूको न्यायिक प्रक्रियामा सहजीकरण गर्ने महिला मानव अधिकार रक्षकहरूलाई धम्क्याउनुले समुदाय तहमा महिलाको सुरक्षामाथि गम्भीर प्रश्न उठाएको छ । यसबाट प्रस्ट हुन्छ कि जब देशमा राजनीतिक अस्थिरता बढ्छ, लोकतान्त्रिक मूल्य मान्यता कमजोर हुन्छ र कानून कार्यान्वयन निष्पक्ष हुँदैन तब महिलाको सुरक्षा र न्यायको पहुँच मात्र नभई लोकतान्त्रिक मूल्यमान्यता कानूनी शासन र सामाजिक न्यायको जगमाथि नै गम्भीर असर पर्छ । जब लोकतन्त्र

संस्थागत हुन सक्दैन, महिला अधिकार पनि सुनिश्चित हुन सक्दैन । महिला अधिकारको सम्मान, संरक्षण र प्रवर्द्धनका लागि लोकतन्त्रको विकल्प छैन ।

आफूले भोग्नुपरेका हिंसाका घटनाहरू अन्य महिलाले भोग्नु नपरोस् भन्ने आकांक्षाका साथ आफूमाथि भएका हिंसाको जानकारी गराउने साहस बटुल्नु हुने सम्पूर्ण नेपाली महिलाहरूप्रति ओरेक विशेष आभार प्रकट गर्दछ । असमान शक्ति सम्बन्धलाई चुनौति दिँदै संरचनात्मक विभेद विरुद्धको यस अभियानमा लाग्न सहज छैन । यो आँट गरेर समुदाय तहमा रहेका घटनाहरूलाई बाहिर ल्याउने हिम्मत गर्ने, महिलाहरूलाई "**तिमी एक्लो छैनौ, तिम्रो साथमा हामि छौँ**" भनी आफूमाथि भएका अपराध विरुद्ध बोल्ने हौसला दिदै समुदायस्तरमा क्रियाशील महिला मानव अधिकार रक्षकहरू जसले जोखिम र चुनौतिको परवाहबिना, महिलामाथि भएका हिंसाका घटनाहरूलाई बाहिर ल्याउन गर्नुभएको साहस, संवेदनशीलता, धैर्य र कामको सम्मान गर्दै आफूले अभिलेखन गरेका घटनाहरू ओरेकमा पठाउनु हुने सम्पुर्ण महिला अधिकारकर्मीहरू प्रति ओरेक सम्मानका साथ विशेष आभार प्रकट गर्दछ ।

उहाँहरूको सहयोग विना अन्वेषी यो रूपमा आउन सम्भव हुदैन र जति महिलाहरूले न्याय प्राप्तिका लागि आवाज उठाउनुभएको छ त्यो पनि सम्भव थिएन । त्यस रूपमा सहयोग गर्ने उहाँहरू सबैप्रति ओरेक विशेष आभार प्रकट गर्दछ । महिला हिंसाका घटनाहरुलाई गोपनीयता र संवेदनशील तरिकाले दस्तावेजीकरण गर्न सघाउ पुर्याउनु हुने ओरेकका सम्पूर्ण शाखा कार्यालयका तथ्यांक व्यवस्थापन शाखामा रहेर कार्य गर्ने सहकर्मी मित्रहरुलाई हामि धन्यवाद दिन चाहान्छौँ । साथै महिला हिंसाका घटनाहरु अभिलेखीकरण तथा प्रभावितको न्यायका लागि सक्रिय भूमिका निर्वाह गरिरहनु भएको सम्पूर्ण प्रदेश तथा जिल्ला संयोजकहरु, कार्यक्रम अधिकृतहरु, सामाजिक परिचालकहरु, मनोविमर्शकर्ताहरु प्रति संस्था आभार प्रकट गर्दछ । त्यसैगरी संस्थामा प्राप्त तथ्याङ्कलाई विश्लेषण गरी महिला हिंसाको वास्तविकतालाई दस्तावेजीकरण गर्दै प्राप्त तथ्याङ्कलाई व्यवस्थापन गर्दै विश्लेषण सहितको यो वर्ष पुस्तकको तयार गर्नु हुने ओरेक केन्द्रीय कार्यालयका कर्मचारीहरू प्रति पनि विशेष धन्यवाद व्यक्त गर्दछु ।

माथि उल्लेख गरिएका व्यक्तिहरू बाहेक पनि अन्य थुप्रै व्यक्तिहरूको सहयोग र सहकार्यका कारण यो प्रतिवेदन तयार भएको हो । यसर्थ, यस पुस्तक तयारीका लागि प्रत्यक्ष र अप्रत्यक्ष रूपले सहयोग गर्नुहुने सम्पूर्ण व्यक्तिहरूलाई ओरेक, नेपाल धन्यवाद दिदै हार्दिक आभार प्रकट गर्दछ ।



सविता पोखरेल
अध्यक्ष, ओरेक

# विषयसूची


भाग १ १
परिच्छेद : १
(क) परिचय १
१.१ अन्वेषी १
१.२ महिला विरुद्धको हिंसाको तथ्याङ्क २
१.३ महिला हिंसा र राज्यको दायित्व ६
१.४ प्रभावित केन्द्रित सेवा १०
१.५ घटना सङ्कलन अवधि र क्षेत्र ११
१.६ अध्ययनको सिमा १२
१.७ अध्ययन विधि १३
१.८ सूचना सङ्कलनमा एकरुपता १३
१.९ सूचना सङ्कलन १३
१.१० तथ्याङ्क प्रशोधन प्रक्रिया र विश्लेषण १३
१.११ आचारसंहिताको पालना १४

परिच्छेद : २ १५
(क) कार्यगत परिभाषा १५
२.१ कार्यगत परिभाषा १९
१. हिंसाका प्रकार १५
२. प्रभावित/पीडित तथा पीडकको सामाजिक तथा आर्थिक स्थितिको वर्गीकरण १७
३. प्रभावितलाई परेका असरहरू १९

भाग २
परिच्छेद ३ २८
३.१ महिला हत्या २८
३.१.१ उमेरगत विवरण ३०
३.१.२ वैवाहिक अवस्था ३०
३.१.३ आरोपितसँगको सम्बन्ध ३१
३.१.४ शैक्षिक अवस्था ३२
३.१.५ जातिगत अवस्था ३३
३.१.६ पेसागत अवस्था ३४

३.२ बलात्कार ३८
३.२.१ प्रदेशगत विवरण ४०

३.२.२ बलात्कारका स्वरूप ४१
३.२.३ उमेरगत विवरण ४२
३.२.४ शिक्षा ४३
३.२.५ वैवाहिक अवस्था ४४
३.२.६ जातीगत अवस्था ४४
३.२.७ पेसा व्यवसाय ४५
३.२.८ आरोपितसँगको सम्बन्ध ४६
३.२.९ असर ४८

**३.३ यौन दुर्व्यवहार ५३**
३.३.१ प्रदेशगत विवरण ५४
३.३.२ उमेरगत विवरण ५५
३.३.३ शिक्षा ५६
३.३.४ वैवाहिक स्थिति ५७
३.३.५ जातिगत अवस्था ५८
३.३.६ पेसा व्यवसाय ५९
३.३.७ आरोपितसँगको सम्बन्ध ६०
३.३.८ असर ६१

**३.४ घरेलु हिंसा ६४**
३.४.१ प्रदेशगत विवरण ६५
३.४.२ घरेलु हिंसाका प्रकार ६७
३.४.३ उमेरगत विवरण ६८
३.४.४ शिक्षा ६९
३.४.५ वैवाहिक अवस्था ७१
३.४.६ जातिगत अवस्था ७२
३.४.७ पेसा व्यवसाय ७३
३.४.८ आरोपितसँगको सम्बन्ध ७४
३.४.९ असर ७५

**३.५ बालविवाह ८०**
३.५.१ प्रदेशगत विवरण ८१
३.५.२ हिंसाको प्रकार ८२
३.५.३ शिक्षा ८३
३.५.४ जातिगत अवस्था ८४
३.५.५ पेसागत अवस्था ८५
३.५.६ आरोपितसँगको सम्बन्ध ८६
३.५.७ असर ८७

**३.६ बहुविवाह** **९०**
३.६.१ प्रदेशगत विवरण ९१
३.६.२ हिंसाको प्रकार ९२
३.६.३ उमेरगत विवरण ९३
३.६.४ शिक्षा ९४
३.६.५ जातिगत अवस्था ९५
३.६.६ पेसा व्यवसाय ९६
३.६.७ असर ९७

**३.७ दाइजोको निहुँमा हुने हिंसा** **१००**
३.७.१ प्रदेशगत विवरण १०१
३.७.२ दाइजोको निहुँमा हुने हिंसाका प्रकार १०२
३.७.३ उमेरगत विवरण १०३
३.७.४ शिक्षा १०४
३.७.५ जातिगत अवस्था १०५
३.७.६ पेसागत अवस्था १०६
३.७.७ आरोपितसँगको सम्बन्ध १०७
३.७.८ असर १०८

**३.८ बोक्सीको आरोपमा हुने हिंसा** **११२**
३.८.१ प्रदेशगत विवरण ११३
३.८.२ बोक्सीको आरोपमा हुने हिंसाका प्रकार ११४
३.८.३ उमेरगत विवरण ११५
३.८.४ शिक्षा ११६
३.८.५ वैवाहिक अवस्था ११७
३.८.६ जातिगत अवस्था ११८
३.८.७ पेसागत अवस्था ११९
३.८.८ आरोपितसँगको सम्बन्ध १२०
३.८.९ असर १२१

**भाग ३**
**परिच्छेद ४**
**क.) मानव बेचबिखन** **१२६**
४.१.१ प्रदेशगत विवरण १२७
४.१.२ उमेरगत विवरण १२८
४.१.३ शिक्षा १२९
४.१.४ वैवाहिक अवस्था १२९

४.१.५ जातिगत अवस्था १३०
४.१.६ पेसा व्यवसाय १३१
४.१.७ आरोपितसँगको सम्बन्ध १३१
४.१.८ प्रभावितलाई परेको असर १३२

**ख.) मनोरञ्जन क्षेत्रका श्रमिकमाथि भएको हिंसा १३६**
४.२.१ प्रदेशगत विवरण १३७
४.२.२ हिंसाका प्रकार १३७
४.२.३ उमेरगत विवरण १३८
४.२.४ शिक्षा १३९
४.२.५ पेसागत अवस्था १४०
४.२.६ आरोपितसँगको सम्बन्ध १४०
४.२.७ असर १४१

**ग.) विपद्को समयमा घटेका महिला विरुद्धका हिंसा १४४**
४.३.१ हिंसाका प्रकार १४५
४.३.२ उमेरगत विवरण १४६
४.३.३ शैक्षिक अवस्था १४७
४.३.४ वैवाहिक अवस्था १४७
४.३.५ जातीयताको विवरण १४८
४.३.६ पेसा व्यवसाय १४९
४.३.७ आरोपितसँगको सम्बन्ध १४९
४.३.८ असर १५०

**४.४. महिला मानव अधिकार रक्षकमाथि भएका हिंसा तथा जोखिमसम्बन्धी अवस्था अध्ययन सर्वेक्षण १५३**
४.४.१ हिंसाका प्रकार १५४
४.४.२ प्रदेशगत विवरण १५५
४.४.३ उमेरगत विवरण १५६
४.४.४ जानकारी दिएको संयन्त्र १५७
४.४.५ आरोपितसँगको सम्बन्ध १५८
४.४.६ अनलाईनमा भएको हिंसा १५९
४.४.७ घटनाको उजुरी गरेको संयन्त्र १५९

**४.५. नेतृत्व तहमा रहेका महिलाहरूले भोग्नु परेको चुनौती, विभेद तथा हिंसा १६३**
४.५.१ सर्वेक्षणमा सहभागी महिला जनप्रतिनिधिहरूको सङ्ख्या १६४
४.५.२ महिला जनप्रतिनिधिहरूले सामना गरेका प्रमुख चुनौतीहरू १६४
४.५.३ लिङ्गका कारण आफ्नो नेतृत्व भूमिकामा वेवास्ता गरिएको अनुभव र कार्यसम्पादनमा परेको प्रभाव १६५
४.५.४ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण तालिम प्राप्त गरे नगरेको अवस्था १६६

**४.६ पत्र पत्रिकाबाट सङ्कलित तथ्याङ्क तथा विश्लेषण** **१७०**
४.६.१ प्रदेशगत विवरण १७१
४.६.२ हिंसाका प्रकार १७२

**भाग ४** **१७३**
**परिच्छेद ५** **१७३**
**(क) पीडकको पृष्ठभूमि** **१७३**
५.१ संख्या र लैङ्गिक विवरण १७३
५.२ प्रदेशगत विवरण १७४
५.३ उमेरगत विवरण १७५
५.४ शिक्षा १७६
५.५ वैवाहिक स्थिति १७७
५.६ जात/जातीयता १७८
५.७ पेसा व्यवसाय १७९

**परिच्छेद ६** **१८२**
**६.१ हिंसा प्रभावितलाई उपलब्ध गराएको सेवाको विवरण** **१८२**
६.१.१ हटलाइन सेवामा आएका महिला हिंसाका घटना १८२
६.१.२ सुरक्षा आवास र सेवा १८४

**भाग ५** **१८८**
**परिच्छेद ७** **१८८**
**७.१ महिलामाथि भएको हिंसाको समग्र विश्लेषण** **१८८**
७.१.१ महिला हिंसाको प्रकार १८८
७.१.२ प्रदेशगत विवरण १८९
७.१.३ उमेरगत विवरण १८९
७.१.४ शैक्षिक अवस्था १९०
७.१.५ वैवाहिक अवस्था १९१
७.१.६ जातिगत अवस्था १९२
७.१.७ पेसागत अवस्था १९३
७.१.८ आरोपितसँगको सम्बन्ध १९४
७.१.९ असर १९५

**(क) निष्कर्ष** **१९६**
**(ख) सुझावहरू** **२०२**
**अनुसूची १** **२०७**

# परिच्छेद १

## परिचय

### १.१ अन्वेषी

महिला पुनर्स्थापना केन्द्र (ओरेक), महिला मानव अधिकार तथा सामाजिक न्याय प्राप्तिका लागि तीन दशकदेखि निरन्तर क्रियाशील संस्था हो । यसले सन् २००८ देखि महिलामाथि भएका हिंसाका घटनाहरूको तथ्याङ्क सङ्कलन गरी, खण्डीकृत विश्लेषण गर्दै वार्षिक रूपमा अन्वेषी प्रकाशन गर्दै आएको छ । अन्वेषी सुरुवात गर्दाको अवस्थामा महिलामाथि हुने हिंसाका घटनाहरू व्यवस्थित रूपमा अभिलेखीकरण गर्ने कुनै पनि सरकारी वा गैह्रसरकारी संयन्त्रहरू निर्माण भएको थिएन । महिलामाथि हुने हिंसाका घटनालाई व्यवस्थित गरी अभिलेखीकरण गर्ने राज्य र नागरिक समाजका तर्फबाट कुनैपनि पहल र संयन्त्रहरू निर्माण भइ नसकेको त्यस बेलाको परिस्थितिमा महिलामाथि हुने हिंसाको घटनालाई अभिलेखीकरण तथा विश्लेषण गरी महिला हिंसाको यथार्थ अवस्था प्रस्तुत गर्न अन्वेषी कोशेढुङ्गाको रूपमा रहेको थियो र हाल पनि छ । नेपालभरि सातै प्रदेशबाट हिंसाका घटनाहरू सङ्कलन गरी विश्लेषण गर्ने क्रममा समस्त घरपरिवार, समाज र राज्यलाई तथ्यका आधारमा घचघच्याउने काम प्रतिवेदनको स्वरूपमा अन्वेषी प्रकाशनले सुरुवात कालदेखि गर्दै आएको छ । यसैलाई निरन्तरता दिँदै हाल अन्वेषी लेखनको सत्रौँ वर्ष पुगिसकेको छ । साथै, अन्वेषी प्रकाशनको साढे एक दशक पुगिसक्दा हाल भने नेपाल प्रहरी, राष्ट्रिय महिला आयोग र विभिन्न गैह्रसरकारी संघसंस्थाले महिलामाथि हुने हिंसाका घटनाहरू अभिलेख गरी बेलाबखतमा फरक-फरक माध्यमबाट तथ्याङ्क प्रकाशन गर्न थालेका छन्, जसलाई हामी स्वागत गर्छौं । यसले महिलामाथि हुने हिंसालाई राष्ट्रिय एजेण्डाको रूपमा स्थापित हुँदै गएको संकेत पनि गर्दछ ।

यस वर्ष हामिले अघिल्लो वर्षहरूमा जस्तै अन्वेषीमा ओरेकमा वार्षिक रूपमा सङ्कलन भएका महिला हिंसाका तथ्याङ्क साथै मानव बेचबिखनको मुद्धामा लामो समय काम गर्दै आएको सुनिता फाउण्डेशन र मनोरञ्जन क्षेत्रमा कार्यरत महिलाहरूको कामको पहिचान र मान्यताका लाीग निरन्तर संघर्षरत महिलाका निम्ति महिला मञ्चबाट प्राप्त तथ्याङ्कहरूका साथै ओरेकबाटै पनि २०८१/२०८२ सालमा महिलाका मुद्दा उजागर गर्न गरिएका सर्वेक्षणलाई समेत छुट्टै भागमा समावेश गरेका छौं ।

"अन्वेषी" महिलामाथि हुने हिंसाको यथार्थ झल्काउने हिंसा प्रभावित महिलाहरूको जीवन कथा तथा तथ्यमा आधारित अनुसन्धानात्मक पुस्तक हो । यस पुस्तकमा नीति निर्माता, मानव अधिकार रक्षक र अभियन्ताहरूका लागि आवश्यक जानकारी समावेश छ, जसमा हिंसाको सङ्ख्या र स्वरूप कस्ता छन्, ती हिंसाका तत्कालीन र दीर्घकालीन प्रभावहरू के हुन्, कुन समूहका महिलाहरू बढी जोखिममा छन्, सहयोग खोज्नका लागि उनीहरूले सामना गर्ने अवरोधहरू के हुन् ? र उनीहरूले सहयोगका लागि सम्पर्क गर्दा न्यायिक, स्वास्थ्य लगायत अन्य सेवा प्रदायकहरूले कसरी प्रतिक्रिया जनाउँछन् जस्ता सवाललाई विस्तृत विश्लेषण गरिएको छ। यस्ता विस्तृत तथ्याङ्कहरूले समस्याको परिमाण र आयाम बुझ्न, आधाररेखा (baseline) स्थापना गर्न, उच्च जोखिम समूह पहिचान गर्न, प्रभावकारी रोकथाम र हस्तक्षेपका प्रयासहरू केन्द्रित गर्न, समयसँगै परिवर्तन मूल्याङ्कन गर्न र पीडित/प्रभावित महिलाहरूले भोगेको क्षतिलाई सम्बोधन गर्न अन्वेषीले उद्देश्य राखेको छ । तसर्थ, यस प्रतिवेदनको उद्देश्य तथ्याङ्क मार्फत् महिला हिंसा विरुद्ध अभियान सञ्चालन गर्दै सरकारी निकाय र नीति निर्माताहरूलाई जिम्मेवार बनाउँदै महिला मानव अधिकार संरक्षण गर्ने योजना निर्माण गर्न र प्रभावित केन्द्रित कानूनी सुधार गर्दै, हिंसा लिङ्गका आधारमा हुने हिंसा विरुद्ध रोकथाम, प्रतिकार्य तथा न्यूनीकरण गर्न सरोकारवाला निकायहरूलाई दबाब दिनु समेत रहेको छ ।

## १.२ महिला विरुद्धको हिंसाको तथ्याङ्क

महिलामाथि हुने हिंसा सदियौंदेखि नेपाली समाजमा स्थापित र हस्तान्तरित हुँदै आएको जटिलसमस्या हो । महिलामाथि हुने हिंसाका विभिन्न रूपहरूको प्रचलन, कारण, स्वरूप र प्रभावहरूबारे विश्वसनीय तथ्याङ्क अपरिहार्य छन् भन्ने विषयमा हाल नीति निर्माता, विधायिका र नागरिक समाजबीच बृहत् रूपमा छलफल हुँदै आएको छ। महिलामाथि हुने हिंसाको अन्त्यका

लागि घोषणा-पत्र (Declaration on the Elimination of Violence against Women), सन् १९९३ र बेइजिङ् घोषणा तथा कार्ययोजना (Beijing Declaration and Platform for Action), सन् १९९५ जस्ता अन्तर्राष्ट्रिय दस्तावेजहरूले पक्ष राज्यलाई विश्वसनीय तथ्याङ्क र आँकडाहरूका आधारमा काम गर्न आग्रह गरेका थिए । यसपश्चात्, संयुक्त राष्ट्रसंघ महासभा लगायतका अन्तर-सरकारी निकायहरूले पटक-पटक महिलामाथि हुने हिंसासम्बन्धी तथ्याङ्क सङ्कलन र सुधारको महत्त्वलाई जोड दिएका छन् र यस विषयमा कार्य गर्न सदस्य राष्ट्रहरूलाई निर्देशन दिएका छन् । मुख्यतः दिगो विकास लक्ष्यले तथ्याङ्कको महत्त्वलाई उजागर गर्दै लक्ष्य १७.१८ मा सन् २०२० सम्ममा राष्ट्रिय सन्दर्भमा सान्दर्भिक हुनेगरी आय, लिङ्ग, उमेर, जाति, अपाङ्गता, प्रवासी स्थिति, अपाङ्गता, भौगोलिक स्थान र अन्य विशेषताहरूको आधारमा खण्डीकृत उच्च गुणस्तरीय, समसामयिक र विश्वसनीय तथ्याङ्कको उपलब्धतालाई वृद्धि गर्ने उद्देश्य राखेको छ ।

महिलामाथि हुने हिंसासम्बन्धी जानकारी र तथ्याङ्कका स्रोतहरू विभिन्न निकायहरूबाट प्राप्त गर्न सकिन्छ । जस्तैः स्वास्थ्य तथा चिकित्सकीय सेवा, फौजदारी न्याय प्रणालीका निकायहरू, सामाजिक सेवा संस्थाहरू, कानुनी सहयोग सेवा, अनुसन्धान तथा अभिलेखीकरण केन्द्रहरू र महिलामाथि हिंसाको प्रतिक्रिया दिन विशेष रूपमा स्थापना गरिएका संस्था वा सेवा केन्द्रहरू (जस्तैः सुरक्षा आवास, एकद्वार संकट व्यवस्थापन केन्द्र (OCMC), हटलाइन र महिला मानव अधिकार रक्षकहरू) । यी निकायहरूले आफ्ना सेवाग्राही महिलाहरूका अनुभवबारे र उनीहरूको आवश्यकता अनुसार जानकारी सङ्कलन गर्छन् । यस्तो प्रकृतिका अभिलेखहरूलाई प्रशासनिक अभिलेख भनिन्छ । तर, प्रशासनिक तथ्याङ्कहरू प्राय प्रशासनिक प्रक्रियाको सह-उत्पादन (by–product) हुने भएकाले तिनको विश्वसनीयता र तिनीहरू कति पूर्ण छन् र परिभाषा तथा नियमहरू कति सुसंगत रूपमा प्रयोग गरिन्छ भन्ने कुरामा निर्भर गर्छ । यद्यपि, प्रशासनिक तथ्याङ्कबाट जनसङ्ख्या स्तरमा महिलामाथि हुने हिंसाको सम्पूर्ण वास्तविकता अनुमान गर्न गाह्रो छ । तर यी तथ्याङ्कहरूले समाज र राज्यका निकायहरूले महिलामाथि हुने हिंसाको घटनालाई कसरी लिइरहेका छन्, तथ्याङ्क, सङ्कलनका लागि यी निकायहरूका संस्थागत तयारी कति प्रभावकारी छ र यस्ता घटनामा उनीहरूको प्रतिक्रिया कस्तो छ ? भन्ने मूल्याङ्कन गर्न महत्त्वपूर्ण सूचकका रूपमा उपयोगी भूमिका खेलेको छ ।

त्यस्तै तथ्याङ्क सङ्कलनको अर्को महत्त्वपूर्ण माध्यम जनसङ्ख्यामा आधारित सर्वेक्षणहरू (Population–based surveys) हुन् । यस्ता सर्वेक्षणहरू सही विधि र वैज्ञानिक मानकका आधारमा सञ्चालन गरिएमा महिलामाथि हुने हिंसाको स्वरूप तथा विभिन्न आयामहरू मापनका लागि सबैभन्दा विश्वसनीय स्रोत ठहरिन्छन् । यस्ता सर्वेक्षणहरूले सबै महिलासम्म पुग्न सक्छन्– चाहे उनीहरूले हिंसाको उजुरी गरेका हुन् वा नगरेका हुन् । महिलाहरूलाई उनीहरूको हिंसाको अनुभव, स्वास्थ्य प्रभाव र सहयोग खोज्ने प्रक्रियाबारे सोधिने भएकाले यस्ता सर्वेक्षणहरूले हिंसाको स्वरूप र कारणबारे गहिरो बुझाइ प्रदान गर्छन् । नेपाल जनसङ्ख्या तथा स्वास्थ्य सर्वेक्षण (NDHS), २०२२ ले महिला विरुद्ध हुने हिंसाको अवस्थालाई समेटेको छ । जसअनुसार, १५ देखि ४९ वर्ष उमेर समूहका करिब २३% महिलाले १५ वर्षको उमेरदेखि जीवनको कुनै न कुनै मोडमा शारीरिक हिंसाको अनुभव गरेका छन् । सोही उमेर समूहका लगभग ८% महिलाले कहिल्यै न कहिल्यै यौन हिंसाको अनुभव गरेका छन् भने करिब १३% महिलाले मानसिक हिंसा अनुभव गरेका छन् । पीडकको बारेमा भने आफ्नो वर्तमान वा पूर्व पति/घनिष्ठ साथीबाट कुनै पनि प्रकारको (शारीरिक, यौन वा भावनात्मक) हिंसा अनुभव गर्ने महिलाको प्रतिशत २७% रहेको छ । तर, यस्ता सर्वेक्षणहरू वार्षिक रूपमा सङ्कलन गरी मूल्याङ्कन गर्न सहज छैन र यो साह्रै महंगो पद्धती पनि हो भने यस्ता कार्यहरूको सुरुवात र निरन्तरताका लागि राज्यको इच्छाशक्ति अत्यन्तै महत्त्वपूर्ण हुन्छ । हाल संयुक्त राज्य अमेरिकाले वैदेशिक सहायतामा व्यापक कटौती गरेकाले अमेरिकाको सहायतामा सम्पन्न हुँदै आएको नेपाल जनसङ्ख्या तथा स्वास्थ्य सर्वेक्षण (NDHS), MICS को निरन्तरता भंग हुने संकेत देखिएको छ । यस अवस्थामा प्रशासनिक तथ्याङ्कको महत्त्वलाई नकार्न सकिदैन ।

त्यस्तै, महिलामाथि हुने लैङ्गिक हिंसाको तथ्याङ्क सङ्कलनका विभिन्न दृष्टिकोणहरूले यस समस्याको बुझाइ र नीति निर्माणमा फरक प्रभाव पार्छन् । यस सन्दर्भमा चार प्रमुख दृष्टिकोणहरू रहेका छन् । जुन– लैङ्गिक समानताको दृष्टिकोण, मानव अधिकारको दृष्टिकोण, आपराधिक न्यायको दृष्टिकोण र राष्ट्रिय तथ्याङ्कको दृष्टिकोणहरू प्रमुख रूपमा प्रयोग गरिन्छन् । यी दृष्टिकोणहरूले हिंसाको स्वरूप, कारण र राज्यको जिम्मेवारीका फरक-फरक पक्षहरूलाई सम्बोधन गर्छन् ।

पहिलो, लैङ्गिक समानता अवधारणा (Gender Equality Approach) अन्तर्गत महिलामाथि हुने हिंसालाई लैङ्गिक असमानता र सामाजिक संरचनामा रहेको पितृसत्तात्मक सोचसँग जोडिएको

मानिन्छ । यो दृष्टिकोण सन् १९७९ को दशकमा महिलावादी आन्दोलनबाट विकसित भएको हो, जसले हिंसालाई महिलालाई अधीनस्थ बनाइराख्ने प्रमुख माध्यमका रूपमा व्याख्या गर्छ । सन् १९९५ को बेइजिङ कार्ययोजनाले महिलामाथिको हिंसालाई विश्वव्यापी मुद्दा बनाएको थियो । नेपालको सन्दर्भमा, लैङ्गिक समानताको दृष्टिकोणबाट महिलामाथिको हिंसाको मापन नेपाल सरकारले राष्ट्रिय महिला आयोग मार्फत् र नागरिक समाजमा महिला पुनःस्थापना केन्द्र (ओरेक) ले अपनाएका छन् ।

दोस्रो, मानव अधिकारको अवधारणा (Human Rights Approach)ले महिलामाथि हुने हिंसालाई मानव अधिकारको उल्लङ्घनका रूपमा लिन्छ । यस दृष्टिकोणअनुसार प्रत्येक महिलालाई राज्यबाट सुरक्षा र न्याय पाउने अधिकार छ र राज्यले “due diligence” प्रयोग गरी हिंसा रोक्न, अपराधीलाई दण्डित गर्न र पीडित/प्रभावितलाई सहयोग पुऱ्याउनुपर्ने जिम्मेवारी हुन्छ । संयुक्त राष्ट्रसंघको मानव अधिकार परिषद् र CEDAW समितिले यस्ता सूचकहरू विकास गरेका छन् जसमा लैङ्गिक हिंसासँगै यौन र प्रजनन अधिकार, मानव बेचबिखन, कार्यस्थलमा हुने हिंसा र द्वन्द्व-पश्चात् अवस्थामा महिला विरुद्ध हुने हिंसालाई समेट्छ । नेपालमा राष्ट्रिय मानव अधिकार आयोगले महिलामाथिको हिंसालाई मानव अधिकारको उल्लङ्घनका रूपमा लिएर वार्षिक प्रतिवेदनहरू तयार पार्दै आएको छ, जसले राज्यलाई जिम्मेवार बनाउने कार्यमा सहयोग गरेको छ ।

तेस्रो, आपराधिक न्यायको दृष्टिकोण (Criminal Justice or Crime Victimization Approach) ले महिलामाथिको हिंसालाई अपराधको रूपमा लिएर पीडित/प्रभावितको दृष्टिकोणबाट तथ्याङ्क सङ्कलन गर्छ । यसले विशेष गरी घरेलु हिंसा, यौन हिंसा र बलात्कारका घटनाहरूमा प्रहरी र न्याय प्रणालीको प्रतिक्रियालाई मूल्याङ्कन गर्छ । यस्ता सर्वेक्षणहरूबाट न्यायिक प्रक्रिया कति प्रभावकारी छ भन्ने थाहा पाइन्छ । तर, सबै देशमा सबै प्रकारका हिंसा अपराधका रूपमा मानिँदैनन् । जस्तैः वैवाहिक बलात्कार, यौन उत्पीडन वा प्रहरीद्वारा हुने हिंसा कतिपय ठाउँमा कानुनी रूपमा परिभाषित छैन । नेपालमा नेपाल प्रहरी, एकद्वार संकट व्यवस्थापन केन्द्र (OCMC), सर्वोच्च अदालतको वार्षिक प्रतिवेदन, महान्यायाधिवक्ताको वार्षिक प्रतिवेदनबाट आपराधिक तथ्याङ्क सङ्कलन गर्ने अभ्यास भैरहेको छ ।

चौथो, राष्ट्रिय तथ्याङ्कीय अवधारणा (National Statistics Approach)ले प्रत्येक देशको केन्द्रीय तथ्याङ्क निकायलाई नियमित रूपमा महिलामाथिको हिंसासम्बन्धी तथ्याङ्क सङ्कलन र प्रकाशन गर्न प्रोत्साहन गर्छ। यस दृष्टिकोणले हिंसाका प्रकार, सम्बन्धको स्वरूप, उमेर, जातीयता, गरिबी, प्रदेशका आधारमा तथ्याङ्क वर्गीकरण गर्छ। संयुक्त राष्ट्रसङ्घीय तथ्याङ्क प्रभाग (UNSD) ले २०१३ मा यसका लागि मापदण्डहरू विकास गरेको थियो। नेपालमा केन्द्रीय तथ्याङ्क विभागले महिला र पुरुषको सामाजिक तथा आर्थिक अवस्थाबारे सर्वेक्षण गर्दै आएको छ, भने नेपाल जनसङ्ख्या तथा स्वास्थ्य सर्वेक्षण (NDHS)ले घरेलु हिंसा र लैङ्गिक समानता सम्बन्धी तथ्याङ्क नियमित रूपमा प्रकाशित गर्छ। यी राष्ट्रिय तथ्याङ्कहरूले नीति निर्माण, अन्तर्राष्ट्रिय प्रतिवेदन (जस्तैः CEDAW, SDG) र लैङ्गिक न्यायका रणनीतिहरूमा आधार प्रदान गर्छन्।

दिगो विकास लक्ष्य को ५ नं. मा लैङ्गिक समानता हासिल गर्ने र सबै महिला, किशोरी र बालिकालाई सशक्त बनाउने उद्देश्य रहेको छ। जसमा ५.१ महिला, किशोरी र बालिकाविरुद्ध हुने सबै प्रकारका भेदभावको अन्त्य गर्ने, ५.२ मानव बेचबिखन र यौन लगायत अन्य शोषण सहित सार्वजनिक र निजी क्षेत्रमा महिला, बालिका र किशोरीमाथि हुने सबै प्रकारका हिंसाको अन्त्य गर्ने, ५.३. बालविवाह, कलिलो उमेरमा गरिने विवाह, जबर्जस्ती विवाह तथा अन्य घातक प्रचलनहरूको उन्मूलन गर्ने उद्देश्य छ। त्यस्तै, लक्ष्य ८.७ मा बाध्यकारी श्रम, आधुनिक दासत्व र मानव बेचबिखन उन्मूलन गर्न तत्कालीन र प्रभावकारी उपायहरू अपनाउने र लक्ष्य १६.२ ले दुरुपयोग, शोषण, तस्करी र बालबालिकामाथिको यातना तथा सबै प्रकारका हिंसा समाप्त गर्ने भनी उल्लेख गरेको छ र यी सब लक्ष्यहरूका सूचक नेपालले तयार पारेको छ। त्यसैले, अन्वेषीले दिगो विकास लक्ष्यका तथ्याङ्कलाई पनि मूल्याङ्कन गर्न थप आधार तयार गर्दछ  भन्ने हाम्रो विश्वास रहेको छ।

## १.३ महिला हिंसा र राज्यको दायित्व

अन्तर्राष्ट्रिय मानव अधिकार कानुनका अनुसार महिलामाथि हुने हिंसा अन्त्य गर्न राज्यको कर्तव्य अत्यन्त महत्त्वपूर्ण र अनिवार्य मानिन्छ। महिला विरुद्धको हिंसामा राज्य पनि जिम्मेवार छ भनी विविध मानव अधिकारका सन्धिहरूले भनेकोमा ती सन्धि सम्झौताहरूलाई नेपालले हस्ताक्षर गरेको छ। सन् १९९३ मा संयुक्त राष्ट्रसङ्घीय महासभाले स्वीकृत गरेको "महिलामाथि हुने हिंसाको अन्त्यका लागि घोषणा (Declaration on the Elimination of Violence against Women)" को धारा ४ले सदस्य राष्ट्रहरूलाई महिलामाथि हुने हिंसा रोक्नका लागि ठोस कानुनी,

नीतिगत र संस्थागत कदम चाल्न निर्देशन गरेको छ । यस घोषणाअनुसार राज्यको पहिलो कर्तव्य महिला विरुद्ध हुने हिंसालाई स्पष्ट रूपमा परिभाषित गर्नु हो । सो परिभाषामा राज्यले कुनै पनि हालतमा परम्परा, धर्म वा संस्कृतिको नाममा महिलामाथि हुने हिंसालाई सामान्यीकरण गर्न राज्यले नपाउने स्पष्ट व्यवस्था गरेको छ । यसले राज्यलाई महिलामाथि हुने शारीरिक, मानसिक, यौनिक, आर्थिक वा सामाजिक हिंसाका स्वरूपहरूलाई मानव अधिकार उल्लङ्घनका रूपमा मान्यता दिन र त्यसविरुद्ध कारवाही गर्न बाध्य बनाउँछ ।

दोस्रो, राज्यले आफ्ना फौजदारी, देवानी, श्रम तथा प्रशासनिक कानुनहरुलाई सुधार गर्दै प्रभावित महिलालाई न्याय दिलाउने र पीडकलाई कारबाही गर्ने संयन्त्र सुनिश्चित गर्नुपर्ने हुन्छ भनी उल्लेख गरेको छ । यसमा अपराधको अनुसन्धानदेखि मुद्दा चलाउने, क्षतिपूर्ति दिने र पुनर्स्थापना सेवा उपलब्ध गराउने जिम्मेवारी राज्यको हुन्छ । तेस्रो, राज्यले प्रभावित महिलाको न्यायमा सहज पहुँच सुनिश्चित गर्नुपर्छ । यसका लागि न्यायिक संयन्त्र, कानुनी सहयोग, मनोसामाजिक परामर्श, सुरक्षा सेवाहरू लैङ्गिक दृष्टिले संवेदनशील हुनुपर्छ । साथै, कानून, नीति वा कार्यान्वयन अभ्यासहरूका कारण महिलाले पटक-पटक प्रभावित हुने अवस्थालाई (secondary victimization) रोक्नु राज्यको दायित्व हो भनी उल्लेख गरेको छ ।

त्यस्तै, सन् १९९५ मा भएको चौथो विश्व महिला सम्मेलनले स्वीकृत गरेको “बेइजिङ कार्ययोजना (Beijing Platform for Action)” ले पनि यी दायित्वहरूलाई अझ स्पष्ट रूपमा परिभाषित गरेको छ । यसले राज्यहरूलाई महिलामाथि हुने हिंसाविरुद्ध घरेलु कानुनहरूमा दण्डात्मक गर्दै पीडकलाई सजाय दिनुपर्ने र हिंसाका कारण प्रभावित महिलालाई न्याय, क्षतिपूर्ति, उपचार र पुनर्स्थापनाको सुनिश्चितता गर्न आह्वान गरेको छ । यसैगरी, राज्यलाई हिंसा नभएको अवस्थाको नियमित समीक्षा गर्न, प्रभावकारी कार्यान्वयनका उपायहरू अपनाउन र दण्डहीनताको अन्त्य गर्न आग्रह गरेको छ । यसले हिंसाको रोकथाम, अपराधीको अभियोजन र प्रभावितको संरक्षण लगायतका तीनै पक्षमा राज्यको उत्तरदायित्वलाई समान रूपमा जोड दिएको छ । विशेषत : सिड समिति (CEDAW Committee) ले बारम्बार राज्य पक्षहरूलाई महिला विरुद्ध हुने हिंसालाई सम्बोधन गर्न निम्न कुरा सुनिश्चित गर्न आग्रह गरेको छ ।

- महिलामाथि हुने हिंसाको प्रभावकारी रूपमा अभियोजन र सजाय गरिनुपर्छ ।
- हिंसा प्रभावित महिलाहरूलाई तुरुन्त न्यायिक प्रक्रियामा जान सक्ने वातावरण र सुरक्षाको सुनिश्चितता हुनुपर्छ ।
- सार्वजनिक अधिकारीहरू, विशेषगरी कानून कार्यान्वयन निकायका कर्मचारी, न्यायाधीश, स्वास्थ्यकर्मी, सामाजिक अभियान्ताहरू र शिक्षकहरू सम्बन्धित कानूनी प्रावधानहरूका बारेमा पूर्ण रूपमा जानकार हुनुपर्दछ र महिला विरुद्ध हिंसाप्रति संवेदनशील हुनुपर्छ ।

त्यस्तै, सन् १९९७ मा, संयुक्त राष्ट्रसंघको महासभाले अपराध निवारण र आपराधिक न्यायको क्षेत्रमा महिला विरुद्ध हिंसा अन्त्यका लागि नमूना रणनीति र व्यवहारिक उपायहरू स्वीकृत गरेको थियो । यस दस्तावेजका सान्दर्भिक पक्षहरूले सदस्य राष्ट्रहरूलाई निम्न कार्य गर्न आग्रह गरेको छ जसमा :

- महिला विरुद्ध हुने सबै प्रकारका हिंसात्मक कार्यहरूलाई राष्ट्रिय कानुनहरू परिमार्जन गरी स्पष्ट रूपमा निषेध गर्ने;
- महिला अधिकार सुनिश्चित गर्न फौजदारी कार्यविधि परिमार्जन गर्ने, जस्तै : प्रहरीले महिला विरुद्ध हिंसाका घटनामा पक्राउ गर्न सक्ने, प्रभावितको बकपत्र दिने वातावरण सहज गराउने, महिला हिंसाका घटनामा अदालतलाई अन्तरिम आदेश वा निषेधाज्ञा जारी गर्ने अधिकार दिने,
- महिला विरुद्ध भएका हिंसात्मक कार्यहरूमा तुरुन्त प्रतिकार्य गर्ने जसमा प्रभावितको सुरक्षालाई प्राथमिकतामा राख्ने,
- सजाय निर्धारण गर्ने, नीतिहरूले अपराधीलाई जवाफदेही बनाउने, प्रभावितमाथि परेको प्रभावलाई समेत विचार गर्दै सजाय निर्धारण गर्ने,
- आपराधिक कारवाही अघि, सो बखत र पश्चात् प्रभावित र साक्षीहरूको सुरक्षाका लागि उचित व्यवस्था मिलाउने र
- प्रहरी र फौजदारी न्याय निकायका अधिकारीहरूलाई महिला विरुद्ध हिंसाका मुद्दा प्रभावकारी रूपमा कारवाही गर्न आवश्यक तालिमको व्यवस्था गर्ने ।

नेपालको संविधानका साथै राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा प्रतिबद्धता गरिएका दुई दर्जनजति कानुनी संरचनाहरू उपलब्ध छन् । महिला हिंसासम्बन्धी घरेलु हिंसा (कसूर तथा सजाय) ऐन, २०६६; घरेलु हिंसा (कसूर तथा सजाय) नियमावली, २०६७; लैङ्गिक हिंसा उन्मूलन कोष (सञ्चालन)

नियमावली, २०६६; लैङ्गिक समानता ऐन, २०६३; मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, सन् २००७; कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१ आदि प्रावधानहरू छन् । यी ऐनहरूमार्फत महिला विरुद्ध हुने सबै प्रकारका हिंसा, भेदभाव, शोषण, सामाजिक-सांस्कृतिक कुरीतिजन्य व्यवहार वा अभ्यास तथा हानिकारक अभ्यासलाई आपराधिक कार्यका रूपमा व्याख्या गरी हिंसाको प्रकृति र स्वरूपहरूका आधारमा कानुनी सजाय तथा क्षतिपूर्तिको व्यवस्था गरिएको छ ।

यद्यपि नेपाली समाजमा महिलामाथिको हिंसालाई अति नै सामान्यीकरण गर्नु, घटनालाई राजनीतीकरण गरेर पीडकलाई संरक्षण दिनु, सहयोगी संयन्त्रहरू प्रभावितमैत्री नहुनु, प्रभावितलाई नै प्रमाण सङ्कलन गर्न दवाव दिनु, प्रभावित घटनाविरुद्ध उजुरी दिन जाँदा हतोत्साहित हुनुपर्ने वातावरण अझै रहेको छ । पर्याप्त अध्ययन, आवश्यक स्रोत साधन र तयारीविना गरिएका नीतिगत व्यवस्थाहरू असफल हुने गरेको देखिन्छ । जस्तैः २०८२ सालमा व्यवस्थापिकाले केही ऐन संशोधन विधेयकमा बालविवाह र बहुविवाहमा भएका प्रावधानलाई संशोधन गर्ने प्रस्ताव गरेकोमा सो विरुद्ध सडक, सदन र समाजमा आवाज उठेकाले सरकारले बहुविवाहको प्रस्तावलाई हटाउनु परेको थियो । त्यस्तै, अहिले नेपालमा जेन्जी आन्दोलन पश्चात् कारागारबाट थुप्रै कैदी बन्दी भागेको र हजारौँका सङ्ख्यामा हतियार लुटिएकोमा प्रहरीले फरार अभियुक्तहरूलाई अझै पुनः पक्रन सकेको छैन । यस्ता कैदीबन्दीले फर्केर गाउँमा गएर पुन प्रभावितहरूलाई हानि पुऱ्याएका छन् भने प्रभावितहरू असुरक्षित भै बसिरहेका छन् । देशमा यस्तो विषम परिस्थितिमा महिला हिंसा विरुद्ध थप सजग भै सरकारले काम गर्न आवश्यक छ ।

त्यसैले, केवल कानुनी प्रतिक्रिया मात्र लैङ्गिक हिंसा प्रभावित (GBV) महिलाहरूका बहुआयामिक आवश्यकताहरू पूरा गर्न पर्याप्त हुँदैन । महिलाहरूको न्यायप्राप्तिको कल्पना केवल अपराधीलाई सजाय दिलाउनेतिर सीमित हुनुहुँदैन । उनीहरूको दृष्टिमा न्यायमा सुरक्षाको सुनिश्चितता (जस्तैः सुरक्षात्मक आदेशहरू), हिंसामुक्त जीवन, समान सम्पत्ति अधिकार, गुणस्तरीय सहयोग सेवाहरू, जस्तैः कानुनी सहायता, सुरक्षा आवास, आर्थिक सशक्तीकरण, वित्तीय सहयोग तथा जटिल न्यायिक प्रक्रियामा साथ र परामर्श समावेश हुन सक्छ । न्यायिक प्रक्रियाबाट महिलाहरूलाई सशक्त बनाउन, दोस्रो पटकको उत्पीडनबाट जोगाउन र उनीहरूको तत्कालीन तथा दीर्घकालीन न्यायमा पहुँचका आवश्यकताहरू पूरा गर्न राज्य सक्षम हुनुपर्छ । जसको लागि प्रभावितका

आवश्यकताहरू र अधिकारमुखि सेवा प्रवाह, न्यायिक निकाय र आवश्यक सहयोगी सेवाहरूबीचको सहकार्य बलियो पारेर समग्र प्रतिकार्य सेवा सञ्चालन, लैङ्गिक समानता प्राप्त गर्ने र महिलाहरूका अविच्छिन्न मानव अधिकारको सम्मान गर्ने सांस्कृतिक संरचना निर्माण गर्ने व्यापक लक्ष्यसँग सम्बन्धित नीति नियम निर्माण र लैङ्गिक आधारमा हुने विभेदविरुद्ध र अन्य अन्तरसम्बन्धित कारणहरू (जस्तैः जातीयता, गरिबी, लैङ्गिक पहिचान वा लैङ्गिक विविधता) विरुद्धको अविभेदको सिद्धान्तमा आधारित कार्यक्रमहरू सञ्चालन गर्न आवश्यक छ ।

## १.४ प्रभावित केन्द्रित सेवा

सीड समितिको साधारण सिफारिस नं. ३५ ले सबै प्रकारका लिङ्गमा आधारित हिंसा अन्त्यका उपायहरू "प्रभावित-केन्द्रित दृष्टिकोणमा आधारित हुनुपर्छ" भनी जोड दिन्छ । यसले महिलालाई अधिकारवालाको रूपमा मान्यता दिनुका साथै उनीहरूको स्वतन्त्रता र निर्णयक्षमताको सम्मान गर्नुपर्ने कुरा उल्लेख गर्दछ, जसमा बाल्यकालदेखि किशोरावस्था हुँदै आउने परिवर्तनशील क्षमतासमेत समावेश छ । साथै, यी उपायहरू महिलाहरूको सहभागितासहित, अन्तर-विभेदी अवस्थाको सामना गर्ने महिलाहरूको विशेष परिस्थिति विचार गरेर तयार र कार्यान्वयन गर्नुपर्ने बताइन्छ । प्रभावित-केन्द्रित न्यायिक दृष्टिकोण बहुआयामिक र आत्मानुभूति गर्न सक्ने दुवै हुन्छ । यसका केही मुख्य पक्षहरू निम्नानुसार छन्ः-

- लैङ्गिक हिंसा भोगेका महिला र किशोरीहरूले जब न्याय खोज्ने निर्णय गर्छन्, उनीहरू स्वयं र उनीहरूमा निर्भर तथा सम्बन्धित बच्चा वा परिवारका अन्य सदस्यहरू तथा तिनका सहयोगीहरू पनि जोखिममा रहन्छन् । त्यसैले, न्यायिक प्रक्रियाहरूले सुरक्षालाई निर्णयको केन्द्रमा राख्नुपर्छ । जटिल अवस्थाहरूमा महिलाहरूलाई आपतकालीन हटलाइन, सुरक्षा आवास, कानुनी सहयोग र मनो-सामाजिक परामर्शजस्ता आधारभूत सेवा पाउन कठिन हुन्छ । यसकारण, यस्ता अवस्थाहरूमा जोखिम मूल्याङ्कन (जस्तैः "सुरक्षा अडिट") गरेर मात्र हस्तक्षेप गर्नुपर्छ, जसले महिलाको सुरक्षालाई प्राथमिकता दिन सकोस् ।
- विशेषगरी स्थानीय महिला संस्थाहरू लैङ्गिक हिंसाका मुद्दामा घटना व्यवस्थापन, न्यायमा पहुँच र विशेषीकृत सेवा प्रदान गर्ने अग्रपंक्तिमा हुन्छन् र उनीहरूसँग समन्वय र सहकार्य गर्न आवश्यक छ ।
- स्वतन्त्र महिलावादी आन्दोलनहरूले राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय तहमा कानुनी विकासलाई प्रभावित गर्ने वकालत अभियान र रणनीतिक मुद्दा दायर गरेका छन् । यस्ता आन्दोलनहरूले

अन्तर्राष्ट्रिय मापदण्डहरूलाई राष्ट्रिय कानुन र कार्यान्वयनमा रूपान्तरण गर्न सफल भएका छन् । त्यसैले, लिङ्गमा आधारित हिंसा अन्त्य गर्न काम गर्ने महिला सङ्गठन र महिलावादी आन्दोलनलाई सहयोग गर्नु नागरिक र राजनीतिक स्थान सिर्जना गर्ने प्रयाससँग जोडिनुपर्छ ।

- महिलाको अनुभवमा केन्द्रित तथ्याङ्क सङ्कलन अत्यावश्यक छ । यसमा उमेर, लिङ्ग जस्ता आधारमा छुट्याइएको तथ्याङ्क सङ्कलन, विविध महिलाहरूका कथन सुन्ने र स्थानीय ज्ञानलाई प्राथमिकता दिने प्रयास गर्नुपर्छ । यसले अनुसन्धानकर्ताको स्थानीय क्षमता विकास गर्न र पीडित/प्रभावितहरूको आवाज सशक्त बनाउन सहयोग पुऱ्याउँछ ।
- कलङ्कको डरले धेरै महिलाहरू हिंसाका घटनाहरू रिपोर्ट गर्न डराउँछन् । त्यसैले स्थानीय निकाय, सुरुवाती प्रतिक्रिया दिने व्यक्ति, न्यायिक र सहयोग सेवा प्रदायकहरूलाई यस्तो भाषा प्रयोग गर्न तालिम दिनुपर्छ जसले पीडित प्रभावितलाई दोष नदिओस् वा “इज्जत” जस्ता परम्परागत सोचलाई नदोहोरियोस् ।
- सीड समितिको साधारण सिफारिस नं. ३३ अनुसार, “सबै न्याय प्रणाली महिलाहरूको आवश्यकता अनुसार परिमार्जन हुनुपर्छ, विशेषगरी ती महिलाहरूका लागि जो बहु-विभेदको सामना गर्छन् ।” हिंसा कसरी गरिन्छ र कसरी अनुभव गरिन्छ भन्ने कुरा अन्तर-विभेदी दृष्टिकोणबाट बुझ्दा कमजोर समूहसम्म पुग्ने सन्दर्भ-विशेष प्रतिक्रियाहरू तयार गर्न सहयोग पुऱ्याउँछ ।

तसर्थ, यस वर्षको अन्वेषीमा प्रस्तुत भएका हिंसाका तथ्याङ्कहरूलाई विश्लेषण गर्दै ओरेकले महिलाका भोगाइ, महिला हिंसाका मूल स्वरूप, प्रवृत्ति, महिलाहरूको आर्थिक, सामाजिक अवस्था, पीडकको आर्थिक, सामाजिक अवस्था र हिंसा पश्चात् प्रभावितलाई परेका हानी, क्षती वा प्रभावहरूको अवस्थाबारे सूचना विश्लेषण गरेको छ र यी समस्याहरू समाधानका लागि महिलावादी दृष्टिकोणबाट महिला हिंसा रोकथाम, समाधान तथा अन्त्यका निम्ति चालिनु पर्ने कदमहरू सुझावका रूपमा प्रस्तुत गरेको छ ।

## १.५ घटना सङ्कलन अवधि र क्षेत्र

यस पुस्तकमा समावेश गरिएका तथ्याङ्क श्रावण २०८१ देखि असार २०८२ सम्मको समय अवधिमा सङ्कलन गरिएको हो । यस भित्र महिलामाथि भएका १ हजार दुई सय ७९ वटा हिंसाका घटना समाविष्ट छन् । पुस्तकमा तथ्याङ्कहरूको विश्लेषण सहित प्रस्तुत गरिएको छ । ओरेकले

सङ्कलन गरेका १ हजार २७९ वटा घटना प्रत्यक्ष रूपमा कार्यरत २८ वटा जिल्लाबाट सङ्कलन गरिएको छ । यस बाहेक पनि यस प्रतिवेदनभित्र विभिन्न राष्ट्रियस्तरका पत्रपत्रिकामा प्रकाशित घटनाहरू समेतलाई समेटिएको छ । राष्ट्रिय स्तरमा प्रकाशित पत्रपत्रिकाहरूबाट २६० वटा घटना सङ्कलन गरिएको छ ।

## १.६ अध्ययनको सीमा

यो सर्वेक्षण मूलतः ओरेक, महिला मानव अधिकार रक्षक सञ्जाल, महिला सामुदायिक संस्था तथा सञ्जालको कार्यक्षेत्र, पहुँच र जानकारीमा आधारित रहेको छ । विभिन्न जिल्लाहरूमा समुदाय स्तरमा कार्यरत महिला मानव अधिकार रक्षकहरू तथा महिला सामुदायिक संस्थाको अभिलेखीकरण, स्थलगत अनुसन्धान, संस्थाले उपलब्ध गराएको सुरक्षित आवास, कानूनी परामर्श तथा सहयोग, स्वास्थ्योपचार लगायतका सेवाहरू मार्फत तथ्याङ्क सङ्कलन गरिएको छ । थप विस्तृत तथ्याङ्कको लागि राष्ट्रिय स्तरका पत्रपत्रिकामा प्रकाशित घटनालाई पनि समावेश गरिएको छ । पुस्तकमा नेपालका ७ वटै प्रदेशमा भएका महिला हिंसाका घटनाहरू समेट्ने प्रयत्न गरिएको भएपनि यसले समग्र नेपालका महिलाहरूमाथि भएको हिंसाको तथ्य र प्रवृत्तिलाई समेट्न सकेको छैन । सिमित मानवीय र आर्थिक स्रोत साधनका कारण ओरेकले प्रत्यक्ष रूपमा अभियान सञ्चालन गरेका जिल्लाबाट मात्र तथ्याङ्क सङ्कलन गरिएको छ । यसमा समावेश गरिएका तथ्याङ्क ओरेक सक्रिय रहेका जिल्लाहरु र विपद प्रतिकार्य स्वरुप विस्तार भएका जिल्लाहरु सहित २८ जिल्लाहरूमा कार्यरत कर्मचारीको संलग्नता र महिला मानव अधिकार रक्षकहरूसँगको समन्वय सहकार्यबाट सङ्कलन गरिएको हो । यद्यपि यस प्रतिवेदनले मुलतः नेपालमा महिलामाथि हुने हिंसाको अवस्था, स्तर, प्रभाव, स्वरूप, तथा प्रवृत्तिको एकसरो वास्तविक चित्रण भने गर्दछ ।

यहाँ प्रस्तुत तथ्याङ्कले नेपालका हरेक समुदाय र समूहका महिलामाथि हिंसा हुने तथ्य उजागर गरेको छ । साथै त्यस्ता हिंसा हुनुको कारक तत्वहरू समुदाय र समूहहरूको बसोबासको क्षेत्र, सामाजिक-सांस्कृतिक प्रचलन र मूल्य-मान्यता, लैङ्गिक सम्बन्ध, आर्थिक, शैक्षिक, राजनीतिक स्तर आदिद्वारा निर्धारित हुन्छन् भन्ने कुरासँग पनि ओरेक सहमत छ । सीमित स्रोत, साधन र प्राविधिक कारणवस ती पक्षहरूको विश्लेषण गर्न सकिनेसम्मको अवस्था सिर्जना गर्न संस्था असमर्थ छ । यद्यपि आगामी सर्वेक्षणका क्रममा यी पक्षहरू समेतलाई समेटेर लानु आवश्यक रहेको कुरामा हामी सहमत छौं । जसले गर्दा महिलामाथि हुने हिंसाका घटनाहरूको अनेक आयामहरू समेत बाहिर ल्याउन सकिनेछ भन्ने विश्वास लिइएको छ ।

## १.७ अध्ययन विधि

यो मूलतः ओरेकको स्रोत-साधन र मानव स्रोतद्वारा सम्पन्न एक सर्वेक्षण हो । सूचना सङ्कलनका लागि संस्थाको लैङ्गिक विभेदमा आधारित महिला हिंसा घटना सङ्कलन फारम को प्रयोग गरिएको छ ।

## १.८ सूचना सङ्कलनमा एकरूपता

घटना अभिलेखीकरणमा एकरूपताका लागि लैङ्गिक विभेदमा आधारित महिला हिंसा घटना सङ्कलन फारमको प्रयोग गरी सूचनाहरू सङ्कलन गर्ने गरिएको छ। फारममा महिला हिंसा सम्बन्धी घटनाको जानकारी र हिंसाका असरहरूलाई सङ्ख्यात्मक र विवरणात्मक खाकाहरूमा सङ्कलन गरिएको हो । सबै महिलाहरूका लागि सोही फारमको प्रयोग गरिएको भए पनि सूचना सङ्कलनका बखत आएका थप सूचनाहरूलाई समेत आवश्यकतानुसार समावेश गरिएको छ । त्यसो भए पनि सङ्कलित सूचनाहरूको एकरूपता कायम राखिएको छ ।

## १.९ सूचना सङ्कलन

ओरेकले तयार पारेको लैङ्गिक विभेदमा आधारित महिला हिंसाका घटना सङ्कलन फारमको प्रयोगद्वारा सङ्कलित सूचनाहरू ओरेक र महिला मानव अधिकार रक्षक सञ्जालका दक्ष जनशक्तिबाट अभिलेखीकरण गरिएको छ । सङ्कलित सूचनाहरू पीडित/प्रभावित स्वयं तथा घटना बाहिर ल्याउन सहयोग गर्ने पीडित/प्रभावितको परिवारका सदस्यहरूबाट लिइएको हो। ओरेकको विभिन्न शाखाहरूले सम्बन्धित क्षेत्रको तथ्याङ्क सङ्कलन गरे पश्चात् काठमाडौँ स्थित केन्द्रीय कार्यालयमा ती सबै तिरका तथ्याङ्कहरूलाई एकीकृत गरी विश्लेषण गरिएको छ ।

## १.१० तथ्याङ्क प्रशोधन प्रक्रिया र विश्लेषण

अभिलेख गरिएका घटनाहरूको गोपनीयता कायम राख्दै प्रत्येक घटनाहरूका कोड नम्बर राखी एसपीएसएस (SPSS) नामक सफ्टवेयरको १७ भर्सनमा तथ्याङ्कलाई सङ्गठित, एकीकृत र व्यवस्थित गरिन्छ। उक्त सफ्टवेयरकै आधारमा व्यवस्थित र एकीकृत घटना/तथ्याङ्कको विश्लेषण गरी यो पुस्तक तयार पारिएको छ ।

## १.११ आचारसंहिताको पालना

महिला हिंसाका घटना आफैंमा ज्यादै संवेदनशील प्रकृतिका हुने गर्छन् । यस्ता घटना सार्वजनिक र सङ्कलन कार्य दुबै नै प्रभावितको हकमा निकै जोखिमयुक्त र प्रतिकूल पनि हुने गर्छ । त्यही संवेदनशीलतालाई मध्यनजर गर्दै सूचना सङ्कलनका क्रममा निम्न नैतिक जिम्मेवारीको वहन गरिएको थियो ।

- घटना अभिलेख गर्नु पूर्व सूचनादाता/प्रभावित वा प्रभावितको तर्फबाट जानकारी दिने पूर्ण जानकार व्यक्तिलाई सङ्कलन गरिंदै गरेको सूचनाको गोपनीयता कायम राखिने, सूचना सङ्कलनको उद्देश्य र उपादेयताबारे जानकारी प्रदान गरिएको थियो ।
- सूचनादाताको मौखिक सहमति र स्वीकृति अनिवार्य रूपमा लिइएको थियो । नाबालकको हकमा अभिभावक वा परिवारका निकटतम हकवाला वयस्क सदस्य वा नातेदारबाट अनुमति लिइएको थियो ।
- प्रभावितलाई प्रतिकूल असर पार्ने वा कुनै पनि हानी नोक्सानी गर्ने गरी सङ्कलित सूचनाको प्रयोग नगरिने कुरा स्पष्टसँग बताइएको थियो । साथै प्राप्त सूचनालाई महिला हिंसाविरुद्धको पैरवीका लागि विश्लेषण गरी प्रयोग गरिने जानकारी दिइएको थियो ।
- सूचना सङ्कलन र अभिलेख राख्ने क्रममा प्रभावितलाई असर पार्ने खालका कुनै पनि भाषा र व्यवहारहरूको प्रदर्शन गरिएको थिएन ।
- तालिम प्राप्त अभिलेखनकर्ताहरू मार्फत् सूचना सङ्कलन तथा अभिलेखीकरण गरिएको थियो । साथै प्रभावितद्वारा सूचना प्राप्त गर्नका लागि व्यक्तिगत लाभ हुने गरी कुनै पनि वस्तु वा सहयोग प्रदान गरिएको थिएन । तर, प्रभावितहरूको जोखिम तथा नाजुक मनोसामाजिक अवस्थाका आधारमा अभिलेखनकर्ताको सिफारिस बमोजिम मनोसामाजिक परामर्श र सुरक्षित आवास सेवा भने प्रदान गरिएको थियो । त्यस्ता प्रभावितहरूसँग सुरक्षाबासमा मनोसामाजिक परामर्श सेवा प्रदान गरे पश्चात् सूचना लिइएको थियो । सूचना लिने क्रममा प्रभावितको लिखित सुसूचित सहमतिलाई ध्यान दिइएको थियो ।
- घटना अभिलेखीकरणका सम्पूर्ण प्रक्रियामा गोपनीयताको पूर्णतया पालना गरिएको थियो ।

# परिच्छेद २

## २.१. कार्यगत परिभाषा

महिलामाथि हुने गरेका हिंसाका स्वरूपहरू बहुआयामिक छन् र समयानुसार परिवर्तनशील हुँदै गएको पाइन्छ । महिला विरुद्धको हिंसा भन्नाले व्यक्ति, राज्य, परिवार, समाजद्वारा महिलामाथि हुने जुनसुकै प्रकारको शारीरिक, मानसिक, मनोवैज्ञानिक, यौनजन्य हिंसा, यातना, लाञ्छना वा भेदभावहरू हुन् । अतः महिलालाई निजी जीवनदेखि सामाजिक जीवनसम्म भएका हिंसाका स्वरूपलाई अन्वेषीमा विश्लेषण गरिएको छ ।

### (१) हिंसाका प्रकार :

**(अ) महिला हत्या (Femicide)** : महिला हत्या, महिला विरुद्ध हुने शारीरिक हिंसाको पराकाष्ठा हो । महिला हत्या भित्र महिलालाई मनसायपूर्वक विभिन्न तवरबाट मारिएका तथा मार्ने प्रयास गरिएका घटनाहरूलाई समेटिएको छ । जस्तैः घरेलु हिंसापश्चात् गरिएको हिंसा, दाइजोको नाममा गरिएको हत्या, मनसायपूर्वक गरिएको हत्या, आदि ।

**(आ) बलात्कार** : बलात्कार, सामूहिक बलात्कार, बलात्कारको प्रयास र वैवाहिक बलात्कारलाई बलात्कारको परिभाषा भित्र समावेश गरिएको छ । यसमा महिलाको सहमति बेगर वा महिलालाई ललाइफकाइ वा जबर्जस्ती शक्ति प्रयोग गरी भएका बलात्कारका घटनाहरूलाई समावेश गरिएको छ । साथै सहमति मै भए पनि १८ वर्ष मुनिका बालिकासँग भएको यौन सम्बन्धलाई पनि बलात्कारका रूपमा परिभाषित गरिएको छ ।

**(इ) यौन हिंसा** : महिलाको इच्छा विपरीत जबरजस्ती यौन अङ्गहरू तथा संवेदनशील अङ्गहरूमा छुने, सुम्सुम्याउने, अश्लील शब्दहरूको प्रयोग गर्ने, अश्लील शारीरिक हाउभाउद्वारा जिस्क्याउने, सङ्केत गर्ने, अश्लील सन्देशहरू, तस्वीर वा भिडियो पठाउने, त्यस्तै चित्र, दृश्य वा फिल्महरू देखाउने जस्ता क्रियाकलापलाई यस प्रतिवेदनमा यौन दुर्व्यवहारमा राखिएको छ ।

**(ई) घरेलु हिंसाः** घरपरिवारका एक सदस्यबाट अन्य सदस्यमाथि भएको हिंसालाई घरेलु हिंसा भित्र समावेश गरिएको छ । श्रीमान् तथा परिवारका अन्य सदस्यहरूबाट भएको कुटपिट, बहुविवाह, स्रोत-साधनबाट वञ्चित गरिएका, घरनिकाला, गाली-गलौज, भावनात्मक चोट पुऱ्याउने कार्य तथा विभिन्न डर, त्रास देखाई गरिने मानसिक हिंसा, खान-लाउन नदिने, स्वास्थ्य सेवाबाट वञ्चित गर्ने वा स्वास्थ्य प्रति बेवास्ता गर्ने तथा यौन दुर्व्यवहारका घटनालाई समावेश गरिएको छ । साथै घरको काममा सघाउन राखिएका कामदारमाथि हुने शोषण र हिंसा पनि घरेलु हिंसा भित्र समेटिएको छ ।

**(उ) बालविवाह :** २० वर्ष मुनिका व्यक्तिसँग गरिएको विवाह जुन बालबालिका स्वयंले गरेको होस् वा अभिभावकबाट गराइएको होस् त्यस्ता विवाहलाई बालविवाहमा गणना गरिएको छ ।

**(ऊ) बहुविवाह :** कुनै पुरुषले आफ्नो श्रीमती जीवित छँदै वा कानुन बमोजिम सम्बन्ध विच्छेद नहुँदै अर्की महिलासँग विवाह गरेमा त्यस्तो विवाहलाई बहुविवाहमा समेटिएको छ ।

**(ए) दाइजोका नाममा हुने हिंसा :** विवाह गर्दाका बखत छोरीलाई निजको आमा, बुबा, दाजु, भाइ, आफन्तले दिने नगद, जिन्सि, उपहार, आदि सामानलाई बेहुलाको पक्षले माग राखि बेहुली तथा नवविवाहित दुलहीलाई गर्ने घरेलु हिंसालाई समेटिएको छ ।

**(ऐ) बोक्सीको आरोपमा हुने हिंसा :** बोक्सीको आरोप लगाउने, बोक्सीको आरोपमा गाली बेइज्जती गर्ने, सामाजिक बहिष्कार गर्ने, बसोबास गरेको ठाउँबाट निकाला गर्ने, कुटपिट, अंगभंग लगायत क्रुर र अमानवीय वा अपमानजनक व्यवहार गर्ने, सम्पत्ति तोडफोड हानी, नोक्सानी गर्ने, बोक्सीको आरोप लागेका व्यक्तिको परिवारको कुनैपनि सदस्यप्रति अपमानजनक व्यवहार गर्ने कार्यलाई बोक्सीको आरोपमा हुने हिंसा भनि समेटिएको छ ।

**(ओ) मानव बेचबिखन :** मानव बेचबिखन/ओसारपसार दासता, बाध्यात्मक श्रम (बँधुवा मजदुरी वा ऋणी बनाइएका व्यक्तिहरूको श्रम लगायत) र दासतापूर्ण व्यवहार, यौनजन्य कामका लागि कुनै पनि व्यक्तिलाई डर, धाक देखाई, जालझेल गरी वा शक्ति र पदको दुरुपयोग गरी काममा लगाउनु, ओसारपसार गर्नु, एक ठाउँबाट अर्को ठाउँमा लैजानु वा लैजानका लागि सहयोग गर्नुलाई मानव बेचबिखन/ओसारपसारमा समावेश गरिएको छ । साथै आश्रय दिनु वा अरूद्वारा

त्यस्तो कामका निम्ति सहयोग प्राप्त गर्नु पनि बेचबिखन हो । बेचबिखन/ओसारपसार तथा बेचबिखन/ओसारपसारको प्रयास भएका घटनालाई यसमा समावेश गरिएको छ ।

(औ) **महिला मानव अधिकार रक्षक विरुद्धको हिंसा** :महिला मानव अधिकार रक्षकलाई आफूले गर्ने कामको कारणले निजमाथि हुने जुनसुकै प्रकारको शारीरिक, मानसिक, मनोवैज्ञानिक, यौनजन्य हिंसा, यातना, लाञ्छना वा भेदभावहरूलाई यसमा समावेश गरिएको छ ।

(अं) **मनोरञ्जन क्षेत्रमा काम गरेका श्रमिक विरुद्ध हुने हिंसा** : मनोरञ्जन क्षेत्रमा काम गर्ने महिला श्रमिकहरूलाई निजहरूको कामको आधारमा निजमाथि हुने जुनसुकै प्रकारको शारीरिक, मानसिक, आर्थिक, मनोवैज्ञानिक, यौनजन्य दुर्व्यवहार, यातना, लाञ्छना वा भेदभावहरू हुन् ।

(अः) **महिला जनप्रतिनिधिहरूले भोगेको चुनौती तथा हिंसाहरूः** महिला जनप्रतिनिधिहरूले महिला भएकै कारणले सामाजिक र सांस्कृतिक रूपमा भोग्नु परेको विभेद, अपमान, असमान व्यवहार लगायत विभिन्न स्वरूपका हिंसाका घटनाहरूलाई यस भित्र समेटिएको छ ।

## (२) प्रभावित/पीडित तथा पीडकको सामाजिक तथा आर्थिक स्थितिको वर्गीकरण

महिलामाथि हुने हिंसाको अध्ययनमा पीडित/प्रभावित महिला तथा पीडकका व्यक्तिगत र सामाजिक अवस्थाहरू बुझ्नु अत्यन्तै महत्त्वपूर्ण हुन्छ । यी विशेषताहरूले हिंसाको जोखिम, कारण र यसको रूप-परिवर्तनबारे गहिरो विश्लेषण गर्न मद्धत गर्छन् । महिलावादी दृष्टिले हेर्दा, हिंसाको उत्पत्ति व्यक्तिगत घटना होइन, बरु लैङ्गिक असमानता, सामाजिक संरचना र असमान शक्ति सम्बन्धको परिणाम हो । त्यसैले, पीडित/प्रभावित महिला तथा पीडकका व्यक्तिगत र सामाजिक अवस्थाहरू बुझ्नाले महिला विरुद्धको हिंसाको तथ्याङ्कका साथै समाजमा रहेका संरचनागत अन्याय, हानिकारक परम्परा र असमानताको जरो समेत पहिचान गर्न सकिन्छ भन्ने हाम्रो विश्वास रहेको छ ।

### (क) वैवाहिक अवस्था

यस अन्तर्गत विवाहित, अविवाहित, एकल, विवाहित तर पारिवारिक मनमुटावका कारण अलग-अलग बस्दै आएका, कानूनी एवं सामाजिक रीति रिवाज अनुसार विवाह नगरेका तर विवाहित जोडी सरह सँगै बसेका र सम्बन्ध विच्छेदलाई समेटिएको छ ।

**(ख) जातीय अवस्था :**

यिनलाई निम्नलिखित समूहहरूमा बाँडिएको छः

**पहाडे जनजाति :** गुरुङ, मगर, राई, लिम्बु, किराँत, थामी, छन्त्याल, तामाङ, शेर्पा, लामा, भोटे, नेवार, जिरेल, थकाली, चेपाङ, राउटे, कुसुण्डा, दनुवार आदि ।।

**तराई जनजाति :** थारु, राजवंशी, ताजपुरिया, गन्गाई, सिंह, धानुक, धिमाल, सन्थाल, मुन्डा, सतार, झाँगड, दनुवार, किसान, कुसवधिया र कुचवधिया, मेचे, आदि ।

**तराई दलित :** चमार, हरिजन, राम, मुसहर, दुसाध, पासवान, पासी, तत्मा, खत्वे, धोबी, सरदार, चिमीदार, डोम, हल्खोर, कलर, खातिक, कोइरी आदि ।

**पहाडे दलित :** दमाई, कामी, सार्की, ढोली, गाइने, बादी आदि ।

**तराई गैरदलित :** यादव, तेली, गुप्ता, कामत, मलाहा, महतो, साह, ठाकुर, राजभर, माली, कुर्मी, हलवाई, केवत, नुनिया, कहर, धेडियार, धनिया, लोधा, हजाम, आदि ।

**(ग) पेशा**

- सरकारी सेवा, गैरसरकारी सेवा, कृषि तथा पशुपालन, घरायसी काम, निजी क्षेत्र, दैनिक ज्यालादारी, व्यापार व्यवसाय, विद्यार्थी, रोजगारको खोजीमा रहेका

**(घ) उमेरगत वर्गीकरण**

- १८ वर्षभन्दा कम, १८ देखि २५ वर्षसम्म, २६ देखि ३५ वर्षसम्म, ३६ देखि ४५ वर्षसम्म ४६ देखि ५५ वर्षसम्म र ५६ वर्षभन्दा माथि ।

**(ङ) शिक्षा**

- आधारभूत शिक्षा अध्ययन : कक्षा १ देखि ८ कक्षासम्म अध्ययन गरेको
- माध्यमिक शिक्षा अध्ययन : कक्षा ९ देखि १२ सम्म अध्ययन गरेको
- स्नातक तह : १२ भन्दामाथि स्नातकसम्म अध्ययन गरेको
- स्नातक तह भन्दा माथि : स्नातकोत्तर र सो भन्दा माथि अध्ययन गरेको

- प्रौढ शिक्षा : साधारण लेखपढ गरेको
- प्राविधिक शिक्षा : प्राविधिक तर्फ डिप्लोमासम्म अध्ययन गरेको

### ३) प्रभावितलाई परेका असरहरू

- शारीरिक क्षति : मृत्यु, चोटपटक, अंगभंग, आदि ।
- मानसिक क्षति : निराशा, तनाव र आघात, डर, त्रास, असुरक्षा, आत्मसम्मानमा कमि, आत्महत्याको सोच, आदि ।
- आर्थिक क्षति : आम्दानीको क्षति, सम्पत्तिको क्षति, गरिबी, आवश्यक खर्चको अभाव, आदि ।
- सामाजिक क्षति : परिवारमा विभाजन, सामाजिक बहिष्कार, सम्बन्धमा दरार, आदि ।

## (ख) कार्यकारी सारांश : अध्ययनबाट प्राप्त नतिजाहरुको संक्षेपिकरण

**१) तथ्याङ्क सङ्कलनका स्रोतहरू :** ओरेकको कार्यालय, महिला मानव अधिकार रक्षकहरूको सहयोगमा अभिलेख भएको, महिलाका निम्ति महिला मञ्च (WOFOWON), सुनिता फाउण्डेशनबाट प्राप्त भएको, सञ्चार अनुगमन तथा सर्भेक्षणबाट प्राप्त भएको घटनाहरूलाई अन्वेषीको यस संस्करणमा विश्लेषण गरिएको छ ।

**२) महिला हिंसाका प्रकार :**

| महिला हिंसाको प्रकार | प्रतिशत | सङ्ख्या |
|---|---|---|
| घरेलु हिंसा | ७२.०% | ९२१ |
| यौनजन्य हिंसा | १७.०% | २१८ |
| सामाजिक हिंसा | ६.५% | ८३ |
| अन्य | १.६% | २० |
| महिला हत्या र प्रयास | ०.८% | १० |
| मानव बेचबिखन तथा प्रयास | ०.६% | ८ |
| अलपत्र | ०.६% | ८ |
| साइबर क्राइम | ०.५% | ६ |
| आत्महत्या तथा प्रयास | ०.४% | ५ |
| **जम्मा** | १००% | १२७९ |

### ३) प्रदेश अनुसार महिला हिंसाको अवस्था :

| प्रदेश अनुसार महिला हिंसाको स्वरूप | प्रतिशत | सङ्ख्या |
|---|---|---|
| कर्णाली प्रदेश | ३२.८% | ४१९ |
| कोशी प्रदेश | २६.७% | ३४१ |
| मधेश प्रदेश | २०.३% | २६० |
| लुम्बिनी प्रदेश | ७.१% | ९१ |
| बागमती प्रदेश | ६.९% | ८८ |
| सुदूरपश्चिम प्रदेश | ५.९% | ७६ |
| गण्डकी प्रदेश | ०.२% | २ |
| विदेश | ०.२% | २ |
| **जम्मा** | १००% | १२७९ |

### ४) प्रभावितको उमेरगत विवरण :

| प्रभावितको उमेरगत विवरण | प्रतिशत | सङ्ख्या |
|---|---|---|
| १८ वर्ष भन्दा कम | ९.९% | १२७ |
| १८ देखि २५ | ३१.२% | ३९९ |
| २६ देखि ३५ | ३०.४% | ३८९ |
| ३६ देखि ४५ | १८.१% | २३२ |
| ४६ देखि ५५ | ६.४% | ८२ |
| ५६ वा सो भन्दा माथि | ३.५% | ४५ |
| उमेर नखुलाएका | ०.४% | ५ |
| **जम्मा** | १००% | १२७९ |

### ५) प्रभावितको वैवाहिक अवस्था

| प्रभावितको बैवाहिक अवस्था | प्रतिशत | सङ्ख्या |
|---|---|---|
| विवाहित | ७२.२४% | ९२४ |
| अविवाहित | १५.७२% | २०१ |
| विवाहित तर सँगै नबसेको | ७.१९% | ९२ |
| एकल महिला | २.५८% | ३३ |
| अविवाहित तर सँगै बसेको | १.४९% | १९ |
| पारपाचुके गरेका | ०.७८% | १० |
| **जम्मा** | १००% | १२७९ |

### ६) प्रभावितको जातिगत विवरण

| प्रभावितको विवरण | प्रतिशत | सङ्ख्या |
|---|---|---|
| बाह्मण क्षेत्री पहाडी | २४.५% | ३१३ |
| पहाडी दलित | १८.५% | २३७ |
| तराई जनजाति | १५.२% | १९५ |
| मधेशी | १५.२% | १९४ |
| पहाडी जनजाति | ११.६% | १४९ |
| तराई दलित | ६.८% | ८७ |
| बाह्मण क्षेत्री तराई | ४.४% | ५६ |
| मुस्लिम | ३.०% | ३८ |
| अन्य | ०.८% | १० |
| **जम्मा** | १००% | १२७९ |

### ७) प्रभावितको शैक्षिक अवस्था

| शैक्षिक अवस्था | प्रतिशत | सङ्ख्या |
|---|---|---|
| आधारभूत शिक्षा | ३६.७% | ४७० |
| माध्यमिक शिक्षा | ३१.७% | ४०६ |
| स्नातक तह वा सो भन्दा माथि | ५.७% | ७३ |
| प्रौढ शिक्षा | ५.०% | ६४ |
| प्राविधिक शिक्षा | ०.३% | ४ |
| निरक्षर | २०.५% | २६२ |
| **जम्मा** | १००% | १२७९ |

### ८) प्रभावितको पेशागत अवस्था

| शैक्षिक अवस्था | प्रतिशत | सङ्ख्या |
|---|---|---|
| प्रभावितको पेशागत अवस्था | प्रतिशत | सङ्ख्या |
| घरयासी काम | ३३.५% | ४२९ |
| कृषि तथा पशुपालन | ३३.०% | ४२२ |
| दैनिक ज्याला मजदुरी | ११.४% | १४६ |
| विद्यार्थी | ९.८% | १२५ |
| व्यवसाय | ४.१% | ५२ |
| गैरसरकारी सेवा | २.०% | २६ |
| जागिर खोज्दै गरेको | १.६% | २१ |
| निजि क्षेत्र | १.४% | १८ |
| अन्य | १.३% | १७ |
| सरकारी सेवा | १.०% | १३ |
| घरेलु कामदार | ०.८% | १० |
| **जम्मा** | १००% | १२७९ |

### ९) प्रभावित र आरोपितको सम्बन्ध

| प्रभावित आरोपितसँगको सम्बन्ध | प्रतिशत | सङ्ख्या |
|---|---|---|
| श्रीमान् | ६८.३% | ८८६ |
| परिवारका सदस्य | ८.१% | १०५ |
| छिमेकी | ७.७% | १०० |
| समुदाय सदस्य | ३.९% | ५० |
| साथी | २.८% | ३६ |
| प्रेमि | २.४% | ३१ |
| अविवाहित तर सँगै बसेको | २.४% | ३१ |
| सेवा प्रदायक | २.२% | २८ |
| मुख्य स्याहार दाता | १.२% | १५ |
| अपरिचित व्यक्ति | १.०% | १३ |
| शिक्षक | ०.२% | २ |
| **जम्मा** | १००% | १२९७ |

### १०) आरोपितको व्यक्तिगत र सामाजिक अवस्था :

### १. आरोपितको लैङ्गिक विवरण

| आरोपितको लैङ्गिक विवरण | प्रतिशत | सङ्ख्या |
|---|---|---|
| पुरुष | ८१.१% | १०५३ |
| महिला | १८.९% | २४५ |
| **जम्मा** | १००% | १२९८ |

## २. आरोपितको प्रदेशिक विवरण

| प्रदेशगत विवरण | प्रतिशत | सङ्ख्या |
|---|---|---|
| कोशी प्रदेश | २८.०% | ३६४ |
| मधेश प्रदेश | २०.१% | २६१ |
| बागमती प्रदेश | ५.५% | ७२ |
| गण्डकी प्रदेश | ०.२% | २ |
| लुम्बिनी प्रदेश | ७.२% | ९४ |
| कर्णाली प्रदेश | ३१.९% | ४१४ |
| सुदूरपश्चिम प्रदेश | ५.४% | ७० |
| विदेश | ०.२% | २ |
| नखुलाएको | १.५% | १९ |
| **जम्मा** | ९९% | १२९८ |

## ३. आरोपितको उमेर

| आरोपितको उमेर | प्रतिशत | सङ्ख्या |
|---|---|---|
| १८ भन्दा कम | १.२% | १५ |
| १८ देखि २५ | १७.३% | २२४ |
| २६ देखि ३५ | ३५.०% | ४५४ |
| ३६ देखि ४५ | २६.४% | ३४३ |
| ४६ देखि ५५ | ११.८% | १५३ |
| ५६ माथि | ६.६% | ८६ |
| उमेर नखुलाएको | १.८% | २३ |
| **जम्मा** | १००% | १२९८ |

### ४. आरोपितको शैक्षिक अवस्था

| आरोपितको शैक्षिक अवस्था | प्रतिशत | सङ्ख्या |
|---|---|---|
| साक्षर | ७९.०% | १०२६ |
| निरक्षर | १९.३% | २५० |
| नखुलेको | १.७% | २२ |
| **जम्मा** | ९८% | १२९८ |

### ५. साक्षरताको अवस्था

| साक्षरताको अवस्था | प्रतिशत | सङ्ख्या |
|---|---|---|
| आभारभूत शिक्षा | ५२.१% | ५३५ |
| माध्यमिक शिक्षा | ३८.३% | ३९३ |
| स्नातक वा सो भन्दा माथि | ७.५% | ७७ |
| प्रौढ शिक्षा | १.९% | १९ |
| प्राविधिक शिक्षा | ०.२% | २ |
| **जम्मा** | १००% | १०२६ |

### ६ आरोपितको वैवाहिक अवस्था

| आरोपितको बैवाहिक अवस्था | प्रतिशत | सङ्ख्या |
|---|---|---|
| विवाहित | ७९.४% | १०३० |
| अविवाहित | १३.१% | १७० |
| विवाहित तर सँगै नबसेको | ३.५% | ४५ |
| अविवाहित तर सँगै बसेको | १.०% | १३ |
| थाहा नभएको | २.४% | ३१ |
| पारपाचुके गरेका | ०.३% | ४ |
| एकल महिला | ०.४% | ५ |
| **जम्मा** | १००% | १२९८ |

## ७. आरोपितको जातीयता

| आरोपितको जातीयता | प्रतिशत | सङ्ख्या |
|---|---|---|
| बाह्मण/क्षेत्री पहाडी | २५.३% | ३२८ |
| मधेशी | १७.५% | २२७ |
| पहाडी दलित | १६.३% | २११ |
| तराई जनजाति | १५.२% | १९७ |
| पहाडी जनजाति | १०.९% | १४१ |
| तराई दलित | ५.५% | ७२ |
| बाह्मण/क्षेत्री तराई | ३.५% | ४६ |
| मुस्लिम | ३.३% | ४३ |
| अन्य | १.१% | १४ |
| नखुलेको | १.५% | १९ |
| **जम्मा** | १००% | १२९८ |

## ८. आरोपितको पेसागत अवस्था

| आरोपितको पेसागत अवस्था | प्रतिशत | सङ्ख्या |
|---|---|---|
| कृषि तथा पशुपालन | ३४.७% | ४५० |
| दैनिक ज्याला मजदुरी | २६.६% | ३४५ |
| वैदेशिक रोजगार | ७.८% | १०१ |
| व्यवसाय | ७.६% | ९८ |
| घरयासी काम | ३.७% | ४८ |
| सरकारी सेवा | ३.५% | ४५ |
| जागिर खोज्दै गरेको | ३.२% | ४२ |
| गैरसरकारी सेवा | ३.०% | ३९ |
| ड्राइभर | २.३% | ३० |
| विद्यार्थी | २.२% | २९ |
| निजी क्षेत्र | १.९% | २५ |
| अन्य | १.७% | २२ |
| नखुलेको | १.६% | ३२ |
| पुलिस आर्मी | ०.२% | ३ |
| **जम्मा** | १००% | १२९८ |

# परिच्छेद ३

## ३.१ महिला हत्या (Femicide)


महिला हत्या (Femicide) भन्नाले महिलालाई महिला भएको कारणले हत्या गरिनु भन्ने बुझिन्छ । यो केबल व्यक्तिगत हिंसा होइन, बरु पितृसत्तात्मक समाजमा महिलामाथि हुने संरचनागत हिंसाको चरम रूप हो । जब हत्या गर्ने व्यक्ति, उद्देश्यपूर्ण रूपमा अरूको मृत्यु वा गम्भीर क्षति पुऱ्याउने नियत राख्छ र त्यो हत्या गैह्रकानूनी हुन्छ, भनी परिभाषित गरेको छ । तर, महिला हत्या त्यसभन्दा फरक र गहिरो अर्थ बोकेको अपराध हो, जहाँ हत्या लैङ्गिक कारणले प्रेरित हुन्छ ।

Femicide शब्दको पहिलो उल्लेख सन् १८०१ मा लेखक जोन कोरीले "A Satirical View of London at the Commencement of the Nineteenth Century" पुस्तकमा गरेका थिए । तर यो शब्दलाई डायना इ.एच.रसेलले १९७० को दशकमा पुनः प्रचलनमा ल्याएकी थिइन् । उनले सन् १९९२ मा प्रकाशित आफ्नो सम्पादित पुस्तक Femicide : The Politics of Woman Killing मा फेमिसाइडलाई यसरी परिभाषित गरेकी थिइन्- "महिलाप्रति घृणा, सुख वा स्वामित्वको भावनाबाट प्रेरित भएर पुरुषले महिलाको हत्या गर्नु फेमिसाइड हो ।" राडफोर्डका अनुसार, महिलाको हत्या प्रायः पितृसत्तात्मक संरचनामा हुन्छ, जहाँ पुरुषको प्रभुत्व र महिलाको अधीनता सामाजिक, सांस्कृतिक र राजनीतिक रूपमा संस्थागत गरिएको हुन्छ । पुरुषत्वलाई सक्रिय, शक्तिशाली र आक्रामक रूपमा परिभाषित गरिएको छ भने महिलालाई अनुगामी, आज्ञाकारी र निष्क्रिय रूपमा व्याख्या गरिन्छ । यही असमान सम्बन्धले महिलामाथि नियन्त्रण र स्वामित्वको संस्कृति जन्माउँछ, जसको चरम अभिव्यक्ति महिला हत्या हो ।

संयुक्त राष्ट्र संघले सन् २०१३ मा ६८/१९१ संकल्प प्रस्ताव पारित गरेपछि सबै मुलुकलाई महिला र बालिकाको लिङ्गका आधारमा गरिने हत्याविरुद्ध कारवाही गर्न आह्वान गरेको थियो । धेरै उच्च आय भएका देशले महिला हत्या सम्बन्धी कानुन निर्माण गरेका थिए ।[१]

[१] https://docs.un.org/en/a/res/68/191

नेपालमा महिला हत्यालाई एक हत्याको घटना मानि कर्तव्य ज्यान भनी गम्भीर अपराधको रूपमा परिभाषित गर्दै सजायको व्यवस्था गरिएको छ । तर हत्याका घटनाहरू हेर्ने हो भने पछिल्ला वर्षहरूमा घरेलु हिंसाबाट हत्या, दाइजोको निहुँमा हत्या, बोक्सीको आरोपमा हत्या र बलात्कारपछि हत्या भएको देखिन्छ जुन महिला हत्याको स्पष्ट रूप हुन् । तर फौजदारी कानूनले यस अवस्थालाई अझै विशेष रूपमा अलग अपराधका रूपमा परिभाषित गरेको छैन ।





**चित्र नं. ३.१ :** हत्या र हत्याको प्रयास

ओरेकले यस वर्ष सङ्कलन गरेका तथ्याङ्कलाई हेर्दा सङ्कलित घटना मध्ये जम्मा ०.८ प्रतिशत अर्थात १० जना महिलाको हत्या र हत्याको प्रयास गरेको पाइएको छ । जसमध्ये ८ जनाको हत्या र २ जना महिलाको हत्या प्रयास भएको देखिन्छ । हत्या भएका प्रभावितमा ३७.५ प्रतिशत (३ जना) महिला मधेश प्रदेशबाट रहेका छन् भने ६२.५ प्रतिशत (५ जना) सुदूरपश्चिमबाट रहेको छ ।

### ३.१.१ उमेरगत विवरण

हत्या गरिएका महिलाहरूको उमेरका आधारमा विश्लेषण गर्दा १८ देखि २५ वर्ष उमेर समूहका महिलाको हत्या धेरै भएको छ। यो उमेर समूहका ४ जना महिलाको हत्या भएको छ भने २६ देखि ३५ वर्ष उमेर समूहका २ जनाको हत्या गरेको पाइएको छ। ३६ देखि ३५ र ४५ देखि ५५ वर्ष उमेर समूहका १/१ जनाको हत्या भएको पाइएको छ।





जम्मा : ८

**चित्र नं. ३.१.१** प्रभावितको उमेर

### ३.१.२ वैवाहिक अवस्था

प्रभावितको वैवाहिक अवस्थालाई हेर्दा हत्या हुने ८ जना मध्ये ३७.५ प्रतिशत (३ जना) विवाहित रहेका छन् भने ६२.५ प्रतिशत जसमा ५ जना विवाहित रहेका छन्।





जम्मा : ८

**चित्र नं. ३.१.२ :** वैवाहिक अवस्था

### ३.१.३ आरोपितसँगाको सम्बन्ध


प्रभावितको आरोपितसँगको सम्बन्ध विश्लेषण गर्दा २५.०/२५.० प्रतिशत (२/२ जना)को हत्या आफ्नो परिवारको सदस्य जस्तैः देवर, ससुराबाट, छिमेकी र अपरिचित व्यक्तिबाट, १२.५ प्रतिशत (१/१ जना) को हत्या श्रीमान् र अविवाहित तर सँगै बसिरहेको साथीबाट र २० प्रतिशत अर्थात २ जना प्रभावितको आरोपितसँगको सम्बन्ध नखुलेको पाइएको छ ।




जम्मा : ८

**चित्र नं. ३.१.३ :** आरोपितसँगको सम्बन्ध

### ३.१.४ शैक्षिक अवस्था





जम्मा : ८

**चित्र नं. ३.१.४** शैक्षिक अवस्था

हत्या भएका महिलाको शैक्षिक अवस्था हेर्दा १०० प्रतिशत नै साक्षर रहेको पाईएको छ । साक्षर मध्ये पनि ५० प्रतिशत (४ जना)ले आधारभूत शिक्षा, ३७.५ प्रतिशत (३ जना) र १२.५ प्रतिशत (१ जना) भने प्रौढ शिक्षा हासिल गरेका थिए ।

### ३.१.५ जातीयताको अवस्था

यस वर्षको तथ्याङ्क अनुसार सबैभन्दा बढी हत्या हुनेमा तराई दलित जातिका महिला रहेका छन्, जसको सङ्ख्या ५०.० प्रतिशत ४ जना रहेको छ र बाँकी २५.० प्रतिशत (२ जना) तराई जनजाति, १२.५ प्रतिशत (१/१ जना) अन्य र मधेशी जातिका रहेका छन् ।





जम्मा : ८

**चित्र नं. ३.१.४ :** जातीयताको अवस्था

### ३.१.६ पेसागत अवस्था

अभिलेख गरिएको तथ्याङ्कका आधारमा यस वर्ष ५०.० प्रतिशत (४ जना) घरायसी काममा, १२.५/१२.५ प्रतिशत अर्थात एक एक जना दैनिक ज्यालादारी, विद्यार्थी र सरकारी सेवामा र कृषि तथा पशुपालनमा संलग्न महिलाको हत्या भएको पाइएको छ ।




जम्मा : ८

**चित्र नं. ३.१.६** पेसागत अवस्था

## निष्कर्ष

महिलावादी दृष्टिकोणले महिला हत्यालाई केवल 'हत्या'को कानूनी श्रेणीमा सीमित गर्दैन । यो एक राजनीतिक अपराध हो, जसले समाजमा गहिरो असमानता र पितृसत्तात्मक नियन्त्रणलाई उजागर गर्छ । महिलाको हत्या त्यतिबेला हुन्छ जब पुरुषले महिलालाई आफ्नो सम्पत्ति ठान्छ– उसले महिलाको जीवन, शरीर र स्वतन्त्रतामाथि स्वामित्वको अधिकार महसुस गर्छ ।

नेपालमा अझै महिलाको हत्यालाई पृथक अपराधका रूपमा कानुनमा परिभाषित गरिएको छैन । तर 'इज्जत'का नाममा हुने हत्या, दाइजो विवाद, बोक्सीको आरोप, पति तथा अन्तरंग साथीबाट हुने हत्या यी सबै महिला हत्याका स्वरूप हुन् । यस्तो हिंसाको अन्त्यका लागि केवल कानुनी

सुधार होइन, समुदायको सक्रिय सहभागिता, विषाक्त पुरुषत्वको चुनौती र लैङ्गिक समानताको प्रवर्द्धन अपरिहार्य छ। साथै, समुदायस्तरमा धार्मिक, परम्परागत र सांस्कृतिक अभ्यासहरू, जसले महिलामाथि हिंसा र नियन्त्रणलाई सामान्य ठानिन्छ, ती विरुद्ध सार्वजनिक सचेतना अभियान र कानुनी सचेतना कार्यक्रम सञ्चालन गर्नुपर्छ। सञ्चार माध्यममा पनि महिलाको वस्तुकरण र पीडित/प्रभावितमाथि दोषारोपण गर्ने अभ्यास रोक्न मिडिया आचारसंहिता कडाइका साथ लागू गर्नुपर्छ।

मृत्यु भएका महिलाहरूको मृत्युको अवस्था विश्लेषण गर्दा पीडित/प्रभावितमाथि पहिले नै यौनिक वा घरेलु हिंसा भएको थियो, प्रभावित मानव बेचबिखनको सिकार थिइन्, हत्या अघि वा पछि बलात्कार वा शारीरिक हिंसा गरिएको थियो, मृत शरीरलाई सार्वजनिक स्थानमा फालिएको थियो र महिलालाई 'अनुशासन' मा राख्न वा 'इज्जत'को नाममा हत्या गरिएको थियो। त्यसैले, पुरुष र महिलाको हत्या सामाजिक सन्दर्भमा फरक हुन्छ– पुरुषहरू प्रायः सार्वजनिक वा गैह्र-पारिवारिक घटनामा मारिन्छन् भने महिलाहरू प्रायः आफ्नै पति, प्रेमी वा परिवारका सदस्यद्वारा मारिन्छन्। यसले महिला हत्यालाई केवल व्यक्तिगत घटना होइन, पितृसत्तात्मक नियन्त्रणको सामाजिक संरचनाका रूपमा प्रस्तुत गर्दछ।

हत्या गरिएका महिलाको उमेर, शैक्षिक अवस्था, पेसा, जातीयता र पारिवारिक सम्बन्धले देखाएको छ कि परिवारभित्रै महिलाको सुरक्षा र संरक्षणको जोखिम छ। विवाहित महिलाहरूमा हिंसा अधिक देखिनु तथा पेसागत रूपमा कृषि र घरेलु काममा संलग्न महिलाहरूलाई आक्रमणको उच्च जोखिम हुनु, समाजमा रहेका घरेलु कामको अवमूल्यन र पारिवारिक दबाबको समस्या झल्काउँछ। त्यसैले, महिला हत्या कुनै आकस्मिक घटना होइन। यी घटनाहरू हाम्रो समाजमा गहिरो रूपमा जरो गाडेर बसेको पितृसत्तात्मक सोच, विषाक्त पुरुषत्व (Toxic masculinity) महिला र पुरुष विचमा रहेको असमान शक्ति सम्बन्धका परिणाम हुन्। जसले पुरुषलाई प्रभुत्वशाली र महिलालाई अधीनस्थ भूमिकामा राख्छ। यो कानूनी मात्र होइन, संस्कृतिक, धर्म र परम्पराको भित्रैमा जरा गाडेको हिंसात्मक सोच हो। वर्ग, जात र समुदाय अनुसार महिला हत्याको स्वरूप फरक देखिए पनि यसको मूलमा एउटै विचार हुन्छ। महिलाको जीवनको मूल्य कम आँक्ने पितृसत्तात्मक सोचको परिणाम महिला हत्या हो।

त्यसैले, महिला हत्यालाई पृथक अपराधका रूपमा कानुनमा परिभाषित गर्न आवश्यक छ, जसमा महिलाको लिङ्ग, यौनिकता, सम्बन्ध वा सामाजिक भूमिकाका कारणले प्रेरित हत्या समेटिनेछ। मुलुकी अपराध संहिता (२०७४) मा 'हत्या' सम्बन्धी व्यवस्था परिमार्जन गरी लैङ्गिक अवस्थाालाई गम्भीर अपराधका रूपमा वर्गीकृत गर्नुपर्छ। साथै, घरेलु हिंसा, दाइजो विवाद, इज्जतका नाममा हुने हत्या, बोक्सीको आरोपमा हत्या तथा प्रेमी साथी वा पूर्व श्रीमान् तथा पूर्व प्रेमीबाट हुने हत्या सबैलाई महिला हत्याका रूपमा विशेष अनुसन्धान र अभियोजन प्रक्रियामा समेट्नुपर्छ। हरेक महिलाको हत्या घटनामा महिला हत्याको पहिचान सूचकहरू (जस्तैः घरेलु वा यौनिक हिंसाको इतिहास, पारिवारिक सम्बन्ध, यौन हिंसाको प्रमाण) अनिवार्य रूपमा परीक्षण गर्न कानुनी निर्देशिका बनाइनुपर्छ। त्यस्तै, यस्ता हत्याका घटनामा पीडित/प्रभावितका परिवारलाई राज्यद्वारा निःशुल्क कानुनी सहायता, मनोसामाजिक सहयोग र क्षतिपूर्ति सुनिश्चित गर्नुपर्छ। पीडित/प्रभावितका नाबालक बच्चाहरूको जीवनयापन, शिक्षा र पुनःस्थापनाको जिम्मेवारी राज्यले लिनु आवश्यक छ। साक्षी तथा परिवारका सदस्यहरूको सुरक्षा कार्यक्रम (Witness protection program) महिला हत्याका घटनाहरूमा प्राथमिक रूपमा लागू गर्नुपर्छ।

## घटना अध्ययन १

### महिला हत्या

धनुषा जिल्लामा बस्ने मिना (परिवर्तित नाम) १९ वर्षको हुँदा उनको परिवारले परिवारकै सहमतिमा मागी विवाह भएको थियो। आर्थिक स्थिति कमजोर भएका कारण उनलाई उनको आमा बुवाले धेरै पढाउन सक्दिन भनेर विवाह गरिदिएका थिए। विवाह गरेको २ वर्षमा नै उनी एउटा बच्चाको आमा पनि भइसकेकी थिइन्। विवाह भए तापनि उनले कहिल्यै सुख पाइनन्। उनको परिवारले दाइजो नल्याएका कारण उनलाई दैनिक गाली गर्ने, कुटपिट गर्ने गर्थे। विवाहको दोस्रो दिन देखि नै सासूले उनलाई नराम्रो व्यवहार गर्न थालेकी थिइन्। खाना पनि राम्ररी नदिने, घरमा नबस् भन्ने गर्ने गर्थिन्। माइती गएर आउदा पनि श्रीमान्ले दाइजो किन नल्याएको भनी कुटपिट गर्थे। एकदिन मिना माइतीबाट आउँदा केही नलिएर आएपछि उनका श्रीमान्ले उनलाई कुटपिट गरी पासो लगाई हत्या गरिदिएका थिए।

## घटना अध्ययन २

### महिला हत्या

मिति २०८२ असार ६ गते, गौरीगंगा नगरपालिकाको वडा ७ स्थित कैलाशपुर, कैलालीमा १६ वर्षीया रिता  (परिवर्तित नाम) को आफ्नै देवरद्वारा हत्या गरियो। घरायसी विवादका कारण बिहिबार राति उनका २० वर्षीय देवरले उनको हत्या गरेका थिए। रिता १६ दिनको सुत्केरी अवस्थामा थिइन्। घरको आर्थिक अवस्थाका कारण रिताका श्रीमान् र उनी पनि भारतमा नै काम गर्थे भने रिता गर्भवती भएपछि उनी नेपाल फर्किएर परिवारसँगै बस्थिन्। हत्याको दिन बिहिबार रिता आफ्नो नवजात शिशुलाई खोप लगाएर स्वास्थ्य चौकीबाट फर्किएपछि, घरमा उनको लागि कुनै खाना नराखिएको पाएपछि परिवारमा द्वन्द्व

बढ्यो । उनले आफ्नो यो अवस्थामा पनि परिवारले वेवास्ता गरेको, उचित व्यवहार नगरिएको भन्दै गुनासो गरेकी थिइन् । यस कुराले उनको देवरलाई रिस उठ्यो । सोही रात, उनी मध्यराततिर उनको कोठामा पसे र रिताको घाँटी थिचेर हत्या गरे । उनका देवरले शव घर अगाडि नजिकैको नालीमा फ्याँकेको, परिवार र छिमेकीहरूले भोलिपल्ट बिहान थाहा पाएका थिए । उनले आफूले भाउजूको हत्या गरेको स्वीकार समेत गरेका छन् । हत्याको आरोपमा रिताको देवरमाथि कानुनी प्रक्रिया अघि बढाइएको छ ।

## घटना अध्ययन ३

### महिला हत्या

२०८२ असार २३ गते वेलका नगरपालिकामा बस्दै आएकी सुप्रिया (परिवर्तित नाम) लाई निजका २७ वर्षीय श्रीमान्ले सामान्य विवादको निहुँमा श्रीमतीलाई छातिमा छुरा प्रहार गरी हत्याको प्रयास गरेका थिए । घटना सोही दिन बिहानको ११ बजे बेलका नगरपालिकाको रामपुर बजारमा सार्वजनिक स्थलमा श्रीमान् श्रीमतिको विवाद भएपछि त्यहीँ नजिकैको होटलमा मेलमिलापका लागि छलफल हुँदै गर्दा आफन्त सहित होटलमा खाजा खाँदै गरेको अवस्थामा श्रीमतीलाई छुरा प्रहार गरेर फरार भएका थिए ।

## ३.२ बलात्कार


उदारवादी महिलावादीहरूले बलात्कार, व्यक्तिगत स्वायत्तता र शरीरमाथिको नियन्त्रणको उल्लङ्घन हो, जसलाई लैङ्गिक-तटस्थ अपराधको रूपमा व्याख्या गरेका छन् । उनीहरूले यसलाई व्यक्तिगत स्तरमा हुने हिंसाको रूपमा हेर्छन्, जहाँ मुख्य पीडित/प्रभावित एक व्यक्ति हुन्छ र अपराधीले उसको स्वतन्त्रता, अधिकार र गरिमामाथि आक्रमण गर्छ । उदारवादी दृष्टिकोणले कानूनी सुधार, पीडित/प्रभावितलाई न्याय र कानूनी पहुँच सुनिश्चित गर्ने उपायमा ध्यान केन्द्रित गर्छ, जसले बलात्कारलाई व्यक्तिगत पीडाको रूपमा बुझाउँछ । मुलुकी अपराध संहिता, २०७४ ले बलात्कारको विषयमा परिभाषित गर्दै दोषीलाई उमेरगत वर्गीकरण गरी समय सीमासम्म कैद सजायको व्यवस्था गरेको छ, जसमा १० वर्ष मुनिका बालिका तथा विशेष परिस्थितिमा हुने बलात्कारका लागि आजीवन कैदसम्मको सजायको व्यवस्था छ । साथै, कानुनले पीडितलाई क्षतिपूर्ति प्रदान गर्न र पुर्नस्थापना गर्ने सुनिश्चितत पनि गरेको छ ।

अर्कोतर्फ, कट्टरपन्थी महिलावादीहरूले बलात्कारलाई केवल व्यक्तिगत अपराध होइन, पितृसत्तात्मक शक्ति संरचनाको एक प्रमुख औजारको रूपमा बुझ्छन् । जोनसन (२००५) का अनुसार, पितृसत्ता एक सामाजिक संस्था हो जहाँ पुरुषहरूले शक्ति र अधिकारमा असमान पहुँच पाएका छन्, पुरुषत्वलाई समाजका मानक र मूल्यहरूको केन्द्रीय तत्व बनाइएको छ । महिलाहरूको शरीर, यौनिकता र पहिचान पुरुष नियन्त्रणमा राखिएको छ । यस सन्दर्भमा, कट्टरपन्थी महिलावादीहरूले बलात्कारलाई पुरुष प्रभुत्व र महिलामाथिको नियन्त्रण सुदृढ पार्ने राजनीतिक तथा सामाजिक अभ्यासको रूपमा हेर्छन् । यस दृष्टिकोणले बलात्कारलाई यौन इच्छाको अभिव्यक्तिभन्दा पनि राजनीतिक हिंसा, शक्ति प्रदर्शन र महिलाको शारीरिक सार्वभौमिकताको हननको रूपमा व्याख्या गर्छ । महिलाको शरीर र यौनिकताको नियन्त्रणलाई पितृसत्ताको केन्द्रीय विशेषता मानेर यो विचारले बलात्कारलाई पुरुष यौन हिंसाका बहुआयामिक रूपहरूसँग जोड्छ । जस्तैः कार्यस्थलमा हुने यौन शोषण, घरेलु हिंसा, आदि । यी सबै हिंसाका स्वरूपहरूले महिलाको उत्पीडनलाई संरचनागत रूपमा कायम राख्ने कार्य गर्छन् । कट्टरपन्थी महिलावादीहरूले 'बलात्कार' को परिभाषालाई केवल जबरजस्ती र हिंसात्मक शारीरिक सम्पर्कमा सीमित गर्दैनन् । उनीहरूका अनुसार, पितृसत्ताले महिलाको सहमति, इच्छा र स्वतन्त्रतालाई बारम्बार तोडमोड गर्ने वातावरण सिर्जना गरेको छ । यसैले, "सहमति" पनि कहिलेकाहीँ संरचनागत दबाब र सामाजिक अपेक्षाभित्र निर्मित हुन्छ, जसले बलात्कार र तथाकथित "सामान्य" यौन सम्बन्धबीचको रेखालाई धुमिल बनाउँछ ।

त्यस्तै, आधुनिक महिलावादी दृष्टिकोणहरूले बलात्कारलाई केवल पितृसत्ता होइन, जातीयता, वर्ग र उपनिवेशवादका शक्ति सम्बन्धसँग पनि जोडेर बुझ्न खोजेका छन् । विशेषगरी दलित, आदिवासी समुदायका महिला वा शरणार्थी महिलाहरूले अनुभव गर्ने बलात्कार, केवल लैङ्गिक हिंसाको प्रश्न होइन, सत्ताको बहुआयामिक उत्पीडनको अभिव्यक्ति पनि हो । यसले बलात्कारलाई शक्ति, प्रभुत्व र असमानताका संरचनागत स्वरूपहरूसँग जोडेर बुझ्ने अवसर दिन्छ । यी सिद्धान्तका आधारमा ओरेकले तथ्याङ्कल सङ्कलन गरेको छ ।

### ३.२.१ प्रदेशगत विवरण

बलात्कारको प्रदेशगत स्थिति हेर्दा यस वर्ष अभिलेख भएका कुल १४९ बलात्कारका घटना मध्ये ३६.२ प्रतिशत (५४ जना) कोशी प्रदेशबाट रहेको, १४.८ प्रतिशत (२२ जना) मधेश प्रदेश, ८.७ प्रतिशत (१३ जना) बागमती प्रदेश, ४.७ प्रतिशत (७ जना) लुम्बिनी प्रदेश, २५.५ प्रतिशत (३८ जना) कर्णाली प्रदेश र १०.१ प्रतिशत (१५ जना) सुदूरपश्चिम प्रदेश बाट रहेको तथ्याङ्क सङ्कलन भएको छ ।





जम्मा : १४९

**चित्र नं: ३.२.१** प्रदेशगत विवरण

### ३.२.२ बलात्कारको स्वरूप

बलात्कारका स्वरूपलाई हेर्दा अभिलेख भएका कुल घटना १४९ मध्ये ६९.८ प्रतिशत अर्थात (१०४ जना) लाई बलात्कार भएको पाइएको छ भने, सामुहिक बलात्कार ६ प्रतिशत (९ जना) र वैवाहिक बलात्कार १४.१ प्रतिशत अर्थात (२१ जना) विवाहित महिलामाथि भएको पाइएको छ। त्यस्तै, बलात्कारको प्रयास १०.१ प्रतिशत (१५ जना) महिलालाई भएको छ।

तथ्यबाट स्पष्ट हुन्छ कि बलात्कारको समस्या गम्भीर र जटिल छ। व्यक्ति बलात्कारको सङ्ख्या धेरै देखा परे पनि सामूहिक र वैवाहिक बलात्कारका घटना तथा बलात्कारको प्रयास पनि समाजमा विद्यमान छन्। यी घटनाहरूले बलात्कारका विविध स्वरूपहरूको पहिचान र कानुनी कार्यान्वयनको आवश्यकता देखाउँछ। विशेष गरी यस तथ्याङ्कले समाजमा वैवाहिक बलात्कार सम्भव छैन भन्ने भनाइलाई चुनौती दिएको छ र वैवाहिक बलात्कारजस्ता संवेदनशील मुद्दाहरूमा कानुनी व्यवस्थामा थप कडाइ गर्नपर्ने आवश्यकता छ।





जम्मा : १४९

**चित्र नं : ३.२.२** बलात्कारको स्वरूप

### ३.२.३ उमेरगत विवरण

महिला तथा बालिकामाथि सबै उमेर समूहमा पनि बलात्कार भएको तथ्याङ्कबाट देखिन्छ । यस वर्ष उमेर समूह अनुसार कुल बलात्कारका घटना मध्ये ४०.९ प्रतिशत (६१ जना) १८ वर्ष मुनीका किशोरीहरूको बलात्कार भएको पाइएको छ, जुन सबै भन्दा बढी हो । त्यसैगरी, १८ देखि २५ वर्ष उमेर समूहका ३१.५ प्रतिशत (४७ जना), २६ देखि ३५ वर्ष उमेर समूहका १६.८ प्रतिशत (२५ जना), ३६ देखि ४५ वर्ष उमेर समूहका ६.७ प्रतिशत (१० जना), ४६ देखि ५५ वर्ष उमेर समूहका २.७ प्रतिशत (४ जना) र ५६ वर्ष र सो भन्दा माथिका १.३ प्रतिशत अर्थात २ जना महिलामाथि बलात्कार तथा बलात्कारको प्रयास भएका छन् । महिला तथा बालबालिकाको बढ्दो उमेरसँगै बलात्कारको अभिलेखन घट्दै गएको देखिन्छ । यसले विशेषगरी बालिका र किशोरीहरूप्रति लक्षित सुरक्षा र रोकथामका रणनीति आवश्यक रहेको संकेत गर्दछ ।





जम्मा : १४९

**चित्र नं. ३.२.३** उमेरगत विवरण


### ३.२.४ शिक्षा

कुल १४९ बलात्कारका घटनामा १४.८ प्रतिशत निरक्षर (२२ जना) र ८५.२ प्रतिशत (१२७ जना) साक्षर महिला प्रभावित भएको पाइएको छ। यसैगरी, महिलाको शैक्षिक अवस्था हेर्दा ४८.८ प्रतिशत (६२ जना) आधारभूत तह अध्ययन गरेका, ४०.२ प्रतिशत (५१ जना) माध्यमिक तहसम्मको अध्ययन गरेका तथा ५.५ प्रतिशत (७ जना) स्नातक तह वा सो भन्दा माथि, त्यस्तै ३.९ प्रतिशत (५ जना) प्रौढ शिक्षा र १.६ प्रतिशत (२ जना) प्राविधिक शिक्षा हासिल गरेका महिलामाथि बलात्कार भएको पाइएको छ।

निरक्षर महिलाको तुलनामा साक्षर र शिक्षित महिलाहरू न्याय खोज्न र उजुरी गर्न बढी अग्रसर हुने प्रवृत्ति देखिनु सकारात्मक भए पनि यो तथ्यले मात्र जोखिमको वास्तविक अवस्था र कारणलाई पूर्ण रूपमा प्रस्ट्याउँदैन। यसले समाजमा सबै स्तरका महिला जोखिममा रहेको देखाउँछ र निरक्षर महिलाहरूले रिपोर्ट नगर्ने सम्भावना उच्च रहेको संकेत गर्छ। तसर्थ, बलात्कार रोकथामका उपायहरूमा सबै वर्ग र शिक्षा स्तरका महिलाहरूको पहुँच सुनिश्चित गर्दै उनीहरूलाई न्याय दिलाउन थप प्रयास आवश्यक देखिन्छ।





**चित्र नं. ३.२.४** शैक्षिक अवस्था




**चित्र नं.३.२.५** साक्षरताको अवस्था

### ३.२.५ वैवाहिक अवस्था

वैवाहिक अवस्था हेर्ने हो भने ६३.८ प्रतिशत (९५ जना) अविवाहित महिलाहरूमाथि बलात्कार भएको पाइएको छ भने २५.५ प्रतिशत (३८ जना) विवाहित महिलाहरू रहेको पाइएको छ । त्यस्तैगरी, बलात्कारमा पर्ने ७.४ प्रतिशत (११ जना) विवाहित तर सँगै नबसेको, २ प्रतिशत (३ जना) अविवाहित तर सँगै बसेका, १.३ प्रतिशत (२ जना) एकल महिला रहेका छन् ।





जम्मा : १४९

**चित्र नं. ३.२.६** वैवाहिक अवस्था

### ३.२.६ जातिगत अवस्था

बलात्कारका घटनाहरू जातीय तथा समुदायगत रूपमा विविध छन् र कुनै विशिष्ट जाति वा समुदाय मात्रै यसको जोखिममा छैन । बलात्कारबाट प्रभावित महिलाहरूमध्ये सबैभन्दा बढी २२.१ प्रतिशत (३३ जना) ब्राह्मण/क्षेत्री पहाडिया रहेका छन् । त्यसपछि क्रमश : १८.१ प्रतिशत (२७ जना) तराई जनजाति, १६.१ प्रतिशत (२४ जना) पहाडी दलित, १५.४ प्रतिशत (२३ जना) पहाडी जनजाति, १०.७ प्रतिशत (१६ जना) तराई दलित, ७.४ प्रतिशत (११ जना) मुश्लिम, ६ प्रतिशत (९ जना) मधेशी, २.७ प्रतिशत (४ जना) ब्राह्मण/क्षेत्री तराई र बाँकी १.३ प्रतिशत (२ जना) अन्य जातिका महिला रहेको पाईएको छ ।

तसर्थ, जातीय, सांस्कृतिक र सामाजिक विविधताका आधारमा सबै समुदायका महिलाहरू हिंसाको जोखिममा छन् । तर, विभिन्न समुदायका महिलाहरूले भोग्नुपरेको हिंसामा सामाजिक हैसियत, पहुँच र रिपोर्टिङमा असमानता हुनसक्छ । तसर्थ, सबै जातीय र सामाजिक समूहलाई न्याय दिलाउन लक्षित प्रयास र रोकथामका उपायहरू थप प्रभावकारी बनाउन आवश्यक छ ।




जम्मा : १४९


**चित्र नं. ३.२.७:** जातिगत अवस्था

### ३.२.७ पेसा व्यवसाय

बलात्कारबाट प्रभावित भएका जम्मा १४९ महिलामध्ये बालिका र पढ्दै गरेका उमेर समूहका महिला तथा बालिकाको सङ्ख्या धेरै रहेको पाइएको छ । जुन कुरा ३२.९ प्रतिशत (४९ जना) बालिका विद्यार्थी धेरै बलात्कृत भएको तथ्याङ्कले पुष्टि गर्दछ । त्यसैगरी, २८.९ प्रतिशत (४३ जना) घरायसी काममा सम्लग्न, १८.८ प्रतिशत (२८ जना) कृषि तथा पशुपालन पेसा, ६ प्रतिशत (९ जना) दैनिक ज्याला मजदुरी गर्ने, ४.० प्रतिशत (६ जना) निजी क्षेत्र, १.३ प्रतिशत (२ जना) सामान्य व्यापार व्यवसायमा संलग्न र २.० प्रतिशत (३ जना) सरकारी सेवामा, ०.७/०.७ प्रतिशत (१/१ जना) गैर सरकारी सेवामा र घरेलु कामदारका रूपमा काम गर्दै गरेको र ३.४ प्रतिशत (५ जना) जागीर खोज्दै गरेको पाइएका छन् भने १.३ प्रतिशत (२ जना) अन्य पेसा जस्तै:

वैदेशिक रोजगारबाट फर्किएका महिला रहेका छन् ।

अतः बलात्कारका घटनाहरू समाजका सबै तह र पेसामा रहेका महिलाहरूमा हुने गरेका छन्, तर बालिका र घरायसी काममा संलग्न महिलाहरू सबैभन्दा बढी जोखिममा छन् । विभिन्न पेशामा संलग्न महिलाहरूले समान रूपले हिंसा भोग्नुपरेको भए पनि, पेसा र सामाजिक अवस्थाले रिपोर्टिङ प्रक्रियामा प्रभाव पार्न सक्छ । यसैले, सबै पेसामा रहेका महिलाहरूको सुरक्षा सुनिश्चित गर्न र बालिका तथा विद्यार्थीहरू माथिको हिंसा रोक्न विशेष नीति तथा कार्यक्रमहरू आवश्यक देखिन्छ ।




जम्मा : १४९


**चित्र नं ३.२.८** पेसागत अवस्था

## ३.२.८ आरोपितसँगको सम्बन्ध

महिलाहरू अन्जानबाट भन्दा चिने जानका र आफ्नै वरीपरिका व्यक्तिहरूबाट नै बढी बलात्कृत भएका छन् । जम्मा १४९ वटा बलात्कारका घटना मध्ये सबैभन्दा बढी २३.० प्रतिशत (३४ जना) महिला छिमेकीबाट, १४.२ प्रतिशत (२१ जना) श्रीमानबाट, १३.५ प्रतिशत (२० जना)

साथी, ११.५ प्रतिशत (१७ जना) परिवारका सदस्यबाट, १०.८ प्रतिशत (१६ जना) अपरिचित व्यक्तिबाट, १०.१ प्रतिशत (१५ जना) समुदायको सदस्य, ६.८ प्रतिशत (१० जना) अविवाहित तर सँगै बसेको व्यक्तिबाट, ६.१ प्रतिशत (९ जना) प्रेमी, २.० प्रतिशत (३ जना) मुख्य स्याहार दाताबाट, १.४ प्रतिशत (२ जना) सेवा प्रदायक र ०.७ प्रतिशत (१ जना) शिक्षकबाट बलात्कृत भएको तथ्याङ्क प्राप्त भएको छ।

अतः बलात्कारका अधिकांश घटनाहरू नजिकको सम्बन्ध र विश्वासमाथि आधारित सम्बन्धहरू भित्र हुने गरेको देखाउँछ। यसले गर्दा पीडित/प्रभावितका लागि न्याय खोज्न थप चुनौतीपूर्ण रहेको छ। त्यसैले, बलात्कार रोकथामका रणनीतिहरू तयार गर्दा विश्वासको दुरुपयोग रोक्न विशेष ध्यान दिनु आवश्यक छ। साथै, घरपरिवार र समुदाय भित्रका यस्ता घटनाहरूलाई उजागर गर्न र पीडित/प्रभावितलाई सुरक्षित रूपमा न्याय दिलाउन प्रभावकारी कानूनी र सामाजिक हस्तक्षेप अपरिहार्य छ।





जम्मा : १४९

**चित्र नं. ३.२.९ :** आरोपितसँगको सम्बन्ध

### ३.२.९ असर

प्रभावितले प्राय बहुआयामिक असर भोग्नुपरेको देखिएको छ। उनीहरूमा मानसिक, शारीरिक, सामाजिक र आर्थिक असर परेको पाइएको छ। जसमा कुल १४९ जना महिलामाथि बलात्कार भएकोमा ९८ प्रतिशत (१४६ जना) मा सामाजिक असर परेको पाइएको छ। त्यसैगरी, ९७ प्रतिशत (१४५ जनामा) मानसिक असर, ८३ प्रतिशत (१२४ जना)मा शारीरिक असर, १०० प्रतिशत (१४९ जना)मा नै आर्थिक असर परेको पाइएको छ। तथ्याङ्कलाई राम्ररी नियाल्ने हो भने एक जना महिलालाई एउटै हिंसाले धेरै प्रकारको असर परेको पनि पाइएको छ।

समग्रमा, बलात्कारको पीडित/प्रभावित महिलाहरूको जीवनका विभिन्न आयाममा गम्भीर असर परेको छ र यसले समाजमा यौन हिंसा विरुद्धको संघर्षलाई अझ प्रभावकारी बनाउनका लागि आवश्यक कदम चाल्नुपर्ने संकेत गर्दछ। यस्ता घटनाहरूको असरबाट प्रभावितलाई राहत दिन मानसिक, शारीरिक, सामाजिक र आर्थिक पुर्नस्थापनामा ध्यान दिन आवश्यक छ।




जम्मा : १४९

चित्र नं. : ३.२.९ : असर

## निष्कर्ष

पितृसत्तात्मक सामाजिक संरचनाले महिलाको शरीर, यौनिकता, सार्वभौमिकता, अधिकार र अस्तित्वलाई नियन्त्रण गर्ने बलात्कारलाई एउटा महत्त्वपूर्ण हतियारको रूपमा लिएको पाइन्छ। महिलाहरूको समान अस्तित्वलाई अस्वीकार गरी उनीहरूलाई उपभोग्य वस्तुको रूपमा प्रयोग गरिएकै कारण हरेक उमेर समूहका महिला तथा किशोरीहरू दिन प्रतिदिन बलात्कारबाट प्रभावित हुन बाध्य छन्। विद्यालय, समुदाय, र परिवार स्तरमा यौन शिक्षाको अभाव, गलत सामाजिक धारणाहरू र मिडियामा महिलाको वस्तुकरणका कारण यौनिक हिंसा पुनः उत्पादन भइरहेको छ।

नेपालको कानुनले बलात्कारलाई अपराध मानेर कडा सजायको व्यवस्था गरिँदा पनि बालिकाहरूलाई बलात्कार गरिनु, सामूहिक र वैवाहिक बलात्कारका साथै बलात्कारको प्रयासले समाजमा बलात्कारका अनेक स्वरूपहरू विद्यमान रहेको संकेत गर्छ। त्यसले कानुनी कार्यान्वयनमा रहेका चुनौतीहरूलाई पहिचान गर्न आवश्यक छ। पीडित/प्रभावितलाई हेर्ने समाजको दृष्टिकोण, पीडितलाई सुरक्षाको अभाव, बलात्कारको घटनाको दबाएर राख्ने, प्रमाण सङ्कलनमा कठिनाई र लामो कानुनी प्रक्रिया, फास्ट ट्र्याकको व्यवस्था पालना नगरेको अवस्थामा यस्ता कमजोरीहरूलाई फौजदारी न्याय प्रणालीका संयन्त्रलहरूले निष्ठापूर्वक काम गर्दै प्रभावितको न्यायमा पहुँचलाई अभिवृद्धि गर्ने व्यवस्था गर्न आवश्यक छ।

बालिका र किशोरीहरूमाथि अधिक बलात्कारका घटना हुनु र तुलनात्मक रूपले शिक्षित महिलाहरूले न्यायका लागि आवाज उठाउन अग्रसर हुनुले सुरक्षा र न्यायमा वर्गीय असमानता झल्काउँछ। जातीय र पेशागत विभाजन भए तापनि सबै समुदायका महिलाहरू बलात्कारको जोखिममा छन् र विशेष गरी नजिकका सम्बन्धहरू भित्र हुने घटनाले पीडित महिलाहरूका लागि न्याय प्राप्ति कठिन बनाएको छ। यसरी बलात्कारले समाजका शक्ति सम्बन्ध, कानूनी संरचना र सांस्कृतिक मान्यतामा निहित असमानतालाई प्रतिबिम्वित गर्छ। त्यसैले, बलात्कारविरुद्धको संघर्षलाई न्याय, समानता र स्वतन्त्रताको आन्दोलनसँग जोड्न आवश्यक छ। बलात्कारका घटना युवापुस्तामा विशेष रूपमा देखिनु र बालकहरू समेत संलग्न पाइनुले समाजमा हिंसात्मक प्रवृति बढ्दै गएको देखिन्छ। यसका लागि युवापुस्तामा यौनिक हिंसाको प्रवृत्ति र सामाजिक-आर्थिक र सांस्कृतिक कारकहरूलाई पुनः मूल्याङ्कन गर्न आवश्यक छ। यसका लागि विद्यालय र

समुदायस्तरमा वृहत्तर यौनिकता शिक्षा (Comprehensive Sexuality Education) लागू गर्नुपर्छ जसले सहमति, समानता र सम्मानका मूल्य सिकाउँछ। सञ्चार माध्यम, विज्ञापन र सामाजिक सञ्जालमा महिलाको यौनिकता र शरीरको वस्तुकरणविरुद्ध नियमन र जनचेतना अभियान सञ्चालन गर्नुपर्छ। युवापुस्तामा बढ्दो हिंसात्मक प्रवृत्तिलाई सम्बोधन गर्न मनोसामाजिक परामर्श, अभिभावक शिक्षा र डिजिटल साक्षरता कार्यक्रमहरू विस्तार गर्नुपर्छ।

साथै, बलात्कारका कारण मानसिक, शारीरिक, सामाजिक र आर्थिक असरले पीडित/प्रभावित महिलाहरूको जीवनमा गहिरो प्रभाव पार्ने गरेको देखिन्छ। बलात्कार प्रभावितहरूका लागि एकद्वार संकट व्यवस्थापन केन्द्र : One-Stop Crisis Management Centers (OCMC) को सेवा प्रवाहमा जोडेर बलात्कार विरुद्ध अभियान देशभर प्रभावकारी रूपमा सञ्चालन गर्नुपर्छ। जसमा प्रभावितहरूलाई निःशुल्क कानूनी सहायता, मनोसामाजिक परामर्श र स्वास्थ्य सेवा निःशुल्कको पहुँच सुनिश्चित गर्नुपर्छ। साथै, उनीहरूको गोपनीयता र सुरक्षामा ध्यान दिनु आवश्यक छ भने उनीहरूको दीर्घकालीन पुनःस्थापनाका लागि कार्य योजना लागू गर्नुपर्छ।

## घटना नं ४
## बलात्कार

सरिना १४ वर्षीय किशोरी हुन्। उनको घरमा तीन दिदीबहिनी, एक भाइ, बुवा र आमा गरी ६ जनाको परिवारको छ। घरकी जेठी छोरी र घरको आर्थिक अवस्था कमजोर त्यसैमाथि बुवा बिरामी भएको कारणले गर्दा उनी स्कुल नगई घरमा रेखदेख गर्थिन्। सरिनालाई रुँगा खोकी र ज्वरो आएको थियो उनी औषधि खाएर हजुरआमाको कोठामा आराम गर्दै थिइन्। उनका बुवा पनि त्यस दिन घरमै थिए। उनी सुति रहेको बेला उनका छिमेकी आएर उनलाई जबरजस्तीकरणी गर्न खोज्छन् तर सरिना आफ्नो बचाउमा कराउन खोज्छिन् तर उक्त व्यक्तिले

सरिनाको घाटी थिचेर उनलाई ज्यान मार्ने धम्की दिदै करणी गर्छन् । यसरी घाँटी थिचेकाले उनी कराउन सक्दिनन् र बेहोस् हुन्छिन् । उनले प्रतिकार गर्न खोज्दा आरोपितले घाँटि च्याप्दा उनको घाँटीमा नङ्ले कोतारीएर घाउ समेत भएको थियो, तिन चार दिन सम्म त उनले बोल्न पनि सकिनन् र उनलाई खाना खान समेत गाह्रो भएको थियो र हालसम्म पनि उनको शरीरमा कोतारिएका घाउहरू छन् । घटना भईसकेपछि उनले आफ्नो आमा बुवालाई बताउँछिन् र उनको परिवारले इलाका प्रहरीमा उजुरी तथा मुद्दा दर्ता गर्छन् । अहिले पीडकलाई प्रहरीले पक्राउ गरी कानुनी प्रक्रिया अगाडि बढेको छ ।

## घटना नं ५
## बैबाहिक बलात्कार

कमला (नाम परिवर्तित), ३१ वर्षीय महिला हुन् जसले १७ वर्षको उमेरमा सामाजिक डरको कारणले विवाह गरेकी हुन् । कमला १७ वर्षको हुँदा उनलाई त्यही गाउँका एकजना व्यक्ति जो नाताले उनको दिदीको छोरा पर्थे, ती व्यक्तिले जबरजस्तीकरणीको प्रयास गरेका थिए । तर त्यही समयमा अर्को व्यक्तिले देखे र कमलालाई बचाए र घरसम्म सुरक्षित छोडिदिए तर बाटोमा जाँदै गर्दा उनले आफूमाथि घटेको घटना कसैलाई नसुनाउन भने अन्यथा कमला कै बदनाम हुने बताए । कमला पनि आफ्नो र परिवारको इज्जत जाने डरले त्यो कुरा कसैलाई भनिन् तर उनलाई सहयोग गरेर घरसम्म पुऱ्याइदिने व्यक्तिले भने कमलाको चरित्रमाथि प्रश्न गरी नानाथरी कुरा गाउँमा फैलाएछन् । यति भएपछि इज्जत जोगाउने भन्दै कमलाका बुवाले उनको विवाह त्यही केटासँग गरिदिन्छन् । विवाहपछि समाजले

गर्ने प्रश्न त बन्द भयो तर कमलाको जीवन भने गाह्रो भयो । विवाह भएको दुई महिनामा उनी गर्भवती भईन तर श्रीमान् उनीसँग दिनहु शारीरिक सम्बन्ध राख्न खोज्थे तर त्यो अवस्थामा उनलाई मन हुदैनथियो तर श्रीमान्को अगाडि उनको केही चल्दैन थियो । गर्भवती भएदेखि बच्चा नजन्मिएसम्म उनले दिनहुँ आफ्नो मन नहुँदा पनि श्रीमान्सँग शारीरिक सम्पर्क राख्नुपर्थ्यो । बच्चा जन्मिएपछि पनि उनले दस दिन भन्दा बढी सुख पाईनन् फेरी त्यही रात सुरु भए, जहाँ शारीरिक सम्बन्ध कायम गरेर उनले श्रीमान्लाई खुसी पार्नु पर्थ्यो । यस्तो व्यहार, त्यसै माथि दैनिकी रूपमा घर परिवारको गाली गलौंज, यो देखेर उनलाई आफ्नै जीवन नर्क लाग्थ्यो र धेरै पटक आत्महत्या गर्न मन लाग्थ्यो । हुंदा हुंदा कसैसँग बोलेको देख्दा पनि शंका गर्ने, छोराछोरीको अगाडि नग्न पार्ने समेत गरेका थिए । पाठेघरमा समस्या आएपछि उनी ओरेकले आयोजना गरेको स्वास्थ मेलामा पुगिन र पाठेघरमा भएको समस्याबारे थाहा पाइन् । डाक्टरले केही समय यौन सम्बन्ध नराख्नु भनेपछि उनले श्रीमान्लाई भनिन् तर श्रीमान्ले नमानेपछि उनले ईलाका प्रहरीमा उजुरी दिइन् तर केही फरक परेन, न्यायिक समितिलाई उजुरी गर्दा पनि उनको जीवनमा केही फरक परेन । कही कतैबाट केही नभएपछि कमला अहिले ओरेकको सम्पर्कमा आएकी छिन् र सम्बन्ध विच्छेदको मुद्धा चलाईरहेकी छिन् ।


## ३.३ यौन हिंसा

यौन हिंसा र बलात्कार एकअर्कासँग सम्बन्धित भए पनि तिनीहरूको कानुनी परिभाषा, कार्यविधि र सामाजिक-कानुनी सन्दर्भमा केही फरक छन् । यी शब्दहरूको अर्थ र प्रयोग समयसँगै परिवर्तन हुँदै आएका छन् । विभिन्न अनुसन्धानकर्ता, अभियन्ता, पत्रकार र समुदायहरूले यी शब्दहरू फरक-फरक अर्थमा प्रयोग गर्ने गरेका छन् । यौन हिंसा सबैभन्दा व्यापक अवधारणा हो, जसमा सहमतिको अभावमा गरिने सबै प्रकारका यौनिक व्यवहारहरू पर्दछन्, चाहे शारीरिक सम्पर्क भएको होस् वा नभएको (जस्तैः यौन दुर्व्यवहार, यौन उत्पीडन आदि) । बलात्कार यौन हिंसाको सबैभन्दा निकृष्ट र गम्भीर रूप हो, जसमा सहमतिको अभावमा जबरजस्ती यौन सम्पर्क गरिन्छ । यसरी भन्न सकिन्छ – सबै बलात्कार यौन हिंसा हो, तर सबै यौन हिंसा बलात्कार होइन । व्यक्तिको सहमति विना गरिने यौन वा यौनिक व्यवहार नै यौन दुर्व्यवहार हो ।

नेपालको कानुनमा यौनजन्य दुर्व्यवहार भनेको व्यक्ति विरुद्ध यौनजन्य मनसायले गरिने अनिच्छित आचरण र व्यवहार हो भनी परिभाषित गरिएको छ । यौनजन्य दुर्व्यवहार शारीरिक, मौखिक, लिखित र आचरणद्वारा हुने गर्दछ भनी स्वीकारिएको छ । अनावश्यक रूपमा छुने, अंगालो हाल्ने, बाटो छेक्ने, चिमोट्ने, धाप मार्ने आदि कार्यलाई शारीरिक यौनजन्य दुर्व्यवहार मानिन्छ भने अश्लिल वा अपमानित टिप्पणीहरू गर्ने, फोहोर शब्द बोल्ने, जिस्काउने, यौनजन्य चुट्किलाहरू भन्ने, अप्रीय रूपमा यौनजन्य प्रस्ताव राख्ने, आमन्त्रण दिने वा सोको लागि दवाव दिने आदि कार्यलाई मौखिक यौनजन्य दुर्व्यवहार मानिन्छ । त्यस्तै फोहर र उत्तेजक चित्रहरू देखाउने, यौनजन्य सामग्रीहरू वितरण गर्ने कार्य लिखित यौनजन्य दुर्व्यवहार हो भने घुरेर हेर्ने, आँखा जुधाउने, यौनजन्य अश्लिल इसाराहरू गर्ने कार्यलाई आचरण जन्य यौनजन्य दुर्व्यवहारको कोटिभित्र राखिएको पाइन्छ । नेपाली कानुनले यस्तो घटना घटेमा प्रभावितले प्रमाणसहित उजुरी दिन सक्ने र पीडकलाई सजाय हुने र प्रभावितले क्षतिपूर्ति समेत पाउने व्यवस्था गरेको छ । यद्यपि, प्रभावित आफैंले प्रमाणको व्यवस्था गर्नुपर्ने अवस्था छ भने यौन हिंसा जस्ता घटना पीडकले प्रभावित एक्लै भएको बेलामा गर्ने हुँदा साक्षी तथा प्रमाण सङ्कलनमा कठिनाई हुने भएकाले पीडकलाई दोषी करार गर्न कठिन छ भने पीडित/प्रभावितलाई नै दोषारोपण गर्ने, चुप बस्न बाध्य पार्ने र न्यायको पहुँचबाट टाढा राख्ने प्रवृत्ति प्रचलित छ ।

महिलावादीहरूले यौन हिंसालाई केवल व्यक्तिगत अपराध वा यौन व्यवहारको दुरुपयोगका रूपमा होइन, असमान शक्ति सम्बन्ध र पितृसत्तात्मक नियन्त्रणको परिणामका रूपमा हेर्छ । यौन हिंसा समाजमा गहिरो रूपमा जरा गाडेको लैङ्गिक, जातीय, वर्गीय र सांस्कृतिक असमानताको अभिव्यक्ति हो भनेर परिभाषित गर्दछ । त्यसैले, महिलावादीले यौन हिंसाको प्रतिवाद केवल अपराधीलाई सजाय दिनमा सीमित हुन हुँदैन । यो प्रभावितहरूको अनुभव, आवाज र मर्यादालाई केन्द्रमा राख्ने न्याय प्रक्रिया हुनुपर्छ । त्यस्तै, न्यायिक प्रणाली मात्र होइन, स्वास्थ्य, शिक्षा र सामाजिक प्रणालीहरूले पनि पीडित तथा प्रभावितको उपचार, पुनर्स्थापना र रोकथाममा भूमिका खेल्नुपर्छ भने यौन हिंसामा लिङ्ग, जात, वर्ग, रङ, धर्म, अपाङ्गता वा आप्रवासी स्थिति जस्ता कारकहरूले कसरी प्रभाव पार्छन् भन्ने बुझ्नुपर्छ भन्दै शक्ति, साम्राज्यवाद र संरचनात्मक असमानतालाई पनि चुनौती दिन्छ ।

### ३.३.१ प्रदेशगत विवरण





जम्मा : ६९

**चित्र नं. ३.३.१** प्रदेशगत विवरण

यौन हिंसाको घटना नेपालका सबै प्रदेशमा विद्यमान रहेको छ। गत वर्ष २०८०/८१ को तथ्याङ्कलाई हेर्दा यस वर्षको यौन दुर्व्यवहारको तथ्याङ्क दोब्बर भन्दा पनि बढी भएको पाइएको छ। मधेश प्रदेशमा ४४.९ प्रतिशत (३१ जना), कोशी प्रदेशमा जम्मा २४.६ प्रतिशत (१७ जना), बागमती प्रदेशमा ७.२ प्रतिशत (५ जना), कर्णाली प्रदेशमा १५.९ प्रतिशत (११ जना), सुदूरपश्चिम प्रदेशमा ५.८ प्रतिशत (४ जना) र लुम्बिनी प्रदेशमा १.४ प्रतिशत (१ जना) यौन दुर्व्यवहारका घटना अभिलेख भएको छ।

### ३.३.२ उमेरगत विवरण

सबै उमेर समूहका महिला तथा बालिकामाथि यौन हिंसा भएको देखिन्छ। यस वर्ष कुल यौन हिंसाका घटना मध्ये २६.१ प्रतिशत (१८ जना) १८ वर्ष मुनिका बालिका तथा किशोरीहरू माथि यौन हिंसा भएका छन्। त्यसैगरी, १८ देखि २५ वर्ष उमेर समूहका ४०.६ प्रतिशत (२८ जना), २६ देखि ३५ उमेर समूहका महिला ११.६ प्रतिशत (८ जना), ३६ देखि ४५ वर्ष उमेर समूहका १४.५ प्रतिशत (१० जना), ४६ देखि ५५ उमेर समूहका २.९ प्रतिशत (२ जना) रहेका छन् भने ५६ वर्ष र सो भन्दा माथिका ४.३ प्रतिशत (३ जना) रहेका छन्।




जम्मा : ६९


**चित्र नं. ३.३.२** उमेरगत विवरण

यौन हिंसा केवल उमेरसँग सम्बन्धित समस्या नभई समाजको संरचनात्मक समस्या हो । सबै उमेर समूहका महिलाहरूले यस्तो हिंसाको सामना गरिरहनु भनेको महिलामाथि हुने यौन हिंसा रोक्न कानून कार्यान्वयन र जनचेतना अभिवृद्धिमा थप प्रयासको खाँचो रहेको छ । विशेष गरी, बालिका र युवतीहरू जोखिममा रहनु र वृद्ध महिलाहरूमा समेत यौन हिंसा दर्ता हुनु गम्भीर चिन्ताको विषय हो ।

### ३.३.३ शिक्षा

यस वर्ष प्राप्त तथ्याङ्कका आधारमा कुल ६९ यौन हिंसाका घटना मध्ये ७८.३ प्रतिशत साक्षर (५४ जना) र २१.७ प्रतिशत (१५ जना) निरक्षर महिलामाथि यौन हिंसा भएको पाइएको छ । यसैगरी, महिलाको शैक्षिक अवस्था हेर्दा ४६.३ प्रतिशत (२५ जना) आधारभूत तह अध्ययन गरेका, ३८.९ प्रतिशत (२१ जना) माध्यमिक तहसम्मको अध्ययन गरेका तथा १४.८ प्रतिशत (८ जना) स्नातक तह अध्ययन गरेका महिलामाथि यौन हिंसा भएको पाइएको छ । तर अभिलेख गरिएको तथ्याङ्कमा न्याय खोज्न वा उजुरी गर्न निरक्षर महिला भन्दा साक्षर र शिक्षित महिला बढि अग्रसर र सचेत भएका कारणले पनि साक्षर महिलाको सङ्ख्या धेरै र निरक्षर महिलाको सङ्ख्या थोरै भएको हुन सक्ने अनुमान गर्न सकिन्छ ।








जम्मा : ६९

**चित्र नं. ३.३.३ :** शैक्षिक अवस्था **चित्र नं. ३.३.४ :** साक्षरताको अवस्था

### ३.३.४ वैवाहिक स्थिति

यौन हिंसाबाट प्रभावित महिलाहरूमध्ये सबैभन्दा बढी ५०.७ प्रतिशत (३५ जना) विवाहित महिला रहेका छन् भने ३७.७ प्रतिशत (२६ जना) अविवाहित रहेका छन् । यौन हिंसा विवाहित र अविवाहित मात्र नभएर अन्य वैवाहिक अवस्था भएका महिला पनि रहेको पाइएको छ । ५.८ प्रतिशत (४ जना) विवाहित तर सँगै नबसेको, २.९/२.९ प्रतिशत (२/२ जना) पारपाचुके (सम्बन्ध विच्छेद) गरेका र अविवाहित तर सँगै बसेका महिलामाथि यौन हिंसा भएको पाइएको छ । विवाहित महिलाहरूमा यस्तो हिंसा प्रायः पति वा परिवारका सदस्यहरूबाट हुने सम्भावना उच्च रहन्छ, जसले वैवाहिक सम्बन्धमा लैङ्गिक असमानता र पुरुष वर्चस्वलाई देखाउँछ । यस अवस्थामा वैवाहिक स्थिति महिलाको लागि कुनै सुरक्षा कवच नभएको र सबै उमेर र वैवाहिक अवस्थाका महिलाहरू हिंसाको शिकार बन्न सक्ने देखिन्छ ।





जम्मा : ६९

**चित्र नं. ३.३.५ :** वैवाहिक अवस्था

### ३.३.५ जात/जातीयता

यौन हिंसा प्रभावित महिलाहरूको जातिगत तथ्याङ्कलाई हेर्दा सबैभन्दा बढी ३४.८ प्रतिशत (२४ जना) मधेशी जातिका रहेका छन् । त्यस्तै, ब्राम्ह्ण/क्षेत्री पहाडका भने १३.० प्रतिशत (९ जना) रहेका छन् भने ११.६ प्रतिशत (८ जना) तराई जनजाति, १०.१/१०.१ प्रतिशत (७/७ जना) पहाडका जनजाति र तराई दलित, ८.७ प्रतिशत (६ जना) पहाडी दलित, ७.२ जना (५ जना) ब्राम्ह्ण/क्षेत्री तराई र ४.३ प्रतिशत (३ जना) मुस्लिम समुदायका रहेका छन् । यस तथ्याङ्कले यौन हिंसा कुनै एक जाति वा समुदायमा मात्र सीमित छैन, सबै जाति तथा समूहका महिलाहरू समान रूपमा हिंसाको सिकार भइरहेका छन् भन्ने देखिन्छ । जातीय र सामाजिक स्तरमा भिन्नता हुँदाहुँदै पनि यौन हिंसामा समानता देखिनुले जातीय पहिचान भन्दा गहिरो सामाजिक संरचनागत परिवर्तनको आवश्यकता देखिन्छ ।





जम्मा : ६९

**चित्र नं. ३.३.६ :** जातिगत अवस्था

### ३.३.६ पेसागत अवस्था

यौन हिंसा प्रभावित भएका जम्मा ६९ जना मध्ये २१.७ प्रतिशत (१५ जना) घरायसी काममा संलग्न महिला रहेका छन्। घरायसी काममा संलग्न महिलाहरू नै यौन दुव्यर्वहारबाट प्रभावित हुनुले यो देखिन्छ कि सबै महिलाहरूको लागि घर एक सुरक्षित स्थल रहेको छैन। स्कुल पढ्दै गरेका बालिका तथा महिला बालिकाको सङ्ख्या पनि धेरै नै रहेको पाइएको छ। जुन कुरा ३६.२ प्रतिशत (२५ जना) बालिका विद्यार्थीमा यौन हिंसा भएको तथ्याङ्कले पुष्टि गर्दछ। शैक्षिक संस्थाहरूमा समेत सुरक्षा चुनौती रहेको संकेत यी तथ्याङ्कले गर्छ। बालिका विद्यार्थीहरू यौन हिंसाको जोखिममा परिरहेको तथ्यले विद्यालय र शैक्षिक स्थानमा सुरक्षाका लागि प्रभावकारी उपायहरू आवश्यक रहेको देखाउँछ। त्यसैगरी, ७.२ प्रतिशत (५ जना) दैनिक ज्याला मजदुरी गर्ने, १८.८ प्रतिशत (१३ जना) कृषि पेसा, १.४ प्रतिशत (१ जना) सामान्य व्यापार व्यवसायमा संलग्न, ८.७ प्रतिशत (६ जना) गैरसरकारी क्षेत्र, ४.३ प्रतिशत (३ जना) निजी काममा, १.४ प्रतिशत (१ जना) घरेलु कामदारको रूपमा रहेका महिलामाथि यौन हिंसा भएको छ। यी तथ्यहरूले औपचारिक सुरक्षा व्यवस्थाको कमी भएका क्षेत्र र रोजगारीका असङ्गठित क्षेत्रहरूमा महिला हिंसाको जोखिम उच्च हुने देखाउँछ।





जम्मा : ६९

**चित्र नं. ३.२.७ :** पेशागत अवस्था

### ३.३.७ आरोपितसँगको सम्बन्ध

महिलाहरू नचिनेको व्यक्ति भन्दा चिने जानेका र आफ्नै वरिपरिका व्यक्तिहरूबाट यौन हिंसामा परेका छन् । सबैभन्दा बढी २४.६ प्रतिशत (१७ जना) आफ्नो श्रीमान्‌बाट हिंसामा परेका छन् भने १५.९ प्रतिशत (११ जना) मुख्य हेरचाहकर्ताबाट, १३ प्रतिशत (९ जना) समुदायका सदस्यबाट, ११.६ प्रतिशत (८ जना) प्रेमीबाट, १०.१/१०.१ प्रतिशत (७/७ जना) छिमेकी र परिवारका सदस्यबाट, ४.३/४.३ प्रतिशत (३/३ जना) अविवाहित तर सँगै बसिरहेको साथीबाट र साथीबाट हिंसामा परेका छन् भने बाँकी १ प्रतिशत (१ जना) शिक्षकबाट यौन हिंसामा परेको तथ्याङ्क अभिलेख भएको छ । यसले सामाजिक सम्बन्धमा विश्वास र सीमाको उल्लङ्घनलाई उजागर गर्छ ।





जम्मा : ६९

जम्मा : ६९

**चित्र नं. ३.३.८ :** आरोपितसँगको सम्बन्ध

### ३.३.८ असर

यौन हिंसाले महिलाहरूको जीवनमा बहु-आयामिक असर पार्ने देखाउँछ। महिलामाथि हुने यौन हिंसाका कारण प्रभावितलाई मानसिक, शारीरिक, सामाजिक, आर्थिक र सबै प्रकारका असर परेको पाइएको छ। जसमा कुल ६९ जना महिलामाथि यौन हिंसा भएकोमा ९७.१ प्रतिशतमा मानसिक असर, ९४.२ प्रतिशतमा सामाजिक असर, ९२.८ प्रतिशतमा आर्थिक असर, ८८.४ प्रतिशतमा शारीरिक असर परेको पाइएको छ।




जम्मा : ६९

**चित्र नं. ३.३.९** : असर

## निष्कर्ष

यौन दुर्व्यवहारको समस्या नेपालका सबै प्रदेशमा व्याप्त छ। महिला तथा किशोरीहरू माथि उनीहरूको इच्छा विपरीत यौनिक गतिविधिहरू जस्तै आफूलाई असहज लाग्ने छुवाइ, हेराइ, हाउभाउ, जिस्काउने, आँखा भिम्काउने, अश्लिल शब्द प्रयोग गर्ने, जथाभावी छुने, यौनजन्य सामग्री देखाउने जस्ता गतिविधिहरू हुने गरेका छन्। यी कार्य केवल व्यक्तिगत वा आकस्मिक अपराध होइन, यो पितृसत्तात्मक संरचना, लैङ्गिक असमानता, महिला र पुरुषबीचको असमान शक्ति सम्बन्धको उपज हो।

सबै उमेर समूह, शैक्षिक अवस्था, वैवाहिक स्थिति, जात, व्यवसाय गर्ने महिलाहरू यसको जोखिममा रहेको देखिन्छ । मुख्यत : यौन हिंसा तथा दुर्व्यवहारको घटनाहरू सम्पूर्ण उमेर समूह र जाति/जातीयताका महिलाहरूमा देखा परे पनि किशोरी र युवा महिलाहरू उच्च जोखिममा छन् भने विवाहित महिलाहरू पनि आफ्नै परिवारभित्रबाट दुर्व्यवहारको सामना गर्न बाध्य छन् । त्यस्तै, घरेलु काममा संलग्न महिला र बालिका विद्यार्थीहरू पनि यौन हिंसाको उच्च जोखिममा देखिएका छन्, जसले रोजगारीका असङ्गठित क्षेत्र र शैक्षिक संस्थाहरूमा सुरक्षा अभावलाई औंल्याउँछ । यसरी परिवार, कार्यक्षेत्र, शैक्षिक संस्था वा सार्वजनिक स्थानमा हुने यौन हिंसा तथा दुर्व्यवहारका घटनाले महिला स्वतन्त्रता र सार्वभौमिकतामा गम्भीर आँच पुऱ्याउने गरेका छन् । समाजमा चिनेका व्यक्तिहरूबाट नै महिलाहरू बढी यौन हिंसा तथा दुर्व्यवहारबाट प्रभावित भएको तथ्यले सामाजिक सम्बन्धमा भएको  विश्वासघातलाई उजागर गरेको छ । यसरी महिलामाथि हुने यौन हिंसा र दुर्व्यवहारले समाजमा जरो गाडेर बसेको 'पुरुष वर्चस्व' र ' महिलाको मौनता'को संस्कृतिलाई निरन्तरता दिएको छ । त्यसैले, नेपाल सरकारले कानुनी रूपमा यौन हिंसाका सबै स्वरूपलाई स्पष्ट परिभाषित गर्दै प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्नुपर्छ, जसमा अनुसन्धान, अभियोजन र न्यायिक प्रक्रियामा पीडित/प्रभावित मैत्री दृष्टिकोण अनिवार्य होस् । प्रहरी, अभियोजनकर्ता र अदालतमा कार्यरत व्यक्तिहरूको लैङ्गिकमैत्री दृष्टिकोणका लागि निरन्तर क्षमता अभिवृद्धि आवश्यक छ, ताकि राज्यका निकायहरूबाट प्रभावितलाई दोषारोपण नभई न्याय र सम्मान प्राप्त होस् ।

अर्कोतिर प्रभावितहरूले मानसिक, शारीरिक, सामाजिक र आर्थिक गरी बहुआयामिक असर व्यहोरेको देखिन्छ । जस्तैः प्रभावित महिलाहरूले हिंसा पश्चात् मानसिक तनाव बढेको, आर्थिक अवसर गुमाउनु परेको र समाजमा कलंकको सामना गर्न परेको अवस्था छ । त्यसैले, न्यायको पहुँच स्थापित गर्दै फौजदारी प्रहरी, अदालत तथा अन्य सेवा प्रदायक संस्थाले प्रभावितमैत्री सेवा विस्तार गर्नु आवश्यक छ । यौन हिंसा प्रभावितहरूलाई निःशुल्क कानुनी सहयोग, मनोपरामर्श, स्वास्थ्य उपचार गर्ने र स्वः हेरचाह सम्बन्धित कार्यक्रम सहज र गोपनीय रूपमा उपलब्ध गराउन आवश्यक छ । साथै, यौन हिंसा रोकथामका लागि विद्यालयहरूमा लैङ्गिक समानता, यौनिकता शिक्षा र सहमतिको अवधारणा समावेश गर्नु आवश्यक छ । अन्ततः यौन हिंसाको अन्त्यका लागि केवल कानुनी सुधार होइन, सामाजिक रूपान्तरण अपरिहार्य छ । त्यस्तो रूपान्तरण जसले

महिलाको स्वतन्त्रता, गरिमा र शरीरमाथिको अधिकारलाई स्वीकार र संरक्षण गर्छ। राज्यले महिला अधिकारलाई मानव अधिकारको अभिन्न हिस्सा मानेर कानुनी, नीतिगत र संस्थागत सुधार अघि बढाए मात्र यौन हिंसामुक्त, समान र न्यायपूर्ण समाज निर्माण सम्भव हुनेछ।

## घटना अध्ययन ६
## दाइजो र महिला हिंशा

अप्रिसा (परिबर्तित नाम) २६ वर्षीय महिला हुन्। दुई दाजु भाइको एक्ली बहिनी उनी, उनको बाल्यकाल सुख मै बित्यो। बुवा पनि व्यापार व्यवसायमा संलग्न भएकाले उनको जीवन, पढाइ सबै राम्रो चलिरहेको थियो। अप्रिसा १२ कक्षामा पढिरहदा एकदिन अचानक उनको घरमा केही पाहुना आएका थिए, उनलाई पछि मात्र थाहा भयो कि ती पाहुना उनलाई विवाहको लागि हेर्न आएका थिए। घर परिवार राम्रो भएकाले अप्रिसाको घरबाट उनको विवाह गरीदिने निधो गरे, केटा पनि पेसाले इन्जिनियर र अरू भाइ बहिनी पनि डाक्टरी अध्ययन गरी रहेका थिए। दुवै परिवारको राजी खुशी मञ्जुरी भएपछि सुन चादिको लेनदेन (दाइजो) दिइ बिहे सम्पन्न भयो। बिहेको भोलिपल्ट थाहा भयो कि विवाहको दिन पनि उनको र श्रीमान्को घरको कुरा चित्त बुझेको थिएन तर बाहिरी रूपमा देखाएनन्। पार्टिको दिन नन्द लड्न लाग्दा उनले हात दिइन् तर नन्दले उल्टै उनलाई आरोप लगाई झगडा गरिन्। त्यही दिनदेखि उनलाई घरमा नराम्रो व्यवहार गर्न थालियो र यदि श्रीमान्को घरमा बस्ने हो भने माइतीसँग कुनै पनि नाता सम्बन्ध नराख्न दवाव दिइयो। उनले आफ्नो पहिलो सन्तान जन्मदा पनि माइतीमा खबर गरिनन् र दाजुभाइको बिहे हुँदा होस् या हजुरआमा बित्दा उनी माइती गईनन्। यति गर्दा पनि उनलाई सुख मिलेन। आफूमाथि कुटपिट भएपछि उनले माइती पक्षलाई बोलाइन तर उल्टै उनको माइती पक्षलाई नै कुटपिट गरियो। उनका श्रीमान् काममा बाहिर जाँदा उनलाई उनको ससुराले यौन दुर्व्यवहार गर्ने गरेको र यही कुरा श्रीमान्लाई बताउँदा श्रीमान् तथा घरपरिवार मिलेर कुटपिट

गर्ने गर्थे । उनी माथि यस्तो यौन दुर्व्यवहार कयौं पटक भयो तर प्रतिकार गर्दा उल्टै कुटपिट सहनु पर्‍यो । उनी दोस्रो पटक गर्भवती हुँदा, उनको श्रीमान्ले उनलाई माइतीमा लगेर छोडिदिए । छोरा जन्मिएर न्वारन गर्दा समेत उनका श्रीमान् मेरो बच्चा होइन भनेर आएनन् । पछि डि.एन.ए परीक्षण गरेर उनकै छोरा हो भन्ने प्रमाणित भएपछि उनले घर लगे तर फेरी त्यही पुरनो व्यवहार सुरु भयो । एकदिन उनलाई श्रीमान्ले निर्घात कुटपिट गरेर घरबाट निकालिदिए पछि रोडमा रुँदै बस्दै गरेकी थिइन्, त्यही समयमा एक जना रिक्सा चालकले उनलाई सोधखोज गरी जिल्ला प्रहरीमा पु‍र्‍याइ दिएका थिए ।

जिल्ला प्रहरीको सहयोगमा उनको श्रीमान्लाई सम्झाई नागरिकताको लागि पहल गरी, नागरिकता, विवाहदर्ता र बच्चाहरूको जन्मदर्ता गराइन् । माइतीमा बस्न सजिलो नभएपछि उनले अदालती प्रक्रिया अघि बढाउन थालिन् तर कुनै वकिलले साथ दिएनन् । कसैले लड्न सक्दैनौ, हार्छौ भनी मनोबल घटाउने, कसैले पैसा बिना केस लिन अस्वीकार गरे पछि स्थानीय तहको सहयोगमा उनले मुद्दा दर्ता गरिन् तर हाल एक वर्ष भईसक्दा पनि प्रभावितले न्याय नपाएको अवस्था छ ।

## ३.४ घरेलु हिंसा

घरेलु हिंसा केवल व्यक्तिगत वा पारिवारिक समस्या होइन, यो समाजमा विद्यमान शक्ति सम्बन्धको असमानता र पितृसत्तात्मक संरचनाको परिणाम हो । हिंसाको कारणलाई केवल व्यक्तिगत व्यवहार, मानसिक अवस्था वा परिवारभित्रको विवादका रूपमा हेर्ने दृष्टिकोणले यसको संरचनागत जरा ओझेलमा पार्ने गर्छ । घरेलु हिंसा त्यस्तो माध्यम हो, जसद्वारा पुरुष सदस्यले महिलामाथि नियन्त्रण, दमन र अधिपत्य कायम राख्ने गर्छ ।


महिलावादी सिद्धान्तले घरेलु हिंसालाई केवल व्यक्तिगत वा पारिवारिक समस्या होइन, बरु सामाजिक संरचनामा निहित पितृसत्तात्मक मूल्य र सत्ताको असमान वितरणको परिणामका

रूपमा व्याख्या गर्छ। पितृसत्तात्मक समाजमा पुरुषलाई "घरमूली" तथा महिलालाई "परनिर्भर र आज्ञापालक"को भूमिकामा सीमित गरिन्छ। यस्तो सामाजिक संरचनाले महिलामाथि नियन्त्रण र निर्भरता सिर्जना गर्छ, जसले हिंसाको वातावरण तयार गर्छ। महिलावादी दृष्टिकोण अनुसार, घरेलु हिंसाको जरो लैङ्गिक भूमिकाको असमानता, आर्थिक निर्भरता र सामाजिक मौनतामा हुन्छ। कानुन र न्याय प्रणाली पनि प्रायः पुरुष केन्द्रित सोचमा आधारित भएकाले महिलाको अनुभव, पीडा र आवश्यकतालाई पर्याप्त रूपमा सम्बोधन गर्न असफल हुन्छ भनिन्छ।

नेपालमा "घरेलु हिंसा (अपराध तथा सजाय) ऐन, "२०६६" लागू भएको छ, जसले घरेलु हिंसालाई कानुनी रूपमा अपराधका रूपमा परिभाषित गरेको छ। यस ऐनले शारीरिक, मानसिक, यौनिक र आर्थिक हिंसाका सबै स्वरूपहरूलाई अपराध मानेको छ। पीडित/प्रभावितलाई सुरक्षा, पुनर्स्थापना र न्यायको अधिकार सुनिश्चित गरेको छ। ऐनअनुसार दोषीलाई जरिवाना वा कैद सजायको व्यवस्था छ, साथै पीडित/प्रभावितका लागि अस्थायी सुरक्षाको आदेश (Protection order) र पुनर्स्थापना सेवाहरूको प्रावधान पनि गरिएको छ। यो कानुनले स्पष्ट सन्देश दिन्छ कि घरेलु हिंसा अब निजी विषय होइन। यो मानव अधिकार उल्लङ्घन हो, जसमा राज्यले हस्तक्षेप गर्नुपर्छ। यसले राज्यको दायित्वलाई निजी क्षेत्रभित्र पनि विस्तार गरेको छ, जसले नागरिकको सुरक्षालाई घर परिवार भित्रसम्म सुनिश्चित गर्न खोजेको हो। तर, यस कानुनको कार्यान्वयनमा धेरै कमजोरीहरू छन्। कानुनी प्रक्रिया अझै पनि पीडित/प्रभावित मैत्री छैन, उजुरी दिने महिलाहरूले सामाजिक कलंक, दवाव र आर्थिक निर्भरता जस्ता कारणले उजुरी फिर्ता लिने गर्छन्। प्रहरी र न्यायिक निकायमा लैङ्गिक दृष्टिकोणको अभाव र समाजमा "घरेलु मामिला"को रूपमा हिंसालाई सामान्यीकरण गर्ने प्रवृत्तिले कानुनको प्रभावकारिता घटाएको छ। ओरेकले सङ्कलन गरेको तथ्याङ्कमा पहिलेको वर्ष जस्तै सबैभन्दा बढी घरेलु हिंसा रहेको छ, जसले यसको व्यापकतालाई देखाउँछ।

### ३.४.१ प्रदेशगत विवरण

यस वर्षको तथ्याङ्क अनुसार महिलामाथि हुने हिंसाहरू मध्ये घरेलु हिंसा अत्यधिक मात्रामा अर्थात ९२१ जनाले घटना दर्ता गराएको देखिन्छ। सात वटै प्रदेशमा महिलामाथि भएका घरेलु हिंसाका घटनाहरूको विस्तृत विवरणले यो समस्या कुनै विशेष क्षेत्रसम्म सीमित नरहेको देखाउँछ, बरु यसले महिलामाथि हुने हिंसाहरू सम्पूर्ण देशभरि नै फैलिएको देखिन्छ।




जम्मा : ९२१


**चित्र नं. ३.४.१** : प्रदेशगत विवरण

यस वर्ष सङ्कलित तथ्याङ्क अनुसार सबै भन्दा बढी हिंसाका घटना कर्णाली प्रदेशबाट अभिलेखीकरण भएका छन् । कर्णाली प्रदेशमा ३९.५ प्रतिशत (३६४ जना) त्यसैगरी, क्रमश : २५.१ प्रतिशत (२३१ जना) कोशी प्रदेशबाट, १७.७ प्रतिशत (१६३ जना) मधेश प्रदेशबाट, ८.१ प्रतिशत (७५ जना) लुम्बिनी प्रदेशबाट, ५.५ प्रतिशत (५१ जना) बागमती प्रदेशबाट, ३.६ प्रतिशत (३३ जना)

सुदूरपश्चिम प्रदेशबाट, ०.२ प्रतिशत (२ जना) गण्डकीबाट र बाँकी ०.२ प्रतिशत (२ जना) अन्य देशबाट घटना अभिलेख भएका छन्। विदेशमा भएका हिंसाका घटनाहरूको अभिलेखले हाम्रो समाजमा हुने हिंसाको जटिलता र व्यापकतालाई दर्शाउँछ।

### ३.४.२ घरेलु हिंसाका प्रकार

घरेलु हिंसालाई ओरेकले अभिलेखीकरणका आधारमा शारीरिक हिंसा, मानसिक हिंसा, स्रोत साधानबाट वञ्चितीकरण, यौन हिंसा, चारित्रिक आरोप लगायतलाई विश्लेषण गर्ने गरेको छ। अभिलेख गरिएका घरेलु हिंसाका तथ्याङ्कमा यस वर्ष महिलाहरूमाथि शारीरिक, मानसिक र आर्थिक हिंसा साथै महिलालाई दिईएको धम्की, चारित्रिक आरोप र स्रोत साधनबाट वञ्चित भएको पाइएको छ। घटनालाई हेर्दा महिलामाथि कुनै एउटा हिंसा मात्र नभएर विभिन्न खालका हिंसा भएको पाइएको छ जुन तल दिइएका चित्रले पनि पुष्टी गर्छ।




जम्मा : ९२१


**चित्र नं ३.४.२ :** घरेलु हिंसाका प्रकारहरू

अभिलेख भएका कुल ९२१ घटनाहरू मध्ये ८२.८ प्रतिशत (७६३ जना)लाई शारीरिक हिंसा भएको पाइएको छ भने ८६.९ प्रतिशत (८०० जना) लाई गालीगलौंज, ७३.९ प्रतिशत (६८१ जना)माथि चारित्रिक आरोप, ८५.९ प्रतिशत (७९१ जना)लाई स्रोत साधनबाट वञ्चित गरेको र ६२.९ प्रतिशत (५७९ जना) महिलालाई धम्की दिने गरेको तथ्याङ्क अभिलेख भएको छ । यस तथ्याङ्कले घरेलु हिंसाका प्रभावित महिलाहरूले एक भन्दा बढी हिंसाको सामना गरिरहेका छन् भन्ने इंकित गर्दछ, जुन अत्यन्तै चिन्ताजनक विषय हो ।

### ३.४.३ उमेरगत विवरण

घरेलु हिंसा प्रभावितको उमेरलाई दुई भागमा विभाजन गरी तथ्याङ्कको विश्लेषण गरेको छ । पहिलो, घरेलु हिंसाबाट प्रभावित महिलाको उमेर र दोस्रो, प्रभावितको विवाह गर्दाको उमेर । यस वर्ष घरेलु हिंसा प्रभावितहरू मध्ये सबै भन्दा बढी २६ देखि ३५ वर्ष उमेर समूहका महिला घरेलु हिंसाबाट प्रभावित भएको पाइएको छ । यस उमेर समूहका महिला ३५.४ प्रतिशत (३२६ जना) रहेका छन् । यसैगरी क्रमश: १८ देखि २५ वर्ष उमेर समूहका ३०.६ प्रतिशत (२८२ जना), ३६ देखि ४५ वर्ष उमेर समूहका २१ प्रतिशत (१९३ जना), ४६ देखि ५५ वर्ष उमेर समूहका ७.१ प्रतिशत (६५ जना), १८ वर्ष भन्दा कम उमेर समूहका १.८ प्रतिशत (१७ जना) ५६ भन्दा माथि उमेर समूहका ३.८ प्रतिशत (३५ जना) र ०.३ प्रतिशत (३ जना) नखुलाएका र महिलामाथि घरेलु हिंसा भएको पाइएको छ ।

त्यसैगरी, घरेलु हिंसाका घटनामा विवाह गर्दाको उमेर हेर्दा सबैभन्दा धेरै ८५.२ प्रतिशत (७५१ जनाको)को विवाह २० वर्ष भन्दा कम उमेरमा भएको पाइएको छ । जम्मा १२.० प्रतिशत (१०६ जना)को मात्र विवाह गर्दाको उमेर २० वर्ष भन्दामाथि रहेको पाइएको छ र बाँकी २.७ प्रतिशत (२४ जना)को विवाहको उमेर भने खुलेको छैन । यस तथ्याङ्कले कम उमेरमा विवाह गर्ने महिलाहरूको परिपक्वता र सशक्तिकरणमा कमी हुनु र त्यसका कारण घरेलु हिंसामा पर्नु पर्ने सम्भावनालाई पुष्टि गर्दछ ।





जम्मा : ९२१

**चित्र नं. ३.४.३ :** उमेरगत विवरण


### ३.४.४ शिक्षा

घरेलु हिंसा र शैक्षिक अवस्थालाई विश्लेषण गर्दा निरक्षर तथा साक्षर, जस्तैः आधारभूत शिक्षा, माध्यमिक शिक्षा, स्नातक तह, स्नातकोत्तर तह, प्रौढ शिक्षा र प्राविधिक शिक्षा हासिल गरेका महिलामा कुनै न कुनै रूपमा हिंसा भएको पाइएको छ। कुल ९२१ जना महिला मध्ये ७८ प्रतिशत (७१८ जना) साक्षर र २२ प्रतिशत (२०३ जना) निरक्षर महिलामाथि घरेलु हिंसा भएको तथ्याङ्कले देखाएको छ। कुल ७१८ साक्षर महिलाहरूमा ४६.२ प्रतिशत (३३२ जना) आधारभूत शिक्षा, ३९.८ प्रतिशत (२८६ जना) माध्यमिक शिक्षा, ६.७ प्रतिशत (४८ जना) स्नातक वा सो भन्दा माथि, ७.१ प्रतिशत (५१ जना) प्रौढ शिक्षा र ०.१ प्रतिशत (१ जना) प्राविधिक शिक्षा हासिल गरेका महिलाहरू घरेलु हिंसाबाट प्रभावित भएको पाइएको छ।




जम्मा : ९२१

**चित्र नं. ३.४.४ :** शैक्षिक अवस्था





जम्मा : ७१८

**चित्र नं ३.४.५ :** साक्षरताको अवस्था

### ३.४.५ वैवाहिक अवस्था

घरेलु हिंसाबाट प्रभावित महिलाहरूको वैवाहिक अवस्था विश्लेषण गर्दा विवाहित महिला ८४.१ प्रतिशत (७७४ जना) सबैभन्दा बढी हिंसाको जोखिममा रहेको देखिन्छ। यस पश्चात् विवाहित तर श्रीमान्सँग नबसेका वा छुट्टै बसेका ८.३ प्रतिशत (७६ जना), अविवाहित तर सँगै बसेको, ३.३ प्रतिशत (३० जना) अविवाहित, २.४ प्रतिशत (२२ जना) एकल तथा विधवा महिला, १.१ प्रतिशत अर्थात १० जना अविवाहित तर सँगै बसेका र ०.९ प्रतिशत (८ जना) पारपाचुके (सम्बन्ध विच्छेद) गरेका रहेका छन्।

यस तथ्याङ्कले वैवाहिक सम्बन्ध अन्त्य भए पश्चात् पनि महिलाहरूले पूर्व पतिबाट हिंसा व्यहोर्नु परेको छ तर घरेलु हिंसासम्बन्धी कानूनले यस्ता हिंसालाई घरेलु सम्बन्धमा समेटेको छैन भन्ने देखाउछ। अतः महिलाहरूको सुरक्षा र अधिकार सुनिश्चित गर्नका लागि यस्ता खालका सबै प्रकारका हिंसालाई समेट्ने कानूनी संरचना आवश्यक छ।





जम्मा : ९२१

**चित्र नं. ३.४.६ :** वैवाहिक अवस्था

### ३.४.६ जातिगत अवस्था

घरेलु हिंसाका मुद्दाहरूलाई समाधान गर्न जातीयता र सांस्कृतिक विशेषताहरूलाई ध्यानमा राखेर कार्यक्रम तथा रणनीतिहरू विकास गर्नु आवश्यक छ । यस वर्ष प्राप्त तथ्याङ्कका आधारमा विश्लेषण गर्दा घरेलु हिंसा प्रभावित महिला भित्र पनि सबैभन्दा बढी २७.१ प्रतिशत (२५० जना) पहाडी ब्राह्मण/क्षेत्री र पहाडी दलित २१.६ प्रतिशत (१९९ जना) रहेको पाइएको छ । त्यसैगरी, १४.२ प्रतिशत (१३१ जना) तराई जनजाति, १३.४ प्रतिशत (१२३ जना) मधेशी, १०.९ प्रतिशत (१०० जना) पहाडी जनजाति, ५.५ प्रतिशत (५१ जना) तराई दलित, ४.२ प्रतिशत (३९ जना) तराई ब्राह्मण/क्षेत्री, २.६ प्रतिशत (२४ जना) मुस्लिम र ०.४ प्रतिशत (४ जना) अन्य जातिका महिला रहेका छन् ।





जम्मा : ९२१

**चित्र नं. ३.४.७** जात/जातीगत अवस्था

### ३.४.७ पेसा व्यवसाय

यस वर्ष प्राप्त तथ्याङ्कले घरेलु हिंसाका घटनाहरूले विविध पेशागत पृष्ठभूमिका महिलाहरूलाई प्रभावित पारेको देखिन्छ। जसमा ३६.२ प्रतिशत (३३३ जना) घरायसी काम, ३७.१ प्रतिशत (२४२ जना) कृषि तथा पशुपालन, १२.७ प्रतिशत (११७ जना) दैनिक ज्याला मजदुरीमा संलग्न, १.८ प्रतिशत (१७ जना) विद्यार्थी, ४.९ प्रतिशत (४५ जना) सामान्य व्यापार, व्यवसाय गर्ने, ०.८ प्रतिशत (७ जना) घरेलु कामदार, १.० प्रतिशत (९ जना) निजी क्षेत्र, १.२ प्रतिशत (११ जना) गैरसरकारी सेवामा संलग्न, ०.९ प्रतिशत (८ जना) सरकारी सेवामा र १.४ प्रतिशत (१३ जना) पेसा नखुलाएका महिला रहेका छन् भने २.१ प्रतिशत (१९ जना) जागिर खोज्दै गरेका महिलाहरूमाथि हिंसा भएको पाइएको छ।

विशेषतः घरायसी तथा सेवामूलक काम, कृषि, पशुपालन, जस्ता अनौपचारिक क्षेत्रमा संलग्न महिलाहरू बढी जोखिममा हुनुले घरेलु हिंसा रोकथाम, प्रतिकार्य र सम्बोधनका रणनीतिहरू तयार गर्दा पेशागत संरचना, श्रमको असुरक्षा र आर्थिक पृष्ठभूमिलाई विशेष ध्यान दिनुपर्ने आवश्यकता प्रस्ट गर्छ। त्यसैले, महिलाले गर्ने श्रममुलक काम लाई उत्पादनमुलक कामको रुपमा गणना गर्दै त्यसलाई आर्थिक योगदानसँग जोड्न आवश्यक छ। साथै, महिलाहरूको पुरुषप्रति रहेको आर्थिक निर्भरतालाई तोड्दै उनीहरूलाई घर बाहिर सुरक्षित र स्थायी आम्दानीका अवसर उपलब्ध गराउनु अत्यावश्यक छ।





जम्मा : ९२१

**चित्र नं. ३.४.८ :** पेसागत अवस्था

### ३.४.८ आरोपितसँगको सम्बन्ध

घरेलु हिंसाबाट प्रभावित महिलाहरूको तथ्याङ्कले अधिकांश घटनाहरू नजिकको सम्बन्ध भएका व्यक्तिहरूसँग सम्बन्धित छन् भन्ने पुष्टि गर्दछ। घरेलु हिंसाबाट प्रभावित महिला (९२१ जना) मध्ये ८८.३ प्रतिशत (८१३ जना) महिला आफ्नै श्रीमान्‌बाट, १०.६ प्रतिशत (९८ जना) आफ्नै घरपरिवारका सदस्यहरूबाट र १.१ प्रतिशत (१० जना) कानूनी रूपमा अविवाहित तर विवाहित जोडी सरह सँगै बसेको साथीले/व्यक्तिबाट हिंसामा परेको तथ्याङ्कले देखाएको छ। यी तथ्याङ्कहरूले घरेलु हिंसाको समस्या घरको आँगनमा नै गहिरो रूपमा जरा गाडेको कुरा देखाउँछन्। घरपरिवारका व्यक्तिहरूबाट हुने हिंसा विशेष गरी गम्भीर छ, किनभने यसले महिलाहरूको मानसिक र भावनात्मक स्वास्थ्यमा दीर्घकालीन असर पार्न सक्छ। यस समस्यालाई समाधान गर्नका लागि परिवार र समाजमा सुदृढ पारिवारिक सम्बन्ध र संवादलाई प्रोत्साहित गर्न आवश्यक छ। साथै, घरेलु हिंसा विरुद्धको चेतना र शिक्षा महिला र पुरुष दुवैमा प्रवर्द्धन गर्दै यस समस्यालाई रोक्नका लागि दीर्घकालीन र प्रभावकारी उपायहरू अपनाउन अत्यन्त महत्त्वपूर्ण छ।





जम्मा : ९२१

**चित्र नं. ३.४.९ :** आरोपितसँगको सम्बन्ध

### ३.४.९ असर

घरेलु हिंसा प्रभावितलाई बहु-प्रकारका हिंसा हुने गरेकाले विविध प्रकारका असरहरू एकसाथ देखिन्छ। घरेलु हिंसा पश्चात् सबैभन्दा बढी ८७५ जना महिलाहरुले हिंशाको कारण समाजले हेर्ने दृस्टीकोणमा पर्तिवर्तन भएको जसले सामाजिक प्रतिष्ठामा समेत असर गरेको जनाएका छन् भने ८७० जनाले आर्थिक क्षति, ७७९ जनाले शारीरिक क्षति, ८१८ जनाले मानसिक क्षति भोग्नु परेको बताएका छन्।




जम्मा : ९२१

**चित्र नं. ३.४.१० :** असर

## निष्कर्ष

नेपालमा घरेलु हिंसा गहिरो सामाजिक, सांस्कृतिक र संरचनागत समस्याको रूपमा जरा गाडेर रहेको छ । यो केवल व्यक्तिगत वा पारिवारिक विवाद होइन, बरु पितृसत्तात्मक सोच, असमान शक्ति सम्बन्ध र सामाजिक निर्भरता प्रणालीको परिणाम हो । घरेलु हिंसा कुनै एक भूगोल वा समुदायमा मात्र सीमित छैन । यो सबै प्रदेश, वर्ग, जात र उमेर समूहका महिलाहरूमा समान रूपमा विद्यमान छ ।

घरेलु हिंसाका पीडित/प्रभावित महिलाहरू प्रायः कम उमेरमा विवाह गरिएका, आर्थिक रूपमा निर्भर र शिक्षाको पहुँच नभएका हुन्छन् । विवाहित महिलाहरूले आफ्नै पति वा घरका सदस्यबाट हिंसा सहनुपरेको तथ्यले विवाह संस्थामै असमान शक्ति सम्बन्धको जरोलाई स्पष्ट देखाउँछ । संयुक्त परिवारमा बस्ने महिलाहरूले परिवारका अन्य सदस्यबाट पनि दमन र नियन्त्रण सहनुपरेको छ, जसले महिलाको व्यक्तिगत स्वतन्त्रता र निर्णयक्षमता सीमित बनाएको छ । त्यस्तै, विवाह

अघि सम्बन्धमा रहेका वा सँगै बस्ने महिलाहरू पनि कानुनी संरक्षणको अभावमा हिंसाबाट बच्न सकिरहेका छैनन् ।

घरेलु हिंसा निरन्तर दोहोरिने "हिंसाको चक्र" (cycle of violence) भित्र बाँधिएको हुन्छ ।[२] पहिलो चरणमा तनाव र रिसको अवस्था हुन्छ, जसमा महिला शान्त पार्न खोज्छन्, दोस्रो चरणमा प्रत्यक्ष हिंसा हुन्छ; र तेस्रो चरणमा पुरुषले पछुतो र माया देखाएर सम्बन्धलाई पुनर्स्थापना गर्न खोज्छ । यसरी अपराध र प्रेमबीचको झूटा सम्बन्धले महिलालाई पुनः बाँधेर हिंसाको चक्रलाई निरन्तरता दिन्छ । लामो समयसम्म यस्तो अवस्था दोहोरिँदा महिलामा असहायताको मानसिक अवस्था (learned helplessness) विकसित हुन्छ, जसले उनीहरूलाई हिंसाबाट बाहिर निस्कन असमर्थ बनाउँछ ।

नेपालमा घरेलु हिंसाविरुद्ध कानुनी व्यवस्था भए पनि ती व्यवहारमा प्रभावकारी छैनन् । कानुनले मुख्यतः शारीरिक हिंसालाई मात्र अपराधको रूपमा परिभाषित गरेको छ । घरेलु हिंसा मानसिक, आर्थिक र सामाजिक नियन्त्रणको स्वरूपमा पनि प्रकट हुन्छ । पुरुषद्वारा गरिने जबर्जस्ती नियन्त्रण (coercive control) जस्तैः महिलाको आर्थिक स्रोत नियन्त्रण गर्ने, सामाजिक सम्बन्धबाट अलग्याउने वा निजको स्वतन्त्रतामाथि निगरानी राख्नेलाई कानुनी रूपमा स्पष्ट रूपमा सम्बोधन गरिएको छैन । त्यस्तै, अनुसन्धान, अभियोजन र न्यायिक प्रक्रिया अझै पनि प्रभावितमैत्री छैनन् । प्रहरी वा अदालतमा उजुरी दिने महिलाहरूले अपमान, दोषारोपण र सामाजिक कलंकको सामना गर्नुपर्छ, जसले उनीहरूलाई पुनः मौन बनाउँछ । कानुनी निकायका अधिकारीहरूमा लैङ्गिक दृष्टिकोणको कमी र सामाजिक पूर्वाग्रहका कारण घरेलु हिंसा "घरभित्रको मामिला" भनेर नजरअन्दाज गरिन्छ ।

घरेलु हिंसामा शारीरिक, मानसिक र आर्थिक हिंसाका प्रकारहरू सबैभन्दा बढी रहेको देखिन्छ, जसले महिलाहरूको जीवनमा बहुआयामिक असर पुऱ्याएको देखिन्छ । घरेलु हिंसापश्चात् प्रभावितलाई सबै भन्दा बढी मानसिक र आर्थिक क्षति देखिंदा महिलाको न्याय प्राप्तिका लागि कानुनी तवरबाट मात्रै यो समस्या समाधान गर्न सकिँदैन भन्ने तथ्याङ्कले देखाएको छ । राज्यले पीडित तथा प्रभावित केन्द्रित दृष्टिकोण अपनाउँदै अनुसन्धान, अभियोजन र न्यायिक प्रक्रियामा

[२] *Cycle of Abuse: Hidden Truth Beyond Honeymoon Phase, July 2025, available at: https://www.gaslightingcheck.com/blog/the-hidden-truth-about-the-cycle-of-abuse-beyond-the-honeymoon-phase*

गोपनीयता, सम्मान र सुरक्षाको सुनिश्चितता गर्नुपर्छ। प्रभावित महिलाहरूका लागि निःशुल्क कानुनी सहयोग, मनोपरामर्श, स्वास्थ्य उपचार, आर्थिक पुनःस्थापना र आत्मनिर्भरता कार्यक्रमहरू स्थापना गर्न आवश्यक छ।

घरेलु हिंसाको अन्त्यका लागि कानुन मात्र होइन, समग्र सामाजिक रूपान्तरण आवश्यक छ। कानुनले घरेलु हिंसालाई निजी विषय होइन, मानव अधिकार उल्लङ्घनको रूपमा स्पष्ट परिभाषित गर्नुपर्छ। कानुनी सुधारले शारीरिक मात्र नभई मानसिक, आर्थिक र संरचनागत हिंसालाई पनि समेट्नुपर्छ। जस्तैः शिक्षा प्रणालीमा लैङ्गिक समानता, सहमति र सम्मानका मूल्यहरू समावेश गर्नुपर्छ। साथै, समुदायस्तरमा महिला सशक्तीकरण, पुरुषहरूको भूमिका र हिंसाविरुद्धको सामाजिक चेतना निर्माण कार्यक्रम सञ्चालन गर्नु आवश्यक छ। अन्ततः घरेलु हिंसा केवल कानुनी सुधारको विषय होइन, यो न्याय, समानता र स्वतन्त्रताको राजनीतिक मुद्दा हो। जबसम्म राज्यले महिलाको आवाजलाई निर्णय प्रक्रियाको केन्द्रमा राख्दैन र पितृसत्तात्मक संरचना तोड्ने दीर्घकालीन रणनीति अघि बढाउँदैन, तबसम्म कानुनले मात्र घरेलु हिंसाबाट महिलालाई संरक्षण गर्न सक्दैन।

## घटना अध्ययन ७

५६ वर्षीय कोपिला (नाम परविर्तन) एक साक्षर र आत्मनिर्भर महिला हुन्। स्नातक तह पास गरेकी उनी काठमाडौंमा राम्रै जागिर गर्थिन। काम गर्दै जाने क्रममा उनको धेरै मानिससँग भेट हुन्थ्यो। एक पटक उनको भेट देव (नाम परिवर्तित)सँग हुन पुग्यो। उनीहरू बिच कुराकानी हुदै भेट हुन थाल्यो त्यो भेट कामको नभई आफ्नो व्यक्तिगत रुचिले गरिएको भेट थियो। विस्तारै उनीहरूको मित्रता प्रेममा र प्रेम विवाहमा परिवर्तन भयो। समय सबै राम्रो चल्दै थियो, कोपिलालाई फरक जात भनी देवको घरमा स्वीकार गरिएन तर देवले भने आफ्नो

श्रीमतीलाई छाडेनन्, हौसला दिए र दुवै जना काठमाडौँ मै बस्थे, उनीहरूको जीवनमा छोरीको जन्म भयो । अन्तरजातीय विवाह गरेका कारणले गर्दा घरमा मनमुटाव भएको थियो जसको कारणले देवका दाइले देवलाई थोरै मात्र अंश दिएका थिए । कोभिडको महामारी आएसँगै कोपिलाको जागिर गयो र देव पनि रिटाएर भएर घरमै बस्थे । छोरीलाई सानैदेखि आफन्तकोमा राखेर पढाएका थिए तर पछि मात्र थाहा भयो कि छोरीको मानसिक अवस्था कमजोर रहेछ । जसोतसो छोरीले एस.ई.ई. पास गरिन् ।


कोपिलाको जागिर सकिएको थियो, श्रीमान् पनि रिटाएर भईसकेका थिए, छोरीको मानसिक अवस्था त बिग्रिएको थियो तर अब देवको पनि मानसिक अवस्था बिग्रएको कारणले उनी पनि औषधि खान लागेका थिए अब कोपिलाको अवस्था एकदमै दयनीय भईसकेको थियो । घरमा साना साना खटपट सुरु भई सकेको थियो र त्यो खटपट गालीगलौंज हुँदै कुटपिटसम्म पुग्यो । कुटपिट र गालीगलौंचले गर्दा कोपिलालाई मानसिक सँगसँगै शारीरिक असर पनि परेको छ । कोपिलाको जोर्नीहरू दुख्न थालेको छ, जस्ले गर्दा उनी अहिले धेरै काम गर्न सकिरहेकी छैनन् । बुवा आमाको झगडाले गर्दा मानसिक अवस्था कमजोर भएकी छोरीलाई अझै मानसिक असर परिरहेको छ । पौष्टिक खाने कुरा खान नपाएर छोरीको शरीरमा रगतको कमी भई खुट्टाहरू सुनिन थालेका छन् तर आर्थिक अवस्था कमजोर भएका कारण कोपलालाई औषधि उपचार गराउन धौँ धौँ भईरहेको छ ।

आफूलाई घरको अवस्थाले गर्दा तनाव भएको, श्रीमान्को कुटाईले गर्दा आफू शारीरिक रूपमा कमजोर भएको तथा छोरी र श्रीमान्को रेखदेख गर्नु पर्ने भएकोले बाहिर गएर कमाउन पनि नसक्ने अवस्था रहेको कोपिला बताँउछिन् ।

## ३.५ बालविवाह

नेपालमा बालविवाहले अझै पनि गहिरो रूपमा जरा गाडेको छ। यद्यपि पछिल्ला वर्षहरूमा बालविवाहको दरमा केही कमी आएको छ, तर यो पूर्ण रूपमा अन्त्य भएको छैन । बालविवाहलाई महिलावादी दृष्टिकोणबाट हेर्दा यो पितृसत्तात्मक संरचनाको परिणाम हो, जसले महिलालाई नियन्त्रणयोग्य वस्तुको रूपमा चित्रित गर्छ । महिलावादीहरूका अनुसार बालविवाह केवल परम्परा वा प्रथा होइन, यो महिला र बालिका को शरीर, इच्छा र भविष्यमाथिको नियन्त्रणको रूप हो । हालका वर्षहरूमा बालविवाहका स्वरूपहरू पनि परिवर्तन हुँदै गएका छन् । अघिल्ला दशकहरूमा जबर्जस्ती वा परिवारद्वारा गराइने बालविवाह बढी देखिन्थे भने अहिले बाल प्रेम विवाह वा भागेर गर्ने बालविवाहका घटनाहरू बढ्दै गएका छन् । नेपालको संविधानको धारा ३९ ले बालबालिकाको हक सुरक्षित गरेको छ। जसमा बालविवाह गर्न/गराउन पूर्ण बन्देज छ। मुलुकी अपराध संहिता, २०७४ ले बालविवाह गर्ने/गराउनेलाई कैद तथा सजाय नै तोकेको छ। मुलुकी अपराध संहिताको दफा १७३ मा विवाहका लागि २० वर्षको उमेर तोकिएको छ। २० वर्षभन्दा कम उमेरमा हुने विवाह स्वतः वदर हुने तथा यस्तो कसूरमा बालबालिका सम्बन्धी ऐन अनुसार ३ वर्ष कैद र ७५ हजारसम्म जरिवाना तोकिएको छ। नेपालमा राष्ट्रिय जनगणना, २०७८ अनुसार, ३५ प्रतिशत भन्दा बढी बालविवाह हुने गरेको सरकारी तथ्याङ्क सार्वजनिक भएको छ। नेपालमा बालविवाहका कारणहरू धेरै छन् । जस्तैः गरिबी, शिक्षाको कमी, लैङ्गिक असमानता, दाइजो प्रथा, कमजोर कानुन कार्यान्वयन, राज्यको शिक्षामा लगानी आदि । तथापि यसले बालबालिकामा पार्ने नकारात्मक असरहरू भने प्रायजसो उस्तै नै रहेको पाइन्छ भने यसले समाजलाई र राष्ट्रलाई समेत नकारात्मक असर पारेको छ ।

### ३.५.१ प्रदेशगत विवरण





जम्मा : १६

**चित्र नं ३.५.१:** प्रदेशगत अवस्था

माथिको तथ्याङ्कलाई विश्लेषण गर्दा कूल सङ्कलन भएका १६ वटा बालविवाहका घटना मध्ये सबै भन्दा बढी कोशी प्रदेशबाट रहेको छ, जुन ३१.३ प्रतिशत (५ जना) रहेको पाइएको छ। लुम्बिनी र सुदूरपश्चिम प्रदेशमा २५.०/२५.० प्रतिशत (४/४ जना)को बालविवाहको घटना दर्ता भएको पाइएको छ। त्यसैगरी, १२.५ प्रतिशत (२ जना) मधेशमा र ६.३ प्रतिशत (१ जना) कर्णाली प्रदेशमा बालिका तथा किशोरीहरूको बालविवाहको घटना दर्ता भएको छ। यो वर्ष गण्डकी र बागमती प्रदेशमा बालविवाहको घटना अभिलेख नभएकोले यी क्षेत्रमा बालविवाह न्यून रहेको हो वा प्रतिवेदन प्रणालीमा पहुँच अभाव रहेको हो भन्न गाह्रो छ। गण्डकीमा ओरेकको कार्यक्षेत्र नभएको र बागमती प्रदेशको तुलनात्मक विकासले सम्भवतः बालविवाहका घटनालाई कम गरेको हुनसक्छ। अतः प्रदेशगत विवरण अनुसार लुम्बिनी र कर्णाली प्रदेशमा बालविवाह उच्च रहेकोले त्यहाँ बालिका तथा किशोरीहरूको सुरक्षाका लागि विशेष ध्यान दिनु आवश्यक छ। साथै, प्रतिवेदन प्रणालीलाई सबल बनाउँदै सबै प्रदेशमा समान रूपमा बालविवाहको अवस्था बुझ्न र त्यसमा सुधार ल्याउन आवश्यक देखिन्छ।

### ३.५.२ हिंसाको प्रकार

यस तथ्याङ्कमा नेपालको कानुनअनुसार २० वर्षभन्दा कम उमेरमा गरिएका विवाहलाई ‘बालविवाह’का रूपमा समावेश गरिएको छ। तीमध्ये, बालविवाहबाट प्रभावित महिलाहरूले हिंसा अभिलेख गराउँदा, आफूले भोगेको हिंसाको प्रमुख कारण रूपमा बालविवाहलाई नै स्पष्ट रूपमा उल्लेख गरेका छन् । उहाँहरूलाई यस तथ्याङ्कमा समावेश गरिएको छ । ३७.५/३७.५ प्रतिशत (६/६ जना) किशोरी महिलाहरूले घरेलु हिंसा जस अर्न्तगत उहाँहरूले श्रीमान् तथा घरपरिवारले कुटपिट, गालीगलौंच, खान लाउनबाट वञ्चित, नागरिकता र विवाह दर्ताबाट वञ्चितीकरण जस्तो हिंसा भोग्नु परेको छ भने सामाजिक हिंसाको सामना जसमा समुदायकै व्यक्तिहरूबाट गाली गलौंच सुन्नु परेको, विभिन्न निहुँमा कुटपिट पनि भएको छ भने, १८.८ प्रतिशत (३ जना) यौन हिंसा र ६.३ प्रतिशत (१ जना) मानव बेचबिखनमा परेको पाइएको छ ।





जम्मा : १६

**चित्र नं ३.५.२ :** हिंसाको प्रकार

### ३.५.३ शिक्षा

बालविवाह प्रभावितहरूको शैक्षिक स्तरबारे विश्लेषण गर्दा कुल १ जना प्रभावित मध्ये सबै साक्षर नै रहेको पाइएको छ । साक्षरताको आधारमा विभाजन गर्दा सामान्य आधारभूत शिक्षा अध्ययन गरेका ३१.३ प्रतिशत (५ जना), माध्यमिक शिक्षा पूरा गरेका ६८.८ प्रतिशत (११ जना) बालविवाहमा परेको पाइएको छ ।





जम्मा : १६

**चित्र नं: ३.५.३ :** शैक्षिक अवस्था

### ३.५.४ जातिगत अवस्था

बालविवाह प्रभावित महिलाहरू मध्ये सबैभन्दा बढी ३१.३ प्रतिशत (५ जना) तराई जनजाति रहेको र क्रमश : २५.० प्रतिशत (४ जना) बाह्मण/क्षेत्री तराई, १८.८ प्रतिशत (३ जना) पहाडी जनजाति, १२.५ प्रतिशत (२ जना) मधेशी र ६.३/६.३ प्रतिशत (१/१ जना) पहाडी दलित र बाह्मण/क्षेत्री पहाडी जातिका रहेका छन् ।





जम्मा : १६

**चित्र नं. ३.५.५:** जातिगत अवस्था

### ३.५.५ पेसागत अवस्था

बालविवाह प्रभावित महिलाको तथ्याङ्कलाई पेसागत अवस्था विश्लेषण गर्दा धेरैजसो महिला जो पढ्दै गरेका छन् उनीहरू नै बालविवाहमा परेका छन् । विद्यार्थी ५६.३ प्रतिशत (९ जना), २५.० प्रतिशत (४ जना) जागिर खोज्दै गरेका किशोरी, १२.५ प्रतिशत (२ जना) घरायसी काममा र ६.३ प्रतिशत (१ जना) घरेलु कामदारको रूपमा संलग्न भएको तथ्याङ्कले देखाएको छ ।





जम्मा : १६

**चित्र नं. ३.५.६** पेसागत अवस्था

### ३.५.६ आरोपितसँगको सम्बन्ध :

बालविवाह पभावित र आरोपितसँगको सम्बन्ध विश्लेषण गर्दा महिलाहरू आफ्नै श्रीमान्, घरपरिवार र सेवा प्रदायकबाट नै प्रभावित भएका छन्। अन्जानबाट नभएर चिनजानबाट नै हिंसामा परेको तथ्याङ्कले देखाएको छ। २५.०/२५.० प्रतिशत (४/४ जना) श्रीमान्, घर परिवार, साथी र सेवा प्रदायक रहेको तथ्याङ्कले देखाएको छ।





जम्मा : १६

**चित्र नं. ३.५.६** आरोपितसँगको सम्बन्ध

### ३.५.७ प्रभावितलाई परेको असर

बालविवाहका कारण प्रभावितले मानसिक, शारीरिक, सामाजिक, आर्थिक गरी बहु प्रकारका क्षति भोग्नु परेको अवस्था पाइएको छ। कुल १६ जना महिलाको बालविवाह गरिएको थियो। १६ जनामा अर्थात सबै जनालाई नै सामाजिक र मानसिक असर परेको, ११ जनालाई आर्थिक असर र ९ जनालाई शारीरिक असर थप रूपम भएको पाइएको छ। मानसिक असर सबैभन्दा बढी देखिनुले बालविवाहले उनीहरूको भावनात्मक रुपमा  गम्भीर चुनौती उत्पन्न गरेको पुष्टि गर्दछ। सामाजिक, आर्थिक र शारीरिक असरले उनीहरूको जीवनको प्रत्येक पक्षलाई प्रभावित बनाउँछ, जसले दीर्घकालीन रूपमा उनीहरूको व्यक्तिगत र सामुदायिक विकासमा अवरोध पुऱ्याउन सक्छ। यस समस्यालाई समाधान गर्न शिक्षामा लगानी, स्वास्थ्य सेवामा किशोरकिशोरीको पहुँच, समुदायमा हानिकारक अभ्यास बारेमा जनचेतना अभिवृद्धि र बालविवाह विरुद्ध कानूनी कार्यान्वयनमा प्रभावकारीता र सुधार आवश्यक छ। बालिकाहरूलाई सुरक्षित, सम्मानजनक र स्वतन्त्र जीवन बिताउन सहयोग पुऱ्याउन सक्छ।




जम्मा : १६

**चित्र नं ३.५.७ :** असर

## निष्कर्ष

नेपालको कानुनले बालविवाहलाई अपराधीकरण गरको र नेपाल सरकारले यसको अन्त्य गर्ने लक्ष्य राखेतापनि बालविवाह अझैपनि विभिन्न समुदायहरूमा गहिरो रूपमा व्याप्त रहेको पुष्टि हुन्छ। अझ हाल बालबालिकाले आफैँ छानेर कम उमेरमा भागि विवाह गरेको र यो प्रवृत्ति बढ्दै गैरहेको देखिन्छ। त्यसैले, कानुनी साक्षरता मात्रले बालविवाहको घटना कम गर्न नसक्ने पुष्टि हुन्छ भने कानुनले पनि बालमनोविज्ञलाई बुझ्दै बालविवाह गर्ने बालबालिकालाई अभियोजन गर्दै दण्डित गर्ने अभ्यास वर्जित गर्नुपर्छ। मानव अधिकारको सिद्धान्तले बालबालिकालाई बालविवाह अपराधमा सजाय होइन संरक्षण गर्नुपर्छ भनेको छ। अर्कोतर्फ, राज्यले बालविवाह रोक्नका लागि सामाजिक र कानूनी दुवै तहमा सक्रिय भूमिका खेल्नुपर्छ। यसमा समुदायस्तरमा सचेतना, विद्यालयस्तरमा लैङ्गिक समानता शिक्षा, अभिभावक र धार्मिक अगुवाहरूसँग संवाद र दाइजोजस्ता हानिकारक प्रथाको अन्त्यका लागि नीति र कार्यक्रमहरू सञ्चालन गर्न आवश्यक छन्।

त्यस्तै, प्रदेशगत अवस्थामा कोशी र कर्णाली प्रदेशमा बालविवाहको दर उच्च रहेकोले, यी क्षेत्रमा विशेष गरी बालिका र किशोरीहरूको सुरक्षाका लागि नेपाल सरकारले यी प्रदेशहरूमा बालविवाह विरुद्ध विशेष नीति तथा कार्यक्रम सञ्चालन गर्न आवश्यक छ।

बालविवाह पश्चात् भने धेरैजसो प्रभावितहरूलाई शिक्षा, स्वास्थ्य, आर्थिक अवस्था, आदिमा नकारात्मक असर परेको देखिन्छ। अन्वेषीमा विश्लेषण गरिएको अन्य हिंसाहरूको तथ्याङ्कमा पनि बालविवाह पश्चात् किशोरी तथा महिलाहरूमा घरेलु हिंसा, बहुविवाह र दाइजोका निहुँमा हुने हिंसाको जोखिम बढी भएको देखिएको छ। त्यसैले, बालविवाहका जोखिममा रहेका वा प्रभावित बालबालिकाका लागि सुरक्षित आवास, मनोसामाजिक परामर्श, विद्यालय शिक्षा पुनःप्रवेशका कार्यक्रम र स्वास्थ्य सेवाको पहुँच सुनिश्चित गर्नुपर्छ। समुदाय र विद्यालय दुवै तहमा किशोरीहरूलाई यौनिकता, आत्मनिर्णय र अधिकारबारे जानकारी दिने कार्यक्रम सञ्चालन गर्नुपर्छ। साथै, राज्यले बालविवाह प्रभावितका अधिकारहरूको पुनःस्थापना गर्न र दीर्घकालीन सशक्तीकरणका लागि शिक्षा, आर्थिक सशक्तीकरण र पुनःएकीकरण कार्यक्रमहरू सञ्चालन गर्नुपर्छ। यसमा स्थानीय तहको भूमिका महत्त्वपूर्ण हुन्छ, जसले बाल अधिकार र लैङ्गिक समानताको दृष्टिले नीति, योजना र बजेटलाई प्राथमिकता दिनुपर्छ।

# घटना अध्ययन ८
## बालविवाह


अन्जली (नाम परिबर्तन), अहिले १९ वर्षकी भईन्। उनी सानै छँदा उनको बुवाआमालाई ज्यान मारेको आरोपमा जेल सजाय भएको थियो। तीन वर्षपछि आमा जेल बाहिर आइन तर बुवा भने अझै जेलमा छन्। आमा बुवा जेलमा हुँदा अन्जली र उनका भाइ हजुरबुवाको घरमा बस्थे। त्यहाँबाट मुस्लिम बस्ती नजिकै थियो। अन्जली मुस्लिम धर्मबाट निकै प्रभावित थिइन् र आफू पनि मुस्लिम हुने इच्छा व्यक्त गरिन् तर घर परिवारमा त्यो थाहा पाएपछि उनलाई कुटपिट हुन्थ्यो। आमाले पनि उनलाई खासै राम्रो व्यवहार गर्दिन थिइन्। उनलाई छोरा र पैसा भए केही चाहिदैन थियो। आमाले आफूप्रति खासै चासो नदेखाएकाले उनी आफै काम गर्न थालिन्। पहिला लुगा पसलमा काम गर्थिन्। १२ कक्षामा पढ्दै गर्दा उनी मुस्लिम केटा साथीप्रति आकर्षति भइन् र दुवै प्रेम सम्बन्धमा परे। यो थाहा पाएपछि घरमा आमाले उनीमाथि दुर्व्यवहार गर्ने, कोठामा थुन्ने गर्थिन्। जसोतसो १२ कक्षा पास गरेपछि उनले स्नातक तह पढ्न सुरु गरिन् तर मुस्लिमसँग प्रेम सम्बन्ध भएको कारणले गर्दा उनलाई कलेजको साटो सुधार केन्द्रमा राखियो। राखेको एक महिनापछि उनलाई घर ल्याइयो। सुरुमा त उनले आमाले प्रेमले ल्याउनु भएको भनेर खुसी भइन तर पछि मात्र थाहा भयो कि उनलाई बिहे गराउनको लागि ल्याईएको रहेछ। तर आफ्नो उमेर नपुगेकोले उनले बिहे गर्न मानिनन् र आमालाई सम्झाउन नसकेपछि उनी घरबाट भागिन्। उनी भन्छिन्- "म खुला रूपले बाँच्न चाहान्छु, म आफै पढेर कमाउन चाहन्छु र म बालिक भईसकेपछि आफ्नो इच्छाले विवाह गर्न चाहन्छु"।

## ३.६ बहुविवाह

नेपाली समाजमा पुरुषले बहुपत्नी राख्ने चलन प्राचीन कालदेखि चलेको पाइन्छ । विगतमा यो केवल व्यक्तिगत वा धार्मिक अभ्यासको रूपमा होइन, सामाजिक रूपमा स्वीकृत परम्परा नै थियो । नेपाली समाजमा पितृ उद्धारका लागि छोरा आवश्यक हुने अन्धविश्वासका कारण छोराको लागि पुरुषले अर्को विवाह गर्ने प्रचलन रहेको बुझिन्छ । त्यस्तै, श्रीमतीबाट सन्तान नभएमा, यौन सम्बन्धी रोग लागेमा, कुनै सरुवा रोग लागि निको नहुने भएमा, शरीर चल्न नसक्ने भएमा लोग्नेले अर्को विवाह गरेका कतिपय समाजमा अझै पनि सो बहुविवाहलाई घर तथा परिवारले स्वीकार्ने अवस्था छ । तर, यसले पारिवारिक जीवनमा तनाव, असन्तुलन र अन्याय निम्त्याउँछ । पहिले त बहुविवाहले महिलाको अधिकार, सम्मान र समानताको सिद्धान्तमा ठुलो आघात पुऱ्याएको छ । यस अवस्थाले महिलामाथि असमानता र अन्यायपूर्ण अवस्था सिर्जना गर्दै घरेलु हिंसा बढाउँछ भने सो परिवारमा हुर्किरहेका अबोध बालबालिका पारिवारिक यातना, विभेद र असमानताको शिकार हुन पुगेका छन् ।

मुलुकी अपराध संहिता, २०७४ मा, श्रीमती अंश लिई भिन्न भई बसेको बाहेक उनी जीवित छँदै अर्को विवाह गर्न नपाउने, विवाहित पुरुष हो भन्ने जानीजानी महिलाले पनि त्यस्तो पुरुषसँग विवाह गर्न नहुने, यसरी विवाह गर्ने पुरुष वा महिलालाई एकदेखि पाँच वर्षसम्म कैद र १० देखि ५० हजार रुपैयाँसम्म जरिबाना हुने र त्यस्तो विवाह स्वतः बदर हुने कानूनी व्यवस्था गरेको छ । यस कानून निमार्ण पश्चात् पछिल्लो समय बहुविवाहको सङ्ख्या घटेको समाजशास्त्रीहरू बताउँछन् । यद्यपि कानूनले अपराधको मान्यता दिएपश्चात् अहिले बहुविवाह सम्बन्धी न्यायको लागि पहिलो श्रीमतीले उजुरी गर्ने प्रचलन बढेको छ ।

### ३.६.१ प्रदेशगत विवरण




जम्मा : ६०


**चित्र नं ३.६.१ :** प्रदेशगत विवरण

माथिको तथ्याङ्कलाई विश्लेषण गर्दा सबै भन्दा बढी कर्णाली प्रदेशमा बहुविवाह भएको पाइएको छ। क्रमबद्ध रूपमा हेर्ने हो भने कर्णालीमा ७१.७ प्रतिशत अर्थात ४३ जनामाथि बहुविवाहको हिंसा भएको छ। त्यसपछि, १० प्रतिशत (६ जना) कोशी प्रदेश, ६.७/ ६.७ प्रतिशत (४/४ जना) मधेश र लुम्बिनी र ५ प्रतिशत (३ जना) महिला सुदूरपश्चिम प्रदेशमा बहुविवाहबाट प्रभावित भएको पाइएको छ। यस तथ्याङ्कले कर्णाली प्रदेशमा बहुविवाहको उच्च दरले सामाजिक र सांस्कृतिक संरचनामा गहिरो रूपमा रहेको लैङ्गिक विभेद र परम्परागत प्रथाको प्रभावलाई देखाउँछ। विशेषगरी, ग्रामीण तथा पारम्परिक मान्यता भएका समाजमा बहुविवाहको चलन कायमै रहनुले महिलाहरूलाई पारिवारिक हिंसा हुने गरेको र उनीहरूको अधिकारलाई सीमित गरेको पाइएको छ। अन्य प्रदेशहरूमा यस प्रकारको घटना अपेक्षाकृत कम भए तापनि, यो समस्या ती क्षेत्रहरूमा पनि उन्मूलन भइसकेको छैन र सामाजिक व्यवस्थासँगै विविध कारणबस बहुविवाहका घटनाहरू घटिरहेका छन्।

### ३.६.२ हिंसाका प्रकार

बहुविवाहबाट प्रभावित महिलाहरूले विभिन्न खालको हिंसा भोग्नु परेको अवस्था छ । जम्मा ६० बहु विवाहको घटना मध्ये ९०.० प्रतिशत (५४ जना) महिलाहरू घरेलु हिंसामा परेका छन् भने ६.७ प्रतिशत (४ जना) समाजिक हिंसा (कुटपिट, गाली गलौंच) र ३.३ प्रतिशत (२ जना) यौन हिंसामा परेको पाईएको छ ।

यती मात्र नभएर, बहुविवाहमा परेका महिलाहरूलाई उनका श्रीमान् र घर परिवारले विभिन्न खालको स्रोत साधनबाट वञ्चित गरेको तथ्याङ्कले देखाएको छ । ४५ जना महिलालाई आधार भूत आवश्यकता खान लाउनबाटै वञ्चित गरेको, ७ जनालाई माया तथा हेरचाह, ३ जनालाई इच्छाएको काम गर्नबाट रोक लगाएको, १२ जनालाई नागरिकताबाट वञ्चित, १४ जनालाई विवाह दर्ता नै गर्न नदिएको र ६ जनाको बच्चाको जन्मदर्ता नै नबनाइ दिएको अवस्था छ ।यसले के पनि देखाउछ भने महिलालाई बिहे पश्चात् वस्तु सरह व्यवहार गर्ने र विभिन्न खालका स्रोत तथा अधिकारबाट वञ्चित गर्ने गरेको संकलित तथ्याङ्कले देखाएको छ ।





जम्मा : ६०

**चित्र नं ३.६.२ :** हिंसाको प्रकार

### ३.६.३ उमेरगत विवरण

प्राय : सबै उमेर समूहका महिलाहरूले बहुविवाहको घटना दर्ता गराएको देखिन्छ । बहुविवाहको हिंसाबाट प्रभावित महिलाहरूमा सबैभन्दा बढी १८ देखि २५ वर्ष उमेर समूहका ३०.० प्रतिशत (१८ जना) रहेका छन् । त्यसैगरी, २५.० प्रतिशत (१५ जना) २६ देखि ३५ वर्षका रहेका छन् भने ३६ देखि ४५ वर्षका २३.३ प्रतिशत (१४ जना), ४६ देखि ५५ वर्षका १३.३ प्रतिशत (८ जना), ५६ वर्ष र सो भन्दा माथिका ६.७ प्रतिशत (४ जना) रहेको तथ्याङ्कले देखाएको छ । यसरी यो देखिन्छ कि १८ देखि २५ र २६ देखि ४५ वर्ष उमेरका महिलाहरू यस प्रकारको हिंसाबाट बढी पीडित/प्रभावित छन्, जुन उमेर समूह आर्थिक र सामाजिक दृष्टिले महिलाहरूका लागि सक्रिय र उत्पादनशील समय हो र सोही समयमा उनीहरूमाथि धेरै हिंसा भएको देखिन्छ ।





जम्मा : ६०

**चित्र नं ३.६.३:** उमेरगत विवरण

### ३.६.४ शिक्षा

बहुविवाह प्रभावितहरूको शैक्षिक स्तर बारे विश्लेषण गर्दा कुल ६० जना प्रभावित मध्ये ६३.३ प्रतिशत (३८ जना) साक्षर र ३६.७ प्रतिशत (२२ जना) निरक्षर महिला पाइएको छ । साक्षर महिलाहरूमा पनि सामान्य आधारभूत शिक्षा अध्ययन गरेका ५५ प्रतिशत (२१ जना), माध्यमिक शिक्षा पूरा गरेका २१.१ प्रतिशत (८ जना) र स्नातक र सो भन्दामाथिका ७.९ प्रतिशत (३ जना) छन् भने १५.८ प्रतिशत (६ जना) प्रौढ शिक्षा हासिल गर्ने महिलामाथि हिंसा भएको पाइएको छ । यसले के देखाउँछ भने बुझ्केका वा सामान्य लेखपढ गर्न सक्ने महिलाहरू समेत सामाजिक हिंसाबाट प्रभावित छन् । बहुविवाहको विषय महिलाको शैक्षिक स्तर भन्दा पनि श्रीमान्को सोच, पारिवारिक दवाव तथा सामाजिक स्वीकार्यताले हुने गरेको देखिन्छ ।





जम्मा : ६०

**चित्र नं: ३.६.४ :** शैक्षिक अवस्था

### ३.६.५ जातिगत अवस्था

बहुविवाह जातिगत अवस्था प्रभावित महिलाहरू मध्ये सबैभन्दा बढी ३५.० प्रतिशत (२१ जना) पहाडी दलित, ३३.३ प्रतिशत (२० जना), ६.७ प्रतिशत (४ जना) तराई दलित, ५.०/५.० प्रतिशत (३/३ जना) पहाडी जनजाति, मधेशी, मुस्लिम र अन्य जातिका रहेका छन् भने ३.३ प्रतिशत (२ जना) बाह्मण/क्षेत्री तराई र बाँकी १.५ प्रतिशत भने तराई जनजाति जातका महिला बहुविवाहबाट प्रभावित छन् ।





जम्मा : ६०

**चित्र नं. ३.६.५:** जातिगत अवस्था

### ३.६.६ पेसागत अवस्था

बहुविवाहबाट प्रभावित महिलाको तथ्याङ्कलाई पेशागत रूपमा विश्लेषण गर्दा धेरैजसो महिला जो कृषि तथा पशुपालन र घरायसी काममा संलग्न छन् उनीहरूमा हिंसाको दर बढी भएको पाइएको छ । बहुविवाह प्रभावित ४६.७ प्रतिशत (२८ जना) महिला कृषि तथा पशुपालनमा र ३५ प्रतिशत (२१ जना) महिला घरायसी काममा संलग्न छन् । त्यसैगरी, १० प्रतिशत (६ जना) दैनिक ज्यालादारी मजदुरीमा, १.७/१.७ प्रतिशत (१/१ जना) व्यवसायमा र विद्यार्थी, ५ प्रतिशत (३ जना) भने जागिर खोज्दै गरेका महिलामाथि बहुविवाह गरेको पाइएको छ । यस तथ्याङ्कलाई हेर्दा बहुविवाहले विशेषगरी कृषि, घरायसी काम र दैनिक ज्यालादारी मजदुरीमा संलग्न महिलाहरूलाई बढी प्रभावित गरिरहेको छ । विद्यार्थीलाई समेत प्रभाव पारेको देखिंदा कम उमेरमा विवाह गर्दा केही समयपछि श्रीमान्ले छोड्न सक्ने वा अर्को विवाह गर्न सक्ने अवस्था देखिन्छ । अ : बहुविवाह विशेषत पेसागत रूपमा कमजोर र आर्थिक रूपमा असुरक्षित महिलाहरू यस समस्याबाट धेरै पीडित/प्रभावित रहेका छन् ।





जम्मा : ६०

**चित्र नं. ३.६.६ :** पेसागत अवस्था

### ३.६.७ असर

बहुविवाहका कारण प्रभावितलाई मानसिक, शारीरिक, सामाजिक, आर्थिक र सबै प्रकारका क्षति परेको पाइएको छ। जस्मा ६० जनाले नै मानसिक असर भोग्नु परेको छ। बहुविवाहका कारण प्रभावितहरूले मानसिक तनाव, चिन्ता र आत्मसम्मानको कमी जस्ता समस्याहरूले उनीहरूको दैनिक जीवनमा निकै कठिनाइ भएको देखिन्छ। त्यस्तै, ४७ जनालाई सामाजिक असर परेको छ। जसमा आफूमाथि अन्याय हुँदा उल्टै महिलाहरूको सामाजिक स्थिति, परिवारिक सम्बन्ध र समुदायमा रहेको प्रतिष्ठामा नकारात्मक प्रभाव परेको देखिन्छ। त्यस्तै, ५९ जनालाई आर्थिक असर परेको छ। प्रभावित महिलाहरू विशेषत श्रीमान्माथि आर्थिक रूपमा परनिर्भर रहेको अवस्थामा बहुविवाह पश्चात् उनीहरूलाई श्रीमान्ले वास्ता नगर्ने, स्रोत साधनबाट वञ्चित गर्ने र महिलाहरूको आर्थिक स्थायित्वमा तथा उनीहरूको बालबच्चाको हेरचाहमा नकारात्मक असर परेको देखिन्छ। अझ, ४७ जनालाई शारीरिक क्षति भोग्न परेको पाइएको छ। बहुविवाह गरेपश्चात् महिलालाई श्रीमान् तथा निजका घरपरिवारका सदस्यले भौतिक आक्रमण समेत गर्न सक्ने अवस्था देखाएको छ र महिलाको सुरक्षामा समेत ध्यान दिन आवश्यक रहेछ भन्ने बुझिन्छ।




जम्मा : ६०

**चित्र नं ३.६.७ :** असर

## निष्कर्ष

नेपालमा बहुविवाह केवल व्यक्तिगत वा पारिवारिक समस्या होइन, यो गहिरो सामाजिक र संरचनात्मक लैङ्गिक असमानताको प्रतिफल हो। विशेष गरी कर्णाली प्रदेशमा बहुविवाहको उच्च दर देखिनुले यसलाई केवल कानुनी मुद्दा नभई सामाजिक र सांस्कृतिक चुनौतीको रूपमा बुझ्न सकिन्छ। मधेश र लुम्बिनी प्रदेशहरूमा पनि बहुविवाहका घटनाहरू उल्लेखनीय रूपमा देखिनुले परम्परागत सोच, पुरुष वर्चस्व र पितृसत्तात्मक मूल्यहरूको स्थायित्व पुष्टि गर्दछ। अन्य प्रदेशहरूमा घटना कम भए तापनि, समस्या पूर्ण रूपमा समाप्त भएको छैन भन्ने देखिन्छ।

बहुविवाहबाट प्रभावित हुने महिलाहरू प्रायः २६ देखि ४५ वर्ष उमेर समूहका छन्, जुन समय महिलाहरू आर्थिक तथा सामाजिक दृष्टिकोणले सक्रिय हुने र पारिवारिक जिम्मेवारीमा गहिरो रूपमा संलग्न हुने उमेर हो तर यसै उमेरमा उनीहरू आफ्ना पतिबाट प्रताडित भएको देखिन्छ। कम उमेरमा विवाह गर्दा पनि महिलाहरू पछि बहुविवाहको समस्याबाट पीडित/प्रभावित हुने अवस्था देखिन्छ। शिक्षाको स्तरले यस समस्यामा उल्लेखनीय फरक नल्याएको देखिन्छ। साक्षर र निरक्षर दुवै वर्गका महिलाहरू बहुविवाहको शिकार भएका छन्, जसले यो समस्या केवल शिक्षा नभई पुरुषहरूको सोच, पारिवारिक दबाब र सामाजिक स्वीकृतिमा आधारित रहेको संकेत गर्छ। जातीय रूपमा, बाह्मण/क्षेत्री पहाडी जातिका महिलाहरू बहुविवाहबाट बढी प्रभावित देखिन्छन्, जसको अर्थ परम्परागत संस्कार र लैङ्गिक विभेदले विशेषगरी पहाडी समुदायमा यो समस्या जरो गाडेको हो। पेशागत रूपमा हेर्दा, घरायसी काम, कृषि तथा पशुपालन, र दैनिक ज्यालादारीमा संलग्न महिलाहरू यस समस्याबाट बढी प्रभावित छन्।

त्यसैले, कानुनको निर्माणले मात्र महिला अधिकारको संरक्षण हुन सक्दैन भन्ने पुष्टि हुन्छ। बहुविवाहको घटना पितृसत्तात्मक सोचको परिणाम भएकोले यो घट्न नै नदिनु राज्यको दायित्व हुन्छ। यसका लागि कानुनको भय मात्र होइन रोकथामका उपाय साथै सांस्कृतिक जागरणका लागि राज्यले लगानी गर्नपर्ने हुन्छ। जस्तैः स्थानीय तहबाट नै बहुविवाहको समस्या भएको ठाउँ पहिचान गरी सो ठाउँ तथा समुदायहरूमा परम्परागत मूल्य र धर्म-संस्कारका नाममा बहुविवाहलाई मान्यता दिने गरेकोमा लैङ्गिक समानता र महिला अधिकारका बारेमा जनचेतना कार्यक्रम सञ्चालन गर्ने, विद्यालय पाठ्यक्रममा लैङ्गिक समानता, वैवाहिक अधिकार र महिलाको कानुनी अधिकार सम्बन्धी शिक्षा समावेश गर्ने, आदि।

तथ्याङ्कमा महिलाहरूले पतिको अर्को विवाह पश्चात् सामाजिक, मानसिक र आर्थिक रूपमा गम्भीर असर भोग्न बाध्य भएका अनुभव साटेका छन्। उनीहरूले श्रीमान्ले बहुविवाह गरे पश्चात् आफूले मानसिक तनाव, चिन्ता र सामाजिक प्रतिष्ठामा नकारात्मक प्रभाव महसुस गरेका छन्। उनीहरूलाई स्रोत साधनबाट पनि वञ्चित गरिएको छ भने कतिपय महिलाले श्रीमान् तथा परिवारबाटै शारीरिक यातना समेत भोग्नु परेको देखिन्छ। त्यसैले राज्यले यी प्रभावितहरूलाई निःशुल्क कानुनी सहायता, मनोपरामर्श, र सुरक्षा आवासको व्यवस्था गर्नुपर्छ। साथै, यी प्रभावित महिलाहरूका लागि आर्थिक सहायता, पुनर्स्थापना र वैकल्पिक जीविकोपार्जनका कार्यक्रम सञ्चालन गर्नुपर्छ।

## घटना अध्ययन ९

### बहुबिबाह

आर्थिक स्थिति कमजोर भएका कारणले गर्दा मैले धेरै पढ्ने अवसर भने पाइन। १८ वर्षकै उमेरमा भारत घर भएको केटासँग मेरो मागी विवाह भयो। बिहे भएको एक महिनामै मलाई सासू र नन्दले नराम्रो व्यवहार गर्न थाले, श्रीमान्ले भने राम्रो नै गर्नु हुन्थ्यो। श्रीमान्ले राम्रै व्यवहार गरेता पनि मलाई असुरक्षित महसुस भयो र हामी दुवै मेरो माइती घरमा बस्न थाल्यौं। छोरीको जन्म भए पश्चात् पनि मेरो श्रीमान् मसँगै नै बस्नुहुन्थ्यो तर एकदिन अचानक मेरो ससुराले मेरो श्रीमान्लाई फोन गरी बोलाउनु भयो र जबरजस्ती विवाह गरीदिनु भयो तर श्रीमान् भने भागेर आउनु भयो। त्यसपछि, फेरी मलाई फोन गरी छोरीको जन्म दर्ता बनाई दिन्छु भनी बोलाए तर मलाई छोडी छोरी र श्रीमान्लाई अपहरण शैलीमा ससुराले लगे। छोरी नौं महिनाको भएपछि मात्र मैले भेट्न पाँए तर छोरीले मलाई चिनिनन्। मेरो श्रीमान् पनि अहिले भारत मै दोस्रो विवाह गरी बसिरहनु भएको छ। मलाई उहाले फोन गर्नु हुन्न र भेट्न पनि आउनुहुन्न, न त खर्च नै पठाउनु हुन्छ।

यसै क्रममा, आरेकबाट आउनु भएको दिदीलाई मैले भेटे र निरन्तर मनोविमर्श सेवा लिदै आइरहेको छु। अब भने श्रीमान् विरुद्ध बहुविवाहको मुद्दा हाल्ने तयारीमा छु।

## ३.७ दाइजोको निहुँमा हुने हिंसा

दाइजो प्रथा नेपालमा अझै पनि गहिरो रूपमा जरा गाडेको एक सामाजिक कुप्रथा हो, जसले महिलामाथि हुने आर्थिक, सामाजिक र मनोवैज्ञानिक उत्पीडनलाई वैधानिक र सांस्कृतिक स्वरूपमा निरन्तरता दिएको छ । महिलावादी दृष्टिकोणले दाइजो प्रथालाई केवल विवाहको लेनदेनको रूपमा होइन, बरु पितृसत्तात्मक संरचनाले महिलाको शरीर, श्रम र जीवनमाथि गरेको नियन्त्रणको प्रतिबिम्बको रूपमा बुझ्छ ।


नेपालमा दाइजो (दहेज/तिलक) अन्तर्गत दिने सामानहरूमा जग्गा, गाडी, सुन, नगद, गहना, फर्निचर, इलेक्ट्रोनिक सामग्री, लुगा, गाइवस्तु र अन्य घरायसी सामग्रीहरू पर्छन् । यी वस्तुहरू सामाजिक प्रतिष्ठा, हैसियत र वर्गीय प्रदर्शनका प्रतिकका रूपमा प्रयोग गरिन्छन् । बेहुला पक्षले आफ्नो परिवारको शिक्षाको स्तर, आर्थिक स्थिति, सामाजिक हैसियत अनुसार दाइजोको माग गरेको देखिन्छ । जस्तैः छोरा बढी पढेपछि चिकित्सक, इन्जिनियर वा बैङ्कर बनेर बढी दाइजो माग गर्न सक्ने हुँदा परिवारले छोराको शिक्षामा लगानी गर्छ भने परिवारमा महिलालाई आर्थिक बोझको रूपमा लिने अभ्यास रहेको छ । एक अध्ययनले देखाएको छ कि दाइजोको मूल्य निर्धारणमा 'शिक्षा र रोजगारी' सबैभन्दा महत्वपूर्ण कारक हुन् (९८ प्रतिशत उत्तरदाताहरूले यसैलाई कारण बताए)।[३]

दाइजो प्रथाले महिलाको जीवनचक्रमा विविध हिंसाका घटनाहरूलाई ल्याएको छ । दाइजो माग पूरा गर्न नसक्दा महिलामाथि घरेलु हिंसा, आत्महत्या दुरुत्साहन र "ब्राइड बर्निङ" (केटीलाई जलाएर मार्ने र त्यसलाई आत्महत्या देखाउने) जस्ता अपराधका घटनाहरू बढेका छन् । दाइजो प्रथाले महिलाको प्रजनन् अधिकारमा पनि नकारात्मक असर पार्छ । जस्तैः महिला गर्भवती भएको अवस्थामा भ्रुणको लिङ्ग पहिचान गर्ने र छोरी भएको पाइएमा गर्भपतन गर्ने चलन देखिएको छ । साथै, दाइजोले बहुविवाहको दर बढाउने सम्भावनालाई पनि बढाउँछ । केही परिवारहरूले थप दाइजो पाउने आशामा अर्को विवाह गर्ने गरेका छन् ।

[३] *Pamita Kumari Chaudhary, "Dowry System in Tharu Community: A Case Study of Santapur VDC of Rautahat," 2009, available at: https://elibrary.tucl.edu.np/JQ99OgQIizUxyjI9nB0on9OyLkqsGIf4/api/core/bitstreams/7407055a-eadc-41fa-b018-cadfc3c2d409/content*

मुलुकी अपराध संहिता, २०७४ को भाग २ को परिच्छेद ११ (विवाहसम्बन्धी कसूर) को दफा १७४ बमोजिम विवाहमा लेनदेन गर्न नहुने कसूर गर्ने व्यक्तिलाई तीन वर्षदेखि पाँच वर्षसम्म कैद वा तीस हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ भनी उल्लेख गरेको छ। यद्यपि कानूनमा कठोर व्यवस्था भए तापनि विवाह गरिने लेनदेनले नयाँ तथा विविध स्वरूप लिदैं गरेको देखिन्छ।

### ३.७.१ प्रदेशगत विवरण





जम्मा : ५१

**चित्र नं ३.७.१ :** प्रदेशगत विवरण

माथिको तथ्याङ्कलाई विश्लेषण गर्दा, यस वर्ष दाइजोको कारणले हिंसा भएका ५१ वटा कूल घटना मध्येसबै भन्दा बढी कोशी प्रदेशमा २७.५ प्रतिशत (१४ जना), मधेश प्रदेशमा ३५.३ प्रतिशत (१८ जना), बागमती प्रदेशमा ३.९ प्रतिशत (२ जना), लुम्बिनी/कर्णाली प्रदेशमा १५.७/१५.७ प्रतिशत (८/८ जना) र सुदूरपश्चिम प्रदेशमा २ प्रतिशत (१ जना) महिलामाथि हिंसा भएको पाइएको छ। यसरी कोशी र मधेश प्रदेशमा दाइजोको निहुँमा हुने हिंसा अत्यधिक देखिन्छ। गण्डकीमा ओरकको कार्यक्षेत्र नभएको र बागमती प्रदेशको तुलनात्मक विकासले सम्भवत: दाइजोको निहुँमा हुने हिंसा कम भएको वा त्यसको अभिलेखीकरण नभएको र कर्णाली प्रदेशमा दाइजोको परम्परा

नरहेकोले घटना अभिलेख नभएको हुनसक्छ । अतः कोशी र मधेश प्रदेशमा जनचेतना अभिवृद्धि कार्यक्रम, हानिकारक परम्परागत अभ्यास विरुद्ध वकालत गर्ने, महिला अधिकारको कार्यक्रमहरू सञ्चालन गरी दाइजोको निहुँमा हुने हिंसा न्यूनीकरणमा योगदान पुऱ्याउन सकिन्छ । साथै, रिपोर्टिङ प्रणालीलाई सबल बनाउँदै सबै प्रदेशमा समान रूपमा दाइजोको निहुँमा हुने हिंसाको अवस्था बुझ्न र त्यसमा सुधार ल्याउन आवश्यक देखिन्छ ।

### ३.७.२ हिंसाको प्रकार





जम्मा : ५१

**चित्र नं.३.७.२** हिंसाको प्रकार

दाइजो नल्याएको कारणले गर्दा महिलाहरूले विभिन्न खालको हिंसा भोग्नु परेको अवस्था छ । ८८.२ प्रतिशत (४५ जना) महिला घरेलु हिंसाबाट प्रभावित भएका छन् र यसभित्र पनि महिलाले केही एक हिंसा नभएर बहु प्रकारको हिंसा भोग्नु परेको अवस्था छ । तथ्याङ्क कै आधारमा हेर्ने हो भने ४५ जना महिलाले गाली गलौंच, ३७ महिलाले भने स्रोत साधनबाट वञ्चित र शारीरिक कुटपिट, ३६ जनाले चारित्रिक आरोप र ३३ जनाले धम्की । सामाजिक रूपमा पनि महिलालाई दाइजो नल्याएकै कारणले नानाथरी कुरा सुन्नु पर्ने, भेदभाव भएको आभास भएको र ५ जनाले यौन हिंसा समेत भोग्नु परेको अवस्था छ ।

### ३.७.३ उमेरगत विवरण

दाइजोको निहुमा गरिने हिंसाबाट प्रभावित महिलाहरूमा सबैभन्दा बढी २६ देखि ३५ वर्ष उमेर समूहका ४७.१ प्रतिशत (२४ जना) महिला रहेका छन् । त्यस्तै, ३७.३ प्रतिशत (१९ जना) १८ देखि २५ वर्ष उमेर समूहका, १३.७ प्रतिशत (७ जना) ३६ देखि ४५ वर्ष उमेर समूहका र २ प्रतिशत (१ जना) १८ वर्षभन्दा कम उमेर समूहका महिला रहेका छन् ।





जम्मा : ५१

**चित्र नं ३.७.३ :** उमेरगत अवस्था

### ३.७.४ शिक्षा

दाइजो प्रभावितहरूको शैक्षिक स्तर बारे विश्लेषण गर्दा कुल ५१ जना मध्ये ८०.४ प्रतिशत (४१ जना) महिला साक्षर र १९.६ प्रतिशत (१० जना) महिला निरक्षर रहेको पाइएको छ। साक्षर महिलाको शैक्षिक अवस्था हेर्दा ४१.५ प्रतिशत (१७ जना) महिलाले आधारभूत शिक्षा, ४६.३ प्रतिशत (१९ जना) ले माध्यमिक शिक्षा, ९.८ प्रतिशत (४ जना)ले स्नातक तह वा सो भन्दा माथि र २.४ प्रतिशत (१ जना) महिलाले प्रौढ शिक्षा लिएको पाइएको छ। यस तथ्याङ्कले के देखाउँछ भने बुझ्ेका वा सामान्य लेखपढ गर्न सक्ने महिलाहरू समेत दाइजोको कारणबाट प्रभावित छन्। शिक्षाको तह बढ्दै जाँदा भने हिंसाको दर पनि घटेको कुरा तथ्याङ्कले देखाएको छ। अतः दाइजोको समस्या अशिक्षित वा ग्रामीण क्षेत्रमा मात्र सिमित नभएको तर शिक्षित वर्गमा पनि यसको नकारात्मक असर परेको देखिन्छ। दाइजोको निहुँमा हुने हिंसा महिलाको आफ्नो व्यक्तिगत स्थिति नभई समाजको सोचको प्रतिफल हो। तसर्थ, समाजमा दाइजो प्रथाको गहिरो प्रभाव रहेकोले यसका कारण महिलाहरूको सम्मान तथा सुरक्षित जीवनमा पर्ने खताराविरुद्ध हामीले वकालत गर्न जरुरी रहेको छ।





जम्मा : ५१

**चित्र नं. ३.७.४ :** शैक्षिक अवस्था

### ३.७.५ जातिगत अवस्था

दाइजो प्रभावित महिलाहरू मध्ये सबैभन्दा बढी ३१.४ प्रतिशत (१६ जना) महिला मधेशी जातिका रहेका छन्। त्यसैगरी, क्रमशः २१.६ प्रतिशत (११ जना) तराई जनजाति, १७.६ प्रतिशत (९ जना) महिला बाह्मण/क्षेत्री पहाडी जातिका, ११.८ प्रतिशत (६ जना) पहाडी जनजाति, ५.९/५.९ प्रतिशत (३/३ जना) पहाडी दलित तथा मुस्लिम समुदायका, ३.९ प्रतिशत (२ जना) तराई दलित र २ प्रतिशत (१ जना) महिला बाह्मण/क्षेत्री तराईका रहेका पाइएको छ। यस तथ्याङ्कले दाईजो प्रथा सबै जातिमा जीवित रहेको तर मधेशी समुदायमा अझ धेरै रहेको पुष्टी गराँउछ।





जम्मा : ५१

**चित्र नं. ३.७.४ :** जातिगत अवस्था

### ३.७.६ पेसागत अवस्था व्यवसाय

दाइजोबाट प्रभावित महिलाको तथ्याङ्कलाई पेसागत रूपमा विश्लेषण गर्दा धेरैजसो महिला जो कृषि तथा पशुपालन र घरायसी काममा संलग्न छन् । उनीहरूमा हिंसाको दर बढी भएको पाइएको छ । दाइजो प्रभावित ४९ प्रतिशत (२५ जना) महिला घरायसी काममा संलग्न र २३.५ प्रतिशत (१२ जना) कृषि तथा पशुपालनमा संलग्न देखिन्छन् । यस तथ्याङ्कले घरायसी र कृषि कार्यमा संलग्न महिलाहरू आर्थिक रूपमा आत्मनिर्भर हुन नसक्ने, उनीहरूको कामको अवमूल्यन भएकाले सामाजिक तथा पारिवारिक दबाबको कारण दाइजोको शिकार भइरहेका छन् भन्ने देखिन्छ । १३.७ प्रतिशत (७ जना) दैनिक ज्याला मजदुरी गर्ने र ३.९/३.९ प्रतिशत (२/२ जना) घरेलु कामदार र जागिर खोज्दै गरेका महिला र २/२ प्रतिशत (१/१ जना) गैर सरकारी सेवामा संलग्न, सामान्य व्यवसाय र निजी क्षेत्रमा कार्यरत महिलाहरू माथि हिंसा भएको तथ्याङ्कले देखाएको छ ।





जम्मा : ५१

**चित्र नं. ३.७.६ :** पेसागत अवस्था

### ३.७.७ आरोपितसँगको सम्बन्ध

दाइजो प्रभावित महिला र आरोपितसँगको सम्बन्धको विश्लेषण गर्दा दाइजोको व्यवस्था समाजले मान्यता दिए तापनि महिलामाथि सबैभन्दा बढी परिवारको सदस्य र छिमेकीबाट हिंसा भएको पाइएको छ। कुल ५१ घटना मध्ये ८८.२ प्रतिशत (४५ जना) महिला आफ्नै श्रीमान्‌बाट, ५.९ प्रतिशत (३ जना) परिवारका सदस्यबाट र २/२ प्रतिशत (१/१ जना) मुख्य स्याहार दाता र अन्य व्यक्तिबाट भएको पाइएको छ। यस तथ्याङ्कले के देखाउँछ कि दाइजोको कारण महिलामाथि हुने हिंसामा परिवारका सदस्य र श्रीमान्‌को प्रत्यक्ष संलग्नता हुन्छ। विवाह पश्चात् महिला पुरुषको घरमा जानु पर्ने र संयुक्त परिवारमा बस्नु पर्ने अवस्थाले पनि महिलालाई परिवारका अन्य सदस्यबाट हिंसा हुने जोखिम बढेको हो भने हिंसा पश्चात् पनि यस्ता घटनालाई परिवार र समाजले सामान्यीकरण गर्दा पीडकहरूलाई थप बल प्राप्त भएको देख्न सकिन्छ।




जम्मा : ५१

**चित्र नं. ३.७.६ :** आरोपितसँगको सम्बन्ध

### ३.७.८ असर

दाइजोको कारण भएको हिंसाले महिलाहरूलाई बहुपक्षीय असर परेको स्पष्ट देखिन्छ । जसमा कुल ५१ जना महिलालाई दाइजोको निहुमा हिंसा गरिएको थियो र ती मध्ये सत प्रतिशत ५१ जनालाई नै मानसिक असर परेको र ८२.३५ प्रतिशत (४२ जनालाई)लाई सामाजिक असर, ९६.०७ प्रतिशत (४९ जनालाई)लाई आर्थिक असर र ९२.१५ प्रतिशत (४७ जना)लाई शारीरिक असर परेको पाइएको छ । विशेषगरी, सामाजिक र मानसिक असर उच्च प्रतिशतमा हुनु महिलाहरूलाई दाइजो प्रथाको कारणले व्यक्तिगत तथा सामाजिक जीवनमा अपमान, हिनताबोध र सामाजिक बहिष्कार जस्ता समस्याहरू भोग्न बाध्य बनाएको देखिन्छ । शारीरिक र मानसिक स्वास्थ्यमा नकारात्मक असर परेकाले उनीहरूको दैनिकीमा समेत अवरोध सिर्जना भएको छ । आर्थिक असर परेका महिलाहरूको प्रतिशतले उनीहरूलाई आर्थिक रूपमा असुरक्षित बनाएको देखाउँछ, जसले उनीहरूको आत्मनिर्भरता र सशक्तिकरणमा बाधा पुऱ्याउँछ ।




जम्मा : ५१

**चित्र नं ३.७.८ :** प्रभावितलाई परेको असर

## निष्कर्ष

नेपालमा कानुनले दाइजो प्रथालाई अपराध मानेको भएपनि परिवारका सदस्य र समाजको प्रत्यक्ष संलग्नता तथा समर्थनले यस समस्यालाई अझ बलियो बनाइरहेको छ । विवाहमा दाइजो लेनदेन गर्दा केही समस्या नभए यसको बारेमा उजुरी दर्ता नहुने तर पछि दाइजोको निहुँमा महिला हिंसा भएमा मात्र यसको बारेमा उजुरी हुने देखिएको छ । माथिको तथ्याङ्कहरूको आधारमा, दाइजोको निहुँमा महिलामाथि हुने हिंसा नेपालका विभिन्न प्रदेशहरूमा व्यापक देखिन्छ, विशेष गरी कोशी र मधेश प्रदेशमा यो समस्या गम्भीर छ भने जातीय रूपमा हेर्दा, तराई क्षेत्रका आदिवासी जनजाति र अन्य मधेशी समुदायका महिलाहरूमा दाइजो हिंसा बढी देखिन्छ, जसले तराईमा दाइजो प्रथाको सामाजिक स्वीकृति र प्रभावलाई झल्काउँछ । त्यसैले यी प्रदेशहरूमा र लैङ्गिक समानता र महिला सशक्तिकरणका नीति तथा कार्यक्रमहरूमा पर्याप्त बजेट सुनिश्चित गर्नुपर्छ । दाइजो प्रथाविरुद्धका कानुनी प्रावधानलाई कार्यान्वयन गर्न स्थानीय सरकार, नागरिक समाज र महिला समूहहरूलाई साझेदार बनाउनुपर्छ ।

दाइजो प्रथाको निहुँमा हिंसा भोग्ने महिलाहरूमा मुख्यतया १८ देखि २५ वर्षका उमेर समूहका महिला  देखिन्छन्, जसले नवविवाहित र युवावस्थामा विवाह पश्चात् परिवारको दवाव र दमन सहनुपरेको अवस्थालाई देखाउँछ तर पीडकहरू भने स्वतन्त्रतापूर्वक समाजमा बाँचिरहेको अवस्था देखिन्छ । त्यसैले, कानुनी राज्यको अवधारणालाई मान्यता दिने हो भने दाइजोको निहुँमा हुने हिंसाका घटनाहरूमा समयमै अनुसन्धान, मुद्दा दर्ता र कानुनी कारबाही सुनिश्चित गर्नुपर्छ । प्रहरी, सरकारी वकिल र अदालतबीच दाइजोसम्बन्धी उजुरीको दर्ता र अनुसन्धानमा समन्वय बढाउनुपर्छ र प्रभावित महिलालाई न्यायिक सहायतासहित निःशुल्क कानुनी सहायता उपलब्ध गराउनुपर्छ ।

महिलाको शिक्षाको स्तर वृद्धिसँगै दाइजो हिंसामा केही कमी देखिए तापनि, सामान्य साक्षरता प्राप्त महिलाहरूमा दाइजोको निहुँमा हुने हिंसाको अवस्था विकराल छ । अर्कोतर्फ, दाइजोको निहुँमा हुने हिंसा अशिक्षित मात्र नभई शिक्षित वर्गमा पनि देखिनुले यो समस्या केवल शिक्षाको अभावका कारण नभई समाजमा गहिरो जरो गाडेको परम्परागत सोचसँग सम्बन्धित रहेको पुष्टि हुन्छ । त्यस्तै, यस तथ्याङ्कले घरायसी काममा संलग्न र आर्थिक दृष्टिले परनिर्भर रहेका महिलाहरू

दाइजोको निहुँमा हिंसाको जोखिममा रहेको देखाएको छ । यस अवस्थाले महिला आर्थिक रूपमा आत्मनिर्भर नहुँदा निजलाई परिवारले आर्थिक बोझका रूपमा हेर्ने अवस्था देखाउँछ । त्यसैले, नेपाल सरकार तथा गैह्र सरकारी निकायहरूले दाइजो प्रथाको नकारात्मक प्रभावबारे कानुनी चेतना फैलाउने, विद्यालय र सामुदायिक तहमा लैङ्गिक समानता शिक्षालाई संस्थागत गर्ने र स्थानीय तहमा महिला सशक्तिकरण तथा आर्थिक आत्मनिर्भरता कार्यक्रमहरू सञ्चालन गर्दै समाजमा रहेको परम्परागत सोच परिवर्तन गर्न र दाइजोको माग वा स्वीकृतिलाई सामाजिक रूपमा अस्वीकार्य बनाउन नीति निर्माण गर्ने तथा कार्यक्रमहरू सञ्चालन गर्न आवश्यक देखिन्छ ।

समाजमा दाइजो प्रथाको कारण महिलाहरूमा सामाजिक, मानसिक, शारीरिक र आर्थिक सबै प्रकारका असरहरू देखिन्छ । यसले उनीहरूको आत्मसम्मान, सामाजिक प्रतिष्ठा र आर्थिक सुरक्षामा गम्भीर क्षति पुऱ्याइरहेको छ । त्यसैले, दाइजोको निहुँमा हिंसा भोग्ने महिलाका लागि सुरक्षित आवास, परामर्श सेवा, मनोसामाजिक सहयोग र पुनःस्थापनाका अवसरहरू सुनिश्चित गर्नुपर्छ । राज्यले अस्थायी राहत मात्र होइन, दीर्घकालीन पुनःएकीकरण र आत्म सम्मानपूर्वक जीवनका लागि सहयोग पुऱ्याउनुपर्ने हुन्छ ।

## घटना अध्ययन १०
## दाइजो र महिला हिंसा

गोमा (परिवर्तित नाम) को जन्म मोरङ जिल्लामा भएको हो । चार दाजुभाइ-दिदीबहिनीमध्ये उनी जेठी छोरी हुन् । बुबा राज मिस्त्री काम गर्नुहुन्थ्यो र आमाले घरेलु काम सम्हाल्नुहुन्थ्यो । १७ वर्षको उमेरमा उनले परिवारले खोजेको व्यक्ति राकेश (परिवर्तित नाम)सँग विवाह गरिन् । विवाहपछि उनी श्रीमान्, सासुससुरा र नन्दहरूसँग सँगै बसिन् । विवाहको सुरुदेखि नै गोमालाई घरको कामको अत्यधिक भार थियो । छिमेकीहरूसँग बोल्न रोक, "महिला बाहिर जान मिल्दैन" भन्ने सोचका कारण उनको सामाजिक जीवन पूर्ण रूपमा बन्द गरिएको थियो । एक वर्षपछि छोरा जन्मिए पनि सुत्केरी अवस्थामा समेत उनले घरको गाह्रो काम गर्नुपर्ने, पोसिलो खानेकुरा खान नदिने, आराम गर्न पनि नदिने जस्ता व्यवहार हुन

थाल्यो । जसले उनको शारीरिक तथा मानसिक स्वास्थ्यमा गम्भीर असर पर्‍यो । आमासँग सम्पर्क हुन नदिन श्रीमान्ले मोबाइलसमेत रोक्का गरेका थिए । दाइजो कम ल्याएको भनेर परिवारले दाइजो नल्याउने भए माइती गएर बस, तँ नराम्री भइस्, दाइजो नल्याए तेरो के काम भन्ने जस्ता अपमानजनक शब्दहरू प्रयोग गर्ने, सोही कारणले पटक पटक मानसिक तथा शारीरिक यातना पनि दिन्थे । आफूमाथि भएको यस घटना सहन नसकेर एक दिन छिमेकीलाई भन्दा सासूले थाहा पाएपछि थप कुटपिट र गालीगलौज सहनुपर्‍यो ।

समयक्रममा श्रीमान्को मदिरा सेवन बढ्दै गयो र उनी गाउँकै एक महिलासँग नियमित सम्पर्कमा बस्ने, घर नआउने, आर्थिक जिम्मेवारी नलिने र गोमालाई पूर्ण रूपमा अवहेलना गर्न थाले । उनले यस वारे सासूलाई जानकारी गराउँदा उल्टै "सम्पत्ति ल्याइनस् भने सहनै पर्छ, माइत जाउ, छोराको अर्को विवाह गरिदिन्छु" भन्ने भनाइ खान्थिन् ।

उनी भन्छिन्– "राति निन्द्रा लाग्दैन, खाना खान मन लाग्दैन, एक्लै बस्न मन लाग्छ । बाबाआमालाई पनि सबै कुरा कसरी भनूँ भन्ने लाग्थ्यो" यसैक्रममा उनी ओरेक आइपुगिन्, जहाँ उनले सबै पीडा खुलाएर राखिन् । संस्थाबाट उनले मनोसामाजिक परामर्श सेवा लिइन् र भन्छिन्, "ओरेकमा आएपछि मेरो मन हलुका भयो । अहिले निन्द्रा लाग्छ, खाना खान मन लाग्छ । म अझै पनि उहाँहरूबाट सहयोग पाउने अपेक्षा राख्छु ।"

## ३.८ बोक्सीको आरोपमा हुने हिंसा

नेपालमा अझै पनि जनसङ्ख्याको ठूलो भागमा बोक्सीप्रतिको विश्वास गहिरो रूपमा सामाजिक र सांस्कृतिक रूपमा जरा गाडेर बसेको छ। कुनै पनि धर्म, जात वा वर्गमा सीमित नभएको यो विश्वासले समाजमा महिलालाई अपमान, हिंसा र बहिष्कारको स्वरूपमा असर पुऱ्याइरहेको छ। नेपालमा पुरुषमाथि पनि कहिलेकाहीँ बोक्सोको आरोप लगाइए पनि अधिकांश अवस्थामा पीडित/प्रभावित महिला नै हुन्छन्। परम्परागत मान्यता अनुसार बोक्सीहरूले अरूको दुर्भाग्य, रोग, अकाल मृत्यु, बालबालिकाको मृत्यु वा आर्थिक विनाश ल्याउँछन् भन्ने विश्वास समाजमा गहिरो रूपमा फैलिएर बसेको छ।

सामान्यतया, जब समुदायमा कुनै दुर्भाग्यपूर्ण घटना, रोग, मृत्यु वा आर्थिक संकट आउँछ, तब कसैलाई बोक्सी ठहऱ्याउने अन्धविश्वासी चलन रहेको छ भने सो चलनलाई मुर्त रूप दिन धामी-झाँक्री जो अधिकांश पुरुषहरू हुन् उनीहरूको भूमिका यसमा अत्यन्त प्रभावशाली देखिन्छ। उनीहरूमा बोक्सी लागेको उपचार र भविष्यवाणी गर्ने र बोक्सी पहिचान गर्ने शक्ति भएको मानिन्छ। जब कुनै धामी-झाँक्रीले महिलालाई बोक्सी ठहऱ्याउँछन् तब गाउँले, छिमेकी र कहिलेकाहीँ आफन्तहरूले समेत ती महिलामाथि अत्याचार गर्छन्। कतिपय घटनामा धामी-झाँक्री स्वयंले पनि शारीरिक यातना, कुटपिट र हत्या जस्ता कार्यमा संलग्न भएको पाइन्छ।


बोक्सीको आरोपको कारण प्रायः सामाजिक र आर्थिक तनावसँग सम्बन्धित हुन्छ। परिवारभित्रको सम्पत्ति, उत्तराधिकार वा जमिनको विवाद वा सासू-बुहारीबीचको मनमुटावले पनि महिलामाथि बोक्सी आरोप लगाइने घटना भएका छन्। कतिपय अवस्थामा, आर्थिक लाभ लिन वा कमजोर वर्गका महिलामाथि नियन्त्रण जमाउन, बोक्सी आरोप हतियारका रूपमा प्रयोग गरिन्छ। यसले विधवा, दलित, अशिक्षित र गरिब महिलाहरूलाई बढी जोखिममा पारेको छ। विशेष गरी मधेश र तराईका समुदायहरूमा यस्तो आरोप बढी देखिन्छ, जसले लैङ्गिक र जातीय भेदभावको अन्तरसम्बन्धलाई उजागर गर्छ।

बोक्सी आरोपमा परेको महिलामाथि हुने हिंसा अत्यन्त अमानवीय र निर्दयी हुन्छ। ती महिलालाई नाङ्गो पारेर कुटपिट गर्ने, अनुहारमा कालो पोत्ने, जुत्ताको माला घाँटीमा लगाइदिने, पिसाब वा

फोहर खाने कुरा खुवाउने वा खान बाध्य पार्ने, तताएको फलामले डाम्ने, ढुंगामुढा गर्ने वा जलाएर मार्ने जस्ता घटनाहरू घटेका देखिन्छन् । यस्ता घटनाले महिलालाई शारीरिक चोट मात्र होइन, गहिरो मानसिक आघात पुऱ्याउँछन् र कतिपय अवस्थामा आत्महत्या गर्नसम्म पुग्ने अवस्था आउँछ भने धेरै पीडित/प्रभावितहरू समुदायबाट बहिष्कृत भएर बस्न बाध्य पारिएका हुन्छन् ।

नेपालमा कानुनले बोक्सीको आरोप लगाउने र हिंसा गर्ने कार्यलाई अपराध घोषित गरेको छ । बोक्सीको आरोप (कसूर र सजाय) ऐन, २०७२ मा बोक्सी आरोपमा कसूर गर्ने व्यक्तिलाई कसूरको मात्रा हेरी आठ वर्षसम्म कैद र एकलाख रुपैयाँसम्म जरिवानाको व्यवस्था गरेको छ । तर कानुनी संरचना हुँदाहुँदै पनि यसको कार्यान्वयनमा कमजोरी छ । प्रहरी र स्थानीय अधिकारीहरूको उदासीनता, पीडित/प्रभावित महिलालाई पीडकबाट हुनसक्ने आक्रमणको डर र प्रतिशोधको त्रासले धेरै घटनामा न्यायबाट वञ्चित हुनुपरेको अवस्था छ । यसले दण्डहीनताको संस्कृति बलियो बनाएको छ ।

### ३.८.१ प्रदेशगत विवरण





जम्मा : ३१

**चित्र नं ३.८.१ :** प्रदेशगत विवरण

माथिको तथ्याङ्कलाई विश्लेषण गर्दा बोक्सीको आरोपमा हुने हिंसाहरू केवल एक प्रदेशमा सीमित नभई विविध सामाजिक विश्वास र अन्धविश्वासबाट प्रभावित भएको देखिन्छ। सबै भन्दा बढी मधेश प्रदेशमा ७१ प्रतिशत (२२ जना), कोशी प्रदेशमा १२.९ प्रतिशत (४ जना), कर्णाली र सुदूरपश्चिम प्रदेशमा ६.५/६.५ प्रतिशत (२/२ जना), र बागमती प्रदेशमा ३.२ प्रतिशत (१ जना) महिलामाथि बोक्सीको आरोपमा हिंसा भएको पाइएको छ। यसले यो देखाउँछ कि नेपाली समाजमा अझै पनि गहिरो रूपमा अन्धविश्वास र सामाजिक असमानताहरू यथावत् रहेको छ। बोक्सीको आरोपमा हुने हिंसामा मधेश प्रदेश सबै भन्दा बढी प्रभावित रहेको देखिएको छ, जसले यो क्षेत्रका सामाजिक, आर्थिक र सांस्कृतिक परिवर्तनमा ध्यान दिन आवश्यक देखिन्छ। त्यस्तै कोशी र कर्णाली प्रदेशमा पनि यस्ता घटनाहरू भएको देखिन्छ, जसले नेपालका विभिन्न भौगोलिक क्षेत्रमा बोक्सीको आरोपमा हिंसा भइरहेको कुरा संकेत गर्छ। गण्डकीमा ओरेकको कार्य क्षेत्र नभएको, सुदूरपश्चिम प्रदेशबाट समेत केही तथ्याङ्क नआएकाले र बागमती प्रदेशको तुलनात्मक विकासले सम्भवतः बोक्सीको आरोपमा हुने हिंसा कम भएकोले सो प्रदेशहरूबाट तथ्याङ्क सङ्कलन नभएको हुनसक्छ। साथै, रिपोर्टिङ प्रणालीलाई सबल बनाउँदै सातै ओटा प्रदेशमा भइरहेको बोक्सीको आरोपमा हुने हिंसाको अवस्था बुझ्न र त्यसमा सुधार ल्याउन आवश्यक देखिन्छ।

### ३.८.२ हिंसाका प्रकार

बोक्सीको रूपमा आरोपित महिलाहरूमाथि केवल आरोप मात्र होइन, उनीहरूलाई कुटपिट, मानसिक यातना समेत दिने गरेको तथ्याङ्कले देखाएको छ। ५८.१ प्रतिशत (१८ जना)माथि घरेलु हिंसा जस्तैः कुटपिट, गालीगलौँच। त्यसैगरी, १६.१ प्रतिशत (५ जना)मा यौन हिंसा, १९.४ प्रतिशत (६ जना)लाई समाजका व्यक्तिहरुले रूपमा कुटपिट गर्ने, सामाजिक कार्यमा संलग्न नगराउने साथै बोक्सी भनी गाली बेइजत गर्ने समेत गरेको छ। बोक्सीको आरोप लागेकी एक महिलाले आत्महत्या समेत गर्नु पर्यो र एक जना महिलाको भने हत्या गरेको तथ्याङ्कले देखाएको छ।





जम्मा : ३१

**चित्र नं. ३.८.२ :** हिंसाका प्रकार

### ३.८.३ उमेरगत विवरण

बोक्सीको आरोपको हिंसाबाट प्रभावित महिलाहरूमा सबै भन्दा बढी ३६ देखि ४५ वर्ष उमेर समूहका रहेका छन् । प्राप्त तथ्याङ्क अनुसार हेर्ने हो भने ३६ देखि ४५ वर्ष उमेर समूहका ३२.३ प्रतिशत (१० जना) रहेको पाइएको छ । यी उमेर समूहमा रहेका महिलाहरू प्रायः आफ्नो परिवारमा महत्त्वपूर्ण भूमिका निर्वाह गरिरहेका हुन्छन् र उनीहरूलाई समाजमा विभिन्न आरोप लगाई कमजोर बनाउने प्रयास गरिएको देखिन्छ । त्यस्तै २६ देखि ३५ वर्ष उमेर समूहका २५.८ प्रतिशत (८ जना), १८ देखि २५ वर्ष उमेरका २२.६ प्रतिशत (७ जना), ४६ देखि ५५ वर्षका ९.७ प्रतिशत (३ जना) र ५६ र सो भन्दा माथिका ३.२ प्रतिशत (१ जना)माथि बोक्सीको आरोप लगाई उनीहरूमाथि हिंसा गरेको तथ्याङ्कले देखाएको छ ।





जम्मा : ३१

**चित्र नं ३.८.३ :** उमेरगत विवरण

### ३.८.४ शिक्षा

बोक्सीको आरोपबाट प्रभावितहरूको शैक्षिक स्तरबारे विश्लेषण गर्दा कुल ३१ जना प्रभावित मध्ये ६१.३ प्रतिशत (१९ जना) साक्षर र ३८.७ प्रतिशत (१२ जना) निरक्षर महिलालाई बोक्सीको आरोप लगाएको पाइएको छ । साक्षर महिलाहरूमा पनि सामान्य आधारभूत शिक्षा अध्ययन गरेका ३६.८ प्रतिशत (७ जना), माध्यमिक शिक्षा पूरा गरेका ५२.६ प्रतिशत (१० जना), स्नातक तह वा सो भन्दामाथि र प्रौढ शिक्षा हासिल गरेका ५.३/५.३ प्रतिशत (१/१ जना) माथि हिंसा भएको पाइएको छ । यसले के देखाउँछ भने बुझ्ने वा सामान्य लेखपढ गर्न सक्ने महिलाहरू समेत सामाजिक हिंसाबाट प्रभावित छन् । शिक्षाको तह बढ्दै जाँदा भने हिंसाको दर पनि घटेको कुरा तथ्याङ्कले देखाएको छ ।





जम्मा : ३१

**चित्र नं: ३.८.४:** शैक्षिक अवस्था

### ३.८.५ वैवाहिक अवस्था

बोक्सीको आरोपबाट प्रभावित महिलाहरूको वैवाहिक अवस्था विश्लेषण गर्दा ७०.९७ प्रतिशत विवाहित महिला रहेका छन् भने, ९.६८ प्रतिशत (३ जना) अविवाहित, ६.४५ प्रतिशत (२ जना) विवाहित तर सँगै नबसेको, ३.२३ प्रतिशत (१ जना) पारपाचुके (सम्बन्ध विच्छेद) गरेका र ९.६८ प्रतिशत (३ जना) एकल तथा विधवा महिला रहेको तथ्याङ्कले देखाएको छ ।





जम्मा : ३१

**चित्र नं ३.८.५.** वैवाहिक अवस्था

### ३.८.६ जातिगत अवस्था

बोक्सीको आरोपबाट प्रभावित महिलाहरू मध्ये सबैभन्दा बढी ५४.८ प्रतिशत (१७ जना) मधेशी जातिका रहेका छन् । त्यसैगरी १२.९ प्रतिशत (४ जना) तराई दलित, ९.७ प्रतिशत (३ जना) तराई जनजाति र ६.५/६.५ प्रतिशत (२/२ जना) बाह्मण/क्षेत्री पहाडी, बाह्मण/क्षेत्री तराई, पहाडी जनजाति र ३.२ प्रतिशत (१ जना) पहाडी दलित जातिका रहेका छन् । यसरी बोक्सीको आरोपको हिंसा कुनै विशेष जातीय समूहमा मात्र सीमित छैन र यसले विभिन्न जात/जातीयताका महिलाहरूलाई प्रभावित बनाएको छ भन्ने देखिन्छ । यद्यपि, बाह्मण/क्षेत्री, मधेशी, अन्य र दलित महिलाहरूलाई धेरैजसो बोक्सीको आरोपमा हिंसा गरिन्छ, जसले नेपाली समाजमा रहेको महिलाप्रति रहेको सामाजिक, सांस्कृतिक र जातीय भेदभावलाई दर्शाउँछ ।





जम्मा : ३१

**चित्र नं. ३.८.६:** जातिगत अवस्था

### ३.८.७ पेसागत अवस्था

बोक्सीको आरोपबाट प्रभावित महिलाको तथ्याङ्कलाई पेशागत रूपमा विश्लेषण गर्दा धेरैजसो महिला जो कृषि तथा पशुपालन र घरायसी काममा संलग्न छन् उनीहरूमा हिंसाको दर बढी भएको पाइएको छ। बोक्सीको आरोपबाट प्रभावित ४८.४ प्रतिशत (१५ जना) कृषि तथा पशुपालनमा संलग्न छन् भने ३५.५ प्रतिशत (११ जना) घरायसी काममा, १२.९ प्रतिशत (४ जना) दैनिक ज्यालादारी मजदुरीमा र ३.२ प्रतिशत (१ जना) विद्यार्थीमाथि बोक्सीको आरोप लगाइएको छ। यसले नेपाली समाजमा आर्थिक रूपमा निर्भर नभएका, परिवार र समुदायसँग सीमित अन्तरक्रिया गर्ने, बाहिरी तथा सार्वजनिक जीवनमा नगएका घरेलु महिलाहरूलाई विविध बाहानामा हिंसाको सिकार बनाउने प्रवृत्तिलाई उजागर गर्छ। कृषिमा संलग्न महिलाहरू अझैपनि आर्थिक रूपमा कमजोर भएको र गाउँमा कसैको बाली मासिएमा वा पशु विमार भएमा अन्धविश्वासका कारण गाउँमै रहेका अन्य कृषि पशुपालनमा रहेका महिलालाई बोक्सीको आरोप लगाउन सजिलो हुने मानसिकता प्रबल छ, जसले समाजमा महिलाहरूको पेशागत भूमिकालाई अझै कमजोर बनाएको अवस्था छ।





जम्मा : ३१

**चार्ट नं. ३.८.७ :** पेसागत अवस्था

### ३.८.८ आरोपितसँगाको सम्बन्ध

बोक्सीको आरोपबाट प्रभावित महिला र आरोपितसँगको सम्बन्धबारे विश्लेषण गर्दा महिलामाथि सबैभन्दा बढी आफ्नै श्रीमान्, समुदायको सदस्य र छिमेकीबाट हिंसा भएको पाइएको छ। कुल ३१ घटना मध्ये ६१.३ प्रतिशत (१९ जना) श्रीमान्, १६.१ प्रतिशत (५ जना) छिमेकी, १२.९ प्रतिशत (४ जना) समुदायको सदस्य र ६.५ प्रतिशत (२ जना) परिवारका सदस्य रहेका छन्। तसर्थ, बोक्सीको आरोपको घटनामा गाउँले समुदाय र धार्मिक आस्थाको प्रभाव प्रमुख कारण देखिन्छ। यी घटनामा धामी-झाँक्री वा अन्य स्थानीय धार्मिक व्यक्तिको संलग्नता, बोक्सी आरोपलाई अझ सुदृढ बनाउने एउटा कारकको रूपमा देखा परेको छ। त्यस्तै, सेवा प्रदायकको भूमिकामा रहेका ३.२ प्रतिशत अर्थात एक जनाले समेत बोक्सीको आरोपमा हिंसा गरेको पाइएको छ। यसरी परिवारका सदस्यहरूबाट महिलाहरू हिंसामा पर्ने घटनाले घरेलु हिंसाको रूप र परिवार भित्र रहेको लैङ्गिक असमानतालाई स्पष्ट पार्छ।




जम्मा : ३१

**चित्र नं. ३.८.८:** आरोपितसँगको सम्बन्ध

### ३.८.९ असर

महिलामाथि लगाइएको बोक्सीको आरोपका कारण प्रभावितलाई मानसिक, शारीरिक, सामाजिक, आर्थिक र सबै प्रकारका क्षति परेको पाइएको छ। जसमा कुल ३१ जना महिलालाई बोक्सीको आरोप लगाइएकोमा ३१/३१ अर्थात सबै जनालाई नै मानसिक र सामाजिक असर परेको पाइएको छ। त्यस्तै २९ जनालाई आर्थिक र ३० जनालाई शारीरिक असर परेको पाइएको छ।

मुख्यत: बोक्सीको निहुँमा हुने हिंसाले महिलाहरूको समाजमा स्थान, प्रतिष्ठा र सामाजिक सम्बन्धमा असर पारेको देखिन्छ। यसका साथै समाजमा हुने तिरस्कार र अपमानले महिलाहरूको मानसिक स्वास्थ्यमा गम्भीर असर पुऱ्याएको देखिन्छ। शारीरिक हिंसाले हिंसाको क्रूरता र महिलाहरूलाई शारीरिक रूपमा कमजोर बनाउने समाजको उद्देश्यलाई उजागर गर्छ। साथै, आर्थिक रूपमा विपन्न र असक्षम भएका महिलाहरूमा नै हिंसा भएको हुँदा उनीहरूलाई थप आर्थिक संकट परेको र उनीहरू आर्थिक रूपमा कमजोर भएको देखिन्छ।




जम्मा : ३१

**चित्र नं ३.८.९ :** असर

## निष्कर्ष

बोक्सीको आरोपमा हुने हिंसाहरू नेपालका विभिन्न भौगोलिक, सामाजिक र सांस्कृतिक क्षेत्रमा व्यापक रूपमा रहेको देखिन्छ । सबैभन्दा बढी प्रभावित मधेश प्रदेशमा रहेको भए पनि, कोशी र कर्णाली प्रदेशमा पनि यस्ता हिंसाका घटना हुनुले देशभर अन्धविश्वास र सामाजिक असमानताको गहिरो प्रभावलाई उजागर गरेको छ । गण्डकी र बागमती प्रदेशमा रिपोर्टिङ कम हुनुको कारण विकासको स्तर वा कार्यक्षेत्रको अभाव हुनसक्छ, जसले सम्पूर्ण प्रदेशमा घटनाहरूको यथार्थ बुझ्न र सुधार ल्याउन रिपोर्टिङ प्रणालीलाई सबल बनाउनुपर्ने आवश्यकता देखाउँछ ।

बोक्सीको आरोपको हिंसाबाट प्रभावित महिलाहरूमा सबैभन्दा बढी ३६ देखि ४५ वर्ष उमेर समूहका छन्, जसमा प्रायः महिलाहरू परिवारमा महत्त्वपूर्ण भूमिका निर्वाह गरिरहेका हुन्छन् । यो उमेर समूहको महिलालाई कमजोर बनाउने र समाजमा उनीहरूको स्थानलाई कमजोर बनाउने

मनोवृत्ति रहेको देखिन्छ। शिक्षाको स्तरमा साक्षर महिलाहरू समेत यस हिंसाबाट प्रभावित भएका छन्, जसले शिक्षाको अभाव मात्र नभई सामाजिक सोच र विश्वासको गहिरो प्रभावलाई दर्शाउँछ। विवाहित र एकल महिलाहरू यस हिंसामा बढी शिकार भएका छन्, विशेषगरी विवाहित महिलाहरूलाई परिवारिक जिम्मेवारी र सामुदायिक गतिविधिमा संलग्न देखिएकाले सजिलै आरोपको शिकार बनाइन्छ। जातीय रूपमा बाह्मण/क्षेत्री, मधेशी अन्य र दलित महिलाहरूलाई बोक्सीको आरोपमा हिंसा गरिन्छ। यसले जातीय र सामाजिक विभेदलाई झल्काउँछ। पेशागत रूपमा, घरायसी काम र कृषि तथा पशुपालनमा संलग्न महिलाहरू बोक्सीको आरोपको शिकार बनेका छन्, जसले आर्थिक रूपमा निर्भर, समाजसँग सीमित अन्तरक्रिया गर्ने महिलामाथि हिंसा बढ्ने प्रवृत्तिलाई उजागर गर्छ। त्यसैले नेपाल सरकारका तीनै तहले महिलाको आर्थिक सशक्तीकरण, शिक्षा र रोजगारीका अवसर विस्तार गरेर उनीहरूको आत्मनिर्भरता बढाउनुपर्छ। एकल महिला (विधवा), दलित, अशिक्षित र ग्रामीण महिलाहरूको अधिकार सुनिश्चित गर्न सामाजिक सुरक्षा र पुनर्स्थापना कार्यक्रमहरू प्रभावकारी बनाइनुपर्छ।

आरोपको घटनामा प्रायः समुदायका सदस्य, छिमेकी र स्थानीय धार्मिक आस्थाको भूमिका रहेको देखिन्छ, जसले समाजमा अन्धविश्वास र धामी-झाँक्रीको प्रभावलाई प्रकट गर्दछ। त्यसैले, बोक्सीको आरोप (अपराध र सजाय) ऐन, २०७२ लाई प्रभावकारी रूपमा कार्यान्वयन गर्दै यस्ता मुद्दाको सक्रियताका साथ उजुरी दर्ता गर्न प्रोत्साहन दिंदै समुदायस्तरमा हुने मेलमिलापलाई हतोत्साहित गर्नपर्छ। यसका लागि प्रहरी र न्यायिक निकायका कर्मचारीहरूलाई लैङ्गिक दृष्टिकोण सहितको तालिम प्रशिक्षण गर्न थप आवश्यक छ।

बोक्सीको आरोपका कारण महिलाहरू सामाजिक, मानसिक, शारीरिक र आर्थिक पक्षमा गम्भीर क्षति बेहोर्दै आएका छन्। सामाजिक रूपमा प्रतिष्ठामा नकारात्मक असर, मानसिक स्वास्थ्यमा चिन्ता र तनाव, शारीरिक हिंसाबाट हुने पीडा र आर्थिक असुरक्षाले उनीहरूको जीवनलाई अत्यन्त प्रभावित बनाएको छ। त्यसैले, प्रभावित महिलाहरूलाई तत्काल उद्धार, सुरक्षित आवास, कानुनी सहायता, स्वास्थ्य सेवा र मनोसामाजिक परामर्श उपलब्ध गराउनुपर्छ। स्थानीय तहमा एकद्वार संकट व्यवस्थापन केन्द्र (OCMC) र सुरक्षित आवास गृह स्थापना गरी प्रभावितको सुरक्षा सुनिश्चित गर्नुपर्छ भने दीर्घकालीन समाधानका लागि प्रभावितको समाजमा पहिचान र आत्म

सम्मानका साथ बाँच्न पाउने हक स्थापित गर्न उनीहरूले आर्थिक सशक्तिकरण गर्नपर्छ । त्यसैले, राज्यले समुदायमा व्याप्त अन्धविश्वास, धामी-झाँक्रीप्रतिको आस्था र लैङ्गिक भेदभाव अन्त्य गर्न दीर्घकालीन जनचेतना कार्यक्रम सञ्चालन गर्नुपर्छ । विद्यालयस्तरदेखि नै लैङ्गिक समानता र वैज्ञानिक सोचलाई समेट्ने शिक्षा प्रणाली विकास गर्नुपर्छ । यसका लागि स्थानीय सरकारहरूलाई समुदायस्तरमा बोक्सी आरोप र अन्य हानिकारक अभ्यास रोक्न जिम्मेवारीका साथ सशक्त बनाइनुपर्छ ।

## घटना अध्ययन ११

### बोक्सीको आरोपमा भएको हिंसा

हरिना (नाम परिवर्तित), ४३ वर्षीय महिला हुन् । एउटा सानो गाउँ र आर्थिक स्थिति कमजोर भएको घरमा जन्मिएकी उनले पढ्ने लेख्ने अवसर पाइनन् । आमा बुवा पेसाले दैनिक ज्यालादारी मजदुरीमा संलग्न थिए । दुई छाक राम्ररी खान पनि उनलाई धौं धौं थियो । एकातिर आर्थिक स्थिति कमजोर र अर्को तिर छोरीलाई छिट्टै बिहे गरीदिनु पर्छ भन्ने पितृसत्तामत्क सोच, त्यसै कारणले उनको बिहे १७ वर्षकै उमेरमा भयो । बिहे पछि उनलाई उनको श्रीमान्ले राम्रो नै व्यवहार गरे तर आर्थिक अवस्था कमजोर भएका कारणले उनले पनि श्रीमान् सँगसँगै दैनिक ज्यालादारी काम सुरु गरिन् । एकदिन उनी काम गर्दै गर्दा उनकी देउरानी आउँछिन् र एकछिन धामीका जाउँ भन्छिन् र हरिना लगायत अरू पन्ध्र जना धामीकोमा जान्छन् । उनकी देउरानीले धामीलाई सबै समस्या सुनाइसकेपछि धामीले सबै कुराको दोष हरिनालाई लगाउँछन् र हरिना नै बोक्सी हो भन्ने कुरा गर्छन् । त्यही निहुँमा हरिनामाथि धामीले कुटपिट गर्छन्, घाँटी समेत थिची बोक्सी भनी कबुल गराउन खोज्छन् तर हरिनाले आफू माथि त्यती भई सक्दा पनि आफू बोक्सी हो भनी कबुल गर्दिनन् । त्यसपछि धामीले उनलाई झन् कुटपिट

गरी घाइते बनाई उनकै घरमा लगेर छोडिदिन्छन् । आफूलाई अलि ठिक पाएपछि हरिनाले आफूमाथिको हिंसा विरुद्ध प्रहरीमा उजुरी दिन्छन् र उजुरी दिएको २ दिन पछि मात्र दर्ता भयो र आरोपित समातिए तर थुनामा परेको केही दिन मै आरोपित धामी जेलबाट छुटे ।

आरोपित जेलबाट बाहिरिए पछि हरिना आफूलाई असुरक्षित महसुस गर्छिन् र ओरेकमा सहयोगको लागि आउँछिन् । ओरेकबाट मनोसामाजिक परामर्श सेवा प्राप्त गरेपछि उनीलाई सुरक्षावासमा व्यवस्थापन गरिन्छ । करिब १५ दिनको सुरक्षा आवासको बसाइ पछि उनी घर फर्किन्छिन् । मनोसामाजिक परामर्श पाएका कारणले उनको मानसिक स्वास्थमा सुधार त आएको थियो तर समाजले उनलाई हेर्ने दृष्टिकोण भने फेरिएको थिएन । उनी आफूलाई समाजबाट अपहेलित र बहिस्कृत महसुस गर्थिन् ।

उनी अहिले पनि आफ्नो आत्म सम्मान फिर्ता नआएको कुरा बताउँछिन् र छोराहरू त्यही समाजमा पहिला जसरी बस्न नसकेको अनुभव सुनाउँछिन् ।


# परिच्छेद ४

## (क) मानव बेचबिखन

मानव बेचबिखनलाई आधुनिक युगको दास प्रथाको रूपमा स्वीकार गरिएको छ। वाक् फ्रि फाउण्डेशनले प्रकाशित गरेको सबैभन्दा पछिल्लो प्रतिवेदन “ग्लोबल स्लेभरी इन्डेक्स (२०२३)” का अनुसार १६० वटा मुलुकहरू मध्ये नेपाल १२१ औं स्थानमा रही कुल जनसङ्ख्या मध्ये ९७,००० हजार (प्रतिहजार ३.३) जना आधुनिक दासतामा रहेको भनी उल्लेख गरेको छ। मानव बेचबिखनका पीडित तथा प्रभावितहरू मुख्यत : सूचनाको अधिकार, स्वतन्त्रता तथा सुरक्षाको अधिकार, बाँच्न पाउने अधिकार, आत्मसम्मानको अधिकार, दासता तथा श्रम शोषण विरुद्धको अधिकार, अपमानजनक व्यवहार विरुद्धको अधिकार, लैङ्गिक हिंसा विरुद्धको अधिकार, आवतजावत गर्न पाउने अधिकार, स्वास्थ्य सम्बन्धी अधिकार, सुरक्षित वासस्थानको अधिकार, सुरक्षित वातावरणमा काम गर्न पाउने अधिकार, यौन शोषणबाट संरक्षित हुन पाउने अधिकार, प्रभावकारी पारिवारिक पुर्नमिलनको अधिकार, सामाजिक सुरक्षाको अधिकार, बालबालिकाको हकमा विशेष संरक्षणका अधिकार तथा स्वदेश फिर्ति सम्बन्धी अधिकारहरू प्राप्त गर्नबाट वञ्चित भएका छन् ।

नेपालले मानव बेचबिखनलाई गम्भीर अपराधको रूपमा स्वीकार गर्नुका साथै अन्तरदेशीय सङ्गठित अपराध विरुद्धको संयुक्त राष्ट्र सङ्घीय महासन्धिको मानव विशेष गरी महिला तथा बालबालिकाको बेचबिखनलाई रोक्ने, दबाउने र सजाय गर्ने प्रलेख २०००, (पालेर्मो प्रलेख) लाई अनुमोदन गरी कार्यान्वयनमा समेत ल्याइसकेको छ। यस वर्ष कूल २६ वटा मानव बेचबिखन र १ वटा बेचबिखनको प्रयासको घटना अभिलेख भएको छ जसमध्ये १९ वटा घटना सुनिता फाउण्डेशनबाट सङ्कलन भएको हो ।

## ४.१.१ प्रदेशगत विवरण




जम्मा : २७

**चित्र नं. ४.१.१:** प्रदेशगत विवरण

माथिको तथ्याङ्कलाई विश्लेषण गर्दा सबै भन्दा धेरै बागमती प्रदेशमा जम्मा ७४.०७ प्रतिशत (२० जना), र बाँकी रहेका कोशी प्रदेशमा ११.११ प्रतिशत (३ जना), मधेश र सुदूरपश्चिम प्रदेशमा ७.४१/७.४१ प्रतिशत (२/२ जना) महिला बेचबिखनमा परेका घटना दर्ता भएका छन्। बागमती प्रदेशमा यति धेरै घटना दर्ता हुनुमा यस क्षेत्रको विशिष्ट भूगोल र काठमाडौं उपत्यकाको केन्द्रित सेवाहरू प्रमुख कारक हुन्। काठमाडौंमा रहेका संघसंस्थाहरू (ओरेक र सुनिता फाउण्डेशन)ले महिला बेचबिखनबाट प्रभावितहरूको उद्धार र सुरक्षित आवासको व्यवस्था सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने गरेका छन्। यसका कारण उद्धार गरिएका धेरै महिलाहरू काठमाडौंमा नै संरक्षण र आवास पाउने भएकाले उनीहरूको घटनाहरू पनि यहीँ दर्ता हुने गरेका छन्। अन्य प्रदेशहरूमा पनि यस्ता घटना हुन सक्ने भए तापनि, अधिकांश पीडित/प्रभावितहरूको तथ्याङ्क काठमाडौंमा नै केन्द्रित रहने देखिन्छ।




यस तथ्याङ्कबाट स्पष्ट हुन्छ कि मानब बेचबिखनको समस्या केवल बागमती प्रदेशमा सीमित छैन तर उद्धार र पुर्नस्थापनाको प्रक्रिया काठमाडौं उपत्यकामा आधारित हुँदा घटनाहरू पनि यहाँ बढी दर्ता भएका छन्। यसले काठमाडौंलाई समस्या समाधानको केन्द्र बनाएको छ तर यो समस्या

नेपालका अन्य प्रदेशहरूमा पनि रहेकोले प्रत्येक प्रदेशमा उद्धार तथा पुर्नस्थापनाका लागि समान स्तरका सेवाहरू आवश्यक देखिन्छ। मानब बेचबिखनलाई न्यूनीकरण गर्न प्रत्येक प्रदेशमा उद्धार तथा सुरक्षित आवास सेवाहरू विस्तार गर्ने, कानूनी सहायता, पुनर्स्थापनाको अवसर प्रदान गर्ने र स्थानीय स्तरमै समस्या समाधानको लागि स्रोत साधनमा वृद्धि गर्ने खाँचो देखिन्छ। यसले गर्दा पीडित/प्रभातिलाई नजिकैको क्षेत्रमा सहयोग उपलब्ध हुनेछ र समस्या समाधानमा समग्र राष्ट्रको सहभागिता सम्भव हुनेछ।

### ४.१.२ उमेरगत विवरण

बेचबिखनमा परेका जम्मा २७ जना मध्ये ३७ प्रतिशत (१० जना) ३६ देखि ४५ उमेर समूहका रहेका छन्। त्यस्तैगरी, २६ देखि ३५ उमेर समूहका ३३.३ प्रतिशत (९ जना), १८ देखि २५ र १८ भन्दा कम उमेरका समूहका १४.८ प्रतिशत (४/४ जना) महिला तथा किशोरी बेचबिखनमा परेको पाइएको छ।





जम्मा : २७

**चित्र नं. ४.१.२ :** उमेरगत विवरण

### ४.१.३ शिक्षा

बेचबिखनबाट प्रभावितहरूको शैक्षिक स्तरबारे विश्लेषण गर्दा ७०.४ प्रतिशत (१९ जना) निरक्षर महिला रहेका छन् र साक्षर महिलाको शैक्षिक अवस्था हेर्ने हो भने, १४.८ प्रतिशत (४ जना) महिलाले आधारभूत शिक्षा र १४.८ प्रतिशत (४ जना)ले नै माध्यमिक शिक्षा हासिल गरेको पाइएको छ ।





जम्मा : २७

**चित्र नं. ४.१.३ :** शैक्षिक अवस्था

### ४.१.४ वैवाहिक अवस्था

प्रभावितको वैवाहिक अवस्थाको बारेमा विश्लेषण गर्दा बेचबिखन तथा ओसारपसारबाट प्रभावित महिलामध्ये ९२.६ प्रतिशत (२५ जना) विवाहित महिला रहेको पाइएको छ । त्यसैगरी ७.४ प्रतिशत (२ जना) विवाहित महिला बेचबिखन तथा ओसारपसारमा परेको तथ्याङ्क सङ्कलन भएको छ । यस विश्लेषणबाट थाहा हुन्छ कि विवाहले महिलाहरूलाई बेचबिखनको जोखिमबाट जोगाउन सक्दैन किनकि धेरैजसो विवाहित महिला आफ्नै श्रीमान्बाट बेचिएका छन् । विवाहित महिलाहरू आर्थिक, सामाजिक र पारिवारिक समस्याका कारण बेचबिखनमा पर्ने जोखिममा रहेका छन् । यसले देखाउँछ कि विवाहको संस्थालाई सुरक्षित संरचनाको रूपमा हेर्ने परम्परागत सोच गलत हुनसक्छ ।





जम्मा : २७

**चित्र नं. ४.१.४ :** वैवाहिक अवस्था

## ४.१.५ जातिगत अवस्था

बेचबिखनबाट प्रभावित महिलाहरूमध्ये सबैभन्दा बढी ७०.४ प्रतिशत (१९ जना) पहाडी जनजाति रहेका छन् । त्यसैगरी, ७.४/७.४ प्रतिशत (२/२ जना) पहाडी दलित, मधेशी र तराई जनजाति समुदायका रहेका छन् र ३.७/३.७ प्रतिशत (१/१ जना) पहाडी ब्राह्मण क्षेत्री र ब्राह्मण क्षेत्री तराई समुदायका रहेको पाईको छ ।





जम्मा : २७

**चित्र नं. ४.१.५ :** जातिगत अवस्था

### ४.१.६ पेसा व्यवसाय

यस वर्ष बेचबिखन तथा ओसारपसारबाट प्रभावित महिला मध्ये सबैभन्दा बढी ५९.३ प्रतिशत (१६ जना) कृषि तथा पशुपालन गरिरहेका महिला रहेका छन् । त्यसैगरी, १४.८ प्रतिशत (४ जना) विद्यार्थी, ११.१ प्रतिशत (३ जना) व्यवसाय, ७.४ प्रतिशत (२ जना) दैनिक ज्यालादारी काममा र ३.७/३.७ प्रतिशत (१/१ जना) घरायसी काम तथा अन्य काममा संलग्न महिलाहरू बेचबिखन तथा ओसारपसारबाट प्रभावित भएको तथ्याङ्क रहेको छ ।





जम्मा : २७

**चित्र नं. ४.१.६ :** पेसागत अवस्था

### ४.१.७ आरोपितसँगाको सम्बन्ध

बेचबिखनमा परेका पीडित/प्रभावित र बेचबिखन गर्ने व्यक्ति तथा समूहसँगको सम्बन्ध तथा नाताको अवस्था विश्लेषण गर्दा ६३ प्रतिशत (१७ जना) आफूले नचिनेको व्यक्ति अर्थात अपरिचित व्यक्तिबाट, २२.२ प्रतिशत (६ जना) समुदायका सदस्यबाट, ३.७ प्रतिशत (१ जना) परिवारका सदस्य र श्रीमान्‌बाट र ७.४ प्रतिशत (२ जना) छिमेकीबाट बेचबिखनमा परेको पाइएको छ । यसले यो देखाउँछ कि बेचबिखनको समस्या विशेष रूपमा अपरिचित व्यक्तिहरूसँग सम्बन्धित छ । यो महिलाहरूका लागि गम्भीर खतरा हो । यसबाट प्रकट हुन्छ कि समुदाय र समाजका सदस्यहरू बीचको सम्बन्धलाई मजबुत बनाउनु पर्ने आवश्यकता छ, ताकि महिलाहरूलाई सङ्गठित अपराधबाट सुरक्षा र समर्थन मिल्न सक्छ ।





जम्मा : २७

**चित्र नं. ४.१.७ :** आरोपितसँगको सम्बन्ध

## ४.१.८ असर

बेचबिखनमा परेका सत प्रतिशत प्रभावित (२७ जना)हरूले सबै प्रकारका नकारात्मक असर जस्तैः मानसिक, सामाजिक, आर्थिक क्षति भोगेको देखिन्छ। त्यस्तै ८ जनालाई शारीरिक असर परेको पाइएको छ। यसर्थ, बेचबिखनबाट प्रभावित व्यक्तिहरूलाई केवल शारीरिक रूपमा मात्र होइन, मानसिक, सामाजिक र आर्थिक दृष्टिले पनि गहिरो असर परेको छ। यसले जनाउँछ कि महिलाहरूको अधिकार र सुरक्षाको विषयमा अझ धेरै ध्यान र संसाधनहरूको व्यवस्था गर्न आवश्यकता छ। समाज र सरकारले यस किसिमका समस्या समाधान गर्नका लागि समग्र दृष्टिकोण अपनाउनु पर्ने आवश्यकता छ, जसमा पीडित/प्रभावितहरूको पुनःस्थापना, मानसिक स्वास्थ्यको समर्थन, आर्थिक सहयोग र कानूनी सुरक्षा समावेश गरिनुपर्छ।




जम्मा : २७

**चित्र नं. ४.१.८ :** असर

## निष्कर्ष

नेपालमा मानव बेचबिखनको स्रोत, मार्ग (माध्यम) र गन्तव्य मुलुकको रूपमा विकास भएको छ भने मानव बेचबिखनका उद्देश्य, बेचबिखनकर्ताले प्रयोग गर्ने विधि, बेचबिखनका स्वरूप आदिमा परिवर्तन हुदैं आएको छ। श्रम शोषण, विदेश पठाउने, अङ्ग झिक्ने, विवाह आदि जस्ता विभिन्न उद्देश्यका लागि मानव बेचबिखन हुने गरे तापनि नेपालमा मूलतः यौन शोषणका लागि बिचौलियाहरूले विविध बहानामा महिलाहरूलाई भारत र अन्य देशमा लगि बेचेको देखिन्छ। नेपालमा मानव बेचबिखन तथा ओसारपसार कार्यलाई अपराधको रूपमा स्वीकार गरी सोही बमोजिम कानुनी व्यवस्था गरिएका छन्। यद्यपि, मानव बेचबिखनका जति घटना घट्छन् त्यसको थोरै प्रतिशत मात्र प्रहरीमा जाहेरी दर्ता भएका हुन्छन् र दर्ता भएकामध्ये केही मात्र न्याय प्राप्तिको औपचारिक प्रक्रियामा प्रवेश गर्दछन्। घटनाहरू दर्ता हुनु र न्याय पाउनुमा समाजमा चेतनाकोस्तर, कानुनी कार्यान्वयनको पर्याप्तता, संलग्न निकायको सक्षमता तथा क्रियाशीलता, सामाजिक तथा आर्थिक परिवेशले प्रभाव पार्दछ।

प्राप्त तथ्याङ्कबाट पनि अति विपन्न, सामाजिक रूपमा एक्ल्याइएका वा कमजोर, पछाडि पारिएका वर्गका, पारिवारिक कलह तथा हिंसामा परेका तथा निम्न आयस्रोत भएको श्रममा संलग्न रहेका व्यक्तिहरू बेचबिखनको उच्च जोखिममा रहेको देखिएको छ। यी प्रभावितहरूलाई बेचबिखन

पश्चात् आधारभूत मानव अधिकारका साथै बहुआयामिक मानव अधिकारहरू प्राप्त गर्नबाट वञ्चित भएको पाइएको छ । यद्यपि उद्धार गरिएर ल्याइएका प्रभावितहरूले नेपाल आएपछि यस सङ्गठित अपराध भित्र लुकेको मानव बेचबिखन र तस्करीको बारेमा डर, भय, पीडा, त्रास, दवाव, अज्ञानता, अविश्वास र सामाजिक लाञ्छनाका कारणले उजुरी गर्दैनन् । अर्कोतिर प्रभावितहरूलाई सेवा प्रदान गर्न मानव बेचबिखन नियन्त्रणका लागि क्रियाशील गैह्रसरकारी संस्थाहरू, अन्तर्राष्ट्रिय संस्थाहरू र नागरिक समाजले आ-आफ्नै ढंगबाट मानव बेचबिखन नियन्त्रणमा प्रयासहरू गरेका पाइएको छ । यद्यपि, पीडित तथा प्रभावितलाई उपलब्ध गराइने सुरक्षा, उनीहरूको जीविकोपार्जनमा सहयोग र सामाजिक एकीकरणका क्षेत्रमा कम मात्र प्रयासहरू भएका देखिन्छन् । त्यसैले, मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी तथ्याङ्क यकिन गर्न एकीकृत गर्ने, पीडित/प्रभावित तथा जोखिममा पर्न सक्ने व्यक्तिको पहिचान निर्देशिका बनाई कार्यान्वयनमा ल्याउने, पीडित/प्रभावित तथा जोखिम अवस्थामा रहेकाको उद्धार, संरक्षण, फिर्ती, पुर्नस्थापना र सामाजिक तथा आर्थिक सशक्तिकरणसँग सम्बन्धित कार्यविधिको संसोधन तथा कार्यान्वयनमा जोड दिनु आवश्यक छ । साथै, मानव बेचबिखन र ओसारपसार नियन्त्रणका लागि बनेका विभिन्न कानुनी प्रावधानहरूको कार्यान्वयनमा थप प्रभावकारिता ल्याइनु आवश्यक देखिन्छ ।

## घटना अध्ययन १२

### मानब बेचबिखन

२१ वर्षीय कान्छी (परिवर्तित नाम) जसको परिवार अत्यन्तै विपन्न थियो । घरको अवस्था कठिन हुँदा उनी १७ वर्षकै उमेरमा विवाह गर्न बाध्य भइन् र विवाहपछि पनि उनको जीवन सहज भएन । श्रीमान् खाडी मुलुक गएर काम गर्न थाले तर त्यहाँबाट आउने पैसाले घर चलाउन पर्याप्त हुन्थेन । कान्छीसँग सानो मोबाइल थियो, जसबाट उनी श्रीमान्सँग कुरा गर्थिन् । एक दिन अनायासै एउटा अपरिचित व्यक्तिको फोन आयो । उसले गल्तीले फोन गएको भनी कुरा सुरु गऱ्यो, तर पछि बारम्बार उसले कान्छीलाई फोन गर्न थाल्यो । विस्तारै उसले आफू पनि सोही गाउँ कै भएको, तर हाल काठमाडौँमा बस्ने र काम गर्ने गरेको बताए । उसले काठमाडौँ र भारतमा काम

लगाइदिने समन्वय रहेको भन्दै यदि चाहिन्छ भने घरेलु कामको अवसर मिलाइदिने प्रस्ताव राखेका थिए ।

कान्छीले आफ्नो छिमेकी साथी माइलीसँग यो कुरा बारे जानकारी गराइन् र माइलीको पनि पारिवारिक अवस्था उस्तै भएकोले उनले पनि जाने इच्छा जनाइन् । काम पाएर जीवन केही सहज होला भन्ने आशामा उनीहरू दुबैजना जान तयार भए । कान्छीले आफ्नो एक वर्षको छोरालाई छोड्न सकिनन् । उनले भारतमै छोरालाई हुर्काउने र राम्रो भविष्य बनाउने सोच गरिन् त्यसैले छोरालाई आफ्नो साथमै लिएर जाने निर्णय गरिन् ।

गाउँबाट छुटेपछि उनीहरूलाई काठमाडौँ लगियो र अर्को अपरिचित व्यक्तिले भारतको पुणेसम्म पुऱ्यायो । त्यहाँ पुग्नेबित्तिकै अवस्था फेरियो । उनीहरूलाई एउटा कोठामा थुनेर राखियो जहाँ भान्सा, ग्याँस र खाना पकाउने सामान त थियो, तर बाहिर निस्कन पाइँदैनथ्यो । सुरुवातमा भने जस्तै कामको पर्खाइमा राखियो, भनिन्थ्यो कि मालिक चाँडै आउनेछन् । यसरी उनीहरू करिब तीन महिनासम्म एउटै कोठामा बन्द भएर बस्न बाध्य भए ।

हप्तामा एकचोटि केही व्यक्तिहरु खाद्यान्न लिएर आउँथे । ती व्यक्तिहरूले कहिलेकाहीं भन्ने गर्थे कि गाउँमा परिवारले खोजिरहेको छ, र जसले काठमाडौँसम्म ल्याएको थियो ऊ प्रहरी हिरासतमा परिसकेको छ । एक दिन तिनैले अब उनीहरूलाई नेपाल फर्काइन्छ, किनभने सबलाई उनीहरू यहाँ छन् भन्ने थाहा भइसकेको छ भनेर भने । त्यसपछि उनीहरूलाई भारत-नेपाल सीमा नजिक लगेर छाडियो र भनियो, “अब यहाँबाट तिमीहरूले आफैं जानुपर्छ ।”


यस अवस्थामा भेट्न कोही नभएकाले कान्छीले आफ्ना एक जना आफन्तलाई फोन गरिन । त्यसपछि उनी बस्ने गाउँका जिल्ला प्रहरी कार्यालय, सुनिता फाउन्डेशनको समन्वय र एक जना परिवारका सदस्यको साथमा उनीहरूलाई लिनका लागि टोली सीमा क्षेत्रमा पुगे । त्यसरी उनीहरूलाई सुरक्षित रूपमा नेपाल ल्याइयो । तर, गहिरो मानसिक आघात र डरका कारण दुबै जना तुरुन्तै घर जान सक्ने अवस्थामा थिएनन् र ४ महिना जति उनीहरू सुनिता फाउडेशनको सुरक्षाआवासमा बसे र अहिले कान्छी आफ्नो सासू, ससुरा र छारीसँग बसिरहेकी छिन् ।

## (ख) मनोरञ्जन क्षेत्रका श्रमिकमाथि भएको हिंसा

नेपालको संविधानले श्रम र रोजगारीलाई मौलिक हकको रूपमा उल्लेख गरेको छ। तर श्रमप्रतिको सम्मान र रोजगारीको अवसरमा भने सुधार हुन सकेको छैन। महिलाको निम्ति महिला मञ्च नेपाल संस्था मनोरञ्जन क्षेत्रलाई हिंसारहित, सुरक्षित, सम्मानजनक र व्यवस्थित कार्यस्थलको रूपमा स्थापित गर्न सक्रिय रहेको छ। आ.व. २०८१/०८२ मा अभिलेखीकरण गरिएका महिलामाथि भएका हिंसाका घटनाहरू यहाँ समावेश गरिएको छ। यी घटनाहरू विगतका वर्षमा झैँ यो वर्ष पनि मनोरञ्जन क्षेत्रमा कार्यरत श्रमिकहरूमाथि भएका विभिन्न हिंसा, शोषण र विभेदबाट प्रभावित पीडित तथा महिला जो न्यायको खोजी गर्दै उक्त मञ्चमा गुनासा लिएर आएकाहरूको गुनासोका आधारमा तयार पारिएको तथ्याङ्क हो। कतिपय घटना मनोरञ्जन क्षेत्रमा काम गरेकै कारणले झनै हिंसामा पर्ने डरले बाहिर ल्याउन जोखिम हुने भएकाले प्रभावितहरू आफू विरुद्ध कार्यस्थलमा भएको हिंसालाई रिपोर्ट गर्न हतोत्साहित हुने गरेको पाइएको छ। गत आ.व. २०८०/८१ मा ३० ओटा घटना अभिलेख भएकोमा यस वर्ष बढी घटना अभिलेख भएको पाइएको छ। यस तथ्याङ्कले मनोरञ्जन क्षेत्रको महिला श्रमिकहरूलाई हेर्ने सोच, श्रमिकहरू प्रति गरिने व्यवहार, सामन्ती संस्कार र हानिकारक अभ्यासको अवस्थालाई प्रतिबिम्वित गर्दछ। महिलाको श्रमलाई कामको रूपमा स्थापित नहुनु, मनोरञ्जन तथा सत्कार क्षेत्रलाई पुरुष प्रधान सामाजिक संरचनाले हेर्ने दृष्टिकोणले गर्दा यस क्षेत्रका प्रायजसो सबै महिला श्रमिकहरू हिंसाबाट प्रभावित देखिन्छन् तर कतिले हिम्मत गरेर आफूमाथि भएको घटनालाई खुलेर बाहिर ल्याउँछन् भने कति विभिन्न कारणले दवाएर बस्न बाध्य छन्।

यस वर्ष महिलाको निम्ति महिला मञ्चमा सङ्कलित मनोरञ्जन क्षेत्रमा भएका कुल ५२ वटा हिंसाका घटनामध्ये ४६ महिला र ६ पुरुष प्रभावित भएको तथ्याङ्क प्राप्त भएको छ। यी घटनाहरूको बहुआयामिक विश्लेषण यस परिच्छेदमा प्रस्तुत गरिएको छ।

### ४.२.१ प्रदेशगत विवरण




जम्मा : ५२


**चित्र नं.४.२.१** प्रदेशगत विवरण

मनोरञ्जन तथा सत्कार क्षेत्रमा भएका हिंसाका घटनामा प्रभावितको प्रदेशगत विवरण हेर्दा सबै भन्दा बढी हिंसाका घटना बागमती प्रदेशमा अभिलेख भएका छन्, जुन कुल ५२ हिंसाका घटना मध्ये ३४.६ प्रतिशत (१८ जना) रहेको छ। त्यसैगरी, क्रमशः २१.२ प्रतिशत (११ जना) गण्डकी प्रदेशबाट, १७.३ प्रतिशत (९ जना) कोशी प्रदेशबाट, १३.५ प्रतिशत (७ जना) लुम्बिनी प्रदेशबाट, ७.७ प्रतिशत (४ जना) सुदूरपश्चिमबाट, ३.८ प्रतिशत (२ जना) कर्णाली प्रदेशबाट घटना अभिलेख भएका छन् तर १.९ प्रतिशत (१ जना) भने प्रदेश नखुलेको पाईएको छ।

### ४.२.२ हिंसाका प्रकार

महिलामाथि भएको हिंसाका प्रकारहरूलाई सङ्ख्यात्मक रूपमा हेर्दा सबै भन्दा बढी सामाजिक हिंसा देखिएको छ, जुन ४८.१ प्रतिशत (२५ वटा) रहेको छ। यसले के देखाउँछ भने मनोरञ्जन क्षेत्रमा काम गर्ने महिलालाई समाजले नस्विकार्ने र विभिन्न किसिमका लाञ्छना लगाउने, चरित्र हत्या गर्ने गरेको देखिन्छ। त्यस्तै, २१.२ प्रतिशत (११ जना) घरेलु हिंसा, १९.२ प्रतिशत (१० जना)

श्रम शोषण, ३.८ प्रतिशत (२ जना) विद्युतीय हिंसा र बाँकी प्रतिशत १.९ अर्थात एक-एक जना भने यौन दुर्व्यवहार, मानव बेचबिखनको प्रयास, बहुविवाह र वैदेशिक रोजगारीमा ठगीहुने जस्ता हिंसा भोग्नु परेको अवस्था छ।





जम्मा : ५२

**चित्र नं.४.२.२** हिंसाका प्रकार

### ४.२.३ उमेरगत विवरण

सबै भन्दा बढी प्रभावित ४८.१ प्रतिशत (२५ जना) २६ देखि ३५ वर्ष उमेर समूहका महिला श्रमिकहरू हिंसा तथा शोषणमा परेको देखिएको छ। त्यस्तै, क्रमश : २६.९ प्रतिशत (१४ जना) १८ देखि २५ वर्ष उमेर समूहका, १३.५ प्रतिशत (७ जना) ३६ देखि ४५ वर्ष उमेर समूहका, ५.८ प्रतिशत (३ जना) ४६ देखि ५५ वर्ष उमेर समूह, ३.८ प्रतिशत (२ जना) १८ वर्ष मुनीका र १.९ प्रतिशत (१ जना) ५६ वा सो भन्दामाथि वर्ष उमेर समूहका श्रमिकहरूको घटना अभिलेख भएका छन्। यसलाई विश्लेषण गरेर हेर्दा १८ देखि ५० वर्षको उमेरको महिला श्रमिकहरू बढिमात्रमा हिंसा तथा शोषणमा परेका देखाएको छ। यसबाट यो देखिन्छ कि मनोरञ्जन क्षेत्र भनेको युवा उमेरका व्यक्तिहरूले सञ्चालन गर्ने गरेका छन् यद्यपि यही उमेर समूहका व्यक्तिले नै धेरै शोषण भोग्नु परेको छ।





जम्मा : ५२

**चित्र नं.४.२.३** उमेरगत विवरण

### ४.२.४ शैक्षिक अवस्था

प्रभावितको शैक्षिक अवस्थालाई हेर्दा, ६९.२ प्रतिशत (३६ जना) साक्षर, १७.३ प्रतिशत (९ जना) निरक्षर र १३.५ प्रतिशत (७ जना)को शैक्षिक अवस्था नखुलेको पाइएको छ। साक्षरतामा पनि आधारभूत शिक्षा हासिल गर्ने ३८.९ प्रतिशत (१४ जना), माध्यमिक शिक्षा हासिल गर्ने ५५.६ प्रतिशत (२० जना), स्नातक वा सो भन्दा माथि ५.६ प्रतिशत (२ जना) महिला रहेका छन्।





जम्मा : ५२

**चित्र नं.४.२.४** शैक्षिक अवस्था

### ४.२.५ पेसा व्यवसाय

श्रमिकको पेशाको आधारमा आएको घटनाहरूको विश्लेषण गर्दा सबै भन्दा बढी हिंसा तथा दुर्व्यवहारमा परेको श्रमिकहरू गायन क्षेत्रका रहेका छन् । त्यस्तै, वेटरहरूको सङ्ख्या पनि २८.८ प्रतिशत (१५ जना) रहेको छ। प्रत्यक्ष ग्राहकको सेवामा खटिएका महिला वेटरहरू विभिन्न गालिगलौंज, यौनिक हिंसा, गलत छुवाई, ग्राहकसँगै बसेर खानु पर्ने, ग्राहकले भनेको मान्नुपर्ने यौनिक क्रियाकलापमा जबर्जस्ती गर्ने जस्ता हिंसा भोगेको पाइएको छ। त्यस्तै श्रमिकको पेशागत आधारमा हेर्दा डान्सरहरू १९.२ प्रतिशत (१० जना), मसाजकर्ता ५.८ प्रतिशत (३ जना), १.९ प्रतिशत अर्थात (१-१ जना) भने विद्यार्थी, शिक्षक, कृषक, यौन श्रमिक, आप्रवासी, बाध्य बाधक र १ जनाको पेशा नखुलेको घटनाहरू अभिलेखनमा आएका छन् ।





जम्मा : ५२

**चित्र नं.४.२.५** पेसागत अवस्था

### ४.२.६ आरोपितसँगको सम्बन्ध

मनोरञ्जन तथा सत्कार क्षेत्रमा काम गर्ने श्रमिकहरूको आरोपितसँगको सम्बन्धलाई हेर्दा सबैभन्दा बढी श्रीमान्बाट २८.८ प्रतिशत (१५ जना) र परिवारका सदस्यबाट ३.८ प्रतिशत (२ जना) रहेको छ। यसले विशेष गरेर मनोरञ्जन क्षेत्रमा काम गर्ने महिलाहरूलाई घरबाट नै सहयोग र साथ नभई घरेलु हिंसा हुने प्रस्ट देखाएको छ। त्यस्तै समुदायका सदस्यबाट १५.४ प्रतिशत (८ जना), अपरिचित व्यक्तिबाट ९.६ प्रतिशत (५ जना), सञ्चालकबाट २१.२ प्रतिशत (११ जना), ७.७ प्रतिशत (४ जना) साथीबाट, ३.८/३.८ प्रतिशत (२/२ जना) प्रेमी र ग्राहकबाट, १/१ प्रतिशत भने प्रहरी र एजेन्टबाट पनि हिंसामा परेको घटना अभिलेख भएको छ।





जम्मा : ५२

**चित्र नं.४.२.६** आरोपितसँगको सम्बन्ध

### ४.२.७ असर

विभिन्न हिंसा तथा शोषणले गर्दा प्रभावित श्रमिकहरूलाई परेको प्रभाव वा असरको सम्बन्धमा विश्लेषण गर्दा सबै भन्दा बढी मानसिक असर जुन सत प्रतिशत (५२ जना)मा परेको देखिएको छ । प्रभावित श्रमिकहरूमा निन्द्रा नलाग्ने, खान मन नलाग्ने, वाकवाकी आउने, एक्लै बस्न मन लाग्ने र कहिलेकाँही आत्महत्या गर्न मन लाग्ने जस्ता मानसिक असरको लक्षण देखिएको छ । त्यस्तै, आर्थिक असर परेका १३ जना, शारीरिक असर परेका १२ जनामा र सामाजिक असर पनि ५२ जनालाई नै परेको पाइएको छ ।




जम्मा : ५२

**चित्र नं.४.२.७ :** असर

## निष्कर्ष

मनोरञ्जन तथा सत्कार क्षेत्र नेपालका महिलाहरूका लागि रोजगारीको अवसर प्रदान गर्ने एक महत्त्वपूर्ण क्षेत्र भएपनि यस क्षेत्रमा सुरक्षित, सम्मानजनक र अधिकारमैत्री वातावरण अझै स्थापित हुन सकेको छैन । यहाँ हुने कामको प्रकृति, कानुनको अभाव, समाजले हेर्ने विभेदकारी दृष्टिकोणका कारण यस क्षेत्र जोखिमयुक्त रहेको छ । मनोरञ्जन क्षेत्रमा काम गर्ने श्रमिकहरूले आफू सँगै आफ्नो परिवारलाई समेत आर्थिक सहयोग गरिरहेका हुन्छन् । त्यस्तै, मनोरञ्जन क्षेत्रले समाजमा सांस्कृतिक तथा व्यक्तिहरूलाई मनोरञ्जन दिने काम समेत गरिरहेको हुन्छ । यद्यपि यस क्षेत्रलाई कानुनले मान्यता दिँदै व्यवस्थित नगरिंदा यसमा धेरै कानुन विपरीतका गतिविधिहरू भैरहेका छन्, जसले गर्दा त्यहाँ काम गर्ने महिला श्रमिकहरू विभेद र हिंसाका सिकार भएका छन् भने आफ्नो काममा बाँचिरहेका यी कर्मशील व्यक्तिहरूको कानुनी हक अधिकार र सम्मानमा प्रत्यक्ष चोट समेत पुगेको छ ।

मनोरञ्जन तथा सत्कार क्षेत्रमा कार्यरत महिलाहरूले भोग्ने समस्या बहुआयामिक छन् । पहिलो यस क्षेत्रलाई औपचारिक श्रम क्षेत्र नमानेको हुँदा यहाँ मर्यादित श्रम क्षेत्रको मापदण्डहरू पालना भएका छैनन् । जस्तैः अधिकांश श्रमिकहरूले मौखिक सम्झौता मार्फत् काम गर्छन् र उनीहरूले तलब नपाउने वा ढिलो पाउने अवस्था रहेको छ । उनीहरूलाई बीमा, सामाजिक सुरक्षा कोष, विदा, आदि केही पनि सुविधा प्राप्त हुँदैन । दोस्रो, कार्यस्थलमा व्यवस्थापक, सहकर्मी वा ग्राहकबाट समेत उनीहरूमाथि हिंसा, दुर्व्यवहार र यौन उत्पीडन हुने क्रियाकलाप बारम्बार दोहोरिएको देखिन्छ । यस्तो अवस्थमा समेत श्रमिकहरू कानुनी प्रक्रियामा जान सकिरहेका छैनन् । अर्कोतिर राज्यले पनि उनीहरूलाई नकारात्मक दृष्टिकोणले हेरेको छ । समयसमयमा प्रहरी र प्रशासनिक निकायले होटल, रेष्टुरेन्टमा छापा मार्दा वा राति घर फर्कदा महिलाहरू मनपरी धरपकड, अपमान र दुर्व्यवहारको सिकार भएका छन् । साथै, मनोरञ्जन क्षेत्रलाई 'मर्यादित श्रमको रूपमा स्वीकार नगरेका कारण त्यहाँ काम गर्ने महिला श्रमिकहरू सामाजिक रूपमा बहिष्कृत भएका छन् । यी सबै कारणले मनोरञ्जन क्षेत्रमा काम गर्ने महिलाहरू असमान र जोखिमपूर्ण अवस्थामा बाँच्न बाध्य छन् । मनोरञ्जन क्षेत्रलाई महिला तथा बालबालिका बेचबिखनको रूपमा समेत लिने गरिएको छ भने यस क्षेत्रमा बालबालिकाको श्रम शोषण भएको गुनासो धेरै सुनिन्छ ।

यस परिस्थितिमा मनोरञ्जन क्षेत्रमा कार्यरत महिलाहरूको सुरक्षा, सम्मान र अधिकार सुनिश्चित गर्न नीतिगत, कानूनी र व्यवहारगत सुधार आवश्यक छ ।

- मनोरञ्जन तथा सत्कार क्षेत्रलाई श्रम ऐनको दायराभित्र ल्याई स्पष्ट रूपमा श्रमिकको अधिकार, दायित्व र सुरक्षा व्यवस्था निर्धारण गर्नुपर्ने,

- मर्यादित श्रमका मापदण्ड सुनिश्चित गर्दै पीडित/प्रभावित तथा सूचनादाताको सुरक्षा, गोपनीयता, र न्यायिक उपचारका प्रक्रियाहरू सरल, सहज र प्रभावकारी बनाउनुपर्ने,
- श्रम बजारमा विद्यमान लैङ्गिक शक्ति-असमानता, सामाजिक पूर्वाग्रह र संरचनागत अवरोध हटाउन नीति निर्माता, कार्यान्वयनकर्ता र सामाजिक साझेदारबीच संयुक्त कार्यक्रम सञ्चालन गर्नुपर्ने,
- कानुन कार्यान्वयन गर्ने निकाय, विशेष गरी प्रहरी, प्रशासन र सेवा प्रदायक निकायहरूलाई मानव अधिकार, लैङ्गिक संवेदनशीलतासम्बन्धी अनिवार्य तालिमको व्यवस्था गर्नुपर्ने,
- श्रमिकहरूको श्रम, सीप र योगदानको औपचारिक मान्यता र निष्पक्ष मूल्याङ्कन गर्दै उनीहरूको कामलाई सम्मान, सुरक्षा र सामाजिक रूपमा स्वीकार गर्ने वातावरण निर्माण गर्नुपर्ने,
- अन्तर्राष्ट्रिय श्रम मापदण्ड, विशेषतः आइएलओ महासन्धि १९० र सिफारिस २०६, अनुरूप सुरक्षित, हिंसारहित, भेदभावरहित कार्यस्थल निर्माणलाई प्राथमिकतामा राख्नुपर्ने,
- मनोरञ्जन क्षेत्रमा काम गर्ने महिलामाथिको नकारात्मक सामाजिक धारणा परिवर्तनका लागि समुदायतहदेखि जागरण अभियान सञ्चालन गर्नुपर्ने ।

## घटना अध्ययन १३

### मनोरंजन क्षेत्रमा भएको हिंसा

रानी, १७ वर्षीय किशोरी हुन्, जसको जन्म एक सामान्य परिवारमा भएको थियो । आमा र बुवा दुवैले दोस्रो विवाह गरेर गएपछि रानी र उनको बहिनी हजुरबुवा र हजुआमासँग बस्दै आएका थिए । आमा बुवाले छोडेर गएपछि उनीहरूले पढ्न पनि पाएनन् । समय बितेसँगै उनीहरूको उमेर बढ्दै गयो र रानीलाई आफ्नो घरको आर्थिक अवस्था देखेर अब केही गर्नु पर्छ, काम गरी पैसा कमाउनु पर्छ भन्ने सोच आयो र त्यही सोच बोकी उनीहरू सहर आए र रानीले दैनिक ज्याला मजदुरीको काम गर्न थालिन । उनले केही समयमा होटलमा काम पाइन् । होटलमा काम गर्दै गर्दा उनले अनेकौं किसिमका व्यवहार सहनु पर्थ्यो । होटलमा आउने ग्रहाकले उनलाई जिस्काउने, अप्रत्यक्ष रूपमा यौन प्रस्तावना राख्ने, उनीसँग बहाना खोजेर बोल्न आउने जस्ता कार्य गर्थे । यी सबै सहेर उनी काम गरिरहेकी थिईन् तर २ वर्ष काम गरी सक्दा पनि उनले पारिश्रमिक भने पाउन सकिनन् । त्यसपछि उनी त्यहाँ काम छोडेर अर्को होटलमा काम गर्न थालिन् । केही दिन मात्र काम गरेकी थिइन् तर कसैले प्रहरीमा उजुरी गरेपछि बाल हेल्पलाइनबाट उनलाई र बहिनीलाई त्यहाबाट लगियो ।

## ४.३ विपद्को समयमा अभिलेख भएका महिला विरुद्धका हिंसा

संयुक्त राष्ट्र सङ्घीय वातावरण कार्यक्रमका अनुसार, विश्वमा प्राकृतिक विपद्बाट ज्यान गुमाउनेमध्ये ८९ प्रतिशत महिलाहरू रहेका छन्। जलवायु जन्य विपद्बाट विस्थापित हुनेमध्ये पनि ८० प्रतिशत महिलाहरू नै छन्। विपद् बढाउन महिला वा बालिबालिकाको खासै भूमिका हुँदैन तर असर उनीहरूमै बढी छ। प्रकोपको बेला महिला तथा बालिकाहरू सम्भवत १४ गुणा धेरै हानि बेहोर्न पुग्छन्। राष्ट्रसङ्घीय महिलाले कोप २८ मा पेस गरेको प्रतिवेदनले सन् २०५० पुग्दै गर्दा जलवायु परिवर्तनले १५.८ करोड महिला र बालिका (कुल पुरुष र बालकहरूको सङ्ख्याभन्दा १.६ करोड बढी)हरूलाई गरिबीको दलदलमा ठेल्नेछ र २३.२ करोडले खाद्य असुरक्षाको सामना गर्नुपर्नेछ भनि आंकलन गरेको छ । जसले गर्दा महिला तथा बालिकाहरूको जागिर छुट्ने, आम्दानी उम्किने, बीचमै पढाइ छुट्ने, यौनजन्य हिंसा, मानव बेचबिखन, बालविवाह जस्ता बहुपक्षीय जोखिमहरूको घेराबन्दीमा पर्ने गर्छन् ।


नेपाल जलवायु परिवर्तनमा विश्वमै चौथो र भूकम्पीय जोखिममा एघारौं स्थानमा छ । वर्षा सुरु भएसँगै अनेक खाले विपद् निम्तिन्छन्। गृह मन्त्रालयको विपद् महाशाखामा दैनिक करिब ३ हजार प्राकृतिक तथा मानव सिर्जित घटना दर्ता हुन्छन्। ८० प्रतिशत जनसङ्ख्या कुनै न कुनै विपद्को जोखिममा छन्। मनसुनका कारण वर्षामा बाढी, पहिरो, डुबानले हैरान बनाउँछ। हिउँदमा शीतलहर र चिसोले समस्या निम्त्याउँछ। आकस्मिक रूपमा हुने आगलागी, सर्पदंश, भूकम्प, महामारीजन्य घटनाले पनि विपद् सिर्जना गर्छन्। विडम्बना, प्रभावितलाई जोगाउन होस् वा विपद् पश्चात् उद्धार र पुनःस्थापनामा, लैङ्गिकता र समावेशितालाई खासै ध्यान दिएको पाइँदैन । त्यसैले विपद्ले महिला तथा बालबालिकालाई असमान प्रभाव पार्ने भएकाले उक्त प्रभावलाई सम्बोधन गर्नका लागि स्नेह अभियान मार्फत् ओरेकले महिलामैत्री विपद् प्रतिकार्य सेवा प्रदान गर्ने गर्दछ।

यस वर्ष ओरेकले काभ्रे जिल्लाको रोशी र पनौतीमा नगरपालिकामा असोजमा आएको बाढीपश्चात् विपद् प्रतिकार्य नोभेम्बर २०२४ देखि जनवरी २०२५ सम्म सञ्चालन गरेको थियो। यसको साथ साथै २०२४ मा रुकुम र जाजरकोट मा गएको भूकम्प पश्चात गरिएको विपद प्रतिकार्य स्वरूप सा जिल्लामा पनि स्नेह केन्द्र संचालन गरेको थियो । यस क्रममा जम्मा ३२० जना महिला

विपद्को बेलामा हिंसामा परेको तथ्याङ्क ओरेकमा दर्ता भएका छन् ।

### ४.३.१ हिंसाका प्रकार

विपद्का बेला घटेका कुल ३२० घटना मध्ये ८५.९ प्रतिशत (२७५ वटा) घरेलु हिंसाका घटना रहेका छन् भने १३.१ प्रतिशत (४२ वटा) यौन हिंसा र ०.९ प्रतिशत अर्थात ३ वटा समाजिक हिंसाका घटना रहेका छन् ।





जम्मा : ३२०

**चित्र नं.४.३ १:** हिंसाका प्रकार

### ४.३.२ उमेरगत विवरण:

विपद्को अवस्थामा सबै उमेर समूहका महिलालाई हिंसा भएको देखिन्छ । विपद्को बेलामा हिंसामा परेका जम्मा ३२० जना महिला तथा बालिका मध्ये ५.६ प्रतिशत (१८ जना) १८ वर्ष मुनीका रहेका छन् । त्यसैगरी, ३१.३ प्रतिशत (१०० जना) १८ देखि २५ वर्षका, ३०.६ प्रतिशत (९८ जना) २६ देखि ३५ वर्षका, २०.६ प्रतिशत (३३ जना) ३६ देखि ४५ वर्षका, ८.१ प्रतिशत (२६ जना) ४६ देखि ५५ वर्षका र ३.८ प्रतिशत (१२ जना) ५६ वर्ष भन्दा माथिका महिलालाई हिंसा भएको पाइएको छ ।





जम्मा : ३२०

**चित्र नं.४.३.२ :** उमेरगत विवरण

### ४.३.३ शैक्षिक अवस्था:


हिंसा प्रभावितहरूको शैक्षिक स्तरबारे विश्लेषण गर्दा कुल ३२० जना प्रभावित मध्ये ७५.९ प्रतिशत (२४३ जना) साक्षर र २४.१ प्रतिशत (७७ जना) निरक्षर महिलाहरू हिंसामा परेको पाइएको छ । साक्षर महिलाहरूमा पनि सामान्य आधारभूत शिक्षा अध्ययन गरेका ४२.८ प्रतिशत (१०४ जना), माध्यमिक शिक्षा पूरा गरेका ३८.३ प्रतिशत (९३ जना), स्नातक तह र सो भन्दा माथि अध्ययन गरेका ६.६ प्रतिशत (१६ जना), ११.९ प्रतिशत (२९ जना) प्रौढ शिक्षा हासिल गरेका र ०.४ प्रतिशत (१ जना) प्राविधिक शिक्षा हासिल गरेका महिलाहरू माथि हिंसा भएको छ ।




**चित्र नं. ४.३.३** साक्षरताको अवस्था

### ४.३.४ वैवाहिक अवस्था :

प्रभावितको वैवाहिक अवस्थाको बारेमा विश्लेषण गर्दा हिंसाबाट प्रभावित महिलामध्ये ७५.० प्रतिशत (२४० जना) विवाहित महिला रहेको पाइएको छ । त्यसैगरी, ५.९ प्रतिशत (१९ जना) अविवाहित, विवाहित तर सँगै नबसेको १६.३ प्रतिशत (५२ जना), ०.६ प्रतिशत (२ जना) एकल/विधवा महिला, ०.९ प्रतिशत (३ जना) पारपाचुके गरेका, ०.३ प्रतिशत (१ जना) अविवाहित तर सँगै बसेको र ०.९ प्रतिशत (३ जना) महिलाको वैवाहिक अवस्था नखुलेको तथ्याङ्कले देखाउँछ ।





जम्मा : ३२०

**चित्र नं.४.३.४:** वैवाहिक अवस्था

### ४.३.५ जातिगत अवस्था

हिंसाबाट प्रभावित महिलाहरूमध्ये सबैभन्दा बढी ४४.४ प्रतिशत (१४२ जना) बाह्मण क्षेत्री पहाडी रहेका छन् भने त्यसपछि, ४१.९ प्रतिशत (१३४ जना) पहाडी दलित, ११.३ प्रतिशत (३६ जना) पहाडी जनजाति, १.६ प्रतिशत (५ जना) बाह्मण क्षेत्री तराई र ०.९ प्रतिशत (३ जना) महिला अन्य जातिका रहेका पाइएको छ ।





जम्मा : ३२०

**चित्र नं. ४.३.५:** जातिगत अवस्था

### ४.३.६ पेसागत अवस्था:

अभिलेख गरिएको तथ्याङ्कका आधारमा विपद्को बेला हिंसामा पर्ने सबै भन्दा बढी महिला कृषि तथा पशुपालनमा संलग्न रहेको पाइएको छ । सङ्ख्यात्मक हिसाबमा हेर्ने हो भने ५७.२ प्रतिशत (१८३ जना) कृषि तथा पशुपालन गरिरहेका, २५.० प्रतिशत (८० जना) घरायसी काम, ६.६ प्रतिशत (२१ जना) दैनिक ज्यालादारी काममा, ५.३ प्रतिशत (१७ जना) विद्यार्थी, २.८ प्रतिशत (९ जना) समान्य व्यापार व्यवसाय, १.६ प्रतिशत (५ जना) जागिर खोज्दै गरेको, ०.६ प्रतिशत (२ जना) सरकारी सेवा र ०.९ प्रतिशत (३ जना) निजी क्षेत्रमा कार्यरत महिलाहरू हिंसामा परेको पाइएको छ ।





जम्मा : ३२०

**चित्र नं. ४.३.६:** पेसागत अवस्था

### ४.३.७ आरोपितसँगको सम्बन्ध:

हिंसामा परेका प्रभावित र पीडकको सम्बन्ध तथा नाताको अवस्था विश्लेषण गर्दा सबै भन्दा बढी ८६.९ प्रतिशत (२७८ जना) महिला आफ्नै श्रीमान्‌बाट हिंसामा परेको र बाँकी रहेको ४.४ प्रतिशत (१४ जना) परिवारका सदस्यबाट, ०.६ प्रतिशत (२ जना) अपरिचित व्यक्तिबाट, २.८ प्रतिशत (९ जना) छिमेकीबाट, ०.६/०.६ प्रतिशत (२/२ जना) समुदायका सदस्य र साथीबाट, ०.९ प्रतिशत (३ जना) आफूले माया गरेको प्रेमीबाट, ०.३ प्रतिशत (१ जना) अविवाहित तर विवाहित सरह बसेको व्यक्तिबाट र २.८ प्रतिशत (९ जना) अन्य व्यक्तिबाट हिंसामा परेको पाइएको छ ।





जम्मा : ३२०

**चित्र नं.४.३.७:** आरोपितसँगको सम्बन्ध

### ४.३.८. असर

हिंसाका कारण प्रभावितलाई मानसिक, शारीरिक, सामाजिक, आर्थिक र सबै प्रकारका असर परेको पाइएको छ । धेरै जसो महिलालाई बहु प्रकारका असर परेका कारण ३१७ जनालाई मानसिक असर, ३१४ जनालाई आर्थिक, ३०७ जनालाई सामाजिक र २८७ जनालाई शारीरिक असर परेको पाइएको छ ।




जम्मा : ३२०

**चित्र नं. ४.३.८:** असर

## निष्कर्ष

विश्वव्यापी रूपमा जलवायु परिवर्तनका प्रत्यक्ष एवं अप्रत्यक्ष असर बढ्दै गएकोले जलवायु परिवर्तन एउटा जटिल समस्याको रूपमा देखापरेको छ । कुनै पनि बस्तीमा विपद् आउँदा विपद्पूर्वको अवस्था, विपद्को समय र त्यसपछिका तीनै अवस्थामा महिला, बालबालिका र अपाङ्गता भएका व्यक्ति जोखिममा पर्छन् । यसको मुख्य कारण उनीहरूमा निहित संकटासन्नता भन्दा पनि समाजमा स्थापित संरचनागत लैङ्गिक मूल्य मान्यता, असमान शक्ति सम्बन्ध तथा स्रोतमाथिको पहुँच तथा नियन्त्रण आदि रहेका छन् । जस्तैः पूर्वतयारी सम्बन्धी ज्ञान र आकस्मिक सूचनाको पहुँच नभएका कारण उनीहरूको मृत्युदर उच्च हुने गरेको पाइन्छ । साथै विपद्को समयमा महिलाहरूको सेवामूलक, घरायसी तथा सामाजिक कार्यबोझ बढ्ने तथा आधारभूत सेवा सुविधाहरू अवरुद्ध भएका कारण थप कठिनाई सामना गर्नुपर्ने हुन्छ । अर्कोतिर, राहत सामग्रीहरूको वितरणमा महिलाहरूका विशिष्ट आवश्यकताहरूलाई प्राथमिकतामा नराखिने तथा अस्थाई आवासहरू लैंङ्गिकमैत्री नहुँदा महिलाहरूलाई थप असहजता हुने गर्दछ भने सुत्केरी तथा गर्भवती महिलाहरू विशेष रूपमा प्रभावित हुने गर्दछन् । जस्तैः राहत तथा पुनः स्थापनाका कार्यक्रमहरूमा वैधानिक परिचय पत्रहरू (नागरिकताको प्रमाणपत्र) तथा सम्पत्तिमाथिको स्वामित्वको प्रमाणपत्र (लालपुर्जा) जस्ता कागजातहरूलाई आधार बनाईने र यस्ता कागजातहरूको अभावमा महिला, भूमिहीन लगायतका संकटासन्न समूहहरू राहत तथा पुनर्स्थापनबाट वञ्चितीकरणमा पर्ने गरेका छन् । स्वास्थ्य सेवामा पहुँचको अभावका कारण महिलाहरू यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धी समस्याबाट प्रभावित हुने गरेका छन् । विस्थापित भएको अवस्थामा सुरक्षित आवासको अभावमा महिलाहरू यौनजन्य तथा घरेलु हिंसाको समेत जोखिममा रहने गर्छन् । परिणामस्वरूप विपद् पश्चात् महिला तथा बालबालिकाको शिक्षा, स्वास्थ्य, पोषण, सुरक्षा लगायतमा नकारात्मक असर पर्छ । त्यसले बालबालिका बेचबिखन, ओसारपसार, शोषण, यौन दुर्व्यवहारका घटनाहरू बढ्छन् । कतिपय बालबालिका श्रम शोषणमा परी निकृष्ट श्रम गर्न बाध्य हुन्छन् । उद्धारपछि राखिएका शिविरहरूमा महिला, बालबालिका, अपाङ्गता भएका व्यक्तिमाथि यौनहिंसा भएका थुप्रै उदाहरण छन् । हिंसापछि पनि त्यस्तो जोखिम घटाउन र असर कम गर्न उचित योजना र लगानी देखिँदैन ।

नेपालमा पनि जलवायु परिवर्तन र यसले हाम्रो वातावरण, समाज र अर्थतन्त्रमा पारेका प्रभाव तथा समाधानका लागि के गर्न सकिएला भन्ने विषयमा छलफलहरू नभएका होइनन् । तर

त्यस्ता छलफललाई सार्थक बनाउनको लागि आवश्यक पर्ने तथ्य, प्रमाण तथा विश्लेषणहरू पर्याप्त छैनन् । स्थानीयस्तरमा जलवायु परिवर्तनका असरबारे अध्ययनहरूको कमी छ । विपद् व्यवस्थापनका लागि राष्ट्रिय रणनीति, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, जलवायु परिवर्तन नीति लगायत छन् । तिनमा केही लैङ्गिक दृष्टिकोण भए पनि कार्यान्वयन फितलो छ । प्रभावितको संरक्षणको सवाल अत्यावश्यक सेवामा नराख्दा कतिपय प्रभावितले त्यस्तो सेवा लिन पाएका छैनन् । विपदमा काम गर्न तीन तहकै सरकारका एकल तथा साझा अधिकार छन्  तर, आफ्नो क्षेत्रका महिला, पुरुष, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गगता लगायत जोखिममा पर्ने वर्गहरू, गरिबीको रेखामुनि रहेका परिवार र भूमिहीनको छुट्टाछुट्टै खण्डीकृत तथ्याङ्कको अभाव छ । यसले गर्दा व्यवस्थापनमा समस्या देखिन्छ ।

त्यसैले, महिला, बालबालिका, ज्येष्ठ नागरिक र अपाङ्गगता भएका व्यक्तिमा विपद्को असर कम गर्न उनीहरू केन्द्रित योजना र लगानी हुनुपर्छ । विपद् प्रभावितहरूको गोपनीयता, सम्मान र स्वनिर्णयका सिद्धान्तहरूको पालना गर्नुपर्छ । स्थानीयस्तरका विपद् व्यवस्थापन समिति र पूर्वतयारीका काममा प्रभावितको सहभागिता र आवश्यकता समेटिनुपर्छ । राहत प्याकेजमा बालबालिका र ज्येष्ठ नागरिकलाई खानेकुरा, सुत्केरी र नवजात शिशुलाई न्यानो लुगा, अपांगता भएका व्यक्तिलाई सहायक सामग्री, किशोरीहरूका लागि स्यानिटरी प्याडको व्यवस्था हुनुपर्छ । बहिष्करणमा परेका समुदायलाई विपद्पछि थप बहिष्करणमा पर्न नदिन गोपनीयता सहितको सेवा, सुरक्षा एवं गुनासो र सुझाव सुनुवाइ प्रणाली बनाउनुपर्छ । विपद् प्रतिकार्य र पुनःस्थापनाका संरचनाहरूमा समावेशी नेतृत्व हुनुपर्छ । विपद् पश्चात्का अस्थायी संरचना महिला, बालबालिका, अपाङ्गतामैत्री बनाउनुपर्छ । विपद्को अवस्था र त्यसपछि हुन सक्ने यौन हिंसा, शोषण र बेचबिखनको जोखिम घटाउन त्यस क्षेत्रमा अपरिचित व्यक्तिको निगरानी राख्ने, जोखिमबारे सचेतना फैलाउने, निगरानी समूह बनाउने र देखिएका समस्याको तत्काल सम्बोधन गर्नुपर्छ ।




## ४.४. महिला मानव अधिकार रक्षकमाथि भएका हिंसा तथा जोखिमसम्बन्धी अवस्था अध्ययन सर्वेक्षण

महिला मानव अधिकार रक्षक भन्नाले व्यक्तिगत वा सामूहिक वा संस्थागत रूपमा मानव अधिकारको संरक्षण वा संवर्द्धन वा अनुसन्धानको क्षेत्रमा क्रियाशील व्यक्ति हुन् । यसले मानव अधिकार

सम्बन्धी विषयमा क्रियाशील महिला अध्ययनकर्ता तथा अध्यापकहरू, मानव अधिकारको क्षेत्रमा संस्थागत आबद्धता भएका महिलाहरू, महिला मानव अधिकारकर्मीहरू, स्वक्रियाशील महिलाहरू महिला अधिकार र लैङ्गिक समानता सम्बन्धी अधिकार संरक्षण र प्रवर्द्धन गर्न क्रियाशील सबै लिङ्गका मानिसहरू समेतलाई समेटेको छ । महिला मानव अधिकार रक्षकहरूको भूमिका र कार्यरत क्षेत्र वृहत रहेको छ । उनीहरूले विशेष गरी महिला, किशोरी तथा पछाडि पारिएका समुदायको मानव अधिकार संरक्षण र संवर्धन गर्ने, मानव अधिकार उल्लङ्घन र ज्यादतीहरूको अभिलेखन गर्ने, जोखिममा पारिएका महिलाहरूलाई तत्काल सहयोग गर्ने, उद्धार तथा पुर्नस्थापनाको कार्यमा आवश्यक पहल गर्ने कार्य समुदाय तहमा रहेर गर्दै आएका छन् । लैङ्गिक समानता, अधिकार र पीडित/प्रभावितको पक्षमा न्याय प्राप्तिका लागि गरिएका कामकै आधारमा तथा महिला भएकै कारण महिला मानव अधिकार रक्षकहरूलाई घरपरिवार, समाज, राज्य र पुरुष सहकर्मीहरूद्वारा विभेद, हिंसा र यातना भोग्न बाध्य बनाइएको छ, विभिन्न चुनौती, आघात, अवरोधहरू र समस्याहरूको सामना गर्नुपरेको छ । समाजमा रहेका हानिकारक अभ्यास, हिंसा, विभेद तथा असमानताको विरुद्धमा आवाज उठाएकै कारण महिला मानव अधिकार रक्षकहरू परिवार, समाज र राज्यबाट अलग्याइएका छन् । महिला अधिकारकर्मीहरूलाई आजसम्म पनि समाज र राज्यले मानव अधिकार रक्षकको रूपमा पहिचान र मान्यता दिएको छैन । यद्यपि, राष्ट्रिय मानव अधिकार आयोगबाट जारी भएको मानव अधिकार रक्षक सम्बन्धी निर्देशिका २०६९ मा उल्लेख भए बमोजिमको आचरण अनिवार्य रूपमा पालना गर्ने, राष्ट्रिय मानव अधिकार आयोगका सिफारिस, दिगो विकास लक्ष्य, युपीआर, सन्धि जनित समितिका मानव अधिकार रक्षकसम्बन्धी सिफारिसहरू कार्यान्वयन गरिनुपर्ने सुझाव दिएको छ ।

ओरेक मानव अधिकारको संरक्षण र संवर्धनमा सुरुवाती वर्षदेखि नै कार्यरत रहेको छ । महिला मानव अधिकार रक्षकहरूको जोखिम तथा चुनौतीको अवस्थालाई उजागर गर्ने उद्देश्यले यही अगष्टमा महिला मानव अधिकार रक्षकहरूमाथि भएको हिंसा तथा जोखिम सम्बन्धी अवस्था अध्ययन सर्वेक्षण गरेको थियो । जसमा ८४ जना मानव अधिकार रक्षकहरूले सर्वेक्षणमा सहभागिता जनाएका थिए । जसमध्ये ८५.७ प्रतिशत (७२ जना) महिला, १०.७ प्रतिशत (९ जना) पुरुष, ३.६ प्रतिशत (३ जना) यौनिक तथा लैङ्गिक अल्पसंख्यक रहेका छन् ।

### ४.४.१ हिंसाको प्रकार





जम्मा : ८४

**चित्र नं. ४.४.१ :** हिंसाको प्रकार

सर्वेक्षणमा सहभागी भएका सबै जनाले आफू माथि विभिन्न स्वरूपमा भएको हिंसा भएको जनाएका छन् । सङ्कलन भएका घटनालाई हेर्दा १.२/१.२ प्रतिशत (१/१ जना) साइबर अपराध र हत्याको प्रयास, २.४/२.४ प्रतिशत (२/२ जना) यौन दुर्व्यवहार र शारीरिक हिंसा, ३.६ प्रतिशत (३ जना) बलात्कार, १७.९ प्रतिशत (१५ जना) चारित्रिक आरोप, २७.४/२७.४ प्रतिशत (२३/२३ जना) धम्की (ज्यान मार्ने वा बलात्कारको धम्की) मानसिक हिंसा र २८.६ प्रतिशत (२४ जना) गालीगलौंच जस्ता हिंसा गरिएको पाइएको छ । यस तथ्याङ्कले यो देखाएको छ कि महिला मानव अधिकार रक्षकहरू आफ्नो कामकाजको क्रममा विभिन्न प्रकारका र बहुप्रकृतिका हिंसा र दुर्व्यवहारको सामना गरिरहेका छन् । मानसिक हिंसा, गालीगलौंज, धम्की कुटपिट, चारित्रिक आरोप, बलात्कार, शारीरिक हिंसा, यौन दुर्व्यवहार, हत्याको प्रयास, साइबर अपराध जस्ता घटनाहरूले उनीहरूको मानसिक र शारीरिक सुरक्षामा गम्भीर असर पुऱ्याएको देखिन्छ । समाजमा रहेका धार्मिक, वर्गीय र जातीय विभेद जस्ता अवस्थाले पनि यी हिंसाका घटनाहरूको गम्भीर्यतालाई देखाएको छ । यद्यपि यस्ता असुरक्षाबीच महिला मानव अधिकार रक्षकहरूले मानव अधिकार तथा महिला अधिकारका लागि आफ्ना अभियान जारीराख्नु भएको छ जुन अत्यन्त सह्रानीय छ ।

## ४.४.२ प्रदेशगत विवरण





जम्मा : ८४

**चित्र नं.** : ४.४.२ : प्रदेशगत विवरण

सर्वेक्षण मार्फत सङ्कलन भएका घटनालाई प्रदेशको आधारमा विश्लेषण गर्दा सबै भन्दा बढी हिंसाका घटना बागमती प्रदेशबाट सङ्कलन भएको छ। उक्त प्रदेशमा ३५.७ प्रतिशत (३० जना), कोशी प्रदेशबाट १९ प्रतिशत (१६ जना), मधेश प्रदेशबाट १३.१ प्रतिशत (११ जना), लुम्बिनी र सुदूरपश्चिमबाट ११.९/११.९ प्रतितश (१०/१० जना), कर्णाली प्रदेशबाट ६ प्रतिशत (५ जना) र गण्डकी प्रदेशबाट २.४ प्रतिशत (२ जना)ले सर्वेक्षणमा सहभागी भई आफूमाथि विभिन्न हिंसा भएको जनाएका थिए भने १० जनाले प्रदेशगत विवरण खुलाएका थिएनन्। बागमती प्रदेशमा अन्य भन्दा बढी तथ्याङ्क सङ्कलन हुनुले बागमती प्रदेशमा महिला मानव अधिकार रक्षकहरू यस सर्वेक्षण बारे जानकार रहेको देखिन्छ। त्यसैले, यस सर्वेक्षण बारे जानकारी वृहत रूपमा प्रदेशहरूमा प्रदान गर्न सकेमा सर्वेक्षमा सहभागीहरू वृद्धि हुन सक्ने अवस्था देखिन्छ।

### ४.४.३ उमेरगत विवरण





जम्मा : ८४

**चित्र नं.** .४.४.३ उमेरगत विवरण

माथिको तथ्याङ्कलाई हेर्दा सबै भन्दा बढी ३६ देखि ४५ वर्ष उमेर समूहका महिला ३३.३ प्रतिशत (२८ जना) मानव अधिकार रक्षक हिंसाको जोखिममा रहेको देखिन्छ। त्यस्तैगरी उक्त सङ्ख्या १८ देखि २५ वर्ष उमेर समूहका २५.० प्रतिशत (२१ जना), २६ देखि ३५ वर्ष उमेर समूहका २६.२ प्रतिशत (२२ जना), ४६ देखि ५५ वर्ष उमेर समूहका १५.५ प्रतिशत (१३ जना) रहेका छन्।

### ४.४.४ हिंसाको घटनाबारे जानकारी दिएको संयन्त्र





जम्मा : ४०

**चित्र नं.** ४.४.४ : हिंसाको घटनाबारे जानकारी दिएको संयन्त्र

माथिको तथ्याङ्कलाई हेर्दा जम्मा ४० जना उत्तरदाताले यो प्रश्नको जवाफ दिएको पाइन्छ र एक जना उत्तरदाताले एक भन्दा बढी सहयोगी संयन्त्र मार्फत् सहयोग प्राप्त गरेको देखिन्छ। कुल ४० मध्ये सबै भन्दा बढी प्रभावितले गैह्र सरकारी संस्थालाई आफूमाथि घटेको घटनाबारे बताउने गरेको पाइएको छ। जुन ५० प्रतिशत (२० जना) हो र त्यसैगरी, ४२.३ प्रतिशतले (१७ जना) महिला मानव अधिकार रक्षकलाई, ४०.० प्रतिशत (१६ जना)ले परिवारलाई, २७.५ प्रतिशत (११ जनाले)ले प्रहरी निकायलाई र १५.० प्रतिशत (६ जना)ले समुदायका सदस्यलाई जानकारी दिने गरेको पाइएको छ। यस तथ्याङ्कले महिला मानव अधिकार रक्षक जस्तो सजग तथा सक्रिय समुदायका व्यक्तित्वहरू पनि हिंसा भएका खण्डमा सजिलै आफ्ना कुराहरू अरूलाई भन्न सक्ने वातावरण छैन भन्ने देखिन्छ। हिंसा गर्नेलाई भन्दा हिंसा भोग्नेलाई हाम्रो समाजले हिंसाको जिम्मेवार बनाउने, प्रभावितप्रति समानुभूति नराख्ने, प्रभावितको गोपनीयता कायम नगरिदिने, सामाजिक लाञ्छना आदि भोग्न पर्ने कारणले महिला मानव अधिकार रक्षकहरू नै न्याय पहुँचमा जान नखोजेको देखिन्छ। त्यस्तै, सहयोग माग्ने क्रममा उनीहरूले सरकारी भन्दा गैह्र सरकारी निकायलाई धेरै भरोसा गर्ने गरेको देखिन्छ। यसबाट पनि सरकारी निकायले महिला हिंसा सम्बन्धी सेवा प्रवाह गर्न आम नागरिकको विश्वास जित्न थप काम गर्नपर्ने देखिन्छ।

### ४.४.५ आरोपितसँगको सम्बन्ध


आरोपित र प्रभावितको सम्बन्ध हेर्दा धेरै जसो मानव अधिकार रक्षकहरू आफूले नचिनेको व्यक्तिबाट हिंसामा परेको देखिन्छ। अपरिचितबाट ६०.७ प्रतिशत (५१ जना), २८.६ प्रतिशत (२४ जना) समुदायका सदस्यबाट, ६ प्रतिशत (५ जना) सहकर्मीबाट, ३.६ प्रतिशत (३ जना) परिवारको सदस्यबाट र १.२ प्रतिशत (१ जना) शिक्षकबाट हिंसामा परेको पाइएको छ। यसले महिला मानव अधिकार रक्षकलाई परिचित व्यक्तिहरू पनि हिंसा गर्ने जोखिम रहेको दखिन्छ। त्यस्तै, अपरिचित व्यक्तिहरूले सबैभन्दा बढी हमला गर्ने जोखिम हुँदा यस विषयलाई गम्भीरतापूर्वक लिन आवश्यक छ। यो नतिजा गत वर्षको भन्दा विपरीत रहेको छ। गत वर्ष सबैभन्दा बढी पीडक समाजका सदस्यहरू देखिएका थिए।




जम्मा: ८४

**चित्र नं. ४.४.५ :** आरोपितसँगको सम्बन्ध

### ४.४.६ अनलाईनमा भएको हिंसा





जम्मा २९

**चित्र नं. ४.४.६ :** अनलाईनमा भएको हिंसा

जम्मा ८४ उत्तरदाता मध्ये ५५ जनाले अनलाईन माध्यमबाट आफूले कुनै पनि प्रकारको हिंसा नभोगेको बताएका थिए भने ६५.५ प्रतिशत (१९ जना)ले मानसिक हिंसा भोग्नु परेको, २४.१ प्रतिशत (७ जना)ले यौन हिंसा र १०.३ प्रतिशत (३ जना)को प्रोफाइल समेत चोरी भएको बताएका छन् ।

### ४.४.७ घटनाको उजुरी गरेको संयन्त्र

सर्वेक्षणमा भाग लिएका ८९ जना मध्ये २९ जना उत्तरदाताले मात्र आफूमाथि भएको अनलाईन हिंसाको उजुरी गरेको बताएका छन् । उजुरी भने एउटा निकायमा मात्र नभई विभिन्न निकायमा गरेको जस्मा ३४.५ प्रतिशत (१० जना)ले प्रहरी प्रशासनमा, १३.८/१३.८ प्रतिशत (४/४ जना)ले समुदायका सदस्य, महिला मानव अधिकार रक्षक र आफूले काम गर्ने स्थानमा, ६.९/६.९ प्रतिशत (२/२ जना)ले संस्था, आरोपितको परिवार, गैह्र सरकारी संस्था र आफ्नो घर परिवारमा र १०.३ प्रतिशत (३ जना)ले अन्य निकाय जस्तै राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग र फेसबुक मै रिर्पोट गरेको बताएका थिए ।




जम्मा : २९

**चित्र नं.४.४.७ :** घटनाको उजुरी गरेको संयन्त्र

## निष्कर्ष

महिला अधिकार तथा महिलावादी आन्दोलनमा प्रत्यक्ष योगदान गर्ने महिला मानव अधिकार रक्षकहरू नै आफ्नो कामको कारणले कार्यस्थलमा वा निजी जीवनमा हिंसाको सिकार हुन परेको अवस्था रहेको छ । मानव अधिकारको संरक्षण र संवर्धनमा अहोरात्र खटिरहने मानव अधिकार रक्षकहरूमाथि यस्ता घटना हुनु भनेको लोकतन्त्र तथा महिलावादी आन्दोलन माथिको प्रहार हो । महिला मानव अधिकार रक्षकहरूले आफू विरुद्ध राज्य, समाज र परिवारबाट भैरहेको बहुआयामिक विभेद भोग्नुपरेका कारणहरू सर्वेक्षणमा समेत खुलाएका छन् । जसअनुसार उनीहरूले महिलामाथि हेर्ने विभेदकारी दृष्टिकोणका ७२.६ प्रतिशत (६१ जना)ले भनेका छन् भने ६१.९ प्रतिशत (५२ जना)ले नीति तथा कानुनको प्रभावकारी कार्यान्वयन नहुनु, ५९.५ प्रतिशत (५० जना)ले विभेदकारी सामाजिक संरचनाको निरन्तरता, ४६.४ प्रतिशत (३९ जना)ले सेवा प्रदायक निकायहरूमा संवेदनशीलताको अभाव, २.४ प्रतिशत (२ जना)ले सबै र ४.८ प्रतिशत (४ जना)ले अन्य कारण जस्तै नेपालको सामाजिक संरचना, सत्य घटनालाई साथ सहयोग नदिनु, पितृसत्तात्मक सामाजिक संरचना आदि भएको उल्लेख गरेका छन् । त्यसका साथै, महिला मानव अधिकार रक्षकहरूले मानसिक, शारीरिक, यौनजन्य हिंसादेखि अनलाइन हिंसा भोग्नुपरेका अवस्थाले नीतिगत र संरचनागत सुधारको खाँचोलाई औंल्याउँछ । महिला मानव अधिकार रक्षकहरूको सुरक्षा तथा अन्य समस्याको बारेमा समाधानका लागि नै सर्वेक्षणमा सहभागीहरूले सुझाव दिनुभएको छ । उहाँहरूले जोखिम न्यूनीकरणको लागि उपायहरूमा कुल प्राप्त तथ्याङ्क अनुसार ६७.९ प्रतिशत (५७ जना) नीति तथा कानुनको प्रभावकारी कार्यान्वयन हुनुपर्छ, ६६.७/६६.७ प्रतिशत (५६/५६ जना) विभेदकारी सामाजिक संरचनाहरू परिवर्तन हुनुपर्दछ र समूह सञ्जाल बलियो हुनुपर्छ, ५२.४ प्रतिशत (४४ जना) जोखिमको पूर्वतयारी गर्नुपर्दछ, ५१.२ प्रतिशत (४३ जना) सेवा प्रदायक निकायहरू संवेदनशील हुनुपर्दछ र २.४ प्रतिशत (२ जना)ले माथिका सबै उपाय अपनाउनुपर्ने बताएका छन् ।



हिंसा भोगेका सबै प्रभावितहरूले सहयोगी संयन्त्र बारे ज्ञान भए तापनि उजुरी नगरेको देखिन्छ । यसले नेपाली समाजमा रहेको मौनताको संस्कृतिलाई देखाएको छ । अरूको लागि न्यायको आवाज उठाउने व्यक्तिहरूनै आफू विरुद्ध हिंसा हुँदा चुप लागेर बसेको अवस्था रहेको छ । यद्यपि यी महिला आन्दोलनका योद्धाहरूले आफूमाथि भएको हिंसाको डटेर सामना गर्दै आफ्नो कार्यमा निरन्तर कार्यरत छन् र यी व्यक्तिहरूको मानव अधिकारको रक्षाको निमित्त राज्य संवेदनशील हुन आवश्यक छ ।

## घटना अध्ययन १४

### महिला मानब अधिकार रक्षक माथि भएको हिंसा

सरुमा (परिवर्तित नाम)ले परिवारबाट भोग्दै आएको शारीरिक र मानसिक हिंसाबारे उजुरी गर्न इलाका प्रहरी कार्यालय जाँदा, उनीसँगै पुगेकी महिला मानव अधिकार रक्षक कामना (परिवर्तित नाम)लाई प्रहरी अधिकारीले अपमानजनक शैलीमा बोल्दै "तिमी कसलाई सिकाउन आएको ?", "धेरै बोल्नु पर्दैन, राजनीति आफ्नो ठाउँमा गएर गर" जस्ता तुच्छ अभिव्यक्ति प्रयोग गरेका थिए। पीडित/प्रभावितले स्पष्ट रूपमा करणी प्रयाससम्बन्धी गम्भीर घटना बयान गरे पनि प्रहरी अधिकारीले घटनाअनुसार मुद्दा दर्ता नगरी जबर्जस्ती सार्वजनिक मुद्दामा दर्ता गर्न दबाब दिए, जसले पीडित/प्रभावितको न्यायमा पहुँचलाई कमजोर बनाउने देखेर कामनाले पटक-पटक आग्रह गर्दा पनि वास्तविकताअनुसार मुद्दा दर्ता नगरिएपछि घटना ओरेकमा जानकारी गराईएको थियो। पछि जिल्ला स्तरको महिला मानव अधिकार रक्षक सञ्जालसँग समन्वय गरी जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर तथा प्रमुख जिल्ला अधिकारीसमक्ष डेलिगेशन र छलफल गरिएको थियो। सो छलफलपछि दुवै अधिकारीले सम्बन्धित शाखा तथा प्रहरी टोलीलाई फोनमार्फत् पीडित/प्रभावितले चाहेको अनुसार मुद्दा दर्ता गर्न, सेवाग्राहीसँग सम्मानजनक व्यवहार गर्न तथा जिल्लाभरका इलाका प्रहरी कार्यालयहरूमा व्यवहारगत सुधारका लागि निर्देशन दिएका थिए। यो घटना महिलामाथि हुने हिंसाका पीडित तथा उनीहरूको पक्षमा उभिने महिला मानव अधिकार रक्षक दुवैप्रति राज्य संयन्त्रबाट हुने दबाव, अवरोध र दमनको गम्भीर उदाहरणका रूपमा रहेको छ।

## ४.५. नेतृत्व तहमा रहेका महिलाहरूले भोग्नु परेको चुनौती, विभेद तथा हिंसा


नेपालको संविधानले सुनिश्चित गरेको महिलाको राजनीतिक सहभागिता र नेतृत्वको अधिकार ऐतिहासिक उपलब्धि हो । यसले महिलालाई समान अवसर र समावेशी शासन तर्फको राज्यको प्रतिबद्धता झल्काउँछ । संविधानले सुनिश्चित गरेको समानुपातिक सहभागिता र त्यसको जगमा २०७९ को स्थानीय तह निर्वाचनमार्फत १४,००० भन्दा बढी महिला निर्वाचित हुनु लोकतान्त्रिक अभ्यासमा महिला सहभागिताको उल्लेखनीय प्रगति हो । महिलाको अधिकारका क्षेत्रमा भएका ऐतिहासिक आन्दोलनहरूको परिणामस्वरूप संविधानमा समावेश गरिएको धारा ३८ ले यो प्रगतिलाई कानुनी आधार प्रदान गरेको छ तर उपस्थितिले मात्र अधिकार सुनिश्चित गर्दैन । हाम्रो समाजमा महिलाहरूले आफ्नो अधिकार र प्राप्त जिम्मेवारीलाई व्यवहारमा परिणत गर्ने प्रक्रियामा अझै संरचनागत रूपान्तरण हुन सकेको छैन । महिला भएकै कारणले घर, समाज हुँदै राजनीतिक क्षेत्रमा महिलालाई हेरिने दृष्टिकोण अझै दोस्रो दर्जाको छ । यी क्षेत्रहरूमा महिलाहरू अहिलेपनि जात, वर्ग, लिङ्ग, लैङ्गिक पहिचान, भाषा, भुगोल, अपाङ्गता आदिको आधारमा विभेदित छन् ।

यसले महिलाको नेतृत्वलाई स्वीकार गर्न अझै पनि संरचनागत अवरोध, विभेदपूर्ण मानसिकता र सामाजिक पूर्वाग्रहहरू प्रमुख चुनौतीका रूपमा कायम भएको देखाउँछ । निर्णय प्रक्रियामा समान अधिकार नदिने, महिला भएकै कारणले कामको मान्यता नदिने र जिम्मेवारी वहन गर्ने अधिकारबाट वञ्चित गरिने प्रवृत्तिले महिलाको मानव अधिकारलाई निरन्तर चुनौती दिइरहेको छ । यो अवस्था पितृसत्तात्मक राज्य संरचनाको आडमा मौलाएको महिलालाई हेर्ने विभेदकारी दृष्टिकोणको उपज हो । जबसम्म महिलाको श्रमको मान्यता, स्वःपहिचान र शरीरमाथिको आफ्नै निर्णयको अधिकार सुनिश्चित हुँदैन, तबसम्म महिलाको नेतृत्व र अर्थपूर्ण राजनीतिक सहभागिता पूर्णरूपमा स्थापित हुन सक्दैनन् ।

यसै सवाललाई मध्यनजर गर्दै ओरेकले यस वर्ष सुदूरपश्चिम, कर्णाली र मधेश प्रदेशका १६ जिल्लामा निर्वाचित महिला जनप्रतिनिधिहरूसँग सर्वेक्षण गरेको थियो र उक्त सर्वेक्षणको नतिजाको संक्षिप्त विश्लेषण यसमा प्रस्तुत गरिएको छ ।

### ४.५.१ सर्वेक्षणमा सहभागी महिला जनप्रतिनिधिहरूको सङ्ख्या

यस सर्वेक्षणमा कर्णाली प्रदेशबाट १३४ जना, ९३ जना मधेश प्रदेशबाट र ७० जना सुदूरपश्चिम प्रदेशबाट महिला जनप्रतिनिधिहरूको सहभागिता रहेको थियो । यस प्रकारको भौगोलिक विविधताले अध्ययनका निष्कर्षहरू नेपालभित्रका फरक-फरक सामाजिक, सांस्कृतिक तथा राजनीतिक परिवेशलाई समेट्ने गरी प्रतिनिधिमूलक बनेको देखिन्छ । सबै उत्तरदाताहरू महिला जनप्रतिनिधि नै भएकाले, अध्ययनले स्थानीय शासनमा उनीहरूको वास्तविक अनुभव, भूमिका, आवश्यकता तथा सामना गरिरहेका संरचनात्मक चुनौतीहरूको गहिरो विश्लेषण गर्ने आधार तयार गरेको छ ।





**चित्र नं. ४.५.१ :** सर्वेक्षणमा सहभागी निर्वाचित महिलाप्रतिनिधिहरूको कूल सङ्ख्या

### ४.५.२ महिला जनप्रतिनिधिहरूले सामना गरेका प्रमुख चुनौतीहरू

नेतृत्वको सवालमा मात्र होइन, यस सर्वेक्षणले महिला जनप्रतिनिधिहरू सांस्कृतिक र सामाजिक रूपमा विभेदित भएको र सोही कारणले विभिन्न चुनौतीहरूको सामना गर्नुपरेको बताएका छन् । तथ्याङ्कलाई आधार मान्दा सर्वेक्षणमा सहभागी कुल जनप्रतिनिधि मध्ये ८६% (२१५) जनाले आफूले सामाजिक र सांस्कृतिक रूपमा अपमान, विभेद र असमान व्यवहार भोगेको बताएका छन् । यस्ता असमानता तथा अवरोधले उनीहरूको नेतृत्व तहमा अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न मुख्य चुनौती बनेको


उनीहरूको अनुभवबाट प्रस्ट हुन्छ । नेतृत्व तहमा पुगे पनि, महिलाहरूले आफ्नो जिम्मेवारी निर्वाह गर्ने क्रममा विभिन्न सामाजिक तथा घरेलु हिंसाको सामना गर्नुपरेको तथ्यले उनीहरू अझै पनि गहिरो रूपमा जरा गाडेको पितृसत्ता र संरचनात्मक विभेदबाट जकडिएको समाजमा बसिरहनुपरेको संकेत गर्छ । यस्तो अवस्थामा, महिलाको अर्थपूर्ण सहभागिता र नेतृत्वको सुनिश्चितता कसरी हुन सक्छ ? त्यसैले, चाहे घरभित्र होस् या बाहिर वा सार्वजनिक स्थल, महिलालाई हेर्ने विभेदकारी दृष्टिकोणमा रूपान्तरण नभएसम्म महिलाको अर्थपूर्ण सहभागिता सुनिश्चित हुन सक्दैन ।





**चित्र नं. ४.३ :** महिला जनप्रतिनिधिहरूले सामना गरेका प्रमुख चुनौतिहरू ।

### ४.५.३ लिङ्गका कारण आफ्नो नेतृत्व भूमिकामा वेवास्ता गरिएको अनुभव र कार्यसम्पादनमा परेको प्रभाव

तथ्याङ्कको आधारमा हेर्दा, एक ठूलो सङ्ख्यामा रहेका उत्तरदाताहरूले लिङ्गका कारण नेतृत्व भूमिकामा आफूलाई बेवास्ता गरिएको वा अस्वीकारिएको महसुस भएको महिला जनप्रतिनिधिहरूले बताएका छन् । जसमा २९७ जना उत्तरदातामध्ये १९४ जना (६५.३%)ले महिला भएकै कारण आफ्नो भूमिकामा भेदभाव र वेवास्ता गरिएको अनुभव गरेका छन् भने १०३ जना (३४.७%)ले यस्ता समस्याहरू भोगेको बताएका छन् । यी तथ्यहरूले नेतृत्व तहमा महिलाले भोगिरहेको व्यापक लैङ्गिक चुनौतीहरूलाई स्पष्ट रूपमा देखाउँछन्, जहाँ धेरै महिलाहरूले प्रायः वा कहिलेकाहीँ बहिष्करण र अस्वीकारको अनुभव गर्दै आएका छन् । यसैगरी लैङ्गिक विभेदकै कारणले आफ्नो कार्यसम्पादनमा प्रभाव परेको भनी ८२ प्रतिशत सहभागीले बताएका छन् भने १८ प्रतिशतले मात्र नपरेको बताएका छन् ।





**चित्र नम्बर.** ४.५.३ लिङ्गका कारण आफ्नो नेतृत्व भूमिकामा वेवास्ता गरिएको अनुभव




**चित्र नम्बर ४.५.४** लैङ्गिक विभेदका कारण कार्यसम्पादनमा परेको प्रभाव

### ४.५.४ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण तालिम प्राप्त गरे नगरेको अवस्था

सहभागी जनप्रतिनिधिहरू मध्ये ७२ प्रतिशत (२१५) जनाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण तालिम प्राप्त गरेको बताएका छन् भने २८ प्रतिशत (८२) जनाले प्राप्त नगरेको बताएका छन्। सर्वेक्षणका क्रममा महिला जनप्रतिनिधिहरूको क्षमता अभिवृद्धिका लागि केही मात्रामा कार्यक्रमहरू सञ्चालन भएपनि तिनको प्रभाव प्राय न्यून देखिन्छ। जुन ७२.४% जनप्रतिनिधिले लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी तालिम प्राप्त त गरेको तर केवल २७% ले मात्र त्यसको प्रभावकारिता रहेको बताएको कुराबाट पुष्टि हुन्छ। निर्णय तहमा अर्थपूर्ण सहभागिता नहुँदा तालिमबाट प्राप्त ज्ञान र सीप समेत व्यवहारमा लागू हुन सकेको छैन। सर्वेक्षण अनुसार, ७४% महिला जनप्रतिनिधिहरूले आफ्ना भूमिकामा आवश्यक सीप अपर्याप्त रहेको बताएका छन्। यो तथ्यले उनीहरूको स्वनिर्णय क्षमता र आत्मविश्वासमा प्रत्यक्ष असर परेको स्पष्ट रूपमा देखाउँछ, किनकि पर्याप्त सीप र क्षमता नहुँदा तालिम तथा अनुभवबाट प्राप्त सीप तथा ज्ञान व्यवहारमा रूपान्तरण गर्न कठिन हुन्छ।




घटना १: मधेश प्रदेशको एउटा गाउँमा जन्मेर सानो उमेरमै विवाह गरेकी मधु (परिवर्तित नाम), सधैं पारिवारिक सिमाना भन्दा बाहिर समाजमा सक्रिय भूमिका निभाउने आकांक्षा राख्थिन् । उनी समुदायमा योगदान दिन चाहन्थिन्, तर संरचनागत र पितृसत्तात्मक बाधाहरूले उनको मार्गमा बारम्बार अवरोध खडा गरे । २०७४ सालको स्थानीय चुनावमा उनको उम्मेदवारी महिला भएकै कारणले नामांकनमै खारेज गरियो । यसबारे स्मरण गर्दै मधुले भनिन्, "म घर फर्किदा निकै अपमानित महसुस गरेँ, मलाई हटाइयो किनभने म महिला थिएँ ।"  यद्यपि मधुले यी अवरोधहरूलाई चुनौती दिँदै आफ्नो राजनीतिक सहभागिताको लागि आन्दोलन जारी राखिन् र २०७९ मा उपप्रमुखको पदमा विजयी भइन् । उनी भन्छिन्- "महिला नेतृत्वमा पुग्न व्यक्तिगत प्रतिबद्धता मात्र पर्याप्त छैन; सामाजिक संरचना र पितृसत्तात्मक मान्यतालाई चुनौती दिनु पनि अनिवार्य हुन्छ ।"



घटना २ : गाउँपालिका उपाध्यक्ष संगिता (परिवर्तित नाम)को राजनीतिक यात्रा, महिलाले नेतृत्वमा उक्लन खोज्दा भोग्ने संरचनागत अवरोध र विभेदकारी सोचको स्पष्ट प्रतिबिम्ब हो । २०७४ सालको स्थानीय तहको निर्वाचनमा गैरसरकारी संस्थामा कार्यरत रहँदा पार्टीले उनलाई गाउँपालिकाको अध्यक्ष

पदका लागि उमेदवारी दिएको थियो । बलियो प्रतिष्पर्धा भए पनि उनले १००० मतको फराकिलो अन्तरले जित हासिल गरिन् । पहिलो कार्यकालमा उनले आधारभूत सेवा स्वास्थ्य, शिक्षा र पूर्वाधारमा महत्त्वपूर्ण योगदान पुऱ्याइन् । तर, दोस्रो कार्यकाल (२०७९) नजिकिँदै गर्दा अध्यक्ष पदमा आकांक्षा राखेपनि पार्टीले उनलाई फेरी उपाध्यक्षको टिकट मात्र दियो । उनी भन्छिन् "महिलाको निर्णय क्षमतामा अझै शंका गरिन्छ, आर्थिक स्रोत जुटाउन सक्दैनन् भन्ने सोचले टिकट पाउनै कठिन हुन्छ ।"

उक्त सर्वेक्षणले महिला जनप्रतिनिधिहरूको लोकतान्त्रिक संरचना भित्र औपचारिक स्थान भए पनि निर्णय प्रक्रियामा प्रभावकारी भूमिका निर्वाह गर्ने वातावरण पर्याप्त रूपमा सिर्जना भएको छैन भन्ने स्पष्ट देखाएको छ । साथै आवश्यक पूर्वाधार तथा सहयोगी संयन्त्रहरूको विकास नै नगरी महिलाहरूको क्षमतामाथि प्रश्न उठाउने प्रवृत्ति विद्यमान रहेको पाइएको छ । महिला भएकै कारणले स्थानीय तहमा हुने निर्णय प्रक्रियामा उनीहरूलाई वञ्चित गर्ने गरेको र त्यसमा पहुँच सीमित भएको यथार्थ ८८% महिला जनप्रतिनिधिहरूको प्रतिक्रियाले पुष्टि गरेको छ । यद्यपि महिलाको राजनीतिक सहभागिता कानुनमा व्यवस्था भएपनि गुणात्मक र आत्मसम्मानपूर्वक सहभागिता सुनिश्चित भएको छैन, जसमा पितृसत्तात्मक संरचना र मानसिकता प्रमुख बाधकको रूपमा देखिएको छ ।

राजनीतिमा महिलाको लागि संरचनागत र सामाजिक अवरोध अझै पनि बलियो छ । घरभित्रकै शक्ति सम्बन्धले उनीहरूको सक्रियतालाई रोक्छ । परिवारको अनुमति बिना राजनीति मात्र होइन, सामान्य सामाजिक सक्रियता गर्न पनि सजिलो छैन । आर्थिक पहुँच सीमित हुँदा चुनावी प्रतिस्पर्धा कमजोर हुन्छ । बैठकमा महिलाले कुरा राख्दा "तपाईं चुप लाग्नुस" भन्ने अवस्था अझै पनि विद्यमान छ । यसबाहेक, महिलाको चरित्रमाथि प्रश्न उठ्ने प्रवृत्ति अझै गहिरो छ । उनी भन्छिन्- "कामको सिलसिलामा पुरुष सहकर्मीहरूसँग भेट्दा पनि नकारात्मक टिप्पणी सुन्नुपर्छ  "हामीले पहिले घरधन्दा मिलाएर मात्र बाहिर निस्कनुपर्छ, तर पुरुषलाई त्यो बाध्यता छैन । उनीहरू स्वतन्त्र छन् ।"

यस घटनालाई विश्लेषण गर्दा, आफ्नो सकृय र गुणात्मक कार्यसम्पादनको बाबजुद पनि महिलाहरू आर्थिक स्रोतमा पहुँच सीमित हुनु, परिवारको अनुमति बिना सक्रिय हुन कठिनाई, सामाजिक, सांस्कृतिक र राजनीतिक स्तरमा पूर्वाग्रह र चरित्रमाथि प्रश्न उठाउने प्रवृत्तिले महिलाको नेतृत्वमा सहभागी हुने बाटो साँघुरो बनाएको छ र विभिन्न बहानामा पितृसत्तालाई कायम नै राख्न नेतृत्व नस्वीकार्ने संस्कृति विद्यमान नै छ ।

## निष्कर्ष

नेपालमा महिलाको राजनीतिक प्रतिनिधित्व संवैधानिक उपलब्धि भए पनि, यो सर्वेक्षणले पितृसत्तात्मक संरचना र गहिरो सामाजिक पूर्वाग्रहहरू महिला नेतृत्व स्थापित हुनका लागि सबैभन्दा ठूलो बाधक रहेको पुष्टि गरेको छ । साथै राजनीतिक दल र राज्य संयन्त्रहरूमा महिलाको सहभागितालाई आज पनि प्रतिनिधित्वको सङ्ख्यामा मात्र सीमित गरेर, निर्णयाधिकारबाट वञ्चित गर्ने प्रवृत्ति कायम नै छ । साथै, महिलाको क्षमतामाथि शंका गर्ने सामाजिक दृष्टिकोण, घर-परिवार र सार्वजनिक दुवै क्षेत्रमा कायम संरचनागत असमानता र संस्थागत पितृसत्तालाई चुनौती दिने राजनीतिक इच्छाशक्तिको अभावले महिलाको नेतृत्वलाई कमजोर बनाइरहेको छ । महिला नेतृत्व केवल संवैधानिक प्रावधानले मात्र सुनिश्चित हुँदैन । यसका लागि महिलालाई हेर्ने विभेदकारी सोच तथा व्यवहारमा परिवर्तन र राजनीतिक संस्कृतिमा रूपान्तरण अत्यावश्यक छ ।

## ४.६ पत्र पत्रिकाबाट सङ्कलित तथ्याङ्क तथा विश्लेषण

सञ्चार माध्यमलाई देशको चौथो अंगको रूपमा मानिएको छ । सामाजिक महत्त्वका मुद्दाहरू पैरवी गर्नका लागि सञ्चार एक महत्त्वपूर्ण माध्यम हो जसले सम्बन्धित निकाय र सरोकारवालाहरू बीच समसामयिक विषयहरूलाई उठाउने काम गर्दछ। अनुसन्धानले देखाउँछ कि सञ्चार माध्यमहरूले समाचार संप्रेषण मार्फत समाजमा व्याप्त रहेका भेदभावपूर्ण लैङ्गिक मान्यता र सोचहरू निरन्तरता दिन, साथै हिंसालाई सामान्यीकरण गर्नमा बलियो भूमिका खेलेका छन् भने अर्कोतर्फ, मिडिया रिपोर्टिङमा महिला र बालिकाहरू विरुद्ध हुने हिंसाको जड कारणहरूमा प्रकाश पार्ने, सकारात्मक सामाजिक र लैङ्गिक मान्यताहरूलाई प्रवर्द्धन गर्ने तथा पीडित/प्रभावितहरू र उनीहरूलाई सहयोग गर्न चाहनेहरूलाई आवश्यक जानकारी दिन सञ्चार माध्यमहरूले महत्त्वपूर्ण भूमिका खेलेका हुन्छन् ।


ओरेक नेपालले राष्ट्रिय स्तरका पत्रपत्रिकामा प्रकाशित भएका महिला हिंसाका समाचारको निरन्तर अनुगमन गरी मासिक प्रतिवेदन प्रकाशन गर्दै आएको छ। तथ्य-तथ्याङ्क सहित प्रमाणमा आधारित  पैरवी ओरेकले सुरुदेखि नै गर्दै आएको हो र अहिले पनि निरन्तर छ। त्यसैले ओरेक नेपालले सञ्चार माध्यमसँग सँधैं नजिक रहेर सहकार्य गर्दै आएको छ। यस वर्षको अन्वेषीमा सञ्चार माध्यमबाट सार्वजनिक भएका समाचारहरूबाट कुल २६० वटा महिला हिंसाका घटनाहरू ओरेकले दस्तावेजीकरण गरेको छ। यसमा ओरेकले अभिलेख गरेका घटना सञ्चार माध्यमले प्रकाशन गरेका भए तापनि ती घटनाहरूलाई यस विश्लेषणमा समावेश गरिएको छैन । पत्रपत्रिका तथा सञ्चार माध्यममा आउने घटनामा विस्तृत विश्लेषण गर्न खण्डीकृत तथ्यगत विवरण नहुने हुँदा ती घटनाहरूका आधारमा पुग्दो गरी बहुआयामिक विश्लेषण गर्न सकिएको छैन। यद्यपि सञ्चार माध्यममा प्रकाशित घटनाहरूले महिला हिंसाको प्रदेशगत वर्तमान अवस्था र हिंसाको प्रकृतिलाई मात्र विश्लेषण गरिएको छ ।

### ४.६.१ प्रदेशगत विवरण

यस वर्ष पत्रपत्रिकामा प्रकाशन भएका मध्ये ओरेकले विश्लेषण गरेका जम्मा कुल २६० हिंसा मध्ये १५ प्रतिशत (२९ वटा) कोशी प्रदेशमा घटेका घटना रहेका छन् भने, मधेशमा १०.४ प्रतिशत (२७ वटा), १९.६ प्रतिशत (५१ वटा) बागमती प्रदेश, ६.५ प्रतिशत (१७ वटा) गण्डकी प्रदेश, १०.४ प्रतिशत (२७ वटा) लुम्बिनी प्रदेश, ३.१ प्रतिशत (८ वटा) कर्णाली प्रदेश र ७.७ प्रतिशत

(२० वटा) सुदूरपश्चिम प्रदेशबाट रहेको पाइएको छ । त्यसैगरी २७.३ प्रतिशत (७१ वटा) घटनाको भने प्रदेश नखुलेको पाइएको छ ।

तसर्थ, महिला र बालिकामाथि हिंसाका घटना सञ्चार माध्यममा विभिन्न क्षेत्रहरूमा विभिन्न प्रतिशतमा रिपोर्ट भएका छन् । कोशी र बागमती प्रदेशमा बढी रिपोर्टिङ भएको देखिए पनि अन्य प्रदेशहरूमा घटना घटेको भए तापनि रिपोर्टिङको कमी हुन सक्ने सम्भावना छ । यसलाई ध्यानमा राख्दै, सातै प्रदेशमा हिंसाका घटनाहरूको रिपोर्टिङ प्रणालीलाई सुदृढ गर्नु पर्ने आवश्यक देखिन्छ ।




जम्मा : २६०


**चित्र नं ४.५.१ :** पत्रपत्रिकामा प्रकाशित भएका महिला हिंसाको प्रदेश अनुसारको स्थिति



### ४.६.२ हिंसाका प्रकार

यस वर्ष पत्रपत्रिकामा प्रकाशन भएका महिला हिंसाका स्वरूपहरूमा बलात्कारका समाचार, हत्या, हत्या प्रयास, यौन दुर्व्यवहार, मानव बेचबिखन, सामाजिक हिंसा, घरेलु हिंसा, आत्महत्याका घटना सम्बन्धी र साइबर अपराधका घटना प्रकाशन भएका छन् । यस वर्षमा राष्ट्रिय दैनिक पत्रपत्रिकाहरूमा सबैभन्दा धेरै यौनजन्य हिंसाका समाचार प्रकाशन भएका थिए । कुल २६० वटा

घटना मध्ये ४५ प्रतिशत (११७ वटा) यौनजन्य हिंसासम्बन्धी समाचार प्रकाशित भएका छन् । त्यसैगरी, २९.२ प्रतिशत (७६ वटा) हत्या, ४.६ प्रतिशत (१२ वटा), १.२ प्रतिशत (३ वटा) हत्याको प्रयास, आत्महत्या ३.५ प्रतिशत (९ वटा), ०.४ प्रतिशत (१ वटा) बलात्कार गरी हत्या गरेको, मानव बेचबिखनको प्रयास, ३.८ प्रतिशत (१० वटा)साइबर क्राइम, ३.१ प्रतिशत (८ वटा) मानव वेचविखन, १.९ प्रतिशत (५ वटा) समाजिक हिंसा, १.५ प्रतिशत (४ वटा) घरेलु हिंसा र ५.८ प्रतिशत (१५ वटा) अन्य हिंसा रहेको पाइएको छ ।




जम्मा: २६०

**चित्र नं ४.५.२ :** राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित महिला हिंसाको प्रकार

अत: मिडियाको प्रतिवेदनहरूबाट यो प्रस्ट हुन्छ कि सञ्चार माध्यमका लागि यौन हिंसा र हत्या "दृश्यात्मक" र "सनसनीपूर्ण" महिला विरुद्ध हिंसाका घटनाहरू हुन्, जसले समाजमा व्यापक चासो र आक्रोश उत्पन्न गर्छन् । व्यवसायिक मिडियाले यी घटनालाई प्राथमिकतामा राखेर समाचार प्रकाशन गर्ने गरेको देखिन्छ । अर्कोतिर, जनमानसमा महिलाका अन्य मुद्दा जस्तै: घरेलु हिंसा, कार्यस्थलमा हुने हिंसा, बालविवाह, सामाजिक छुवाछुत जस्ता समाजमा विद्यमान भैरहेका मुद्दाहरू सबैको समस्या हो भनेर मडियाले गम्भीर्यताका साथ उठान गर्न नसकेको देखिन्छ । साथै,

केही घटनाहरूलाई मिडियाले संप्रेषण गर्दा ती मुद्दाहरूलाई मात्र महिला विरुद्धको चरम हिंसा भन्दै सरकारी निकायहरूले प्राथमिकतामा राखि तत्कालीन ती घटनामा मात्र प्रतिक्रिया जनाउने प्रवृत्ति देखिन्छ । यसले गर्दा मिडियालाई अन्य व्यक्तिहरूले आफू अनुकुल समाचार संप्रेषण गर्न लगाउने प्रवृत्ति बढेको छ, जसले गर्दा महिला आन्दोलनलाई तथा न्याय सम्पादनमा थप चुनौति थपिदिएको छ । त्यस्तै, समाचार संप्रेषण गर्दा प्रयोग हुने भाषा महिलामैत्री छैन, लेखहरूमा रहेका शब्दले महिलालाई निरीह वा महिलालाई हिंसाको जिम्मेवार बनाउने गरी चित्रण गरेको देखिन्छ । यसले सञ्चार माध्यमको जगतमा अझै पनि पुरुष प्रधान संकिर्ण सोच व्याप्त रहेको छ भन्ने देखिन्छ । त्यसैले, पहिले त मुलुकबाट प्रकाशन र प्रसारण हुने सञ्चारमाध्यममा लगानीदेखि, त्यसको व्यवस्थापन, समाचार संप्रेषण, प्रसारण, समाचार प्रमुख, समाचार स्रोत, सम्पादकीय र समाचारका स्थानमा महिलाहरूको सङ्ख्या बढाउन आवश्यक देखिन्छ । साथै, सञ्चार माध्यम तथा सञ्चारकर्मीहरूलाई लैङ्गिकमैत्री सञ्चार संप्रेषण गर्न पत्रकारहरूको पेशागत प्रशिक्षण, तालिम तथा अभिमुखीकरण गर्न आवश्यक देखिन्छ । नीतिगत तवरमा विशेषत सञ्चारमाध्यमलाई बढी जिम्मेवार र जवाफदेही बनाई महिला हिंसाको निराकरण गर्न सञ्चारमाध्यमहरूले (अनलाइन सहित) पालना गर्नुपर्ने लैङ्गिकमैत्री पत्रकार आचारसंहिता बनाइ कडाइका साथ लागू गर्नुपर्ने आवश्यकता रहेको छ ।

# परिच्छेद ५

## ५. पीडकको विवरण


### (क) पीडकको पृष्ठभूमि

लैङ्गिक हिंसाका घटनाहरूको अध्ययनमा पीडकको पृष्ठभूमि बुझ्नु अति महत्त्वपूर्ण छ। यसले महिला विरुद्ध हुने हिंसाको मूल स्रोत र कारणहरू पहिचान गर्न मद्दत गर्छ। पीडकको पृष्ठभूमि जस्तैः लिङ्ग, उमेर, शिक्षा, पेसा, आर्थिक अवस्था, परिवारिक सम्बन्ध र सांस्कृतिक मान्यताहरूलाई अध्ययन गर्दा हिंसाका कारण र तिनको उद्‌गम स्थल प्रस्ट हुन्छ। हिंसाको जडमा रहेका यी सामाजिक, आर्थिक र सांस्कृतिक पक्षहरूको अध्ययनले पीडकको हिंसात्मक व्यवहारको मूल कारण पत्ता लगाउन मद्दत पुऱ्याउँछ। यस्ता अध्ययनबाट समाजको मानसिकता र दृष्टिकोणसमेत प्रस्ट हुन्छ। पीडकहरूको पृष्ठभूमिबाट समाजमा रहेका लैङ्गिक असमानता, हिंसात्मक प्रवृत्ति र व्यवहारजन्य समस्याहरूको झल्को पाइन्छ। यसले समाजमा गढेर बसेका पितृसत्तात्मक सोच, लैङ्गिक विभेद र भेदभावपूर्ण व्यवहारलाई पनि उजागर गर्छ। हिंसामा संलग्न धेरैजसो पीडकहरू हिंसात्मक वातावरणमै हुर्किएका हुन्छन्, जसले उनीहरूको हिंसाप्रति सकारात्मक दृष्टिकोण बनाउन सक्छ। यो बुझाइले हिंसाको पुनरुत्पादन चक्र तोड्न बाल्यकालदेखि नै लैङ्गिक समानता र अहिंसाका शिक्षालाई बढावा दिनुपर्ने आवश्यकता देखाउँछ। यी उद्देश्यहरू लिएर ओरेकले अघिल्लो वर्षहरू जस्तै यस वर्ष पनि सङ्कलन भएका तथ्याङ्कहरूको समग्रमा देखिएका पीडकहरूको विश्लेषण गरेको छ।

### ५.१. सङ्ख्या र लैङ्गिक विवरण

यस वर्ष अभिलेखीकरण गरिएका कुल १२७९ घटनामध्ये १ हजार २०८ आरोपितको विवरण स्पष्ट खुलेको छ। जसमध्ये ८१.१ प्रतिशत (१०५३) घटनामा हिंसा गर्ने पुरुषको संलग्नता भएको पाइएको छ भने बाँकी हिंसा गर्नेमा १८.९ प्रतिशत (२४५ जना) महिला रहेका छन्। जसको विवरण निम्न बमोजिम तल प्रस्तुत गरिएको छ। यसले महिलामाथि हुने हिंसाको मुख्य स्रोत पुरुष नै रहेको पुष्टि गर्दछ। जुन हाम्रो समाजमा जरो गाडेर बसेको पितृसत्तात्मक संरचना र शक्ति

असमानतासँग प्रत्यक्ष रूपमा जोडिएको छ । साथै, केही घटनामा महिलाद्वारा महिलामाथि हिंसा भएको देखिनु महिलाहरू पनि पितृसत्तात्मक मूल्य, भूमिका र सामाजिकीकरणबाट पूर्ण रूपमा मुक्त नभएको संकेत हो ।





जम्मा : १२९८

**चित्र नं. ५.१ :** लैङ्गिक विवरण

## ५.२ प्रदेशगत विवरण

महिला हिंसाका पीडकको प्रदेशगत विवरण हेर्ने हो भने यी नेपालका सात वटै प्रदेशमा रहेका छन् । जसमध्ये सबै भन्दा बढी कर्णाली प्रदेशमा हिंसा भएको र सोही अनुसार पीडक पनि कर्णालीबाट नै बढी रहेका छन् । कुल १२९८ पीडक मध्ये ३१.९ प्रतिशत (४१४ जना) कर्णाली प्रदेशबाट रहेको तथ्याङ्कले देखाएको छ । त्यस्तैगरी, २८.० प्रतिशत (३६४ जना) कोशी प्रदेशबाट, २०.१ प्रतिशत (२६१ जना) मधेश प्रदेशबाट, ७.२ प्रतिशत (९४ जना) लुम्बिनी प्रदेशबाट, ५.५ प्रतिशत (७२ जना) बागमती पदेशबाट, ५.४ प्रतिशत (७० जना) सुदूरपश्चिम प्रदेशबाट र ०.२/०.२ प्रतिशत (२/२ जना) गण्डकी प्रदेशबाट र विदेशबाट रहेका छन् भने १.५ प्रतिशत (१९ जना) को भने प्रादेशिक विवरण खुल्न सकेको छैन् ।





जम्मा : १२९८

**चित्र नं : ५.२ :** प्रदेशगत विवरण

## ५.३ उमेरगत विवरण

महिला हिंसा र पीडकको उमेरलाई मुख्य गरी छ वटा समूहमा वर्गीकरण गरिएको छ । तलको चित्रमा उल्लेख भएबमोजिम महिला हिंसामा संलग्न पीडक वा आरोपितको उमेरलाई हेर्दा २६ देखि ३५ वर्ष उमेर समूहले ३५.९ प्रतिशत (४५४ जना) महिलामाथि हिंसा गरेको पाइएको छ । त्यसैगरी, ३६ देखि ४५ वर्षका २६.४ प्रतिशत (३४३ जना), १८ देखि २५ वर्षका १७.३ प्रतिशत (२२४ जना), ४६ देखि ५५ वर्षका ११.८ प्रतिशत (१५३ जना), ५६ वर्ष माथिका ६.६ प्रतिशत (८६ जना) र १८ वर्ष मुनीका १.२ प्रतिशत (१५ जना) पीडक रहेको तथ्याङ्क सङ्कलन भएको छ तर बाँकी १.८ प्रतिशत (२३ जना) पीडकको उमेर खुलेको छैन ।




जम्मा : १२९८


**चित्र नं. ५.३ :** उमेरगत विवरण

## ५.४ शिक्षा

महिला हिंसा र पीडकको शैक्षिक अवस्था पहिचान गर्ने उद्देश्यले यस वर्षको घटनालाई अध्ययन र विश्लेषण गरिएको छ । जस अनुसार साक्षर र निरक्षर गरी दुई समूहमा विभाजन गरिएको छ । जसलाई निम्न बमोजिम व्याख्या गरिएको छ ।

यस वर्षको अभिलेखीकरणबाट सबैभन्दा बढी मात्रामा साक्षर व्यक्तिले नै हिंसा गरेको पाइएको छ । जसको सङ्ख्या ७९.९ प्रतिशत (१९२६ जना) रहेको छ भने २१.९ प्रतिशत (२७३ जना) निरक्षर रहेको पाइएको छ । त्यस्तै, साक्षरताको अवस्था विश्लेषण गर्दा ५२.१ प्रतिशत (५३५ जना) आधारभूत शिक्षा हासिल गरेको, ३८.३ प्रतिशत (३९३ जना)ले माध्यमिक शिक्षा, ७.५ प्रतिशत (७७ जना)ले स्नातक तह, ९.२ प्रतिशत (२ जना)ले प्राविधिक शिक्षा र १.९ प्रतिशत (१९ जना)ले प्रौढ शिक्षा हासिल गरेका छन् । तसर्थ, साक्षर व्यक्तिहरूको उच्च संलग्नताले यो देखाउँछ कि शिक्षाले

मात्र महिला हिंसा रोक्न सकिने होइन रहेछ। तर शैक्षिक अवस्था उच्च हुँदै जाँदा पीडकहरूको सङ्ख्या पनि कम हुँदै गएको भन्ने देखिन्छ। यसले समग्रमा शैक्षिक सुधार, सामाजिक चेतना अभिवृद्धि र वैयक्तिक मानसिकता तथा व्यवहारको परिवर्तनको आवश्यकता रहेको देखिन्छ। हिंसा रोकथामको लागि औपचारिक शिक्षा, कानूनी शिक्षा र सामाजिक जिम्मेवारीका कार्यक्रमहरू थप प्रभावकारी र लक्षित हुने गरी सञ्चालन गर्न आवश्यक छ।





जम्मा: १२९८

**चित्र नं : ५.४ :** शैक्षिक अवस्था

## ५.५ वैवाहिक स्थिति

पीडकको वैवाहिक अवस्था हेर्दा ७९.४ प्रतिशत (१९३९ जना) विवाहित व्यक्तिले महिलामाथि हिंसा गरेको पाइएको छ। त्यसैगरी, १३.१ प्रतिशत (१७९ जना) अविवाहित, ३.५ प्रतिशत (४५ जना) विवाहित तर सँगै नबसेको, प्रतिशत (१३ जना) अविवाहित तर सँगै बसेका व्यक्ति, ९.३ प्रतिशत (४ जना) पारपाचुके गरेका, ९.५ प्रतिशत (५ जना) एकल महिला र बाँकी २.४ प्रतिशत (३१ जना)को भने वैवाहिक अवस्था नखुलेको पाइएको छ।





जम्मा: १२९८

**चित्र नं. ५.५ :** वैवाहिक अवस्था

## ५.६ जातीयताको अवस्था

यस वर्षको अभिलेखीकरणबाट सबैभन्दा बढी मात्रामा पहाडी ब्राह्मण/क्षेत्रीबाट महिलामाथि हिंसा भएको देखिन्छ। जसलाई सङ्ख्यात्मक रूपमा हेर्दा २५.३ प्रतिशत (३२८ जना) पहाडी ब्राह्मण/क्षेत्री, ३.५ प्रतिशत (४६ जना) ब्राह्मण/क्षेत्री तराई, १६.३ प्रतिशत (२११ जना) पहाडी दलित, ५.५ प्रतिशत (७२ जना) तराई दलित, १९.९ प्रतिशत (१४१ जना) पहाडी जनजाति, १५.२ प्रतिशत (१९७ जना) तराई जनजाति, १७.५ प्रतिशत (२२७ जना) मधेशी, ३.३ प्रतिशत (४३ जना) मुस्लिम जातिका, १.१ प्रतिशत (१४ जना) अन्य जातिका र १.५ प्रतिशत (१९ जना) पीडकको जातीय पहिचान खुल्न भने नसकेको अवस्था छ।





जम्मा : १२९८

**चित्र नं. ५.६ :** जातीयताको विवरण

## ५.७ पेसा व्यवसाय

महिलामाथि हुने हिंसा र पीडकको पेसाको विश्लेषण गर्दा कृषि तथा पशुपालनमा संलग्न भएकाहरू ३७.८ प्रतिशत (४५३ जना) रहेको पाइएको छ। महिलामाथि ज्याला मजदुरी गर्नेबाट २१.२ प्रतिशत (२५४ जना) आरोपितबाट हिंसा भएको छ। त्यस्तै, ९ प्रतिशत (१९८ जना) वैदेशिक रोजगारबाट फर्किएका, ८.२ प्रतिशत (९८ जना) सामान्य व्यापार व्यवसायमा संलग्न, ४.९ प्रतिशत (४८ जना) घरायसी काममा संलग्न, ३.८ प्रतिशत (४५ जना) सरकारी सेवा, ३.३ प्रतिशत (३९ जना) गैर सरकारी सेवा, ३.५ प्रतिशत (४२ जना) जागिर खोज्दै गरेका, २.४ प्रतिशत (२९ जना) विद्यार्थी, २.१ प्रतिशत (२५ जना) निजि क्षेत्र, ९.३ प्रतिशत (३ जना) पुलिस आर्मी, २.५ प्रतिशत (३९ जना) सवारी चालक र २.९ प्रतिशत (२४ जना) अन्य काममा संलग्न व्यक्तिहरूले हिंसा गरेको पाइएको छ।




जम्मा : १२९८

**चित्र नं. ५.७ :** पेसागत अवस्था

## निष्कर्ष

पीडकहरूको व्यक्तिगत अवस्था (लिङ्ग, उमेर, शिक्षा, रोजगारी, वैवाहिक अवस्था, जात र सामाजिक स्थिति) बुझ्नु केवल तथ्याङ्कीय अभ्यास होइन । यो लैङ्गिक सत्ता, सामाजिक संरचना र सांस्कृतिक हिंसाको अन्तर्सम्बन्धलाई उजागर गर्ने विश्लेषणात्मक अभ्यास हो । प्रस्तुत तथ्याङ्कहरूले यो देखाउँछन् कि महिलामाथि हुने हिंसाको प्रमुख स्रोत पुरुष नै हुन् । जसको जरो पितृसत्तात्मक सत्ता सम्बन्ध, नियन्त्रणको संस्कृति र हिंसात्मक पुरुषत्वमा निहित छ तर, १८.४ प्रतिशत महिला पीडकहरूको उपस्थितिलाई पनि ध्यान दिनु आवश्यक छ । महिला विरुद्ध हुने हिंसामा महिला नै पीडक रहेको स्थितिले यो देखाउँछ कि पितृसत्तात्मक सोच र हिंसाको संस्कृतिले महिलाहरूलाई पनि हिंसाको पुनरूत्पादक भूमिकामा धकेलेको छ । त्यस्तै, पीडकहरूको उमेरगत अवस्थामा २६ देखि ३५ वर्ष उमेर समूहका व्यक्तिहरू सबैभन्दा बढी हिंसामा संलग्न हुनुले, वयस्क उमेरमा पुरुषहरूले मुख्यतः आफ्नो परिवार, नातासम्बन्ध र आयआर्जनमा नियन्त्रण गर्ने प्रयास गर्छन् । उनीहरूको अपेक्षाहरू पूरा नहुँदा, महिला विरुद्धको हिंसा महिलालाई नियन्त्रण र प्रभुत्व प्रदर्शन गर्ने माध्यम बनेको देखिन्छ ।

साक्षर पुरुषहरूको उच्च संलग्नताले शिक्षा मात्रले हिंसा रोक्न पर्याप्त छैन भन्ने देखिन्छ भने नेपालको शैक्षिक प्रणालीमा लैङ्गिक समानता, अधिकार चेतना र व्यवहारगत रूपान्तरणको अभाव देखिन्छ। यो "शिक्षित पितृसत्ता"को रूप हो, जसले आधुनिकता र शिक्षाको आवरणमा पनि महिलामाथि नियन्त्रण कायम राख्ने, हिंसा गर्ने प्रवृत्ति झल्काउँछ। विशेषत दाइजो विरुद्धको अपराधमा शिक्षित व्यक्तिहरू नै मुख्य पीडक रहेको देखिन्छ। त्यस्तै, रोजगार असुरक्षा, बेरोजगारी वा वैदेशिक रोजगारीमा जाने तनावले महिला विरुद्धको हिंसाको सम्भावना बढेको देखिन्छ। आर्थिक अस्थिरताका कारण पुरुषत्वको परम्परागत अवधारणा अनुसार 'आय आर्जनको(कमाउने) जिम्मेवारी' चुनौतीमा पर्न जाँदा, महिला विरुद्धको हिंसा निज पुरुषहरूलाई असन्तुष्टि प्रकट गर्ने, महिलाको स्वतन्त्रता नियन्त्रण गर्ने माध्यम बनेको देखिन्छ। यस्तै जात, वर्ग, प्रदेश र सामाजिक पृष्ठभूमिका विविधतामा पनि हिंसाको संरचना फरक-फरक रूपमा प्रकट हुन्छ। यो अन्तर्सम्बन्धित यथार्थ हो, जहाँ पितृसत्तात्मक हिंसा जातीय, आर्थिक र सांस्कृतिक असमानतासँग गाँसिएको हुन्छ। उदाहरणका लागि, कर्णाली र मधेश प्रदेशमा हिंसाको दर उच्च हुनु केबल सांस्कृतिक कारण होइन, राज्यको कमजोर उपस्थिति र प्रभावितहरूको सेवामा पहुँचको अभावसँग पनि सम्बन्धित छ। अन्ततः ८९.५ प्रतिशत विवाहित पुरुषहरूले गरेका हिंसाहरूले विवाह संस्थामै निहित पितृसत्तात्मक नियन्त्रणको रूप उजागर गर्छ, जहाँ महिलाको शरीर, श्रम र स्वतन्त्रतालाई पति वा परिवारको स्वामित्वको रूपमा हेरिन्छ।

अत : महिला हिंसा विरुद्धको कार्यक्रम तथा गतिविधिहरू सञ्चालन गर्दा पुरुषहरूलाई पनि समावेश गर्न आवश्यक छ। सो कार्यक्रमहरूमा पुरुषहरूको संलग्नताले महिला विरुद्धको हिंसाको जरोमा प्रहार गर्न मद्दत गर्दछ। जसबाट पुरुषहरूलाई परिवर्तनका साझेदारका रूपमा रूपान्तरण गर्न सकिन्छ। जब पुरुषहरूले समाजमा आफूले जन्मजातै पाएका आफ्ना विशेषाधिकार, व्यवहार र समाजले थोपरेको "हिंसात्मक पुरुषत्व" बुझ्न थाल्छन्, तब मात्र वास्तविक लैङ्गिक समानता कायम गर्न सम्भव हुन्छ। त्यसैले, महिला हिंसा अन्त्यका कार्यक्रमहरूमा पुरुषहरूको सहभागिता "सहयोगी"का रूपमा होइन, "उत्तरदायी परिवर्तनकारी"का रूपमा हुनुपर्छ। जसले महिला हिंसामुक्त सम्बन्ध, सकारात्मक पुरषत्व, समान सत्ताको अभ्यास र न्यायपूर्ण समाज निर्माणमा योगदान दिन सक्छ।

# परिच्छेद ६

## ६.१ हिंसा प्रभावितलाई उपलब्ध गराएको सेवाको विवरण


ओरेकले महिला विरुद्धको हिंसा सम्बोधनका लागि विशेष सेवाहरू प्रदान गर्दै आइरहेको छ। महिला विरुद्ध हुने हिंसाका घटनाहरूलाई यस संस्थाले अभिलेखीकरण गर्नुका साथै हटलाइन मार्फत् सुविधा दिने तथा हिंसा प्रभावितहरूलाई उद्धारका लागि सहयोग, समन्वय गर्दै सुरक्षित आवास मार्फत् प्रभावितहरूलाई सेवा दिँदै आएको छ। यी सेवाहरू तल विस्तृत रूपमा व्याख्या गरिएका छन्।

### ६.१.१ हटलाइन सेवामा आएका महिला हिंसाका घटना

सुरक्षित हिंसा प्रभावित महिलाले आफूमाथि भएका हिंसा बारे सहज रूपमा उजुरी अभिलेख गर्न सकुन्, उपलब्ध सेवामा महिलाको पहुँच सुनिश्चित हुन सकोस् र कोही पनि महिला न्यायबाट वञ्चित हुन नपरोस् भन्ने अभिप्रायले ओरेक नेपालले निःशुल्क हटलाइन सेवा सञ्चालन गर्दै आएको छ। हटलाइन मार्फत् हिंसा प्रभावित महिलाहरूले आफू विरुद्ध भएको हिंसालाई लेखेर भन्दा सहज तरिकाले मौखिक माध्यबाट अभिलेख गराएर हिंसा सम्बन्धी राज्य तथा सेवा प्रदायक संस्थाहरूले दिने सेवाहरूको जानकारी प्राप्त गरिरहेका छन्। ओरेक हटलाइनमा हिंसा प्रभावित महिलाहरूले विशेषगरी हिंसाको उजुरी कहाँ गर्ने, प्रभावितलाई उपलब्ध सहयोगी संयन्त्रहरू जस्तैः कानूनी परामर्श सहायता, सुरक्षित आवास लगायतका सेवाहरू कसरी प्राप्त गर्न सकिन्छ भन्ने विषयहरूमा जानकारी र परामर्श लिने गोप्य रूपमा लिने गरेका छन्। हटलाइनमा बस्ने कर्मचारीहरू महिला हिंसासम्बन्धी अनुभव भएका कर्मचारीहरू रहेको र उनीहरूले आवश्यकता अनुसार मनोविमर्श तथा कानुनी परामर्शदाताको सहयोगमा महिला हिंसाका घटनाहरू व्यवस्थापन संयन्त्र अनुरूप प्रभावितहरूलाई आवश्यक जानकारी प्रदान गर्दै आइरहेका छन्।

यस वर्ष ओरेकका दुईवटा जिल्लामा हटलाइन सेवाः (१६६०-०१७८९१०) काठमाडौं र (१६६०-२१५२०००) मोरङ मार्फत ४७ वटा महिला हिंसाका घटनाबारे जानकारी प्राप्त भएका थिए। कुल


४७ घटनामध्ये २२ वटा मोरङमा र २५ वटा काठमाडौँको हटलाइनमा अभिलेख भएका छन् । यी दुई हटलाइन सेवाहरूले महिला विरुद्ध हुने हिंसाको रोकथाम, प्रतिकार र सेवाको संप्रेषण गर्न महत्त्वपूर्ण भूमिका खेलिरहेका छन् ।




जम्मा : ४७

**चित्र नं ६.१.१ :** जिल्लागत दर्ता विवरण

हिंसा प्रभावितहरूले हटलाइनमा विभिन्न प्रकारको महिला हिंसाको घटनाहरू अभिलेख गराएका छन् । सम्पर्कमा आउने प्रभावित महिलाहरू मध्ये ५१.९६ प्रतिशत (२४ जना) घरेलु हिंसा, जस्मा (शारीरिक हिंसा १२, गालीगलौंच ६ मानसिक हिंसा १ बहुविवाह २ र स्रोत साधनबाट वञ्चितीकरण ३), २७.६६ प्रतिशत (१३ जना) यौन हिंसा (बलात्कार ६, यौन दुर्व्यवहार ६ र वैवाहिक बलात्कार १), १७.९२ प्रतिशत (८ जना) सामाजिक हिंसा (शारीरिक २, गालीगलौच १ र ठगी लेनदेन गरी २), ४.२६ प्रतिशत (२ जना) बाल प्रेम विवाहका घटना रहेका छन् ।




जम्मा : ४७

**चित्र नं. ६.१.२ :** महिला हिंसाका घटनाका प्रकार

यस तथ्याङ्कले यो देखाउँछ कि पीडित/प्रभावित महिला तथा बालबालिका आफ्ना व्यक्तिगत अनुभव सुरक्षित रूपमा बाँड्न र तुरुन्त सहायता खोज्न सञ्चार माध्यमको प्रयोग गरिरहेका छन् । नेपालका ग्रामीण तथा दुर्गम क्षेत्रमा हिंसा प्रभावित भएका महिलाका लागि हटलाइन सेवा विशेष महत्त्व राख्छ । शारीरिक रूपमा सेवा केन्द्रमा पुग्न नसक्ने अवस्थामा, फोनमार्फत् उनीहरूले जानकारी, मनोसामाजिक परामर्श र आवश्यकता बमोजिमको सहयोगको जानकारीहरू प्राप्त गर्न सक्छन् । यसले महिला अधिकार र न्यायमा पहुँच विस्तार गर्न सहयोग पुऱ्याउँछ । साथै राज्य र नागरिक समाजबीचको सहकार्यलाई बलियो बनाउँछ । त्यसैले यस सेवालाई निरन्तरता दिंदै विस्तार गर्न आवश्यक देखिन्छ र यस सेवाको बारेमा जनमानसमा थप जानकारी दिन आवश्यक रहेको छ ।




## ६.२ सुरक्षा आवास सेवा

कुनै पनि प्रकारको हिंसा भएपछि प्रभावित व्यक्तिले परिवार वा समाजमा सहजै बस्न नसक्ने वा कठिनाई महसुस गर्ने, जीउ ज्यानको सुरक्षा महसुस नगरेको वा न्याय पाउन कठिनाई भएको अवस्थाको सामना गर्न सक्छ । पीडकसँगै बसेर न्यायका लागि पहल गर्न असजिलो मात्र होइन,

प्रभावितलाई जोखिमपूर्ण समेत हुने भएकाले हिंसा प्रभावितहरूका लागि सुरक्षित आवास सेवा निकै सुरक्षित र सहयोगी सिद्ध भएको छ ।

सुरक्षावास हिंसा प्रभावित व्यक्तिहरूका लागि बहुआयामिक सहयोगको महत्त्वपूर्ण थलो हो । सुरक्षावासको सेवाहरू केवल तत्काल सुरक्षित आवासमा मात्र सीमित छैन यसले कानूनी, आर्थिक, स्वास्थ्य र मनोवैज्ञानिक सहयोग समेत प्रदान गर्छ, जसले प्रभावितहरूको जीवनलाई नयाँ सुरुवात गर्ने सम्भावना दिन्छ । यसले दीर्घकालीन पुनःस्थापनामा सहयोग पुऱ्याउँछ र सामाजिक पुर्नस्थापनाको प्रक्रियामा योगदान दिन्छ ।

लैङ्गिक हिंसाविरुद्धको अभियानमा सुरुवातदेखि नै आफ्ना अभियानमा यस संस्थाले सुरक्षा आवासको व्यवस्थापन गरी हिंसा प्रभावित महिला तथा बालिकाहरूको सर्वोत्तम हितको सुनिश्चितताका लागि कार्यक्रमहरू सञ्चालन गरिरहेको छ । हाल संस्थाले आफ्नै पहल तथा स्थानीय सरकारसँग समन्वय र सहकार्यमा ४ ओटा सुरक्षावास (मोरङ्ग, सुनसरी, उदयपुर र धनुषा) सेवा प्रदान गरिरहेको छ । सुरक्षित आवास सेवाबाट हिंसा प्रभावित महिलाहरूका आवासका साथै अन्य उपयोगी विभिन्न विशेषज्ञ सेवाहरू जस्तैः कानूनी उपचार सेवा, मनोपरामर्श सेवा पनि उपलब्ध हुँदै आएका छन् भने उनीहरूको पुनर्स्थापनाका लागि विविध प्रयासहरू ओरेकले गरिरहेको छ । हिंसाको सङ्ख्या बढ्दै र रूपमा परिवर्तन हुँदै आएको अवस्थामा हिंसा प्रभावित महिलाहरूले पनि खुलेर घटना दर्ता गर्ने र त्यसका लागि मद्दत माग्ने सङ्ख्या बढिरहेको छ भने प्रभावितहरूलाई उपलब्ध गराउनु पर्ने सेवा आगामी वर्षहरूमा पनि निरन्तरता दिइराख्नु पर्ने हुँदा यो सेवा लिनेको सङ्ख्यामा वर्षै पिच्छे बढोत्तरी हुँदै गएको छ । यो वर्षको तथ्याङ्क अनुसार ४ वटा सुरक्षावास मार्फत कूल ३३८ जना हिंसा प्रभावित र ३१ जना उनीहरुसंग आश्रित बालबालिकाले सेवा पाएका छन् । ३३८ जना मध्ये ९४ जना मोरङ्गबाट, ११३ जना धनुषाबाट, ४२ जना सुनसरीबाट र ८९ जना उदयपुरको सुरक्षा आवासबाट सेवा लिएको तथ्याङ्कले देखाएको छ । कूल सेवाग्राही मध्ये १५० जना नयाँ सेवाग्राही हुन् भने १४ जना निरन्तर बस्दै आएका र ६५ जना पुन : दोहोरिएर आएका हुन् । त्यसैगरी, ८७ जनालाई पुनर्स्थापना गरीएको छे भने २२ जनालाई सम्प्रेषण गरीएको छ ।




जम्मा : ३३८

**चित्र नं ६.२.१ :** संस्थाद्वारा सुरक्षित आवासमार्फत प्रदान गरिएका सेवाको विवरण

यसरी ओरेकले देशका विभिन्न शाखा मार्फत सञ्चालन गरेका सुरक्षा आवास सेवा लैङ्गिक हिंसा विरुद्धको अभियानमा निकै उपलब्धिमूलक भएको छ । विशेषगरी सुरक्षित आवासमा आश्रय पाएर हिंसा प्रभावितहरू थप जोखिमबाट बच्नुको साथै मनोविमर्श, स्वास्थ्य उपचारको सेवा र विभिन्न कानूनी परामर्श तथा कानूनी सहयोग पाउँदा प्रभावितहरूलाई हिंसा विरुद्ध आवाज उठाउनका लागि आत्मबल समेत मिलेको छ । पीडकसँगै बस्दा, आश्रयकै चिन्ताले पनि उनीहरू हिंसा विरुद्ध बोल्न डराएका हुन्थे भने सुरक्षित आवासमा उनीहरूले आफूमाथि हुने हिंसाबाट उन्मुक्ति पाउने, उपलब्ध सेवा र आफ्नो अधिकार बारे बुझ्न समेत निकै सहज वातावरण मिलेको छ ।

यद्यपि सुरक्षित आवासको सञ्चालन निकै चुनौतिपूर्ण पनि देखिएको छ । पहिलो चुनौती विशेषत: पीडकहरूको दवाव, धम्की जस्ता व्यवहारले ओरेकका कर्मचारी साथै महिला मानव अधिकार रक्षकहरू निरन्तर जोखिममा छन् । दोस्रो, आर्थिक चुनौती पनि रहेको छ । जस अन्तर्गत प्रभावितहरू २४ सै घण्टा सुरक्षा आवासमा सेवा लिन आउन सक्ने भएकाले तत्काल उनीहरूका लागि आवश्यक पर्ने बन्दोबस्तीका सामानका लागि आर्थिक र अन्य चुनौती व्यहोर्दै आइएको

छ। प्रभावितहरूसँग खाना तथा यातायात खर्च समेत नहुने भएकाले सुरक्षित आवासमा आउँदा तत्काल खाना उपलब्ध गराउनेदेखि सुरक्षावासबाट कहीं बाहिर यातायात चढ्नु पर्दा यातायात खर्च समेत दिनु पर्ने अवस्थाले थप आर्थिक भार परेको छ। तेस्रो, हिंसाका घटनाको कानूनी उपचारको प्रक्रिया लामो हुने भएकाले पनि प्रभावित लामो समयसम्म सुरक्षित आवासमा बस्नुपर्ने र कतिपय जिल्लाहरूमा सुरक्षित आवासको आफ्नै संरचना नहुँदा त्यसले व्यवस्थापनमा पनि चुनौती थपेको छ। चौथो, कतिपय महिलाहरूसँग साथमा आउने बालबालिकालाई छुट्टै सेवा दिनुपर्ने जस्तैः उनीहरूको शिक्षा, खेलकुद र बालमनोविज्ञानको बारेमा व्यवस्थापन गर्नपर्ने र केही महिलाहरू त्यही आएपछि सुत्केरी हुने र सुत्केरी तथा शिशुको छुट्टै विशेष स्याहार गर्नपर्ने अवस्था छ। यद्यपि तमाम चुनौतीहरूका बाबजुद पनि, ओरेकले आफ्नै पहल र अन्य सरोकारवाला निकायहरू जस्तै स्थानीय सरकारसँग समन्वय गर्दै सुरक्षित आवासलाई प्रभावकारी रूपमा थप व्यवस्थापन गर्दै आवश्यक सेवाहरू निरन्तर प्रवाह गर्दै आएको छ।


# परिच्छेद ७

## ७.१ महिलामाथि भएको हिंसाको समग्र तथ्याङ्कको सारांश

महिलाआर्थिक वर्ष २०८१/८२ मा ओरेकले कुल १२७९ वटा हिंसाका घटना सङ्कलन गरेको छ। यसको संक्षिप्त नतिजाको विश्लेषण यस परिच्छेदमा गरेको छ।

### ७.१.१ महिला हिंसाको प्रकार

महिलामाथि हुने हिंसाका स्वरूप तथा प्रकार विभिन्न खालका छन्। यसवर्ष प्राप्त तथ्याङ्कका आधारमा महिलामाथि भएका हिंसालाई घरेलु हिंसा, सामाजिक हिंसा, यौन हिंसा, महिला हत्या, महिला हत्याको प्रयास, मानव बेचबिखन, आत्महत्या, साइवर अपराध र अन्यमा वर्गीकरण गरेर विश्लेषण गरिएको छ।





जम्मा : १२७९

**चित्र नं.७.१ :** महिला हिंसाको प्रकार

यस वर्ष कूल १२७९ वटा घटनाहरू सङ्कलन भएका छन् र आधा भन्दा धेरै घरेलु हिंसा रहेको पाइएको छ, जसले महिलाहरू घर भित्रै पनि असुरक्षित रहेको पुष्टि गर्दछ। तथ्याङ्ककै आधारमा हेर्ने हो भने ७२ प्रतिशत अर्थात ९२१ जना महिला घरेलु हिंसाबाट प्रभावित भएको पाइएको छ। त्यस्तै, १७ प्रतिशत (२१८ जना) महिला यौनजन्य हिंसाबाट, ६.५ प्रतिशत (८३ जना) सामाजिक हिंसा, ०.५ प्रतिशत (६ जना) साइबर अपराध, ०.६ प्रतिशत (८ जना) मानव बेचबिखन तथा प्रयास, ०.८ प्रतिशत (१० जना) महिला हत्या तथा महिला हत्याको प्रयास, ०.४ प्रतिशत (५ जना) आत्महत्या तथा प्रयास, ०.६ प्रतिशत अलपत्र र १.६ प्रतिशत (२० जना) हिंसा जस्तै अंशका लागि, वेवास्ता गरिने जस्ता हिंसाबाट प्रभावित छन्।

### ७.१.२ प्रदेशगत विवरण

तथ्याङ्कको आधारमा हिंसालाई हेर्ने हो भने सबै भन्दा बढी हिंसाका घटना कर्णाली प्रदेशमा घटेको पाइएको छ। तल दिइएको चार्ट अनुसार कर्णालीमा सबै भन्दा बढी अर्थात ३२.८ प्रतिशत (४१९ वटा), त्यसपछि कोशी प्रदेशमा २६.७ प्रतिशत (३४१ वटा) रहेका छन् र क्रमशः २०.३ प्रतिशत (२६० वटा) मधेशमा, ७.१ प्रतिशत (९१ वटा) लुम्बिनी प्रदेश, ६.९ प्रतिशत (८८ वटा) बागमती प्रदेशमा, ५.९ प्रतिशत (७६ वटा) सुदूरपश्चिम प्रदेश र ०.२ प्रतिशत गण्डकी प्रदेशबाट सङ्कलन भएको छ। ओरेकमा नेपाल भित्रबाट मात्र नभई ओरेकको सामाजिक सञ्जाल मार्फत अन्य देश जस्तै भारतबाट पनि तथ्याङ्क आउने गरेको छ जसको सङ्ख्या ०.२ प्रतिशत अर्थात २ वटा रहेको छ।





जम्मा : १२७९

**चित्र नं. ७.१.२ :** प्रदेशगत विवरण

### ७.१.३ उमेरगत विवरण

प्रभावितको उमेरगत विश्लेषण गर्दा सबै भन्दा बढी प्रभावित हुने महिला १८ देखि २५ वर्ष उमेर समूहका रहेका छन् जसलाई क्रियाशील उमेर समूह भनेर पनि भन्ने गरिएको छ। त्यस्तै २६ देखि ३५ वर्षका ३९.४ प्रतिशत (३८९ जना), ३६ देखि ४५ वर्ष उमेर समूहका १८.१ प्रतिशत (२३२ जना), ४६ देखि ५५ वर्षका ६.४ प्रतिशत ८२ जना, ९.४ प्रतिशत (५ जना)को उमेर समूह नखुलेको र ९.९ प्रतिशत अर्थात १२७ जना १८ वर्ष भन्दा मुनीका किशोरी रहेका छन्।






जम्मा : १२७९

**चित्र नं.७.१.३ :** उमेरगत  विवरण

### ७.१.४ शैक्षिक अवस्था

सङ्कलित तथ्याङ्कलाई विश्लेषण गर्दा निरक्षर भन्दा साक्षर महिलाहरू विरुद्ध भएको हिंसा अभिलेख भएको पाइएको छ। कुल १२७९ प्रभावित मध्ये ७९.५२ प्रतिशत अर्थात १०१७ महिला साक्षर रहे का छन् भने २०.४८ प्रतिशत (१६२ जना) महिला भने निरक्षर  रहेको पाइएको छ। साक्षरताको अवस्थालाई हेर्दा आधारभूत शिक्षा हासिल गरेका ४६.२१ प्रतिशत (४७० जना), ३९.९२ प्रतिशत (४०६ जना) माध्यमिक शिक्षा, ७.१८ प्रतिशत (७३ जना) स्नातक तह वा सो भन्दा माथि, ०.३९ प्रतिशत (४ जना) प्राविधिक शिक्षा र ६.२९ प्रतिशत (६४ जना)ले प्रौढ शिक्षा हासिल गरेका छन्।








**चित्र नं. ७.१.४ :** शैक्षिक अवस्था

**चित्र नं. ७.१.५** साक्षरताका अवस्था

### ७.१.५ वैवाहिक अवस्था

प्रभावितको वैवाहिक अवस्थालाई हेर्दा विवाहित महिलाहरू बढी हिंसाको जोखिममा पर्ने र आफ्नै श्रीमान् र घर परिवारबाट हिंसा भोग्नुपरेको अवस्था पाइएको छ । तथ्याङ्कलाई विस्तृत रूपमा हेर्दा ७२.०१ प्रतिशत (९२१ जना) विवाहित महिला रहेका छन् भने अविवाहित १५.६४ प्रतिशत (२०० जना) रहेका छन् । त्यस्तै, २.५८ प्रतिशत (३३ जना) एकल महिला, ७.१९ प्रतिशत (९२ जना) विवाहित तर सँगै नबसेको, ०.७८ प्रतिशत (१० जना) पारपाचुके गरेका, १.४९ प्रतिशत (१९ जना) अविवाहित तर सँगै बसेको (लिभिङ्ग टुगेदर) र ०.३१ प्रतिशत अर्थात ४ जनाको भने वैवाहिक अवस्था भने खुलाउन चाहेका छैनन् ।





जम्मा : १२७९

**चित्र नं. ७.१.६** : वैवाहिक अवस्था

### ७.१.६ जातिगत अवस्था

जतीयताका आधारमा विश्लेषण गर्दा २४.५ प्रतिशत (३१३ जना) बाह्मण क्षेत्री पहाडी जातिका रहेका छन् भने, ११.६ प्रतिशत (१४९ जना) पहाडी जनजाति, १५.२ प्रतिशत (१९५ जना) तराई जनजाति, १८.५ प्रतिशत (२३७ जना) पहाडि दलित, ६.८ प्रतिशत (८७ जना) तराई दलित, १५.२ प्रतिशत (१९४ जना) मधेशी, ३ प्रतिशत (२८ जना) मुस्लिम, ४.४ प्रतिशत (५६ जना) बाह्मण क्षेत्री तराई र ९.८ प्रतिशत (१९ जना) अन्य जातिका रहेका छन् ।





जम्मा : १२७९

**चित्र नं. ७.१.७** : जातिगत अवस्था

### ७.१.७ पेसागत अवस्था

धरै जसो प्रभावित महिलाहरू घरायसी काम तथा कृषी तथा पशुपलानमा संलग्न रहेको पाइएको छ । कुल हिंसाको ३३.५ प्रतिशत (४२९ जना) महिला घरायसी काममा संलग्न छन् भने ३३ प्रतिशत (४२२ जना) कृषी तथा पशुपालन गरिरहेको पाइएको छ । त्यस्तै ११.४ प्रतिशत (१४६ जना) दैनिक ज्याला मजदुरी, ९.८ प्रतिशत (१२५ जना) विद्यार्थी, ४.१ प्रतिशत (५२ जना) व्यवसाय, १.४ प्रतिशत (१८ जना) निजी क्षेत्र, २ प्रतिशत (२६ जना) गैर सरकारी क्षेत्रमा, ९.८ प्रतिशत (१९ जना) घरेलु कामदारका रूपमा, १.६ प्रतिशत (२१ जना) जागिर खोज्दै गरेको, १ प्रतिशत सरकारी सेवामा र १.३ प्रतिशत अन्य पेशा जस्तै व्युटी पार्लरमा संलग्न रहेको तथ्याङ्कले देखाएको छ ।





जम्मा : १२७९

**चित्र नं.७.१.८ :** पेसागत अवस्था

### ७.१.८ आरोपितसँगको सम्बन्ध

प्रभावित र आरोपितको सम्बन्धलाई हेर्दा, महिलाहरू सबै भन्दा बढी आफ्नै घर परिवार तथा श्रीमान्बाटै हिंसामा परेको देखिन्छ। ६८ प्रतिशत महिला (८८६ जना) आफ्नै श्रीमान्बाट हिंसामा परेका छन् भने ८ प्रतिशत (१९५ जना) परिवारका सदस्य जस्तैः बुवा, सासू ससुराबाट पनि हिंसामा परेका छन्। त्यस्तै गरेर ७ प्रतिशत (१९९ जना) छिमेकीबाट, २ प्रतिशत (३१ जना) प्रेमीबाट, ४ प्रतिशत (५९ जना) सामुदायिक सदस्यबाट, ३ प्रतिशत (३६ जना) साथीबाट, २/२ प्रतिशत (२८/३१ जना) सेवा प्रदायक निकायबाट र आफ्नो लिभिङ्ग टुगेदरमा बस्दै आएको साथीबाट, ९.१५ प्रतिशत (२ जना) शिक्षकबाट, १.१६ (१५ जना) मुख्य स्याहारकर्ताबाट र १ प्रतिशत (१३ जना) आफूले नचिनेको व्यक्तिबाट हिंसामा परेका छन्।





जम्मा : १२७९

७.१.९ : आरोपितसँगको सम्बन्ध

### ७.१.९ असर

प्रभावितलाई एकै प्रकारको हिंसा भए तापनि बहु प्रकारको असर निजहरूलाई परेको तथ्याङ्कले देखाएको छ। कुल १२७९ प्रभावित मध्ये १२५९ जना प्रभावितलाई सामाजिक र आर्थिक असर परेको पाइएको छ भने १२५५ जनालाई मानसिक असर, १२२९ लाई भने शारीरिक असर परेको पाइएको छ। यस तथ्याङ्ले एउटै हिंसा प्रभावितलाई धेरैप्रकारको असर समेत परेको देखिन्छ।




जम्मा : १२७९

**चित्र नं. ७.१.१०** : असर

## (क) निष्कर्ष तथा सुझावहरू

महिला हिंसा अदृश्य होइन यो वास्तविकता हो भनी यस वर्ष पनि अन्वेषीको तथ्याङ्कले प्रमाणित गर्छ। नेपाल सरकारले सन् २०३० सम्ममा दिगो विकास लक्ष्य अन्तर्गत महिला हिंसा अन्त्य गर्ने लक्ष्य राखेको छ भने सो लक्ष्यको उपलब्धिलाई मापन गर्न तथ्याङ्कको आवश्यकता पर्दछ। यद्यपि नेपालमा हालसम्म पनि महिलामाथि हुने हिंसाको समग्र अवस्थाका बारेमा एकीकृत राष्ट्रिय तथ्याङ्क राख्ने संयन्त्र छैन। यस अवस्थालाई मध्यनजर गर्दै विगत १७ वर्षदेखि ओरेकले 'अन्वेषी'को नियमित प्रकाशन गर्दै आएको छ। ओरेकको अनुभवमा महिलाले महिला भएकै कारणले अन्य व्यक्ति, समाज तथा राष्ट्रबाट नै शारीरिक, यौनजन्य वा मानसिक हिंसा भोग्नु परेको अवस्था छ। अन्वेषीमा प्राप्त भएको तथ्याङ्कले पनि यो देखाएको छ कि महिलाको जन्म अघिदेखि नमरुञ्जेलसम्म उनीहरूको जीवनकालमा विविध हिंसा भोग्न परेको अवस्था छ।

महिलामाथि हुने हिंसाको जीवनचक्रलाई सामान्यतया दुई रूपरेखामार्फत बुझिन्छ। पहिलो- निकट सम्बन्धभित्र हुने हिंसा तथा दुर्व्यवहारको चक्रिय स्वरूप र दोस्रो, महिलाको सम्पूर्ण जीवनकालभर हुने हिंसाको क्रमिक अवस्था हो। तथ्याङ्क अनुसार १८ वर्ष भन्दा कम उमेरका बालिकाहरू यौनजन्य हिंसाको जोखिममा रहेका छन् भने १८ देखि ५५ वर्षका महिलाहरूलाई महिला हत्या, घरेलु हिंसा तथा दाइजोको निहुँमा हुने हिंसा, कार्यस्थलमा हुने हिंसा र बहुविवाहबाट प्रभावित भएका छन्। साथै ५६ वर्षभन्दा माथि महिलाहरूलाई मुख्यत: बोक्सीको आरोपमा हिंसा भएको देखिन्छ। तथापि नेपाली समाजमा महिला हिंसा विरुद्ध मौनताको संस्कार भएकाले हिंसा पश्चात् पीडक भन्दा बढी प्रभावित डर, त्रासमा बस्नुपर्ने बाध्यता रहेको छ। प्रभावितहरूले आयआर्जन नभएको तथा आर्थिक स्थिति कमजोर भएको अवस्थामा, सामाजिक लाञ्छनाको डर, छोराछोरीको भविष्यको चिन्ता, सेवामा सहज पहुँच नभएको, पीडकको दवाव आदिले हिंसाको उजुरी गर्ने भन्दा चुप लागेर बस्ने गरेका छन्। अत: महिला हिंसाको घटना वास्तवमा घटेको भन्दा उजुरी अभिलेखीकरणको सङ्ख्यामा धेरै कम छ। यद्यपि, यस वर्ष पनि घरेलु हिंसाको उजुरी सबैभन्दा बढी अभिलेख भएको हिंसा हो भने पत्रपत्रिकामा सबैभन्दा बढी महिला हत्या र यौन हिंसाका घटना अभिलेख भएका छन्। ओरेकमा यी घटनाहरू अभिलेख हुनुमा महिलाका लागि प्रभावित केन्द्रित सेवा प्रवाह, सहयोगी संयन्त्रहरूको विकास, सूचनाको पहुँच र महिलाहरूको ओरेक प्रतिको विश्वासको अवस्था हो। महिला हिंसाका घटना बाहिर खुलेर आउनु भनेको प्रभावितहरू न्यायिक

प्रक्रियामा जानु पहिलो अवस्था हो । त्यसैले, महिलाहरूलाई सुरक्षित वातावरण सिर्जना गरेर तथा न्यायमा पहुँच सुनिश्चित गर्नुपर्छ, अनि मात्रै महिला हिंसा विरुद्धको मौनतालाई तोड्न सकिन्छ । यस वर्ष अन्वेषीमा उपलब्ध भएका तथ्याङ्कले महिला हिंसा सम्बन्धी समाजमा रहेका केही तथ्यलाई पुष्टि गरेको छ । जुन निम्न प्रकारको रहेको छः-

- **हिंसाको अवस्था : महिला विरुद्ध कस्तो हिंसा भैरहेको छ ?**

नेपाली महिलाले महिला भएकै कारणले प्राचीन कालदेखि नै घर तथा समाजमा विभिन्न हिंसाको सामना गर्नु परेको छ । नेपाली समाजमा महिलाहरू घरेलु हिंसा, बलात्कार, हत्या, अपहरण, मानव बेचबिखन जस्ता गम्भीर अपराधको सिकार भइरहेका छन् । हिंसा प्रभावितको अनुभव र भोगाइलाई विश्लेषण गर्दा हिंसाका स्वरूपहरू बहुआयामिक देखिन्छन् । कानुन तथा सेवा प्रदायक संस्थाहरूले प्रभावितको शारीरिक चोटपटकको अवस्थालाई गम्भीर रूपमा लिए पनि प्रभावितहरूले आफूलाई परेको क्षतिमा सबैभन्दा बढी मानसिक क्षति भएको बताएका छन् ।

महिला हिंसाको व्यापकताको अर्थात क्षेत्र हेर्दा महिलाहरूले निजी जीवन र सार्वजनिक जीवनमा हिंसा भोग्नु परेको देखिन्छ । निजी जीवनमा हिंसा अर्थात महिलाहरू आफ्नै घरमा बढी असुरक्षित रहेका देखिन्छन् । उनीहरूलाई घर परिवारका सदस्यहरूले श्रीमान्, सासू, ससुरा, दाजु, भाइ, हजुर बुबा, जेठाजु, जेठानी, मुख्य हेरचाहकर्ता, महिलाले आत्मीय मानेका साथी वा प्रेमीबाट शारीरिक, मानसिक, आर्थिक हिंसा गरेको देखिन्छ । विशेषतः घरेलु हिंसामा घरेलु सम्बन्धका आधारमा पीडकले हिंसा गर्दा पीडक महिला पनि हुन सक्छन् भने प्रभावित पुरुष पनि हुन सक्छन् । तर सङ्कलित तथ्याङ्कमा महिलालाई विशेषत निजको श्रीमान्ले हिंसा गरेको देखिन्छ । साथै, श्रीमान्को परिवारका अन्य सदस्यले पनि थप हिंसा तथा अवहेलना गरेको देखिन्छ भने समाजका सदस्यहरूले पनि प्रभावितलाई नै दोषी देखाउने अवस्था छ । यसले विवाह संस्थाभित्र श्रीमान् र श्रीमती बिच व्याप्त असमान शक्ति सम्बन्धलाई उजागर गर्दछ । साथै, विवाह पछाडिको सम्बन्धमा धेरै हिंसा भएको देखिन्छ । नेपाली समाजमा विवाहलाई मान्यता दिएपनि हाल विवाह नगरी जोडीहरू सँगै बस्ने गरेका छन् । यद्यपि यस्ता सम्बन्धमा महिलालाई आफ्नो प्रेमीले हिंसा गरेको पाइएको छ । यस्ता सम्बन्धमा प्रभावितलाई न्यायको खोजीमा सामाजिक साथै कानूनी चुनौतीको सामना गर्नुपरेको छ भने नेपालमा यस अवस्थालाई निर्देशित गर्ने कानून व्यवस्थाको अभाव छ ।

अर्कोतिर घरबाहिर निस्किएर आयआर्जन गरेको अवस्थामा पनि महिलाहरूलाई कार्यस्थलमा हिंसा भैरहको देखिन्छ । जस्तैः मनोरञ्जन क्षेत्रमा काम गर्ने श्रमिकहरूलाई व्यवस्थापक, सहकर्मी, प्रहरी प्रशासन, ग्राहकहरूले नै शारीरिक, यौनिक, आर्थिक, मानसिक यातना दिने गरेको देखिन्छ भने समाजमा पनि निजहरूले गरेको श्रमलाई मर्यादित श्रम होइन भन्दै हेप्ने, अपमान गर्ने अवस्था छ । यसरी, राज्यले मनोरञ्जन क्षेत्रलाई मर्यादित श्रम भनी व्यवस्थित गर्न नसकेकोमा कार्यस्थलमा महिला हिंसा बढिरहेको अवस्था छ । मनोरञ्जन क्षेत्रमा काम गर्ने महिलाहरू कार्यस्थलका साथै सबैभन्दा बढी घरेलु हिंसाको जोखिममा रहेका छन् । यसले श्रमिक महिलाको दोहोरो हिंसाको जोखिमलाई देखाएको छ । साथै, महिलाहरूको अधिकारको निमित्त आवज उठाएको भनी महिला मानव अधिकार रक्षकहरूमाथि पनि हिंसा भैरहेको छ । यस्ता अवस्थाले सार्वजनिक भूमिकामा रहेका महिलामाथि हुने हिंसाले प्रायः लैङ्गिक पूर्वाग्रह र महिला विरोधी दृष्टिकोण तथा व्यवहारलाई उजागर गर्छ, जसले राजनीतिक क्षेत्र पुरुषको हो भन्ने विश्वास कायम राख्न खोजेको देखिन्छ । यस्तो सोचले जो महिलाले परम्परागत लैङ्गिक भूमिकालाई चुनौती दिँदै सार्वजनिक क्षेत्रमा कदम चाल्छन्, तिनीहरूलाई दण्डित गर्नुपर्छ भन्ने विश्वास राख्दछ । यस प्रकारको हिंसाले महिलालाई विशेषगरी उनीहरूको लिङ्गका कारण आक्रमण भैरहेको छ र कतिलाई बलात्कारको चेतावनी पनि समाजका व्यक्तिले दिने गरेकोमा समाजमा “rape culture” बढ्दै गएको देखिन्छ । यस्ता अवस्थाले निर्णय तह वा ‘परम्परागत लैङ्गिक भूमिका भन्दा माथि उठेर घरबाहिर गएर काम गर्ने तथा अरूको अधिकारको बारेमा समेत वकालत गर्ने व्यक्तिहरूलाई डर, त्रासमा राखेको देखिन्छ ।

त्यसका साथै, नेपालमा हानिकारक अभ्यासहरू अझै समाजमा रहेका छन् । संस्कृति र परम्पराका नाममा महिला तथा बालबालिका युगौँदेखि हिंसा प्रभावित हुँदै आएका छन् । दाइजोको निहुँमा गरिने हिंसा, हत्या, कुटपिट, दुर्व्यवहार, बोक्सी आरोपमा हुने कुटपिट, बहुविवाह आदि नेपाली समाजमा व्याप्त महिला विरुद्ध हिंसाका स्वरुप हुन् र अहिले पनि यिनीहरूले निरन्तरता पाएकै छन् । जस्तैः बहुविवाहलाई कानूनले निषेधित गरेको भए पनि यो समाजमा व्याप्त रहेको छ । छोरीलाई शिक्षा दिनु भन्दा दाइजो दिनु नेपाली समाज तथा घरपरिवारले प्राथमिकतामा राखेको छ र कम उमेरमै उनीहरूको विवाह गरिदिने चलन अझै पनि रहेको छ । अर्कोतिर, दाइजोका निहुँमा हुने हिंसाको पीडक ज्यादातर शिक्षित परिवार रहेका छन् । दुलाहाको शिक्षाको स्तर, आर्थिक स्तर अनुसार दुलहीको परिवारसँग दाइजोको माग हुने गरेको छ । अझै पनि ग्रामीण भेगमा रहेका ४६

वर्ष भन्दा माथिका महिलाहरूलाई जो एकल छन्, जसको आर्थिक स्थिति कमजोर छ उनीहरूलाई बोक्सीको आरोपमा हुने हिंसाको जोखिम रहेको छ । अर्कोतिर, बालविवाहका घटनाहरूको स्वरूप बदलिदो छ । धेरैजसो किशोरकिशोरीहरू अहिले आफैँ भागिविवाह गरिरहेका छन् । यसर्थ कानुनी सुधार हुँदैमा सामाजिक मान्यतामा तथा त्यहाँ रहेको व्यक्तिको व्यवहार तथा सोचमा परिवर्तन आउँछ भन्ने हुँदैन । समाजको सोच भन्दा कानुनी उद्देश्य अग्रगामी हुनुपर्छ र समाजमा सकारात्मक परिवर्तन आउन निकै समय लाग्ने हुन्छ भन्ने सोचका साथ कानुनी साक्षरता र वैज्ञानिक ज्ञानमा आधारित भएर समाजमा महिला अधिकारको बारेमा बहस तथा पैरवी गर्न आवश्यक छ ।

- **प्रभावितको आर्थिक तथा सामाजिक अवस्था : कसलाई बढी हिंसा भएको छ ?**

महिलाको हिंसाको चक्रीय अवस्था जब जात, वर्ग, आर्थिक स्थिति जस्ता अन्तर-सम्बन्धित सामाजिक वर्गीकरणहरू त्यसमा मिसिन्छन् सो कारणले प्रभावितहरूलाई थप जोखिम र हिंसा विरुद्ध आवाज उठाउन र सहयोग माग्न थप अवरोधहरू सिर्जना गर्छन् भन्ने देखिन्छ । विशेषतः दलित महिलाहरूलाई तुलनात्मक रूपमा बढी हिंसा भएको देखिएको छ । मानव बेचबिखन, बोक्सीको आरोपमा हुने हिंसामा धेरै प्रभावितहरू अशिक्षित र जनजाति रहेका छन् । दलित तथा आदिवासी महिलाहरू जातीय र लैङ्गिक भेदभावको दोहोरो सिकार हुने गरेका छन् भन्ने पुष्टि हुन्छ । महिलाको आर्थिक स्थिति हेर्दा घरेलु काम र कृषि तथा पशुपालनमा संलग्न महिलाहरू बढी महिला हिंसाको जोखिममा रहेका छन् । विवाहित महिला सबैभन्दा बढी हिंसा प्रभावित रहेका छन् भने बालविवाह गर्ने किशोरीहरू समेत बढी हिंसाको जोखिममा रहेको देखिन्छ । यौन हिंसा तथा बलात्कारका घटनामा बालिका तथा विद्यार्थीहरू धेरै प्रभावित भएका छन् । सबै उमर समूहका, जातजाति, शैक्षिक अवस्थाका, पेशाका महिलाहरू कुनै न कुनै प्रकारका हिंसाबाट प्रभावित देखिएका छन् । समग्रमा सामाजिक तथा आर्थिक रूपमा कमजोर महिलाहरू हिंसाको जोखिममा रहेको देखिन्छ । यस्ता सामाजिक सांस्कृतिक व्यवस्था र महिला हिंसा बारेका अन्तर सम्बन्ध बुझ्नका लागि अझ बढी अनुसन्धान र तथ्याङ्क सङ्कलनको आवश्यकता छ ।



महिला हिंसाको घटना विपद्को अवस्थामा झन् बढेको देखिन्छ । ओरेकले काभ्रे, रुकुम तथा जाजरकोटमा सङ्कलन गरेको तथ्याङ्कमा पनि देखिन्छ कि विपद्का अवस्थामा महिला तथा बालिकाहरूमाथि थप हिंसा भैरहेको छ भने उनीहरू यस विपद्को विषम परिस्थितिमा लैङ्गिक हिंसाको थप जोखिममा रहेका

हुन्छन् । नेपाल जलवायु परिवर्तनको हिसाबले जोखिमयुक्त रहेको हुँदा नेपाल सरकार विपद् सम्बन्धी पूर्वतयारी, उद्धार, प्रतिकार्य र पुननिर्माणमा सक्रियताका साथ खटिनु आवश्यक छ भने यी सबै अवस्थामा महिलामैत्री तथा लैङ्गिक संवेदनशील नीति निमार्ण गर्दै लैङ्गिक हिंसा रोक्ने तथा प्रतिकार्य गर्ने राज्यका सयन्त्रलाई अन्य अत्यावश्यक सेवाहरूलाई प्राथमिकतामा राख्न आवश्यक छ ।

- **महिला विरुद्ध हिंसा कसले गर्छ ?**

अधिकांश महिलाहरू, बालिका तथा किशोरीहरू आफ्नै घरमा, छिमेकमा परिचित व्यक्तिहरूबाट यौन हिंसाका सिकार भएका छन् । १८ वर्षभन्दा कम उमेरका पुरुषहरू महिला हिंसामा कम संलग्न रहेको देखिन्छ । बढ्दो उमेरसँगै पीडकको सङ्ख्या बढेको छ । यौनजन्य दुर्व्यवहारका पीडकमा वयस्क उमेरका पुरुषहरू छन् । शिक्षित व्यक्तिहरूले पनि महिला विरुद्ध हिंसा गरेको देखिन्छ । जस्तै, दाइजो नाममा हुने हिंसा, कार्यस्थलमा हुने हिंसा विशेषगरी शिक्षित तथा आर्थिक स्थिति सवल भएका व्यक्तिले नै गर्नेगरेको देखिन्छ । हानिकारक अभ्यासका लागि समग्रमा समाजका व्यक्तिहरूको सहभागिता देखिन्छ जसले विशेषत प्रभावितलाई नै दोषी देखाउने, महिला हिंसालाई स्वीकार्ने र सामान्यकरण गर्ने गरेको देखिन्छ । अझ प्रभावितहरू न्यायको खोजीमा राज्यका संयन्त्रमा जाँदा सेवा दिने संस्थाहरूबाटै प्रभावितहरू अपमान हुनुपरेको अवस्था छ । बाल प्रेम विवाह भने प्रभावित आफैँले गर्ने देखिएतापनि त्यसको कारण समाजले विवाहलाई सामाजिक तथा सांस्कृति रुपले सामान्यकरण गरीने अवस्था देखिन्छ । तर सो विवाह अर्न्तजातिय या अर्न्तवर्गीय भएमा तिनलाई कानुनी कारवाहीमा लैजान परिवारका सदस्यले नै उजुरी गरेको देखिन्छ ।

त्यसैले, महिला हिंसा व्याप्त रहन विभिन्न कारक तत्वले भूमिका खेलेको छ । समाजमा महिला र पुरुष बीचको असमानता, परम्परागत सोच, र हानिकारक प्रथाहरूले महिला हिंसालाई निरन्तरता दिन महत्वपूर्ण भूमिका खेल्दै आएका छन् । हाम्रो समाजमा अझै पनि पुरुषलाई महिलाभन्दा उच्च स्थानमा राख्ने पितृसतात्मक सोच हावी छ । महिलालाई पुरुष भन्दा कमजोर, अधीनस्थ र नियन्त्रण गर्ने मानसिकताले महिला हिंसा बढेको छ । समाजमा महिलालाई सम्पत्ति वा वस्तुका रूपमा हेर्ने प्रवृत्तिले हिंसालाई मलजल गरेको छ । त्यस्तै, समाजमा रहेका कतिपय परम्परागत, धार्मिक तथा सांस्कृतिक मान्यताले महिलालाई असमान बनाएको छ भने देशमा विद्यमान कतिपय कानूनी व्यवस्थाले समेत महिलाको हैसियतलाई समान बनाउन सकेको देखिंदैन । अझ पुँजीवादी आर्थिक समृद्धिको तामझाम, विज्ञान र प्रविधिको विकाससँगै महिला माथि थप जटिल प्रकृतिका

हिंसा वृद्धि हुँदै गएका छन् भने असमान शक्ति सन्तुलनका कारण महिलाहरू आर्थिक स्रोत उपभोगमा, यौनिकतामा नियन्त्रण र कानूनी र नीतिगत संरचनागत अवरोधहरू भोगिरहेका छन् ।

त्यसैले, महिलामाथि हुने हिंसाको रोकथाम र प्रतिकारमा फौजदारी कानुनले अत्यन्त महत्वपूर्ण भूमिका निर्वाह गर्छ । कानुनी व्यवस्थाले हिंसाका अपराधीमाथि कारवाहीका प्रावधान राख्दै दण्डको माध्यमबाट यस्तो हिंसा घट्न नदिने उद्देश्य राख्छ । सार्वजनिक जीवनमा महिलामाथिको हिंसा नियन्त्रण गर्न कानुनले दण्डात्मक कार्यवाही, निवारक उपाय, र संस्थागत संयन्त्रहरूलाई सुदृढ पार्ने आधार तयार गर्छ । तर केवल फौजदारी कानुनको व्यवस्थाले मात्र महिला विरुद्धको हिंसा अन्त्य हुन सक्दैन । यसको प्रभावकारिता त्यसको कानुनको कार्यान्वयन, पर्याप्त स्रोतसाधन, संस्थागत क्षमता, र सामाजिक-सांस्कृतिक मान्यतामा परिवर्तन, लैङ्गिक समानताका कानुनहरू लागु गर्ने, महिलाको परिवारमा बराबारीको हक सुनिश्चित गर्ने र उनीहरूले घरमा गर्ने कामलाई मान्यत दिंदै राज्यको संयन्त्रमा जोड्ने काम गर्न आवश्यक छ । त्यसैले, कानुनले प्रभावितका अधिकार र न्यायमा पहुँचलाई सुनिश्चित गर्ने आधार तयार गर्नुपर्छ । केवल परिणाममाथि केन्द्रित भएर हिंसाको सामना गर्नु पर्याप्त हुँदैन । यदि हिंसाका मूल कारणहरू जस्तै पितृसत्तात्मक सोच, लैङ्गिक असमानता, सामाजिक मान्यता, र मौनताको संस्कृतिलाई सम्बोधन गरिएन भने, हिंसा दोहोरिने जोखिम उच्च रहन्छ । त्यसैले कानुन र कानुनी सुधारले सामाजिक र सांस्कृतिक मान्यतामा रूपान्तरण ल्याउने दिशा दिनु जरुरी छ ।

- **हिंसाको प्रभाव : यसले कसलाई असर गर्छ ?**

महिला विरुद्धको हिंसा भनेको मानव अधिकारको उल्लंघन पनि हो । महिला विरुद्ध हुने हिंसाले प्रायः महिलालाई सर्वपक्षीय व्यक्तित्व विकास र सशक्तीकरणलाई रोकेको हुन्छ । महिला हिंसाको प्रत्यक्ष असर शारीरिक क्षति देखिने भए तापनि महिलाहरूले हिंसा पश्चात् आफूलाई मानसिक तथा सामाजिक रूपमा धेरै क्षति भएको महसुस गरेका छन् । त्यस्तै, उनीहरूलाई हिंसा पश्चात् आर्थिक क्षति पनि व्यहोर्न परेको छ । त्यस्तै, महिला हत्याले महिलाको जीवनको क्षति मात्र गरेको छैन ती महिलामा आश्रित परिवार, बालबालिका र परिवारका सदस्यहरूलाई समेत यसले नकारात्मक असर पारेको छ । यौनजन्य हिंसा तथा बलात्कारका घटनामा परिवारका सदस्यले हिनताबोध तथा सामाजिक लाञ्छना भोगेका अनुभव प्रभावितहरूले साटेका छन् । त्यसैले, महिला विरुद्ध हुने हिंसाले महिलालाई मात्र होइन परिवार र सिङ्गो समुदायको सामाजिक, आर्थिक र

राजनीतिक विकासमा समेत क्षति पुऱ्याएको छ। त्यसका साथै फौजदारी न्याय संयन्त्र र सेवा प्रदायक संस्थाहरूसँग सहयोग तथा समन्वयको लागि काम गर्दा ओरेकको अनुभवमा महिला हिंसाको कारणले स्वास्थ्य क्षेत्रमा खर्च बढिरहेको हुन्छ भने प्रहरी, अदालत र सामाजिक कल्याणका क्षेत्रहरूमा बढी समय, श्रम र स्रोतको खर्च भैरहको देखिन्छ।

महिला अधिकारलाई मानव अधिकारको रूपमा हेर्दा महिला विरुद्ध हुने हिंसा विरुद्ध राज्यको दायित्व हुन्छ। नेपालले मानव अधिकार सम्बन्धी विविध सन्धि सम्झौतामा हस्ताक्षर गरेकोमा महिला हिंसा विरुद्ध ठोस कदम चाल्नु नेपाल सरकारको कर्तव्य र दायित्व हो। राज्यका यी दायित्वहरूका आधारमा निम्नलिखित सुझावहरू रहेका छन् :-

## ख) सुझावहरू

### १) जवाफदेहिता, समन्वय र नेतृत्व

१.१ संघ, प्रदेश र स्थानीय तहबीच लैङ्गिक हिसाबमा आधारित घटना व्यवस्थापनका लागि एकीकृत समन्वय प्रोटोकल विकास गरियोस्,

१.२ संघ, प्रदेश र स्थानीय तहमा लैङ्गिक हिंसामा आधारित घटना सम्बन्धी जानकारी दिने तथा समन्वय गर्ने व्यक्ति नियुक्त गर्ने,

१.३ लैङ्गिक हिंसामा आधारित हिंसामा राष्ट्रिय महिला आयोगको नेतृत्वमा अन्य आयोगहरू जस्तैः राष्ट्रिय मानव अधिकार आयोग, दलित आयोग, मुस्लिम आयोगसँग समन्वय गर्दै स्वतन्त्र अनुसन्धान र अनुगमन गर्ने नीति विकास गर्ने,

१.४ महिला हत्या, घरेलु हिंसा, बालविवाह, बहुविवाह, दाइजोको निहुँमा हुने हिंसा, बोक्सीको निहुँमा हुने हिंसा, यौन हिंसा, विद्युतीय माध्यमबाट हुने हिंसा, वैवाहिक बलात्कार तथा लैङ्गिक हिंसाको बदलिदो स्वरूप लगायतका विषयमा रहेका कानुनको लैङ्गिक संवेदनशीलता बारेमा सर्वपक्षीय छलफल गर्ने र सर्वसम्मतिका आधारमा कानुन तथा नीतिमा आवश्यक संशोधनका लागि प्रस्ताव गर्ने,

१.५ प्रभावितलाई न्याय पहुँचका लागि अभिवृद्धि गर्न फौजदारी कार्यविधि सम्बन्धी ऐनहरू, प्रमाण ऐन, साक्षी सुरक्षा ऐन तथा साइबर सुरक्षा ऐन आदिमा लैङ्गिक दृष्टिकोण थप

समावेश गर्ने संशोधन प्रस्ताव गर्ने,

१.६ प्रत्येक स्थानीय तहमा महिला जनप्रतिनिधिको लागि लैङ्गिक हिंसा सम्बन्धी नेतृत्व क्षमता विकास कार्यक्रम अनिवार्य रूपमा सञ्चालन गर्ने,

१.७ समुदायमा महिला, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका महिला आदि समूहका प्रतिनिधिहरूलाई निर्णय-निर्माण तहमा समावेश गर्ने,

१.८ नेपाल सरकारले अन्तर्राष्ट्रिय सन्धि सम्बन्धी प्रतिबद्धताको लागि राष्ट्रिय कानूनहरूमा सोही अनुरूपको परिमार्जन गर्नु पर्ने र कानून कार्यान्वयनमा जोड दिन आवश्यक छ । जस्तैः यौन दुर्व्यवहार सम्बन्धी कानून, घरेलु हिंसा सम्बन्धी कानून, बालविवाह सम्बन्धी कानूनहरू तुरुन्त परिमार्जन गर्ने ।

### (२) रोकथाम र सामाजिक एकता पुनर्निर्माण

२.१. परिवार, समाज र राज्यबाट महिलाको शरीर, श्रम र पहिचानमाथि हुने नियन्त्रण अन्त्य गरी महिलालाई आफ्नो शरीरमाथि स्व-निर्णय र नियन्त्रण स्थापित गर्ने वातावरण सिर्जना गर्ने तथा यसका लागि नेपालको संविधानको धारा ३८(४)मा सुनिश्चित अधिकारअनुसार असमान शक्ति संरचनाहरू हटाई आवश्यक कानुन निर्माण तथा समुदाय तहदेखि सामाजिक रूपान्तरणका अभियानहरू सञ्चालन गर्ने,

२.२. समुदायमा रहेका पुरुष तथा बालकहरूलाई पनि महिला हिंसा विरुद्धका अभियानमा समावेश गर्ने,

२.३ बालविवाह, दाइजो, बोक्सी प्रथा बढी हुने क्षेत्रहरू पहिचान गरी उच्च जोखिम क्षेत्र निर्धारण गरी सामाजिक परम्परालाई लैङ्गिक समानताका आयामहरूसँग जोड्न लक्षित कार्यक्रम सञ्चालन गरियोस्,

२.४ विपद् जोखिम क्षेत्रमा लैङ्गिक संवेदनशील विपद् प्रतिकार्य योजना निर्माण तथा सुरक्षित सार्वजनिक स्थानहरू निर्माणका लागि कार्यक्रमहरू लागू गर्ने,

२.५ धार्मिक अगुवा, पण्डित, मौलाना, पादरी, गुरु, लामाहरूलाई महिला हिंसा विरुद्ध शून्य सहनशीलता नीति कार्यान्वयनमा सहभागी गराई सामाजिक परम्पराका नाममा हुने महिला विरुद्ध हिंसा रोकिने वातावरण निर्माण गर्ने,

२.६. महिलाविरूद्ध हुने भेदभावविरुद्ध शून्य सहनशीलताको नीतिलाई स्थानीय तहदेखि केन्द्रीय स्तरसम्मका सबै संरचनाहरूमा प्रभावकारी रूपमा कार्यान्वयन गर्ने ।

### (३) प्रभावितको उद्धार र सुरक्षा तथा न्यायमा पहुँच

३.१ सबै अदालत र प्रहरी कार्यालयमा 'Help Desk' का कर्मचारीहरूलाई लैङ्गिक हिंसाका तथा लैङ्गिक संवेदनशीलताका बारेमा तालिमको व्यवस्था गर्ने,

३.२ सरकारी वकिललाई लैङ्गिक हिंसाका मुद्दाहरूमा विशेषीकृत प्रशिक्षण अनिवार्य गर्ने,

३.३ पीडित/प्रभावित तथा साक्षीहरूको शारीरिक, मानसिक तथा डिजिटल सुरक्षा सुनिश्चित गर्ने,

३.४ अदालतमा बालबालिका र महिला हिंसा प्रभावितका लागि अनिवार्य In–camera hearing को व्यवस्था गर्ने,

३.५ अनुसन्धान प्रकृयामा ढिलाइ हटाउँदै महिला हिंसा प्रभावितका लागि द्रुत न्याय (Fast Track court) को माध्यमबाट सुनुवाइ हुने व्यवस्था मिलाउने,

३.६ लैङ्गिक हिंसा मुद्दामा DNA परीक्षण, Forensic परीक्षण सजिलै उपलब्ध गराउन प्रदेशस्तरमै थप विधि विज्ञान प्रयोगशालाहरूको स्थापना गर्ने ।

### (४) प्रतिकार्य, सेवा प्रवाह र प्रभावितको उपचार

४.१ हिंसा प्रभावितहरूले उजुरी गर्ने निकायहरूको अभावमा आफूमाथि भएको हिंसाबारे बोल्ने वा त्यसको समाधानका लागि कदम चाल्ने सम्भावनाहरूको खोजी गर्न समेत अनेक अवरोध र व्यवधान व्यहोर्ने गरेका छन् । तसर्थ महिलाविरुद्ध हुने हिंसाबारे गुनासो गर्ने महिलामैत्री उत्तरदायी संयन्त्र वा उजुरी गर्ने निकायहरूलाई थप संवेदनशील बनाई प्रभावित केन्द्रित अवधारणाको विकास र प्रयोग गरी सेवा प्रवाह गर्ने व्यवस्था गर्ने,

४.२ महिला हिंसा विरुद्धको घटना दर्ता, ट्र्याकिङ र सेवामा पहुँचका लागि E–GBV Case Management System लागू गर्ने,

४.३ ग्रामीण क्षेत्रका महिलाहरूका लागि टोल-टोलमा डिजिटल हब स्थापना गरी हेल्पलाइन, नि:शुल्क हटलाइन, ई-उजुरी, परामर्श सेवामा पहुँचको व्यवस्था मिलाउने,

४.४ स्वास्थ्यकर्मीका लागि 'लैङ्गिक हिंसासम्बन्धी शिक्षा, महिला, बालबालिका तथा प्रभावित मैत्री सेवा प्रदान गर्न अनिवार्य तालिमको व्यवस्था गर्ने,

४.५ एकद्वार संकट व्यवस्थापन प्रणाली (OCMC)को सेवा प्रवाह प्रभावितमैत्री तथा बालबालिकामैत्री बनाउने,

४.६ घरेलु हिंसा तथा अन्य लैङ्गिक हिंसाका घटनाहरूलाई अनिवार्य मेलमिलापमा पठाउने प्रवृत्तिको अन्त्य गर्न नीतिगत व्यवस्था गर्न आवश्यक परेमा कानुन संशोधन गर्ने,

४.७. मनोसामाजिक परामर्शदाताको सङ्ख्या बढाई अनिवार्य लाइसेन्स प्रणाली लागू गर्ने,

प्रभावितका बालबालिकालाई अस्थायी सुरक्षा, शिक्षा र मनोसामाजिक सहयोग उपलब्ध गराइने बालमैत्री सेवा विस्तार गर्ने ।

## (५) प्रभावितको आर्थिक सशक्तिकरण

५.१ हिंसा प्रभावितहरूका लागि दीर्घकालीन आर्थिक पुनर्स्थापना योजना निर्माण गर्ने,

५.२ अर्थिक आय आर्जनका लागि प्रभावितहरूलाई उनीहरूको उमेर, शिक्षा, सीप तथा इच्छा अनुरूप व्यावसायिक सीपमा जोड्दै उनीहरूलाई उद्यम, को-अपरेटिभको लोन, ब्याजरहित ऋण उपलब्ध गराउने व्यवस्था मिलाउने,

५.३ स्थानीय तहले हिंसा प्रभावित महिला तथा निजका परिवारका सदस्यहरूलाई उनीहरूको आग्रह बमोजिम प्राथमिकता सहित सरकारी वा सामुदायिक रोजगारी, जस्तैः प्रधानमन्त्री रोजगार कार्यक्रममा जोड्दै रोजगारीको अवसर प्रदान गर्ने,

५.४ निजी क्षेत्रका लागि कार्यस्थलमा हुने लैङ्गिक हिंसा विरुद्ध नीति तथा संयन्त्र निर्माण गर्दै कर्मचारीहरूलाई लैङ्गिक हिंसा विरुद्ध तालिम अनिवार्य गर्ने,

५.५ अपाङ्गता भएका र अत्यन्त विपन्न हिंसा प्रभावित महिलालाई आवास कार्यक्रम अन्तर्गत विशेष कोटा प्रदान गर्ने,

५.६ नागरिकता नभएका प्रभावितलाई सरकारी सेवा प्रवाहमा जोड्न सामाजिक संस्थाहरूसँग मिलेर निजहरूलाई नागरिकता दिलाउने तथा निजहरूलाई आवश्यक हुने अन्य सरकारी कागजात राष्ट्रिय परिचय पत्र बनाउन सहयोग गर्ने ।



## (६) अनुसन्धान, सूचना व्यवस्थापन र तथ्याङ्क सङ्कलन

६.१ सबै सरकारी निकाय, प्रहरी, अदालत, स्वास्थ्य सेवा, स्थानीय तहबाट प्राप्त हुने महिला हिंसासम्बन्धी प्रतिवेदनलाई एकै ठाउँमा राख्ने र मूल्याङ्कन गर्ने व्यवस्था मिलाउने,

६.२ महिला हिंसासम्बन्धी सेवा प्रवाह गर्ने सबै निकायले प्रभावित तथा पीडकको तथ्याङ्क खण्डीकृत गर्दै (प्रदेश, लिङ्ग, जाति, उमेर, अपाङ्गता, समुदाय) तथा प्रभावितमा परेका असरका बारेमा तथ्याङ्क राख्ने व्यवस्था गर्ने,

६.३ महिला विरुद्ध हुने हिंसाका कारण, प्रभाव, प्रभावितको न्यायमा पहुँच, सामाजिक मूल्य मान्यताहरू, संरचनागत बाधा आदि विषयमा वार्षिक राष्ट्रिय अध्ययन गर्ने,

६.४ उच्च जोखिम क्षेत्र पहिचान गर्न GBV Prevalence Mapping वार्षिक रूपमा अद्यावधिक गर्ने,

६.५ महिला हिंसा विरुद्धको कार्यक्रमको प्रभाव मापन गर्न प्रभाव मूल्याङ्कनको तयार गर्ने,

६.६ स्थानीय तहले त्रैमासिक, प्रदेशले अर्ध वार्षिक र संघले वार्षिक GBV Progress Report प्रकाशित गर्ने तथ्याङ्क व्यवस्था प्रणाली विकास गर्ने,

६.७ सञ्चार माध्यमले महिलालाई निकृष्ट भाषामा सम्बोधन गर्ने समाचार सम्प्रेषण गर्न नहुने र गरेमा तिनलाई तथा सञ्चारकर्मीहरूलाई समेत जिम्मेवार बनाइ सजाय हुने व्यवस्था लागु गर्ने ।

अनुसूचि १

# लैगिंक विभेदमा आधारित हिंसा घटना सङ्कलन फाराम ओरेक

| घटना संकलनकर्ताको नाम | आवद्ध संस्था | फोन नं | घटना संकलन गरेको मिति | घटना संकलन गरेको स्थान |
|---|---|---|---|---|
| | | | | |

**प्रभावित /पीडितको विवरण**

| कोड नम्बर : | जन्म मिति :<br>उमेर : | **लिङ्ग**<br>महिला ☐<br>पुरुष ☐<br>यौन अल्पसंख्यक (खुलाउनुहोस्)<br>.................................. | **राष्ट्रियता**<br>नेपाली ☐<br>अन्य भए खुलाउनुहोस्<br>........................... | **जातीयता**<br>ब्राह्मण/क्षेत्री (तराई) ☐<br>ब्राह्मण/क्षेत्री (पहाडे) ☐<br>जनजाति (हिमाल) ☐<br>जनजाति (तराई) ☐<br>दलित (हिमाल) ☐<br>दलित (तराई) ☐<br>मुस्लिम<br>अन्य (खुलाउनुहोस्)<br>......................... |
|---|---|---|---|---|

| वैवाहिक स्थिति | यदि विवाहित हो भने | शैक्षिक अवस्था | यदि साक्षर हो भने |
|---|---|---|---|
| अविवाहित ☐<br>विवाहित ☐<br>विवाहित तर सँगै नबसेको ☐<br>अविवाहित तर सँगै बसेक ☐<br>पारपाचुके गरेको ☐<br>एकल ☐<br>अन्य (खुलाउनुहोस्) .................. | विवाह हुदाँको उमेर<br>................... | निरक्षर ☐<br>साक्षर ☐ | आधारभूत शिक्षा (१-८ कक्षा)<br>माध्यमिक शिक्षा (९-१२ कक्षा)<br>स्नातक<br>स्नाकोत्तर<br>स्नाकोत्तर भन्दा माथि<br>पेशागत शिक्षा(भए खुलाउनुहोस्)<br>........................................... |

| प्रभावित /पीडितको पेशा | | परिवारको प्रमुख आय श्रोत (खुलाउनुहोस्) | |
|---|---|---|---|
| सरकारी सेवा.................. <br> गैरसरकारी सेवा...................... <br> कृषि तथा पशुपालन.................. <br> दैनिक ज्यालादारी............ | घरायसी काम...................... <br> व्यापार र व्यवसाय................ <br> विद्यार्थी............................ <br> रोजगार खोज्दै .................... <br> अन्य.................................. | सरकारी सेवा......................... <br> गैरसरकारी सेवा.................... <br> कृषि तथा पशुपालन................ <br> दैनिक ज्यालादारी.............................. | घरायसी काम...................... <br> व्यापार र व्यवसाय...................... <br> निवृत्ति भरण ........................ <br> अन्य......................................... |

| घटनाको विवरण | | |
|---|---|---|
| घटना घटेको मिति : | घटनाको जानकारी दिएको मिति : | समय : |

| घटनाको किसिम | | | |
|---|---|---|---|
| **घरेलु हिंसा** <br> शारीरिक हिंसा ☐ <br> गालिगलौज ☐ <br> चारित्रिक आरोप ☐ <br> स्रोत सुविधानबाट बञ्चितिकरण ☐ | **यौनिक हिंसा** <br> बलात्कार ☐ <br> सामुहिक बलात्कार ☐ <br> बलात्कारको प्रयास ☐ <br> यौन दुर्व्यवहार ☐ | मानव बेचबिखन ☐ <br> मानव बेचबिखनको प्रयास ☐ | हत्या ☐ <br> हत्याको प्रयास ☐ |
| **सामाजिक हिंसा** <br> कुटपीट ☐ <br> गालिगलौज ☐ <br> चारित्रिक आरोप ☐ <br> स्रोत सुविधानबाट बञ्चितिकरण ☐ <br> बालविवाह ☐ | आत्महत्या ☐ | अन्य खुलाउनुहोस् .......... | |

| **स्रोत सुविधानबाट बञ्चितिकरण***किसिममा (√) चिन्ह लगाउनुहोस्* | | *हानिकारक परम्परागत अभ्यासको किसिममा (√) चिन्ह लगाउनुहोस्* | |
|---|---|---|---|
| १) भौतिक (गास, वास, कपा ☐ | ६) सहभागिता ☐ | १) दाइजो प्रथा ☐ | ६) महिनावारीको समयमा अलग्याउनु वा छुट्टै राख्नु ☐ |
| २) संवेगात्मक (माया तथा हेरचाह) ☐ | ७) जन्मदर्ता ☐ | २) वालविवाह ☐ | ७) बहुविवाह ☐ |
| ३) शैक्षिक ☐ | ८) विवाह दर्ता ☐ | ३) योनी छेदन ☐ | ८) घुम्टो प्रथा ☐ |
| ४) जन्मदर्ता ☐ | ९) नागरिकता ☐ | ४) वोक्सीको आरोप ☐ | ९) भ्रुण पहिचान गरि गरिने गर्भपतन ☐ |
| ५) स्वास्थ्य सेवा ☐ | १०) अन्य ( खुलाउनुहोस्)....................... | ५) जबरजस्ती विवाह ☐ | १०) अन्य ( खुलाउनुहोस्)........................... |

| |
|---|
| घटनाका कारणहरु खुलाएर लेख्नुहोस् ........................................................................................ |

| **घटना घटेको स्थान** | | |
|---|---|---|
| प्रदेश : | जिल्ला : | गाउँपालिका/नपा |

| **घटनास्थलको किसिम** | |
|---|---|
| १) घर ☐ | ६) जंगल ☐ |
| २) विद्यालय ☐ | ७) खेत ☐ |
| ३) कार्यस्थल ☐ | ८) सार्वजनिक सौचालय ☐ |
| ४) समुदायमा ☐ | ९) शिवीर वा सेल्टरमा ☐ |
| ५) बाटो ☐ | १०) सेवा केन्द्र ☐ |
| | ११) अन्य.............................................. |

| आरोपित व्यक्तिको जानकारी | | | |
|---|---|---|---|
| **आरापित व्यक्तिको संख्या** | **प्रभावित /पीडितले आरोपित व्यक्तिलाई चिनेको छ ?** | **प्रभावित /पीडितको आरोपित व्यक्तिसँगको सम्बन्ध** | |
| महिला ☐<br>पुरुष ☐<br>अन्य(खुलाउनुहोस्)<br>................ | १. छ ☐<br>२. छैन ☐<br>३. देखेपछि चिन्ने ☐ | श्रीमान् श्रीमति ☐<br>शारिरीक सम्बन्ध राखिरहेको/ राखिसकेको व्यक्ति ☐<br>छिमेकी ☐<br>मुख्य हेरचाहकर्ता ☐<br>गुरु चेला ☐<br>सेवाप्रदायक ☐<br>साथी<br>नजिकको साथी ☐ | सहायताकर्ता ☐<br>समुदायका सदस्य ☐<br>थाहा नभएको ☐<br>परिवारका सदस्य ☐<br>अन्य (खुलाउनुहोस्)<br>......................... |

| आरोपित व्यक्तिको विवरण | | | | |
|---|---|---|---|---|
| **नाम :** | **लिङ्ग**<br>महिला ☐<br>पुरुष ☐<br>यौन अल्पसंख्यक<br>........................... | **राष्ट्रियता**<br>नेपाली ☐<br>अन्य भए खुलाउनुहोस्<br>...................................... | | जन्म मिति/ उमेर<br>: |
| **जातीयता** | **ठेगाना** | **शैक्षिक अवस्था** | **यदि साक्षर भए** | |

| | | | |
|---|---|---|---|
| ब्राह्मण/क्षेत्री (तराई) ☐<br>ब्राह्मण/क्षेत्री (पहाडे) ☐<br>जनजाति (हिमाल) ☐<br>जनजाति (तराई) ☐<br>दलित (हिमाल) ☐<br>दलित (तराई) ☐<br>मुस्लिम ☐<br>अन्य (खुलाउनुहोस्) ...................... | प्रदेश :<br>जिल्ला :<br>गाउँपालिका/नपा : | निरक्षर ☐<br>साक्षर ☐ | आधारभूत शिक्षा (१-८ कक्षा)<br>माध्यमिक शिक्षा (९-१२ कक्षा)<br>स्नातक<br>स्नाकोत्तर<br>स्नाकोत्तर भन्दा माथि<br>पेशागत शिक्षा(भए खुलाउनुहोस्)<br>...................................... |
| **वैवाहिक स्थिति** | **पेशा** | | |
| अविवाहित ☐<br>विवाहित ☐<br>विवाहित तर सँगै नबसेको ☐<br>अविवाहित तर सँगै बसेका ☐<br>पारपाचुके गरेको ☐<br>अविवाहित तर सँगै बसेका ☐<br>एकल ☐<br>अन्य (खुलाउनुहोस्) ................. | सरकारी सेवा..............................<br>गैरसरकारी सेवा......................<br>कृषि तथा पशुपालन.........................<br>दैनिक ज्यालादारी.................................<br>घरायसी काम......................... | | व्यापार र व्यवसाय....................<br>विद्यार्थी..................................<br>रोजगार खोज्दै ...........................<br>अन्य......................................... |
| **आरोपितको चरित्र झल्काउने खालको परिचय : (सामाजिक मनोविमर्शकर्ता/मनोविमर्शकर्ता/केश व्यवस्थापकले भर्ने)** | | | |
| | | | |

(आरोपित संख्या एकजनाभन्दा बढी भएमा सादा कागज थप गरी माथिकै अनुसार भर्नुहोला ।)

| **घटनाको कानुनी पक्ष** | |
|---|---|
| **घटनाको बारेमा कसैलाई उजुरी/सूचना गरेको छ ?** | **छ भने कसलाई ?** |

| | | | |
|---|---|---|---|
| छ<br>छैन | प्रहरी/प्रशासन/अदालत<br>साथी/इष्टमित्र<br>गाँउले/छिमेकी<br>गाउँपालिका/नगरपालिका<br>परिवार | आफू काम गर्ने स्थान<br>आरोपित को परिवार<br>आरोपित का नातेदार<br>साथी<br>गैरसरकारी संस्था | महिला मानव अधिकार रक्षकहरु<br>निगरानी समुह<br>अन्य भए (खुलाउनुहोस्)<br>................................ |

| **घटना स्थलको निरीक्षण गरिएको छ कि छैन ?** | **छ भने कसले (खुलाउनुहोस्)?** | **घटनासँग सम्बन्धितहरूको स्वास्थ्य परीक्षण गरेको छ ?** |
|---|---|---|
| छ<br>छैन<br>थहा छैन | | छ<br>छैन<br>थहा छैन |
| **घटनासँग सम्बन्धित फोटो खिचेको छ ?** | **पीडितलाई परेको असर** | **पीडितको परिवारलाई परेको असर** |
| छ<br>छैन<br>थहा छैन | शारीरीक असर......................<br>मानसिक असरं.......................<br>सामाजिक असर .....................<br>आर्थिक असर .......................... | शारीरीक असर......................<br>मानसिक असरं.......................<br>सामाजिक असर .....................<br>आर्थिक असर .......................... |

| **अन्य दसी प्रमाण भए सो को विवरण ( घटना भएको हो भनेर प्रमाणित गर्न सक्ने अन्य के कस्ता प्रमाणहरु छन् खुलाउनुहोस्)** |
|---|
| |
| **घटनाका कारण पीडित तथा पीडितको परिवारलाई परेको असर विस्तृत रुपमा खुलाएर लेख्नुहोस् ।** |
| |

| **प्रभावित /पीडितको लागि तत्कालका आवश्यक सेवाहरु** | | **संस्थाले प्रभावित/पीडितलाई प्रदान गरेको सेवा** | |
|---|---|---|---|
| १) सुरक्षा आवास | ५) स्वास्थ्य उपचार | १) सुरक्षा आवास | ५) स्वास्थ्य उपचार |
| २) कानुनी परामर्श | ६) अन्य केही भए उल्लेख गर्नुहोस् | २) कानुनी परामर्श | ६) जीविकोपार्जनमा सहयोग |
| ३) कानुनी सहयोग | | ३) कानुनी सहयोग | ७) अन्य केही भए उल्लेख गर्नुहोस् |
| ४) मनोपरामर्श | | ४) मनोपरामर्श | |

घटना हुँदा पैसा बस्तु लाभको वा सेवाको आदान प्रदान भएको थियो? थियो ☐ थिएन ☐

घटनाको पुर्ण विवरण कृपया सादा पाना थप गरी लेख्नुहोला ।

**ओरेक, नेपाल**
पो.ब.न. १३२३३, काठमाडौं, फोन नं. (९७७)-०१-५१८६०७३, ५१८६३७४ (केन्द्रिय कार्यालय)
फ्याक्स : (९७७)-०१-५१८६२७१,
WOREC
इमेल : ics@worecnepal.org, database@worecnepal.org, हटलाईन नम्बर : १६६००१७८९१०

## अनुसूचि नं २

यस वर्ष ओरेकले, प्रत्यक्ष रुपमा कार्यरत जिल्ला तथा विपद प्रतिकार्यको समयमा विस्तारित नयाँ जिल्लाका समुदाय तहमा रहेर लैङ्गिक हिंसाका घटना संकलन तथा व्यवस्थापन गर्न सहयोग गर्नुहुने कर्मचारीहरुको सूचि :

| क्र.स. | नाम | क्र.स. | नाम | क्र.स. | नाम |
|---|---|---|---|---|---|
| १ | बालिका कुमारी कार्की | २६ | कमला देवी पनाडी | ५१ | भीम कुमारी ढकाल |
| २ | निर्मला राई | २७ | सरस्वती कुमारी दनुवार | ५२ | सीता तामाङ |
| ३ | उर्मिला निरौला | २८ | कविता कुमारी मण्डल | ५३ | कोपिला सिवाकोटी |
| ४ | कमला खड्का | २९ | सरिता मगर | ५४ | रश्मिता चौरेल |
| ५ | आमिशा चौधरी | ३० | ममता कुमारी साह | ५५ | मनिशा घिमिरे |
| ६ | कल्पना चौधरी | ३१ | रोशनी गुरुङ | ५६ | यसोदा गुरुङ |
| ७ | कमला खड्का, बुढामगर | ३२ | मिना कुँवर | ५७ | मैया नेपाली |
| ८ | खेम कुमारी निरौला | ३३ | रिता राई | ५८ | गौरी जिम्बा तामाङ |
| ९ | बिना कुमारी सिंह | ३४ | दिल कुमारी बुढा मगर | ५९ | भवानी तिमिल्सिना |
| १० | सरिता पोखरेल | ३५ | चण्डिका महरा | ६० | सबिना दाहाल |
| ११ | गीता कुमारी चौधरी | ३६ | सुस्मा राई | ६१ | विमला कडारी खड्का |
| १२ | पूजा बि.क. | ३७ | गुञ्जा कुमारी | ६२ | रुशा भण्डारी |
| १३ | शिव कुमारी विश्वकर्मा | ३८ | पुजन बिडारी | ६३ | अनिता भट्टराई |
| १४ | दिपकामना कुमारी | ३९ | रुबी खातुन | ६४ | सपना भण्डारी |
| १५ | मनिषा चौधरी | ४० | समिता कुमारी | ६५ | लक्ष्मी चौधरी |
| १६ | कविता कुमारी मण्डल | ४१ | अम्बिका अमात्य | ६६ | अन्जना पौडेल |
| १७ | दिव्याआशा कुमारी साह | ४२ | जीवन कुमारी भट्टराई | ६७ | शान्ति कुमारी मेहता |
| १८ | कमला देवी पनाडी | ४३ | लक्ष्मी निरौला, नेपाल | ६८ | विष्णु मल्ल |
| १९ | रिता कुमारी खड्का | ४४ | शोभा बजगाईं | ६९ | रोशनी जैसवाल |
| २० | सपना थापा | ४५ | मन्जु देवी | ७० | शिवानी पोखरेल |
| २१ | उषा गाईजु | ४६ | विष्णु देवी रेग्मी | ७१ | कमला के.सी. |
| २२ | लक्ष्मी चौधरी | ४७ | अस्मिता के.सी. | ७२ | सुमित्रा ओली |
| २३ | मिना तामाङ | ४८ | दमन्ती राजबंसी | ७३ | धनमाया बान्ठा मगर, बिष्ट |
| २४ | रोशनी जैसवाल | ४९ | सुस्मा दनुवार | ७४ | ममिता बी.के. |
| २५ | रम्भा कुमारी सरदार | ५० | इन्दिरा कुमारी कट्टेल | ७५ | दिलमाया मल्ल |

| क्र.स. | नाम | क्र.स. | नाम |
|---|---|---|---|
| ७६ | विष्णु सिंह | १०७ | बिन्दा घिमिरे |
| ७७ | कल्पना भण्डारी | १०८ | देबी गुरुङ |
| ७८ | सुसिला ओली बुढाथोकी | १०९ | एलिशा महत |
| ७९ | एलिना घर्ती मगर बिष्ट | ११० | अनिशा सापकोटा |
| ८० | कृष्णकला पुन | १११ | दिपा गौतम घिमिरे |
| ८१ | गीता सिंह | ११२ | गोपिनी अधिकारी |
| ८२ | सपना लम्साल | ११३ | मुना भोलुन |
| ८३ | अमिशा चौधरी | ११४ | दिपा माया तामाङ |
| ८४ | भावना ओली | ११५ | नीलम भण्डारी |
| ८५ | दिवानी घिमिरे | ११६ | मन्जु श्री तामाङ |
| ८६ | प्रतिभा कुमारी सिंह | ११७ | दिपा गौतम |
| ८७ | दिल टुट कुमारी | ११८ | निर्मला राई |
| ८८ | रञ्जना कुमारी चौधरी | ११९ | सन्जु बर्देवा |
| ८९ | सबिना कुमारी चौधरी | १२० | नेहा परियार |
| ९० | आरती मेहता | १२१ | अनिशा कुमारी परियार |
| ९१ | कोपिला सिवाकोटी | १२२ | रञ्जु कुमारी सरदार |
| ९२ | रमा जोगी | १२३ | सरिता कुमारी चौधरी |
| ९३ | लक्ष्मी पोखेल | १२४ | सबिना कुमारी चौधरी |
| ९४ | गौरी रोकाया | १२५ | देव कुमारी महरा |
| ९५ | लक्ष्मी भण्डारी | १२६ | सरस्वती कुमारी मुखिया |
| ९६ | किम्मी कुमारी मलिक | १२७ | गीता कुमारी मण्डल |
| ९७ | जैरुपा नेपाली | १२८ | ललिता कुमारी यादव |
| ९८ | प्रेमा कुमारी शाही | १२( | पुष्पा कुमारी दास |
| ९९ | गीता ओली | १३) | भीम कुमारी ढकाल |
| १०० | कृष्णा कुमारी थापा | १३१ | सबिता कुमारी पासमान |
| १०१ | अरुणा अधिकारी | १३२ | निर्मला राई |
| १०२ | सृजना तिमिल्सिना | १३३ | कबिता कुमारी मण्डल |
| १०३ | धनी कुमारी गिरी | १३४ | चण्डिका मोहरा |
| १०४ | सिन्जा निरौला | १३५ | मयान्ति कुमारी मण्डल |
| १०५ | माया के.सी. | १३६ | मोती कुमारी महतो |
| १०६ | शरुना कुमारी चौधरी | | |

WOREC

**महिला पुनर्स्थापना केन्द्र (ओरेक)**
पो.ब.नं. १३२३३, काठमाडौं, नेपाल
फोन: (९७७) ०१ ५१८६३७४, ०१ ५१८६९७३
Email :ics@worecnepal.org
Website :www.worecnepal.org

978-9937-19407-5